

**चिनाउँदै नेपाल**
अनुष्का लन्डनमा । ११

**उसुले पनि दिलायो पदक**
नेपालको पोल्टामा २३ स्वर्ण



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २८३ काठमाडौं | १८ मंसिर २०७६ | बुधबार मार्ग शुक्लपक्ष अष्टमी | नेपाल संवत् ११४० | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Wednesday, December 4, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ

## १ मिलि सेकेन्डले स्वर्ण

■ **ध्रुव तुलाधर र हिमेश** (काठमाडौं)

एथलेटिक्स खेलै पुरानो । यसलाई 'फादर अफ स्पोर्ट्स' मानिन्छ । यही एथलेटिक्समा सन्तोषी श्रेष्ठले मंगलबार स्वर्णपदक जितेर इतिहास रचेकी छन् । १३ औं दक्षिण एसियाली खेलकुदमा प्राप्त यो उपलब्धिले उनी एथलेटिक्समा नेपालका लागि पहिलो अन्तर्राष्ट्रिय स्वर्ण जित्ने महिला खेलाडी भएकी हुन् ।

सन्तोषीले दशरथ रंगशालाको ट्र्याकमा १० हजार मिटर दौडमा त्यो सफलता हासिल गरेकी हुन् । उनले एक मिलिसेकेन्डले मात्र भारतीय प्रतिद्वन्द्वी कविता यादवलाई पछाडि पारिन् । सन्तोषीको टाइमिङ निस्कियो ३५ मिनेट ०७.९४ सेकेन्डको । कविताको टाइमिङ थियो ३५ मिनेट ०७.९५ सेकेन्ड । एक मिलिसेकेन्ड भनेको त्यति थोरै समय हो, जुन एक सेकेन्डलाई हजार भाग लगाउँदाको एक भाग हो । अर्थात्, हजार मिलिसेकेन्ड बराबर एक सेकेन्ड हुन्छ । 'फोटो फिनिस' (यति नजिक कि अन्तिम रेखा पार गर्दा शरीरको भागबाट गरिनुपर्ने मूल्यांकन) कै रूपमा उनले बाजी मार्दै इतिहास कोरेकी हुन् । एक मिलिसेकेन्डले जीवनमा के अर्थ राख्ला ? यही एक मिलिसेकेन्डले सफलता चुमेकी सन्तोषीले सुनाइन्, 'टाइम म्यानेजमेन्टमा धेरै कमजोर हुँ । रनिङमा लागेपछि एक मिलिसेकेन्ड पनि कति महत्त्वपूर्ण छ भन्ने बुझ्न थालेकी छु ।'

**एथलेटिक्समा नेपालका लागि पहिलो अन्तर्राष्ट्रिय स्वर्ण जित्ने महिला बनिन् सन्तोषी**

तेस्रो भएकी श्रीलंकाली निलान्थी लंकाले ३५ मिनेट ५९.०२ सेकेन्डमा दूरी पार गरेकी थिइन् । सात प्रतिस्पर्धीमा नेपालकी विश्वरूपा बुढा (३८.२४.०३) छैटौं स्थानमा रहिन् । सन्तोषीले जितेको यो स्वर्णपदक धेरै अर्थमा विशेष रह्यो ।

**बाँकी पृष्ठ १५ ▸▸**



**दशरथ रंगशालामा मंगलबार १० हजार मिटर दौड पूरा गर्दै सन्तोषी श्रेष्ठ (बायाँ) र भारतकी कविता यादव ।**

*तस्बिर : केशव थापा/कान्तिपुर*

## मोडिन नसक्दा जिप खस्यो, १४ को मृत्यु

बागलुङ (कास)- कुलपूजाका लागि हिँडेका यात्रुले खचाखच जिप घुम्तीमा मोडिन नसकी खोलामा खस्दा १४ जनाको मृत्यु भएको छ । गुल्मीको इस्मा गाउँपालिकाबाट बागलुङको निसीखोला गाउँपालिकाको देवीस्थानतर्फ जाँदै गरेको ग१ज ५२१९ नम्बरको जिप बडिगाड गाउँपालिकाको भीमगिठेमा मंगलबार बिहान खसेको हो । सडक छेउमा गाडिएका ४ पिल्लर भाँचेर जिप दुई सय मिटर तल खसेको थियो । एक यात्रुलाई खोलाले बगाएको छ भने ३ जना घाइते छन् ।

प्रहरी नायब उपरीक्षक झवीन्द्रप्रसाद भट्टराईका अनुसार १८ यात्रु रहेको जिप बढी भार, तीव्र गति र स्टेयरिङको खराबीका कारण दुर्घटनामा परेको अनुमान छ । धेरै यात्रु चढाएको देखेपछि बडिगाड-४ स्थित खार प्रहरी चौकीले जिप रोकेर ८ जनालाई झारेको थियो ।

'उनीहरू हिँडेको १० मिनेटमै जिप खोलामा खसेको खबर आयो,' स्थानीय कमल पौडेलले भने, 'प्रहरीको सक्रियताले थप ८ जनाको ज्यान बच्यो ।' मृतकमध्ये ९ महिला, ४ पुरुष र एक बालिका छन् ।

मृत्यु भएकामा इस्मा गाउँपालिका-४ की ३० वर्षीया सूचना कार्की, ४० वर्षीया सीता कार्की, उनकी २ वर्षीया छोरी अनुशा, ६५ वर्षीय झवि कार्की, २५ वर्षीया मीना बस्नेत र ६५ वर्षीय धनबहादुर कार्की छन् । यस्तै बागलुङ बडिगाड-५ की ५५ वर्षीया लक्ष्मी केसी, इस्मा-५ की वसुन्धरा कार्की, इस्मा-३ की २३ वर्षीया माया थापा, पश्चिम नवलपरासी बर्दघाट नगरपालिका-२ की ६० वर्षीया मुमा कार्की र सीता कार्कीको पनि मृत्यु भएको छ ।

**बाँकी पृष्ठ १५ ▸▸**

## प्रत्यारोपण कम्तीमा दुई महिनापछि

'कमजोर मिर्गौलाले शल्यक्रिया, संक्रमण आदि जटिलता झेलेकाले नियमित डायलसिसमा जानुपर्ने हुन सक्छ'

■ **अतुल मिश्र** (काठमाडौं)

प्रधानमन्त्री केपी शर्मा ओलीको मिर्गौला प्रत्यारोपण दुईदेखि चार महिना पछि सर्ने भएको छ । अघिल्लो मंगलबार आकस्मिक रूपमा एपेन्डिसाइटिसको शल्यक्रिया गर्नुपरेकाले मिर्गौला प्रत्यारोपणको समय धकेलिएको चिकित्सकले बताएका छन् । 'मिर्गौला प्रत्यारोपण गर्न शल्यक्रिया गरिएको ठाउँको घाउ निको हुनुपर्छ । संक्रमण पूर्ण नियन्त्रणमा हुनुपर्छ । अहिलेकै स्थितिमा जोखिम हुन्छ,' वरिष्ठ मिर्गौला रोग विशेषज्ञ डा. ऋषि काफ्लेले भने ।

एपेन्डिसाइटिससहित पेरिटोनाइटिस (पेटको संक्रमण) समेत देखिएपछि मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरमा प्रधानमन्त्रीको शल्यक्रिया गरिएको हो । स्वास्थ्यमा निरन्तर राम्रो सुधार भए दुईदेखि चार महिनापछि प्रधानमन्त्रीको मिर्गौला प्रत्यारोपण गर्न सकिने डा. काफ्लेको भनाइ छ । यसअघि गत शुक्रबार प्रधानमन्त्रीकी निजी चिकित्सक डा. दिव्यासिंह शाहले पत्रकार सम्मेलनमा प्रधानमन्त्रीको मिर्गौला प्रत्यारोपणमा हतार गर्नुपर्ने अवस्था नरहेको बताएकी थिइन् । अनुकूल समय पारेर प्रत्यारोपण गरिने उनको भनाइ थियो ।

मिर्गौला प्रत्यारोपणका क्रममा अर्को मिर्गौला राख्न सक्ने ठाउँ ठीक हुनुपर्ने डा. काफ्ले बताउँछन् । 'पेटको संक्रमणले प्रधानमन्त्रीको आन्द्रा वरिपरिको झिल्लीमा कस्तो प्रभाव पारेको छ,' उनले भने, 'त्यसले शल्यक्रियाको जटिलतासमेत निर्धारण गर्छ ।' पछिल्लो समय चिकित्सकले छिटोछिटो डायलसिस गरिरहेका छन् । आइतबारसम्म ६ दिनमा ४ पटक डायलसिस गरेका थिए । प्रधानमन्त्री ग्रान्डी हस्पिटलमा रहेका बेला भने २६ दिनमा ४ पटक डायलसिस गरिएको थियो ।

जटिल शल्यक्रिया, संक्रमण, शरीरमा फोहोर बढी जम्मा हुनु आदि कारणले प्रधानमन्त्रीको मिर्गौलामा परेको भार घटाउन डायलसिस गरिरहनुपरेको चिकित्सकको भनाइ छ । 'अहिलेको जटिल शारीरिक समस्याले मिर्गौला कमजोर नपारेको भए फाट्टफुट्ट गरिएको डायलसिसले काम गर्थ्यो,' डा. काफ्लेले भने ।

पछिल्लो शल्यक्रिया गर्नुअघिकै अवस्थामा प्रधानमन्त्रीको मिर्गौला रहिरहेमा डायलसिसको संख्या घटाउन सकिने डाक्टरहरू बताउँछन् । अन्यथा निरन्तर डायलसिसमा जानुपर्ने स्थिति आउने उनीहरूको भनाइ छ ।

पत्रकार सम्मेलनमा गत शुक्रबार डा. रमेशसिंह भण्डारीले प्रधानमन्त्री अस्पताल आउँदा धेरै बिरामी रहेको र शल्यक्रियापछि संक्रमणको असर पेट र रगतमा समेत परेको बताएका थिए । तर पछिल्लो समय प्रधानमन्त्रीको स्वास्थ्यमा सोचेभन्दा बढी राम्रो सुधार देखिएको उनको भनाइ छ ।



सूर्य थापाको फेसबुकबाट

अस्पतालबाटै सरकार र दल चलाउँदै | पृष्ठ ३





**गढीमाई मेलामा दर्शक** | बाराको महागढीमाई-१ बरियारपुरस्थित गढीमाईमा मेला भर्ने श्रद्धालुको घुइँचो । मंगलबार यहाँ साढे ८ हजार पशु बलि दिइएको छ । बलिको विरोध भएपछि रंगशालामा तारबार गरेर आगन्तुकलाई भित्र पस्न र हेर्न मेला व्यवस्थापन समितिले रोक लगाएको छ । जबर्जस्ती हेर्न खोज्दा भीडमा लडेर ५१ जना घाइते भएका छन् ।

*तस्बिर : पवन यादव/कान्तिपुर*

# उपनिर्वाचनमा घट्यो बदर मत

## २ प्रतिशतमा सीमित

■ **राजेश मिश्र** (काठमाडौं)

२०६४ यताका तीनवटा निर्वाचनको तुलनामा यसपटकको उपनिर्वाचनमा बदर मतको प्रतिशत आधाभन्दा बढी घटेको छ । विगतका तीनवटा चुनावमा करिब ५ प्रतिशत मत बदर भएको थियो । अहिलेको उपनिर्वाचनमा भने बदर मत २ प्रतिशतभित्र सीमित भएको छ । चुनाव विश्लेषकहरूका अनुसार मत बदर प्रतिशत घट्नु चुनावी गुणस्तरीयता बढेको प्रमाण हो ।

पूर्वप्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठले बदर मत प्रतिशत २ प्रतिशत भित्र झर्नु अत्यन्त राम्रो भएको बताए । 'यसले मतदाताको जागरुकता बढेको सन्देश दिएको छ, मतपत्र सानो र छरितो हुनुले मतदातालाई कति सहज बनाउँछ, त्यो पनि देखाएको छ,' उनले भने 'अब आगामी निर्वाचनमा पनि यस्तै होस् भन्ने आयोगको प्रयत्न सधैं रहनुपर्छ ।'

निर्वाचन आयोगका अनुसार उपनिर्वाचनमा प्रतिनिधिसभा र प्रदेशसभातर्फ १.६१ र स्थानीय तहतर्फ १.७० प्रतिशत मत बदर भएका छन् । यसपटक मतपत्र छरितो र मतदातामैत्री भएकाले पनि बदर मतको संख्या घटेको हो । २०७४ मा प्रतिनिधिसभाको प्रत्यक्षतर्फ ५.१८ र प्रदेशसभामा ४.२६ प्रतिशत मत बदर भएका थिए । समानुपातिकतर्फ प्रतिनिधिसभामा ९.५३ र प्रदेशसभामा १४.४७ प्रतिशत मत बदर भएका थिए । स्थानीय तह निर्वाचनमा १० प्रतिशत हाराहारीमा मत बदर भएको थियो ।



**प्रतिनिधिसभातर्फ कास्की २ मा १.३२ प्रतिशत मत बदर**

**प्रदेशसभामा १.६१ र स्थानीय तहमा १.७० प्रतिशत रद्द**

**सबैभन्दा बढी बैतडीको पुर्चौडी-४ मा ५.६३ र कम अर्घाखाँचीको मालारानी-३ मा ०.४ प्रतिशत बदर**

त्यसअघि २०७० र २०६४ मा भएका संविधानसभा निर्वाचनमा क्रमश: ४.९६ र ५.१५ प्रतिशत मत बदर थिए । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया बदर मत २ प्रतिशतभित्र हुनुले समग्र निर्वाचन प्रणालीका लागि सुखद सन्देश दिएको बताउँछन् । 'एकजना मतदातालाई मतदान केन्द्रमा ल्याएर मतदान गराउन राज्यको ठूलो खर्च भएको हुन्छ र मत बदर हुँदा लगानीको प्रतिफल शून्य जस्तै हो,' उनले भने, 'बदर मत जति कम भयो मतदान गुणस्तरीय मानिन्छ ।' बदर मत प्रतिशत घट्नुको पहिलो कारण नै मतपत्र छरितो र मतदातामैत्री भएको उनको निष्कर्ष छ ।

प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहका रिक्त ५२ स्थानमा उपनिर्वाचन भएको हो । आयोगले त्यति नै प्रकारका मतपत्र तयार गरेको थियो । उम्मेदवारको संख्या कम र मतपत्रमा मतदाताले मतदान गर्नुपर्ने पद एउटै भएपछि मतपत्र सानो र छरितो थियो ।

प्रतिनिधिसभाको कास्की निर्वाचन क्षेत्र नम्बर २ मा ४५ हजार ५ सय ४६ मत खसेकामा त्यसको १.३२ प्रतिशत मत बदर भएको छ । यसअघि २०७४ मा त्यही क्षेत्रमा ३ प्रतिशत मत बदर भएको थियो ।

आयोगका प्रवक्ता राजकुमार श्रेष्ठका अनुसार प्रदेशसभाको निर्वाचन भएको दाङ ३(२) मा १.७६, बागलुङ २(२) मा १.९९ र भक्तपुर १(१) निर्वाचन क्षेत्रमा १.३९ प्रतिशत मत बदर भएका छन् । यसअघि ०७४ मा यी क्षेत्रमा क्रमश: ४.४८, ५.१७ र २.६६ प्रतिशत मत बदर भएका थिए । निर्वाचन भएका क्षेत्रकै तुलना गर्दा दुई वर्षअघिको भन्दा बदर मत आधाभन्दा बढीले घटेको छ । मतपत्र छरितो हुनुबाहेक थोरै स्थानमा भएका चुनावमा राजनीतिक दल र उम्मेदवारका धेरैतिरका कार्यकर्ता सक्रिय हुँदा त्यसले पनि मतदातालाई सचेत बनाउन सघाएको प्रमुख आयुक्त थपलियाले बताए । मतदाता शिक्षा पनि प्रभावकारी भएको आयोगको दाबी छ ।

२०७४ का प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा मतदाता धेरै भएकाले मतपत्र पनि ठूला थिए । त्यसपछि एकजना मतदाताले एकैसाथ तीनवटा मतपत्र पाएर मतदान गर्नुपरेको थियो । सर्वोच्चको आदेशपछि प्रतिनिधिसभा र प्रदेशसभाको प्रत्यक्षतर्फको मतपत्र अलग अलग छापिए पनि बदर प्रतिशत अपेक्षित रूपमा घट्न सकेको थिएन ।

स्थानीय तहको मतपत्र थप झन्झटिलो थियो । उम्मेदवारीको मनोनयनपूर्व नै छापिएका मतपत्रमा उम्मेदवारी नदिएका राजनीतिक दलको चुनाव चिह्नसमेत छापिएर मतपत्रमा चिह्नहरू धेरै थिए । मतपत्र ठूलो र भद्दा नै थियो । त्यसमाथि एउटै मतपत्रबाट सात पदका लागि चुनाव हुँदा त्यो छरितो थिएन ।

उपनिर्वाचनमा स्थानीय तहतर्फ सुनसरीको धरान उपमहानगरपालिकामा २.०८, पाँचथरको फाल्गुनन्द गाउँपालिकामा १.६६, संखुवासभाको मकालु गाउँपालिकामा २.१७ र महोत्तरीको पिपरा गाउँपालिकामा २.०९ प्रतिशत मत बदर भएको छ । उपाध्यक्षको चुनाव भएको हुम्लाको खार्पुनाथ गाउँपालिकामा ०.७० प्रतिशत मत बदर भयो । यसअघि सबैतिर १० प्रतिशत हारहारीमा मत बदर भएको थियो । यसपटक सबैभन्दा बढी बैतडीको पुर्चौडी गाउँपालिकाको वडा नम्बर ४ मा ५.६३ प्रतिशत र सबैभन्दा कम अर्घाखाँचीको मालारानी गाउँपालिका-३ मा ०.४ प्रतिशत मत बदर भएका छन् ।

# गुप्तचरमा 'छड्के भर्ना' प्रस्ताव

### २० प्रतिशत सहायक सूचक र १० प्रतिशत सहायक अनुसन्धान अधिकृत बिनाप्रतिस्पर्धा भर्ना गर्न पाउने गरी तयार पारिएको विधेयक संसद् सचिवालयमा

■ **मातृका दाहाल** (काठमाडौं)

सर्वोच्च अदालतले अनुपयुक्त भन्दै ६ वर्षअघि खारेज गरेको राष्ट्रिय अनुसन्धान विभाग (राअवि) को 'छड्के भर्ना' सम्बन्धी प्रावधान सरकारले ब्युँत्याउन लागेको छ । रिक्त पदमा सहायक सूचक (सिपाही) मा २० प्रतिशत र सहायक अनुसन्धान अधिकृत (असई) मा १० प्रतिशत दरबन्दी आन्तरिक कार्यविधि बनाएर प्रतियोगिताबिनै 'छड्के भर्ना' गर्न सक्ने प्रावधान राखेर सरकारले 'नेपाल विशेष सेवा गठन र सञ्चालनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' संघीय संसद्मा दर्ता गराएको छ ।

प्रतिस्पर्धाबिना कर्मचारी भर्ना गर्न नहुने अदालतको परमादेशविपरीत सरकारले गुप्तचरी क्षमतालाई प्रभावकारी बनाउन भन्दै खारेज भइसकेको प्रावधान ब्युँत्याउन लागेको हो । ताप्लेजुङका यज्ञमणि न्यौपानेले ०६६ सालमा दायर गरेको रिटको सुनुवाइ गर्दै सर्वोच्चका तत्कालीन न्यायाधीशद्वय कल्याण श्रेष्ठ र वैद्यनाथ उपाध्यायको इजलासले ०७० भदौमा बिनाप्रतिस्पर्धा हुँदै आएको राअविको 'छड्के भर्ना' सम्बन्धी प्रावधान खारेज गरेको थियो । इजलासले लोकसेवाको परामर्शमा मात्रै कर्मचारी पदपूर्ति गर्न परमादेश दिएको थियो । उक्त परमादेशसमेतलाई ख्याल गर्दै संविधानमा लोकसेवा आयोगको परामर्शबिना सरकारी कर्मचारी भर्ना गर्न नपाइने व्यवस्था छ । प्रधानमन्त्री, गृहमन्त्री, गृहसचिव, विभागका उच्च अधिकारीले छड्के भर्नाका नाममा आसेपासेलाई गुप्तचरमा नियुक्ति दिने गरेको आरोप लागेको थियो ।

प्रधानमन्त्री केपी शर्मा ओलीका तर्फबाट संसद् सचिवालयमा पेस गरिएको विधेयकको दफा १४ मा 'सहायक सूचक (सिपाही) पदको हकमा २० प्रतिशत र अनुसन्धान सहायकको हकमा खुला प्रतियोगिताबाट पूर्ति हुने भनी छुट्याइएको पद संख्यालाई सतप्रतिशत मानी सोको १० प्रतिशत संख्या विभागले कार्यविधि बनाई 'आवरणयुक्त कर्मचारी' नियुक्ति गरी पदपूर्ति गर्न सक्ने' उल्लेख छ । बिनाप्रतिस्पर्धा भर्ना गर्न पाउने गरी तयार पारिएको यो विधेयक गत कात्तिकमा संसद् सचिवालयमा दर्ता भएको हो । छड्के भर्नाबाट नियुक्ति पाएकाको हकमा खुला प्रतिस्पर्धाबाट नियुक्ति पाएकालाई लगाइएका बन्देज र सर्त लागू नहुने पनि व्यवस्था गरिएको छ । दल, सञ्चारमाध्यम, उद्योगी/व्यवसायी, सर्वसाधारणलगायत विभिन्न पेसा/व्यवसायमा आबद्ध सरह नै छड्के भर्ना पाएकाले सुविधा लिन सक्ने व्यवस्था विधेयकमा छ ।

प्रधानमन्त्री कार्यालयका एक अधिकारीले गुप्तचरी क्षमतालाई प्रभावकारी बनाउन सहायक सूचक र सहायक अनुसन्धान अधिकृतको निश्चित प्रतिशत छड्के भर्नाबाट पदपूर्ति गर्न लागिएको बताए । 'लोकसेवाबाट पदपूर्ति भएर आएका कर्मचारी कतिपय सूचना संकलनमा 'अनफिट' हुन सक्छन्, त्यसैले छड्के भर्नाको प्रस्ताव गरिएको हो,' उनले भने, 'आन्तरिक तथा बाह्य मामिलासम्बन्धी सूचनामा आधिकारिक च्यानल वा औपचारिक प्रक्रियाबाट भर्ना भएका कर्मचारीको पहुँच नहुन सक्छ ।'

लोकसेवाका पूर्वसदस्य तथा पूर्वगृहसचिव गोविन्द कुसुमले छड्के भर्नाको व्यवस्था आवश्यक भएपनि त्यसलाई सदुपयोग गर्नुपर्ने बताए । 'दलका कार्यकर्ता तथा आसेपासेलाई गुप्तचरमा जागिर दिने प्रवृत्तिले छड्के भर्ना विवादित र बदनाम बनेको हो,' उनले कान्तिपुरसँग भने, 'तर छड्के भर्ना आवश्यक छ, क्षमता, पहुँच र आवश्यक परेको सूचना ल्याउन सक्नेलाई आन्तरिक कार्यविधि बनाएर परिचालन गर्दा देशका लागि फाइदा हुन्छ ।'

## करार कर्मचारी लिने सहमति

■ **ऋषिराम पौड्याल** (काठमाडौं)

संघीय निजामती सेवा विधेयकमा विशेष परिस्थितिमा स्वास्थ्य सेवाका लागि आवश्यक प्राविधिक कर्मचारी करार सेवामा नियुक्ति गर्न सकिने व्यवस्था राखिने भएको छ । विधेयकमा निजामतीका अरू सबै समूहमा करार सेवा अन्त्य गर्ने प्रावधान राखिए पनि नागरिकको बाँच्न पाउने अधिकारसँग प्रत्यक्ष जोडिएको स्वास्थ्य सेवामा भने खुकुलो व्यवस्था गर्न लागिएको हो ।

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा मंगलबार विधेयकमाथि भएको छलफलमा सांसदहरूले चिकित्सकलगायत प्राविधिक कर्मचारीको अभावमा स्वास्थ्य सेवा प्रभावकारी हुन नसक्ने भन्दै करारमा नियुक्त गर्न सक्ने प्रावधान राख्ने सहमति गरे ।

लोकसेवा आयोगमा कर्मचारी भर्नाको अनुमति मागेको अवस्थामा पनि पदपूर्ति हुन नसकेको परिस्थितिमा मात्र यस्तो नियुक्ति गर्न पाइने प्रावधानमा सहमति जुटेको छ । हालको बेथिति दोहोरिन सक्ने भन्दै कानुन उल्लंघन गरेमा अस्थायी वा करारमा भर्ना गर्ने कार्यालय प्रमुखले खाइपाई आएको तलबभत्ता फिर्ताको कारबाही गर्न सकिने प्रावधानसमेत राखिएको छ । यस्तो तलबभत्ता करार कर्मचारी नियुक्त गर्ने कार्यालय प्रमुखबाट सरकारी बाँकीसरह असुलिनेछ ।

सहमतिअनुसार दरबन्दी खाली भए पनि लोकसेवा आयोगले पदपूर्ति नगरेको अवधिलाई मात्र नयाँ नियुक्ति गर्न पाइनेछ । कानुन बनेपछि करारमा कर्मचारी राख्दा पनि आयोगसँग भएका वैकल्पिक उम्मेदवारलाई पहिलो प्राथमिकता दिनुपर्ने व्यवस्था गरिएको छ । त्यस्ता उम्मेदवार नभए मात्र नयाँ नियुक्ति गर्न पाइनेछ । अहिले लोक सेवालाई पद रिक्त भएको र भर्ना नगरी नहुने व्यहोराको जानकारी नै नदिई लामो समयसम्म करारमा

- **कर्मचारीले गल्ती गरे कालोसूचीमा राखिने**
- **१० दिनको तलब कट्टा हुने**

**संघीय निजामती सेवा विधेयक**

राख्ने प्रवृत्ति छ । दरबन्दी रिक्त भएको अवस्थामा पनि कर्मचारी अभाव नहोस् भनेर नयाँ व्यवस्था उचित हुने सांसदहरूको तर्क छ । स्वास्थ्यमा काम गर्ने प्रशासनतर्फका कर्मचारीको दरबन्दीमा भने करारमा राख्न पाइने छैन ।

अहेव र हेल्थ असिस्टेन्टमा भने करारमा राख्न नपाउने व्यवस्था गरिएको छ । विशेषत: चिकित्सक, ल्याब टेक्निसियन, नर्सलगायत पदमा भने कारारमा नियुक्ति गर्न पाइनेछ । लोकसेवा आयोगबाट सिफारिस भई नआएसम्म करारका कर्मचारीको सेवा अवधि थप गर्न सकिनेछ । आयोगबाट अर्को व्यक्ति आएमा भने करार अवधि स्वत: खारेज भएको मानिनेछ । छोटो समयका लागि भए पनि प्राविधिक कर्मचारी राख्दा स्वास्थ्य सेवाको प्रवाह सहज हुने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री हृदयेश त्रिपाठीले बताए ।

**नकारात्मक सूचीको व्यवस्था**

सामान्य र गम्भीर सबै प्रकारका गल्ती गर्ने निजामती कर्मचारीको नाम नकारात्मक सूचीमा राखिने भएको छ । यस्तो सूचीमा नाम रहेका कर्मचारीले १ वर्षसम्म बढुवा, विदेश भ्रमण, तालिमलगायत अवसर पाउनेछैनन् ।

कार्यसम्पादन मूल्यांकनमा तोकिएको अंक नल्याउने, सेवाग्राहीमाथि अनुदार व्यवहार गर्ने, विभागीय वा गम्भीर प्रकृतिका गल्ती गरेकोलगायत सबै विषयको जानकारीसहित त्यस्ता कर्मचारीको नाम नकारात्मक सूचीमा रूपमा राख्ने व्यवस्था विधेयकमा गरिएको छ । यसअनुसार अब कुनै कर्मचारीले अदालतबाट सफाइ पाए पनि बढुवा वा अन्य कुनै अवसर पाउन १ वर्ष कुर्नुपर्नेछ । गल्ती गर्ने कर्मचारीले तत्काल अवसर पाउने प्रवृत्ति रोक्न यस्तो प्रावधान ल्याइएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव यादव कोइरालाले बताए । समितिको बैठकले निजामती कर्मचारीको आचरण र कार्यसम्पादन चित्तबुझ्दो नभए १० दिनसम्मको तलब कट्टा गर्न सकिने प्रावधानमा सहमति गरेको छ ।

# छाउ बसेकी किशोरी हराइन्

## छोरी खोजिदिन प्रहरीमा निवेदन

■ **आश गुरुङ** (लमजुङ)

रजस्वलाका बेला छाउ बार्ने चलन कर्णाली र सुदूरपश्चिममा मात्र होइन, गण्डकी प्रदेशमा पनि छ । मुख लुकाउनुपर्ने, अरूसँग बोल्न, छोइन नहुने, आफ्नो घरधुरी अनि दाजुभाइ देख्न नहुने भन्दै रजस्वला हुँदा किशोरीलाई कोठाभित्र राख्ने चलन यहाँका केही गाउँमा छ ।

पहिले छुट्टै 'कटेरो' बनाई राख्ने गरिएको थियो । अहिले छिमेकमा लुकाइन्छ ।

सुन्दरबजार नगरपालिका-८ बलिथुमकी १३ वर्षीया सरिता परियार मंसिर १० गते पहिलोपटक रजस्वला भइन् । उनकी आमा शर्मिलाले पैदल १५ मिनेटमा पुगिने आशिका परियारको घर पुऱ्याइन् । साँझबिहान उनी आफैंले छोरीको खाना पुऱ्याउँथिन् । १३ गते बिहान खाना पुऱ्याउँदा छोरी छिमेकीको कोठामै थिइन् । साँझ भने भेटिइनन् । आशिका पनि घरमा थिइनन् । 'आशिकाले मेरी छोरी लिई हिँडिछे । यतिका दिन भयो, अहिलेसम्म पत्तो छैन,' शर्मिलाले भनिन् ।

आशिकाको घरमा हजुरआमा र दुई बहिनीबाहेक अरू नरहेको शर्मिला बताउँछिन् । उनका बुबाआमा चितवन छन् । 'मैले पनि



**सुन्दरबजार नगरपालिका-८ बलिथुमकी १३ वर्षीया सरिता परियार ।** *तस्बिर : कान्तिपुर*

रजस्वला बारेरै आएकी हुँ । यसरी बार्ने चलन अझै छ । आफन्तको घरमा लगेर राखियो । तर छोरी हराई,' उनले बिलौना गरिन् ।

आफू घरमा नभएका बेला छोरीलाई लुकाइएको सरिताका बुबा प्रकाश परियारले बताए । 'चलन नमानौं पनि नहुने,' उनले भने, 'चलन नमानेको भए छोरीलाई न अरूको घरमा लुकाउनुपर्थ्यो, न छोरी नै हराउँथी ।'

बलिथुमकै भारती सदन माविमा कक्षा ७ की छात्रा सरिता १० गतेदेखि स्कुल नआएको प्रधानाध्यापक ज्ञानबहादुर कार्कीले जानकारी दिए । 'स्कुल नआउनुको कारण सोध्दा महिनावारी भएर भन्ने बुझियो,' उनले भने, 'यहाँका अरू बालिका तथा किशोरी पनि महिनावारीका बेला स्कुल आउन्नन् ।' आफूहरूले जति सम्झाए पनि चलन हो भनेर कसैले नमानेको उनको भनाइ छ ।

स्थानीयका अनुसार १६ वर्षीया आशिका यसअघि पनि समयसमयमा ४/५ दिन हराइरहन्थिन् । 'कसैले भोटेओडार, कसैले तनहुँको तुरतुरेमा देखेको भन्छन् । फर्केर आउलान् भनेर बस्यौं, तर फर्केनन्,' शर्मिलाले भनिन् । हराएकी छोरी खोजिदिन आग्रह गर्दै इलाका प्रहरी कार्यालय भोटेओडारमा मंगलबार निवेदन दिइएको उनले जानकारी दिइन् ।

मुलुकी अपराध संहिताअनुसार छाउपडी अपराध हो । महिलालाई महिनावारी भएकै कारण छाउगोठ पठाए वा अन्य विभेद गरे ३ महिनासम्म कैद वा ३ हजारसम्म जरिवाना हुने कानुनी व्यवस्था छ ।

# सामाजिक सुधार ऐन परिमार्जन गर्न सुझाव

काठमाडौं (कास)- सामाजिक (व्यवहार) सुधार ऐन, २०३३ लागू नभएको र गराउन पनि नसकेको भन्दै गृह मन्त्रालयले समयानुकूल परिवर्तनमा जोड दिएको छ । चार दशक पुरानो उक्त ऐन कार्यान्वयनको अवस्था, चुनौती र थप सुधारका लागि के गर्न गर्न सकिन्छ भन्नेबारे राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले सोधेपछि मन्त्रालयले सुझाव पठाएको हो ।

'सामाजिक अवस्थासँग मिल्दोजुल्दो हुनेगरी ऐननियमलाई सुधार गर्दै लैजानुपर्ने आवश्यकता छ,' गृहले समितिलाई पठाएको रायमा उल्लेख छ, 'विवाहमा ५१ जनाभन्दा बढीलाई आमन्त्रण गर्न हुँदैन भन्ने व्यवस्था पूर्णरूपमा कार्यान्वयन भएको छैन ।' कानुन भएर पनि लागू नहुनु भनेको कानुनी शासन नहुनु हो भन्दै विधायन समितिले त्यसको पुनरावलोकनका लागि गृहसँग कार्यान्वयन अवस्था र सुधारका लागि के गर्न सकिन्छ भनेर मंसिर ५ मा सुझाव मागेको थियो ।

विवाहमा तिलक, दाइजो लिएको वा मागिएकोबारे उजुरी पनि नपरेको र त्यसलाई कार्यान्वयन गर्न कठिन भएको समेत गृहले औंल्याएको छ । 'तिलक सम्बन्धमा विवाहमा दुवै पक्षले गोप्य रूपमा छिनोफानो गरी विभिन्न सर्त राखी विवाह सम्पन्न गर्ने हुँदा सो सम्बन्धमा बाहिर जानकारी आउने गरेको छैन,' गृहले आफ्नो रायमा भनेको छ, 'विवाहमा दाइजो लिएको वा माग गरिएको विषयमा हालसम्म लिखित उजुरी तथा गुनासो प्राप्त भएको छैन ।'

उक्त ऐनमा विवाह भोजमा ५१ जनाभन्दा बढीलाई बोलाउन नपाइने र भड्किलो रूपमा बत्ती बाली घर सजाउन नपाइने उल्लेख छ । उक्त ऐनमै छैठी, न्वारान, जन्म दिवस, पास्नी, चूडाकर्म र व्रतबन्ध आदिमा नातेदारबाहेक २५ जनाभन्दा बढीलाई बोलाउन नपाइने पनि भएिको छ । काजकिरिया, श्राद्ध वा अन्य कार्यमा नातेदार र मलामीबाहेक २५ जनाभन्दा बढीलाई बोलाउन नपाउने प्रावधान ऐनमा छ ।

२०३३ मा जारी उक्त ऐनमा विवाहमा बाजागाजासहित ५१ जना जन्ती लैजान नपाउने, जन्तमा ११ जनाभन्दा बढी बाजावाल राख्न नपाइने, भाडावाल नाच लैजान नपाइने र विवाहमा आतिसबाजी गर्न नपाउने भन्ने पनि छ । उल्लंघन गर्नेलाई १० हजारसम्म जरिवाना वा १५ दिनसम्म कैद वा दुवै सजाय हुने उक्त ऐनमा छ ।

विधायन समितिले उक्त ऐनको कार्यान्वयन मापन तथा अध्ययन, अनुसन्धान गर्न आगामी शुक्रबार विज्ञहरू बोलाएर कार्यशाला गर्दै छ । उक्त ऐनको सांस्कृतिक, कानुनी, आर्थिक, राजनीतिक, दार्शनिक र सामाजिक पक्षबारे विज्ञहरूसँग परामर्श गर्ने समितिको कार्यक्रम छ ।

# अस्पतालबाटै सरकार र दल चलाउँदै प्रधानमन्त्री


■ **बिनु सुवेदी** (काठमाडौं)

उपप्रधानमन्त्री उपेन्द्र यादव स्वास्थ्य तथा जनसंख्याबाट कानुन मन्त्रालयमा सरुवा हुँदा भारत थिए । सरुवाको पर्सिपल्ट अर्थात् गत मंसिर ६ गते फर्किएका यादव ९ गतेबाट मात्रै नयाँ मन्त्रालय गए । त्यही दिन प्रधानमन्त्री केपी शर्मा ओलीले मन्त्रालयगत चौमासिक समीक्षा बैठक राखेका थिए । नयाँ मन्त्रालयबारे आफूलाई केही थाहा नभएको बताउँदै यादव बैठकमा उपस्थित भएनन् । ९ गते राति प्रधानमन्त्री ओली बिरामी परे । उनी १० गतेदेखि अस्पतालमा छन् । यता यादवले कतिपय जरुरी विषयमा प्रधानमन्त्रीसँग सरसल्लाह गर्न नपाएको बताएका छन् । 'म यो मन्त्रालयमा आएपछि प्रधानमन्त्रीज्यूसँग एकपटक पनि भेट हुन पाएन, समन्वय गर्नुपर्ने कुरा थिए, धेरै विषयमा सरसल्लाह गर्नुपर्ने छ,' मन्त्री यादवले कान्तिपुरसँग भने, 'तर बिरामी मान्छेलाई दुःख दिनु भएन ।'

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्हालेका पार्वत गुरुङले पनि प्रधानमन्त्रीसँग यथेष्ट सरसल्लाह गर्न पाएका छैनन् । 'समीक्षा बैठकमा प्रधानमन्त्रीज्यूले दिएको लामो निर्देशन र उहाँको गाइडलाइनअनुसार नै वार्षिक कार्यक्रम बनाउने, विधेयकबारे छलफल गर्ने र कार्यविधि बनाउने गरेका छौं,' उनले भने, 'आवश्यक विषयमा प्रधानमन्त्रीज्यूको सचिवालयसँग छलफल भइरहेको छ । अलि अप्ठेरो परिस्थिति आइहाले पनि सम्बोधन भइहाल्छ ।'

गत ९ गतेको समीक्षा बैठकमा प्रधानमन्त्री ओलीले नयाँ मन्त्रीहरूलाई आफ्नो मन्त्रालय राम्रोसँग बुझेर कार्ययोजना बनाउन र पुराना मन्त्रीहरूलाई मन्त्रालयमा दह्रो पकड बनाउन निर्देशन दिएका थिए । उनले योजनाअनुसार काम किन भइरहेको छैन भन्ने विषयमा सबै मन्त्रीहरूसँग एक्लाएक्लै पनि छलफल गर्ने बताएका थिए । लगत्तै बिरामी भएपछि प्रधानमन्त्री ओलीको त्यो योजना कार्यान्वयन हुन सकेको छैन । साप्ताहिक रूपमा बस्दै आएको मन्त्रिपरिषद् बैठकसमेत यो साता भएन ।

प्रधानमन्त्री बिरामी भएकै कारण सरकारले गर्नैपर्ने काम भने नरोकिएको प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार विष्णु रिमालले बताए । 'सरकारको काम चलिरहेको छ, प्रधानमन्त्रीज्यूले हस्ताक्षर नै गर्नुपर्ने काम तत्काल केही छैनन्,' उनले भने, 'आवश्यक विषयमा सचिवालय र सल्लाहकारमार्फत समन्वय भइरहेको छ ।' उनले मन्त्रीहरूको तहमा गर्नुपर्ने संयोजन उपप्रधान एवं रक्षामन्त्री ईश्वर पोखरेल र प्रशासनिक तहमा गर्नुपर्ने समन्वय मुख्यसचिव लोकदर्शन रेग्मीमार्फत भइरहेको जानकारी दिए ।




प्रधानमन्त्री ओलीको अनुपस्थितिमा उपप्रधानमन्त्री पोखरेलले सार्वजनिक कार्यक्रममा सहभागिता जनाउँदै आएका छन् । पछिल्लो पटक पोखरेलले दक्षिण एसियाली खेलकुद (साग) को उद्घाटन समारोहलाई सम्बोधन गरे । निर्धारित कार्यतालिकामा प्रधानमन्त्रीले सागलाई सम्बोधन गर्ने उल्लेख थियो । प्रधानमन्त्री ओलीले भने अस्पतालको आईसीयूबाटै समारोहको उद्घाटन हेरेका थिए । प्रधानमन्त्रीको सचिवालयले सरकारको काम रोकिने स्थिति नआएको दाबी गरेको छ । 'मानवीय संवेदनाका कुरा पनि आउलान्, उहाँ अहिले बिरामी हुनुहुन्छ,' रिमालले भने, 'एक साताभित्र कुनै पनि दिन उहाँ डिस्चार्ज हुनुहुन्छ, काम निरन्तर भइहाल्छ ।'

प्रधानमन्त्री ओलीले पछिल्लोपटक अस्पताल भर्ना हुनुअघि सरकार पुनर्गठन र पार्टीका मिलाउनैपर्ने कतिपय विवाद टुंग्याएका थिए । तर संक्रमणकालीन न्यायसम्बन्धी आयोगहरूमा पदपूर्ति तथा विधेयक तयार, संवैधानिक आयोगमा पदाधिकारी नियुक्ति, भारतीय पक्षबाट अतिक्रमणमा परेको कालापानी क्षेत्रको समस्या समाधानका लागि लिनुपर्ने पहलकदमी ओलीले तत्काल गर्नुपर्ने काम हुन् ।

**सचिवालय बैठक आह्वान**

स्पष्ट कार्यविभाजनपछि नेकपा अध्यक्ष एवं प्रधानमन्त्री ओली र कार्यकारी अध्यक्ष पुष्पकमल दाहालको भेट अस्पतालमा मात्रै भयो । सरकार ओली र दल दाहालले सम्हाल्ने गरी काम बाँडफाँट भएलगत्तै दाहाल चुनावी दौडाहामा जिल्ला निस्किएका थिए । त्यसपछि प्रधानमन्त्री ओलीसँग अस्पतालमा भएको भेटमा भएको सामान्य सल्लाहअनुसार दाहालले बुधबार बिहान ९ बजेका लागि पार्टी सचिवालयको अनौपचारिक बैठक बोलाएका छन् । सचिवालय सदस्य एवं पार्टी प्रवक्ता नारायणकाजी श्रेष्ठका अनुसार पार्टी कार्यालय धुम्बाराहीमा सचिवालयको बैठक बस्नेछ । यो बैठक दाहालले कार्यकारी भूमिका पाएपछिको पहिलो बैठक हुनेछ । 'प्रधानमन्त्रीको स्वास्थ्यका कारण भेटघाट हुन नपाएपछि छलफल रोकिने भयो, अहिले हाम्रो सम्पूर्ण ध्यान उहाँको स्वास्थ्यमा केन्द्रित छ,' प्रवक्ता श्रेष्ठले भने, 'उहाँको स्वास्थ्य अवस्था सुध्रिँदै गएपछि अर्का अध्यक्ष दाहालले सामान्य रूपमा छलफल गर्नुभयो र दुई अध्यक्षको परामर्शमा सचिवालयको अनौपचारिक बैठक बोलाइएको छ ।'

प्रवक्ता श्रेष्ठले बुधबारको बैठकपछि सचिवालयका अरू बैठक, स्थायी समिति र केन्द्रीय कमिटीको बैठक आह्वान गर्नेबारे छलफल र निर्णय हुने जानकारी दिए । उनका अनुसार अध्यक्ष दाहालले ओलीसँगको परामर्शमा छिट्टै स्थायी र केन्द्रीय कमिटीको बैठक आह्वान गर्नेछन् ।

प्रधानमन्त्रीसँग पछिल्लो पटक गत आइतबार करिब १५ मिनेट भेटेका दाहालले उपचुनाव, पार्टी कामबारे आफ्नो योजना र तत्कालका लागि स्थगित भएको चीन भ्रमणबारे छलफल गरेका थिए । प्रधानमन्त्री ओलीसँगको भेटपछि नै दाहालले निर्धारित चीन भ्रमण रोकेका थिए । पार्टीमा कार्यकारी भूमिका पाएलगत्तै दाहालले छिट्टै पार्टी सचिवालय, स्थायी समिति र केन्द्रीय कमिटीको बैठक बोलाउने तयारी गरेका थिए । तर ओली बिरामी भएपछि उनले सोचेको समयमा बैठक बोलाउन भने सकेका थिएनन् । उनले पार्टी कामलाई कसरी अघि बढाउने भन्ने विषयमा आन्तरिक छलफल भने तीव्र पारेको स्थायी समिति सदस्य अग्नि सापकोटाले जानकारी दिए । 'अध्यक्ष दाहालले समग्र पार्टीलाई कसरी व्यवस्थित बनाउने र पार्टी बैठकहरू कहिले कहिले बोलाउने भन्ने विषयमा छलफल गरिरहनुभएको छ,' सापकोटाले भने, 'तर कुन कुन तहको बैठक कहिले बोलाउने भन्ने विषय यकिन भइसकेको छैन ।' दाहालले पार्टीको समग्र कामबारे महासचिव विष्णु पौडेलसँग छलफल गरेर योजना बनाइरहेका छन् ।

**नेपाल र खनाल अस्पताल पुगेनन्**

प्रधानमन्त्री ओली आठ दिनदेखि मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरमा उपचाररत छन् । उनलाई राष्ट्रपति विद्यादेवी भण्डारी, नेकपाका अध्यक्ष पुष्पकमल दाहाल, ओलीकी श्रीमती राधिका शाक्य र सचिवालय तथा सल्लाहकार समूहका सदस्यबाहेक अरूले प्रत्यक्ष भेटेका छैनन् । उनको स्वास्थ्य अवस्थाबारे बुझ्न दैनिक अस्पताल जानेको संख्या भने धेरै छ । सरकारका सबै मन्त्री, नेकपाका नेता कार्यकर्ता, प्रतिपक्षी दल कांग्रेसका शीर्ष नेताहरू, सांसद अरू राजनीतिक दलका प्रतिनिधि तथा सरकारी उच्च निकायका अधिकांश पदाधिकारीले अस्पताल पुगेर ओलीको स्वास्थ्यबारे जानकारी लिएका छन् । उनीहरूले स्वकीय सचिवालयका सदस्य या उपचारमा संलग्न डाक्टहरूमार्फत स्वास्थ्यबारे जानकारी लिएका हुन् ।

प्रधानमन्त्रीलाई भेट्न जाने सूचीमा पूर्वप्रधानमन्त्रीद्वय एवं नेकपा सचिवालय सदस्यहरू झलनाथ खनाल र माधवकुमार नेपालको नाम भने छैन । ओली बिरामी भएर अस्पताल भर्ना हुँदा खनाल र नेपाल दुवै विदेश थिए । चीनमा रहेका खनाल १३ गते स्वदेश फर्किए भने टर्कीमा रहेका नेपाल १४ गते काठमाडौं आए । उनीहरू प्रधानमन्त्री ओलीको स्वास्थ्य अवस्था बुझ्न मंगलबार साँझसम्म अस्पताल पुगेका छैनन् । डाक्टरहरूले कसैलाई पनि भेट्न नदिएको खबर पाएकाले भेट्न नगएको प्रतिक्रिया उनीहरूको छ । नेपाल निकट स्रोतले बताएअनुसार प्रधानमन्त्रीलाई नै भेटेर स्वास्थ्यबारे जानकारी लिने योजनामा उनी छन् । खनालले पनि अस्पताल पुगेर प्रधानमन्त्रीलाई भेट्न नपाउने भएपछि आफू नगएको प्रतिक्रिया दिए । कान्तिपुरसँग खनालले भने, 'डाक्टरले कसैलाई पनि प्रधानमन्त्रीसँग भेट्न नदिएको खबर पाएपछि म नगएको हुँ ।'

## न्यायपरिषद्मा कानुनमन्त्रीको आपत्ति



काठमाडौं (कास)- न्यायाधीशले अवकाश नपाउँदै रिक्त हुन लागेका पदका लागि गरिएको सिफारिसप्रति न्यायपरिषद्का सदस्य एवं नवनियुक्त कानुनमन्त्री उपेन्द्र यादवले आपत्ति जनाएका छन् । कानुन मन्त्रालयको नेतृत्व उनले सम्हालेपछि पहिलो पटक बुधबार बसेको न्यायपरिषद् बैठकमा यादवले यसअघिका दुई न्यायाधीशको नाम सिफारिसको कानुनी धरातलमाथि प्रश्न उठाएका हुन् ।

न्यायपरिषद्ले मंसिर ४ मा विभिन्न उच्च अदालतका लागि १५ न्यायाधीशको नाम सिफारिस गर्ने क्रममा अवकाश नै नभएका तीन न्यायाधीशका ठाउँमा नयाँ नियुक्तिको सिफारिस गरेको थियो । भोजपुरका देशबहादुर सार्की, सुनसरीकी रेखा थापा पाण्डे र सप्तरीकी किरणकुमारी गुप्ता मंसिरको १५, १६ र २१ देखि लागू हुने गरी सिफारिस भएका थिए । परिषद् स्रोतका अनुसार कानुनमन्त्री यादवले पद नै रिक्त नभई सिफारिस गर्न हतारो गरेको' भन्दै आपत्ति जनाएका हुन् । उनले यस्ता निर्णय हुन नहुने भन्दै परिषद्को अध्यक्षता गरेका प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको ध्यानाकर्षण गराएका थिए । बैठकले गेहेन्द्रराज पन्त, विद्याराज पौडेल, महेन्द्रराज काफ्ले, टेकराज जोशी, इन्दिरा शर्मा, मनकुमारी विक र रिताकुमारी बखेल जिल्ला न्यायाधीशलाई सिफारिस गरेको छ ।

## शरणार्थीद्वारा प्रदर्शन

दमक (कास)- भुटानी शरणार्थीको राष्ट्रिय पुनर्मिलन समितिले स्वदेश फिर्तीको माग गर्दै शरणार्थीसम्बन्धी राष्ट्रसंघीय उच्च आयोग (यूएनएचसीआर) को दमकस्थित कार्यालय अगाडि मंगलबार प्रदर्शन गरेको छ । प्रदर्शनका सहभागीले तीन दशकदेखि नेपाली भूमिमा शरणार्थी भएर बस्नुपर्दा आफूहरूको जीवन कष्टप्रद बनेको बताए ।

स्वदेश फिर्तीका लागि वर्षौंदेखि आन्दोलन गरे पनि सरोकारवाला राष्ट्र र निकायले सुनुवाइ नगरेको समेत उनीहरूले गुनासो गरेका छन् । समितिले यूएनएचसीआर दमक शाखाका प्रमुख खालिद फान्सामार्फत राष्ट्रसंघका महासचिव एन्टिनियो गुटेरेसलाई ज्ञापनपत्रसमेत पठाएको छ ।

## 'हेलिकप्टर'बाट रतुवाको सिङ तस्करी

**कान्तिपुर संवाददाता** (काठमाडौं)

सिम्रिक एयरलाइन्सको हेलिकप्टरमार्फत गोरखाबाट काठमाडौं आएकी एक महिला संरक्षित वन्यजन्तु रतुवाको अंगसहित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ परेकी छन् । प्रहरीले हुम्लाको ताजाकोट गाउँपालिका-५ (साविक मदना गाविस-९) की २९ वर्षीया महिला सम्झना बुढालाई रतुवाको सिङसहित विमानस्थलको एक्सरे मेसिन एरियाबाट प्रहरीले पक्राउ गरेको हो ।

सिम्रिक एयरले ती महिलालाई गोरखाको घापबाट ल्याएको थियो । विमानस्थल प्रहरी प्रमुख डीआईजी सूर्य उपाध्यायले मंगलबार बिहान ९:१० मा ती महिलालाई वन्यजन्तुको अंगसहित पक्राउ गरिएको जानकारी दिए । बुढाले बोरामा राखेर वन्यजन्तुको अंग ल्याएकी थिइन् । बरामद सिङ जिल्ला वन कार्यालय काठमाडौंको जिम्मा लगाइएको छ । 'गृह मन्त्रालय वा नागरिक उड्डयन प्राधिकरण कसले हेलिकप्टरलाई उडान अनुमति दिएको हो र के प्रयोजनका लागि गएको भन्ने विषयमा अनुसन्धान भइरहेको छ,' उपाध्यायले कान्तिपुरसित भने । हेलिकप्टरबाटै संरक्षित वन्यजन्तुको अंग तस्करी हुनु गम्भीर विषय भएको उनले बताए । गोरखाका प्रमुख जिल्ला अधिकारी देवेन्द्र लामिछानेले सिम्रिक एयरले मनास्लु संरक्षित क्षेत्रको घापमा उडान गर्न आफूबाट कुनै अनुमति नलिएको बताए । गोरखाका जुनसुकै स्थानमा उडान परे पनि अन्य हेलिकप्टर कम्पनीले उड्नुअघि प्रशासनलाई जानकारी गराउँदै आएको उनले बताए ।

**त्रिभुवन विमानस्थलबाट समातिइन् महिला**

'मंगलबार बिहान सिम्रिक एयरको हेलिकप्टर मनास्लु संरक्षण क्षेत्रमा पर्ने घापमा गएको रहेछ, यसबारे मैले साँझ मात्रै थाहा पाएँ,' प्रजिअ लामिछानेले भने, 'अनुमति नै नलिई गएको हेलिकप्टरबाट संरक्षित वन्यजन्तुका अंग फेला पर्नुले अपराध कुन कुन क्षेत्रबाट हुन्छ भन्ने कुरा थप स्पष्ट पारेको छ ।'

लामिछानेले हेलिकप्टरबाट वन्यजन्तुका अंग तस्करी भएको विषयमा थप अनुसन्धान गर्न प्रहरीलाई निर्देशन दिइसकिएको बताए । जिल्ला प्रशासन कार्यालय गोरखाले एक महिनाअघि पनि अनुमति नै नलिई मनास्लु संरक्षित क्षेत्रमा उडान भरेको आरोपमा सिम्रिक एयरलाइन्सलाई कारबाही गर्न गृहलाई पत्र पठाएको थियो । 'गोरखा जिल्ला प्रशासन कार्यालयबाट सिम्रिक एयरलाइन्सलाई कारबाहीको सिफारिससहित एक महिनाअघि पत्र आएको छ,' गृह स्रोतले भन्यो, 'यस विषयमा अनुसन्धान भइरहेको छ ।'




YAMAHA
Revs Your Heart
YES! YAMAHA
MANGSIR 18 TO 22
BHIRKUTIMANDAP, KATHMANDU
maha
EXCHANGE
mela
BEST VALUATION
FROM 30+
RECONDITION HOUSES
GUARANTEED ADDITIONAL
RS. 15,000/-
ON TOP OF MARKET VALUATION
·ANY BRAND, ANY CONDITION·
MEET & GREET
PRIYANKA KARKI
ON 18TH MANGSIR AND
ANOOP BIKRAM SHAHI
ON 21ST MANGSIR
*शर्तहरू लागु हुनेछन्
कुनै पनि ब्राण्डको बाइक वा स्कुटरको बजार प्रचलित मूल्याङ्कन भन्दा थप रु १५,०००/-
CASH DISCOUNT
RS.7000
FREE
ACCESSORIES*
ON THE SPOT
FINANCE FACILITY
ATTRACTIVE GIFTS
ON TEST RIDE
MAW
BUILDING TRUST THROUGH SERVICE
AUTHORISED DISTRIBUTOR
M.A.W Enterprises, Tripureshwor
4268252, 4261160
CUSTOMER CARE: 16600111044
Yamaha.customercare@mawnepal.com
www.yamaha.com.np
Yamaha Nepal

## काठमाडौं प्रशासनलाई गृहको निर्देशन-

# डेढ महिनामा प्रतिवेदन बुझाउनू

### तीनकुने मुआब्जा विवाद

**कान्तिपुर संवाददाता** (काठमाडौं)


सरकारले तीनकुनेस्थित खाली जग्गाको विवाद सल्टाउन पहल थालेको छ। ५३ रोपनीमध्ये २३ रोपनी २ आना जग्गाको मुआब्जा विवादले सरकारले ०३१ सालदेखि अघि सारेको पार्क बनाउने योजना पूरा हुन सकेको छैन। २५ जना जग्गाधनीले चलनचल्तीको मूल्यअनुसार मुआब्जा पाउनुपर्ने माग गरेपछि विवादको टुंगो नलागेको हो। आधा जग्गाधनीलाई पहिले नै मुआब्जा पाइसकेका छन्। बाँकीलाई चलनचल्तीको मूल्य दिन नसक्ने सरकारको अडान छ।

मन्त्रिपरिषद्को असोज ३० को बैठकले तीनकुनेमा अधिग्रहण गर्नुपर्ने र मुआब्जा वितरण हुन बाँकी क्षेत्रफलका लागि आवश्यक रकम अर्थ मन्त्रालयबाट व्यवस्थापन गरी असारसम्म सम्पूर्ण काम पूरा गर्ने निर्णय गरेको छ। यो निर्णय कार्यान्वयन गर्न गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले काठमाडौं महानगरलाई पत्राचार गरिसकेको छ। काठमाडौं प्रशासनलाई तीनकुनेको यकिन क्षेत्रफल, अधिग्रहणपछि मुआब्जा दिने क्षेत्रफल, यसअघि मुआब्जा वितरण गरिएको क्षेत्रफल डेढ महिनाभित्र यकिन गरेर प्रतिवेदन पेस गर्न पत्राचार गरिएको गृह मन्त्रालय स्रोतको भनाइ छ।

चिनियाँ राष्ट्रपति सी चिनफिङ नेपाल आउँदा काठमाडौं महानगरपालिकाले बिरुवा रोप्ने क्रममा जग्गाधनीले विरोध जनाएका थिए। विवाद चाँडै टुंग्याउने आश्वासन दिएपछि मात्रै स्थानीयले सहमति जनाए। स्थानीयलाई दिएको प्रतिबद्धताअनुसार सरकारले विवाद टुंग्याउन मन्त्रिपरिषद्बाटै निर्णय गरेको हो।

०३१ मा तत्कालीन पञ्चायत सरकारले पञ्चायत स्मारक बनाउन पहिलोपटक तीनकुने अधिग्रहण गर्ने निर्णय गरेको थियो। तर, मुआब्जा विवादे स्थानीले जमिन छोड्न मानेनन्। ०३१ जेठ १४ मा सूचना प्रकाशित गरेर पार्क बनाउन जग्गा अधिग्रहणको प्रक्रिया सुरु गरियो। तत्कालीन सरकारले निर्धारण गरेको प्रतिरोपनी चार हजार रुपैयाँ लिन जग्गाधनीहरू मन्जुर नभएपछि विवाद बढ्दै गयो। जग्गाधनीले चलनचल्तीको मूल्य नै माग गरेका थिए। ०४० मा पनि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको मूल्यांकन समितिले प्रतिरोपनी ८० हजार दिन सुझाव दिएको थियो। त्यसबेला पनि जग्गाधनीले मुआब्जा रकम प्रचलित मूल्यको एक चौथाइ पनि नभएको भन्दै लिन मानेनन्। ०५८ मा विवाद मिलाउन नयाँ मूल्यांकन गरी ०६४ देखि मुआब्जा वितरण गरियो। काठमाडौं महानगरपालिकाले पनि ०७३ मा तीनकुनेमा शान्ति मण्डला बनाउने योजना अघि सारेको थियो। जग्गा विवादकै कारण योजना कार्यान्वयन हुन सकेन।

काठमाडौं महानगरका अनुसार ०६९ कात्तिक २१ सम्म ३६ कित्ताको २१ रोपनी ११ आना २ पैसा १ दामको १० करोड ८० लाख १९ हजार रुपैयाँ मुआब्जा दिइसकिएको छ। एक करोडभन्दा बढी मुआब्जा पाउने दुईजना जग्गाधनी छन्। ०६४ माघ १४ देखि ०६९ कात्तिक २१ सम्म मुआब्जा रकम भुक्तानी गरिएको हो। त्यसअघिको विवरण महानगरसँग पनि छैन। महानगरले ०७३ चैत २८ मा मुआब्जा दाबी गर्न सूचना प्रकाशन गर्दा दुर्गाप्रसाद ढकालसहित २५ जनाले ४९ कित्ताको २३ रोपनी २ आना जग्गाको मुआब्जा माग गर्दै प्रमाण पेस गरेका थिए। मुआब्जा दिनुपर्ने २३ रोपनी २ आना र मुआब्जा दिइसकेको २१ रोपनी ११ गरी ४४ रोपनी १३ आनाको मात्रै हिसाब देखिन्छ।



**काठमाडौंको तीनकुनेस्थित खुला ठाउँ। तत्कालीन सरकारले ०३१ सालदेखि यहाँ पार्क बनाउने योजना बनाए पनि अझै पूरा हुन सकेको छैन।** *तस्बिर : कान्तिपुर*

# ङतापोलको जीर्णोद्धार सुरु

भक्तपुर (कास)- विश्व सम्पदामा सूचीकृत भक्तपुरको ङतापोल (पाँचतले मन्दिर) को जीर्णोद्धार थालिएको छ। भूकम्पको चार वर्षपछि भक्तपुर नगरपालिकाले मन्दिरको जीर्णोद्धार सुरु गरेको हो। भूकम्पले मन्दिरको माथिल्लो तलामा क्षति पुगेको नगरपालिकाका योजना तथा सम्पदा शाखा प्रमुख इन्जिनियर रामगोविन्द श्रेष्ठले बताए। १९९० सालको भूकम्पमा पनि मन्दिरको माथिल्लो तलामै क्षति पुगेको थियो। यसअघि राजा महेन्द्र शाहले ०१९ मा र नगरपालिकाले ०५६ मा जीर्णोद्धार गरेका थिए।

भक्तपुर नगरको पाँचौं नगरसभाबाट निर्णय गरी ६५ लाख १३ हजार तीन सय ५८ रुपैयाँको लगत इस्टिमेट तयार गरी जीर्णोद्धार थालिएको हो। नगरपालिकाका अनुसार अघिल्लो वर्ष नै मन्दिर जीर्णोद्धार गर्ने निर्णय भए पनि तौमढी क्षेत्रकै भैरवनाथ मन्दिर संरक्षणका कारण एक वर्ष ढिला भएको हो।

केशव तमखुको अध्यक्षतामा गठित मन्दिर संरक्षण तथा जीर्णोद्धार उपभोक्ता समितिले आउँदो असार मसान्तभित्र सक्ने लक्ष्य राखेको छ। मन्दिरको माथिल्लो तलामात्रै मर्मत गरिने भए पनि खट बाँध्दा बाँकी चारैतलाको छानाको झिँगटी झिक्नुपर्ने भएकाले बढी समय लाग्ने इन्जिनियर श्रेष्ठले बताए। भूकम्पको धक्काले झिँगटी छुट्टिएपछि पानी चुहिने समस्या छ।

इतिहासविद् डा. पुरुषोत्तमलोचन श्रेष्ठका अनुसार ङतापोल मन्दिर नेपाल संवत् ८२२ मा भूपतीन्द्र मल्लले बनाएका हुन्। १०८ फिट अर्थात् ३३ दशमलव २३ मिटर अग्लो मन्दिर वास्तुतन्त्र विधिअनुरुप बनेको छ। मन्दिरको टुप्पोको गजुर पूर्णताको प्रतीकसमेत मानिन्छ। मन्दिर निर्माण सकेर नेपाल संवत् ८२२ आषाढ सुदि १ मा टुप्पोमा गजुर राखेको प्रमाण फेला परेको श्रेष्ठले बताए।



नीला श्रेष्ठ

## छोटकरी

### टिपरको ठक्करबाट पैदलयात्रुको मृत्यु

भक्तपुर (कास)- भक्तपुर नगरपालिका-१ सिर्जनानगरमा टिपरको ठक्करबाट पैदलयात्रुको मृत्यु भएको छ। राधेराधेबाट सल्लाघारीतर्फ आउने सर्भिस ट्र्याकमा बा३ख २५३१ नम्बरको टिपरले ठक्कर दिँदा उदयपुर चौदण्डीगढी नगरपालिकाका २७ वर्षीय समीर विकको मृत्यु भएको हो। सख्त घाइते विकको उपचारका क्रममा डा.इवामुरा अस्पताल सल्लाघारीमा मृत्यु भएको महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी नायव उपरीक्षक रेवतीरमण पोखरेलले बताए। फरार रहेका चालक काभ्रे महाभारत गाउँपालिका-८ का ३० वर्षीय सिद्विमान तामाङलाई कोटेश्वर तीनकुनेबाट प्रहरीले नियन्त्रणमा लिएको छ।

### अपांगअनुकूल लिफ्ट सञ्चालनमा

ललितपुर (कास)- ललितपुर महानगरपालिका भवनमा अपांगता भएका व्यक्तिले सहजै लिफ्ट प्रयोग गर्न पाउने भएका छन्। एक हजार किलोग्राम अर्थात् एकचोटिमा १५ जना अटाउने पारदर्शी लिफ्ट मंगलबारदेखि सञ्चालनमा आएको हो। अपांग दिवसको अवसर पारेर भोजराज श्रेष्ठ र अञ्जना लामाले लिफ्टको उद्घाटन गरेका थिए। लामा बौद्धिक अपागंता भएकी किशोरी र श्रेष्ठ ह्वीलचियर प्रयोगकर्ता हुन्। कार्यक्रममा मेयर चिरीबाबु महर्जनले महानगरभित्र निर्माण भइरहेका सार्वजनिक संरचना अपागंअनुकूल बन्ने दाबी गरे। 'फुटपाथ पनि हामीले अपागंमैत्री बनाइरहेका छौं,' उनले भने, 'महानगर अपांगता भएकाहरूप्रति संवेदनशील छ।' लिफ्टको प्रयोगमा वृद्धवृद्धा, बिरामी र फरक क्षमता भएका मानिसलाई प्राथमिकता दिइए पनि आवश्यक पर्दा सबलांगले पनि प्रयोग गर्न सक्ने महानगरले जनाएको छ। लिफ्ट निर्माणका लागि १ करोड ८ लाख रुपैयाँमा टेन्डर आह्वान गरिएकोमा करिब ८२ लाख ३० हजार रुपैयाँमा निर्माण कम्पनीले ठेक्का लिएको थियो। मेयरमा निर्वाचित भएका बेला महर्जनले भुइँतलामै आएर अपांगता भएका व्यक्तिहरूलाई भेटेका थिए। अपांगअनुकूल लिफ्ट सञ्चालन गर्ने उनको त्यसबेलाको प्रतिबद्धता अहिले पूरा भएको छ।

### बूढानीलकण्ठको आफ्नै प्रशासकीय भवन

काठमाडौं (कास)- बूढानीलकण्ठ नगरपालिकाले आफ्नै प्रशासकीय भवन निर्माण गरी सञ्चालनमा ल्याएको छ। ९ करोड ८६ लाख ६१ हजार लागतमा तीन वर्षमा भवन बनाइएको नगरपालिकाले जनाएको छ। वडा नम्बर ८ हात्तीगौंडामा तीनतले भवन निर्माण गरिएको हो। अब नगरपालिकाको पशुसेवाबाहेक सबै शाखाले यसै भवनबाट एकीकृत सेवा प्रदान गर्नेछन्। अपागंअनुकूल लिफ्ट र र्‍याम्प निर्माण गर्न बाँकी छ भने बाहिरी बगैंचा र भित्री इन्टेरियरको काम भइरहेको छ। भवन उद्घाटनसँगै अब नगरवासीले सर्वसुलभ तरिकाले एकै ठाउँबाट सेवासुविधा पाउने मेयर उद्धव खरेलले बताए। भवनको उद्घाटन रक्षामन्त्री ईश्वर पोखरेलले गरेका थिए।


### जुवातास खेल्ने सातजना पक्राउ

काठमाडौं (कास)- महानगरीय प्रहरी वृत्त कालिमाटीबाट खटिएको प्रहरीले जुवातास खेलिरहेको अवस्थामा नगद ६९ हजारसहित सात जनालाई पक्राउ गरेको छ। मकवानपुर घर भई कलंकीमा होटल सञ्चालन गरिरहेका दीपक राउतको खाजाघरबाट उनीहरूलाई पक्राउ गरिएको हो।















## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | लाभ बढ्ने | तुला | वादविवादमा सफल |
| वृष | काम बन्ने | वृश्चिक | वैमनश्यता |
| मिथुन | धर्म बढ्ने | धनु | स्फूर्ति बढ्ने |
| कर्कट | द्विविधा बढ्ने | मकर | आकस्मिक लाभ |
| सिंह | महत्त्वपूर्ण काम हुने | कुम्भ | पदोन्नति |
| कन्या | खटपट | मीन | कान्ति क्षय |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल मंसिर १९ गते बिहीबार तदनुरुप ५ डिसेम्बर २०१९ मार्गशीर्ष शुक्लपक्ष नवमी तिथि रात्रिको ३:२९ बजेसम्म उप्रान्त दशमी तिथि, पूर्वाभाद्रपदा नक्षत्र रात्रिको ८:२० बजेसम्म उप्रान्त उत्तरभाद्रपदा नक्षत्र, वज्र योग दिनको ४:४५ बजेसम्म उप्रान्त सिद्धि योग, बालव करण दिनको २:२३ बजेसम्म उप्रान्त कौलव करण, कुम्भ राशिमा चन्द्रमा दिनको १:४० बजेसम्म उप्रान्त मीन राशिमा। ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | मार्गदर्शन (लाइभ) |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | सरोकार (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | हियर्ज टु लाइफ (रिपिट) |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | मनी टक्स (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | आउन मसँग खाउन (रिपिट) |
| १:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | हियर्ज टु लाइफ (रिपिट) |
| ३:०० | सरोकार (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | मनी टक्स (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्युज |
| ६:३० | रजतपट |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | नेपाल स्पेल बी |
| १०:०० | रजतपट (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | रजतपट (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | कल कान्तिपुर (रिपिट) |
| ४:०० | नेपाल स्पेल बी (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ०५:०० | भक्ति अनुष्ठान (बालचन्द्र) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | सबैका लागि मानसिक स्वास्थ्य (कोशिष नेपाल) |
| ०८:०० | डेभलपमेन्ट एण्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (शुभ) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | मीड वीक घुम्ने मेच (दीनेश डीसी) |
| १०:०० | स्पोर्ट्स डायरी |
| १०:०५ | टेष्ट बड (सञ्जय/एलिसा) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | टेस्ट बड (सञ्जय/एलिसा) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | आफ्नो भाका आफ्नो गीत (कृष्ण मल्ल) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (किरण) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (किरण) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | कानुङ भेजा (श्याम राई) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | संगालो (एलिशा) |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | एजुकेशन टक (भुपेन्द्र) |
| १८:०० | आइसीए दूर शिक्षा (राजेश पाण्डे) |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यात्रा जीवनको (दिनेश डीसी/अम्बिका/शुभ) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | म्यूजिकोफिल (विवस राई) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | ग्लोबल कनेक्सन (शुभराज) |
| २३:०० | आजदेखि अर्को आजसम्म (प्रज्वल) |
| २४:०० | आफ्नो भाका आफ्नो गीत (कृष्ण) |
| ०१:०० | कानुनी बहस र परामर्श |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४११५५० |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४९११७२५ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल | ४९११००८ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल | ४४७६१५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४/४२१७७६६/४२१७७५५ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडीकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| कान्तिपुर हस्पिटल | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| वयोधा अस्पताल (प्रा.) लि. | ४२८६४२८/४२८१६६६ |
| लाइफ केयर अस्पताल | ४२२७०३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| नेपाल मेडिसिटी | ४२१७७५५/४२१७७६६ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल | ४३७७४०४/४३७७७०४ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि. | ४४७४९६८/४४८९८९१ |
| सामुदायिक मानसिक स्वा. से. केन्द | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल | ४३६६३०१-०५ |
| मध्यपुर अस्पताल | ०१-५०९३३८८/५०९३३९५/५०९३३७२ |
| विनायक अस्पताल तथा प्रसुति गृह | ४३८३१५२/४३८०८४८ |
| केन्द्रीय पशु चिकित्सालय | ४२६१३८२/४२२९०६४/४२६८१९३ |
| हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल | ४४७३५१८/४४७०६१५ |
| शहीद मेमोरियल अस्पताल | ४६७२९३४/०१६२०८६७२ |
| स्पार्क हेल्थ होम अस्पताल | ४२७३०९४/४२७००२३ |
| ओम समाज अस्पताल | ४३१३५९२ |
| स्टार अस्पताल | ५५५०१९७/५५५०१९८/५५५२२२७ |
| अल्का अस्पताल | ५५५५५५५ |
| नागरिक सामुदायिक अस्पताल | ६६३७७००/५६३९१८४ |
| हिमाल अस्पताल/एम्बुलेन्स | ४४१५०७६/४४१९६७२ |
| स्पाइनल इन्जरी पुनर्स्थापना केन्द्र | ०११-६६०८४७/६६०८४८ |
| काठमाडौं अस्पताल | ४२२२२९२ |
| अन्तराष्ट्रिय मैत्री बाल अस्पताल | ४४११३३४/४४१५४६१ |
| बी.पी. स्मृति अस्पताल | ४३८७००४/४३८७००६ |
| सुमेरु अस्पताल | ५२७५३७७/५२७५०८८/९९ |
| वेलकेयर हस्पिटल | ४४२६१३५/४४२६१८४ |
| एभरेष्ट हस्पिटल | ४७८१२२४/४७८३०२४ |
| काठमाडौ नाक कान घाँटी अस्पताल | ४२४५५५४/४२२६७३० |
| ग्रान्डी इन्टरनेशनल हस्पिटल | ५१५९२६६/५१५९२६७ |
| ग्रिन सिटी हस्पिटल | ४३५२२४८/४३५७४५२ |
| शुभेक्षा इन्टरनेशनल हस्पिटल | ४२८९५३४/४२८९५३५ |
| कान्तिपुर जनरल हस्पिटल | ४३८५९१०/४३८५९११ |
| नि:शुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| दीर्घायु गुरु हस्पिटल | ४४६९५९३/९८४४८५५५७ |
| गणेशमान सिंह मेमोरियल अस्पताल | ०१-५५३०८८५/५५२३४२०, ५५४४२४४/५५५५८७४ |
| ॐ समाज डेण्टल हस्पिटल | ०१-४४७३४४४/४४८०८८० |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

**कान्तिपुर सम्पर्क** जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

## सम्पादकीय

# भत्काऔं मनका छाउघरहरू

हाम्रा कतिपय प्रथा र परम्पराले महिलामाथि थोपरेका विभिन्न हिंसामध्येको एउटा डरलाग्दो रूप हो छाउपडी। महिनावारी भएका महिलालाई छाउघर पठाउने सुदूरपश्चिम र कर्णाली प्रदेशका कतिपय जिल्लामा विद्यमान यो कुरीति समकालीन नेपाली समाजकै एउटा ठूलो धब्बा हो। महिला तथा किशोरीप्रति समाजले गर्ने भेदभावपूर्ण व्यवहारको यो नमुना आधुनिक सभ्यताकै लागि चुनौती पनि हो। यसकै कारण सोमबारमात्रै अछाम, साँफेबगरकी २१ वर्षीया पार्वती बुढाले छाउगोठमा निसासिएर ज्यान गुमाइन्।

'परम्परा' का नाममा कुरीति भोग्न अभिशप्त कैयौंको ज्यान वर्षौंदेखि यसैगरी गइरहेको छ। केही महिनाअघि पनि बाजुराको बुढीनन्दा-९, अगाउँपानीमा दुई छोरासहित आमाको मृत्यु भएको थियो। मानवअधिकार आयोगका अनुसार ०६४ देखि ०७४ सम्ममा छाउगोठमा बसेकै कारण १२ जनाले ज्यान गुमाएका थिए, गोठ सफा र सुरक्षित नहुँदा सर्प र जंगली जनावरले टोकेर, हावा नछिर्ने भएकाले निसासिएर, आगलागी भएर र जाडोले कठ्यांग्रिएर।

अन्य हिसाबले पनि सुरक्षित छैन छाउगोठ। गत वर्ष सुर्खेतको बराहताल गाउँपालिकाकी १५ वर्षीया किशोरीमाथि छाउगोठमै स्थानीय तीन युवाले बलात्कार गरेका थिए। विडम्बना, यस्ता घटना भइरहँदा पनि महिनावारी भएकै कारण आफ्नी छोरी/बुहारी/श्रीमती/आमालाई भ्यान्टिलेसन पनि नभएको सानो र असुरक्षित गोठमा पठाउने कुप्रथा रोकिएको छैन।

सम्बन्धित समाजको सचेत तप्कालाई पक्कै थाहा छ- महिनावारी जैविक प्रक्रिया हो, यससँग पाप-पुण्यको साइनो छैन। यो कुनै विश्वास, संस्कृति, मूल्यमान्यता, सचेतना, समावेशन, न्याय र मर्यादा होइन, यो त भयंकर अन्धविश्वास, कुरीति, अचेतना, बहिष्करण, विभेद र हिंसा हो। तर बुझ्नेकाहरूले पनि समाजमा सार्थक हस्तक्षेप गर्न नसकेकैले कुप्रथा नरोकिएको हो। भएका प्रयत्नहरू गोष्ठी, सभा, सेमिनारमै सीमित छन्। कसैको ज्यान गएपछि परिवर्तनका लागि देखाइने चासो पनि पछि त्यसै सेलाउने गरेका छन्।

छाउपडी प्रथाले समाजको विकास प्रक्रियामै असर पुऱ्याएको छ, महिलाको वैयक्तिक स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने हक खोसेको छ। उनीहरूको सामाजिक र सांस्कृतिक अधिकारमाथि कुठाराघात गरेको छ, व्यक्तित्व विकासको अवसर खुम्च्याएको छ। आयोगद्वारा गत वर्ष जारी प्रतिवेदनअनुसार महिनावारी भएको महिला शिक्षक तथा विद्यार्थी दुवैलाई ५ दिनसम्म विद्यालय जान, किताब छुन र पठनपाठनमा प्रतिबन्ध लगाइन्छ। यसबाट माध्यमिक तहमा पढ्ने किशोरीहरूको विद्यालय छोड्ने दर बढ्दो छ। महिलालाई तल्लो पेट दुख्ने, पाठेघर खस्ने, कुपोषण, झाडापखाला, निमोनिया, श्वासप्रश्वाससम्बन्धी रोगहरू लागेको छ, मानसिक स्वास्थ्य बिगारेको छ। आर्थिक विकासमा असर पारेको छ।

छाउपडीलाई कानुनले दण्डनीय नमानेको पनि होइन। मुलुकी अपराध संहिता, २०७४ ले महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजायको व्यवस्था गरेको छ। सरकारी कर्मचारीले यस्तो कसुर गरेमा उसलाई थप तीन महिनासम्म कैद सजाय हुने व्यवस्था छ। संहिता लागू भएको एक वर्ष नाघिसक्दा पनि ज्यानै जाने घटना रोकिएका छैनन्। समाजमा जरा गाडेको कुप्रथा भएकाले अब कानुन पालनासँगै समाज पनि बदलिनुपर्छ। त्यसका लागि विद्यालय शिक्षाको पाठ्यसामग्रीहरूमा यसबारे चेतनामूलक सामग्री समावेश गरिनुपर्छ। गैरसरकारी संघसंस्थाले गर्ने प्रयत्नहरू पटके र प्रचारमुखी हुने भएकाले परिणाम नल्याएका हुन सक्छन्, स्थानीय सरकारले नै दिगो कार्यक्रम चलाउनुपर्छ, वडास्तरमै सूक्ष्म गतिविधि गर्नुपर्छ, प्रतिरोधात्मक अभियान छेडिनुपर्छ।

सरकारले यसलाई हटाउन चालु वर्षमा एक करोड रुपैयाँ बजेटको कार्यक्रम बनाएको छ। जनचेतना जगाउने सामान्य गतिविधिमै उक्त बजेट खर्चिने तरखर देखिन्छ, त्यसलाई सक्दो प्रभावकारी बनाउन मन्त्रालयले जोड दिनुपर्छ। वर्षौंदेखिको कुरीतिलाई एकै दिनमा तोड्न/तोडाउन पक्कै सजिलो छैन। यसका लागि सम्बन्धित प्रदेश र स्थानीय स्तरमा बलियो राजनीतिक प्रतिबद्धता चाहिन्छ। राजनीतिक दल र स्थानीय नेताहरूले घनिभूत रूपमा छाउपडीलाई अजेन्डा नबनाउनु भनेको चुपचाप यसलाई स्विकार्नु हो। समाज परिवर्तनको नेतृत्व गर्नुपर्ने दलहरूले सामाजिक दबाब र भोटका राजनीतिका अगाडि घुँडा टेक्न सुहाउँदैन। स्थानीय अगुवा नेताहरूले यसलाई ओठे भक्तिको विषय मात्र बनाएनन् भने पनि धेरै सुधार हुनसक्छ। र, यस्तो प्रतिबद्धता सबै ठूला दलहरूको हुन जरुरी छ, ताकि कसैलाई पनि मत प्रभावित हुने भय नहोस्। स्थानीय तहमा प्रतिनिधित्व गर्ने चालीस प्रतिशत महिला र संघीय संसद् र प्रदेशमा रहेका एक तिहाइ महिला सांसदले विशेष पहल गर्न सक्छन्, भलै यो मुद्दा महिलाको मात्र होइन। सम्बन्धित प्रदेश सरकारहरूले यसलाई मुद्दा बनाएर विशेष रणनीतिका साथ अघि बढ्नुपर्छ। कानुनै ल्याएर भए पनि पालिकाहरूमा छाउपडीको अनुगमन र कानुन कार्यान्वयनमा सघाउन स्थायी प्रकृतिको संरचना बनाउनु उपयुक्त उपाय हुन सक्छ।

# अभ्यस्ताको आनन्द



**शब्द साक्षी**

**सीके लाल**

अन्तरजालले मिडिया प्रयोगकर्ताहरूको ध्यान-अवधिलाई संकुचित तुल्याइदिएको छ। पत्रकारहरू अन्तर्वस्तुका संकलक एवं प्रदायक भएका छन्। पाठक, श्रोता एवं दर्शकको भूमिका उपलब्ध मिडिया सामग्रीको उपभोग गर्नुमा सीमित हुँदै गएको छ। त्यसैले मिडियाकर्मी बजारमा बिक्ने कुरा पस्किन रुचाउँछन्। मिडिया उपभोक्ता तात्कालिकतामा रमाउँछन् र महत्त्वपूर्णभन्दा मजेदार सामग्रीलाई प्राथमिकता दिन्छन्। क्षमताभन्दा महत्त्वाकांक्षा बढी भएका आसेपासेको लहलहैमा लागेर प्रत्यक्ष राज्यसत्ता चलाउने लोभले गर्दा राजगद्दी एवं श्रीपेच सँगसँगै गुमाएका पूर्वराजा आजभोलि सामाजिक एवं सांस्कृतिक जीवनमा लिप्त रहने अभ्यासमा छन्। राजधानीको सम्भ्रान्त परिवारका लागि क्लबमा गएर नाच्नु कुनै ठूलो कुरा होइन। मिडिया उपभोक्ताका लागि भने त्यो सामग्री केही दिनका लागि अनौठै भयो। रुमानी राष्ट्रवादको आह्वान-गान 'रातो र चन्द्र-सूर्य' घन्केपछि राजा होओस् वा रंक, जुनसुकै गोर्खालीको जीउ हल्लिनु स्वाभाविक हो! त्यसपछि पूर्वराजा प्रसन्न रहन षोडश उपचार पूजा गर्न गए। मिडियाले अर्को चित्ताकर्षक समाचार भेट्टायो। पूर्वराजाको व्यक्तित्वमा सञ्चार माध्यमहरूले राजेश हमालपछिको दोस्रो मिडिया प्रतिमानी (सेलेब्रिटी) पाएका छन्। मिडियाले दिएको स्थानबाट राजावादी दंग, अप्रासंगिक गतिविधिहरू देखेर गणतन्त्रवादी सन्तुष्ट एवं आकर्षक सामग्री पस्किन पाएकामा पत्रकार प्रसन्न बन्ने जस्ता सबैको जित हुने विषय नेपालमा थोरै बाँकी छन्।

आक्रामक राष्ट्रवादको कालापानी कामज्वरो ओर्लिन भने झन्डै दुई हप्ता लागेको छ। यस्तो मामिला कूटनीतिक वार्ताद्वारा सल्टाउनु सबभन्दा सहज उपाय हो। त्यो तरिका अफाप भयो भने अन्तर्राष्ट्रिय हस्तक्षेपका लागि गुहार लगाउन सकिन्छ। अन्तिम बाटो भनेको एकताका माओवादीहरूले गरेजस्तै सुरुङ युद्धको तयारीमा लाग्नु हो। जंगबहादुरले गोरा साहबहरूप्रति वफादारी देखाएर नयाँ मुलुक बकस थापेको जस्तो अवस्था अब रहेन। नयाँ दिल्लीको हिन्दुत्ववादी सत्ता घाटाको सौदा गर्छ भन्ने भ्रममा नरहे हुन्छ। निहुँ पाए बरु अँठ्याउला, भारतसँगको विवादमा चीनको साथ पाउने अपेक्षा पनि हद दर्जाको आशावाद हो। सडक तताएर यीमध्ये कुन विकल्पको पक्षमा जनमत तयार हुन्छ? त्यति साधारण कुरा ठम्याउन हप्तौं लाग्यो। तर, मुद्दा जीवित राख्न सकेकामा गोर्खाली गौरवका स्वघोषित उत्तराधिकारीहरू मक्ख छन्।

परिस्थितिको गम्भीरतालाई अभियन्ताहरूले भने ठम्याउन थालेका छन्। 'चुच्चे नक्सालाई बुच्चे बनाउने को हो?' भन्ने प्रश्न अग्रज पत्रकार भैरव रिसालको मनमा बल्ल उठ्न थालेको छ। विवाद प्रोत्तेजकका रूपमा उल्लेख्य रूपले सफल राजनीतिकर्मी ऋषिराज लुम्सालीको बोलीमा समेत अब निरीहता झल्किन्छ। केही अवकाशप्राप्त अधिकारीहरूले आफ्नो सान्दर्भिकता दर्साउन बेलाबेला अझै पनि 'सुस्ता-कालापानी' जपिरहने निश्चित छ। तर, आक्रामक राष्ट्रवादको नारा उचाल्ने अग्रपंक्तिमा नेपाली कांग्रेस देखिनु भनेको नयाँ विकसित हुँदै गएको प्रवृत्ति हो। विवादित संविधान जारी गर्ने बेला तत्कालीन एमाले, माओवादी एवं नेपाली कांग्रेसबीचको नृजातीय ऐक्यबद्धता मधेसविरोधी मानसिकता तथा भुइँचालोबाट उत्पन्न संकटलाई अवसरका रूपमा छोप्न सकिने परिस्थितिको आवश्यकता थियो। नेपाली कांग्रेसले समेत 'माले-मशाले-मण्डले' राष्ट्रवाद अंगीकार गरिसकेपछि अब वैचारिक विभेद पनि मेटिएकाले उपनिर्वाचनको परिणाम बहसको विषय हुनु नपर्ने हो। गाई वा त्रिशूल जता पल्टिए पनि सिक्का उछाल्नु भाग्यको खेल हो। त्यस कर्मले तुलनात्मक क्षमतालाई दर्साउँदैन। सिक्का खोटो पऱ्यो भने खेलमा झेल भएको शंका गर्न सकिन्छ। त्यस्तो अवस्था देखिएको छैन। मिडिया प्रयोगकर्ताहरूलाई केही कालसम्म अल्झाइराख्न भने उपनिर्वाचनको चिरफार दक्षिण एसियाली खेलकुदभन्दा पनि प्रभावकारी ठहरिन सक्छ। सरकार प्रमुखसँगसँगै शासन व्यवस्था नै बिरामी भएर आराम गरिरहेका बेला राजनीतिक गफमा रम्न चाहनु अन्यथा होइन।

### ससाना खुसीहरू

राजनीतिक विश्लेषण गजबको विधा हो। कुखुरापालनबारे गरिएको टिप्पणीलाई आधिकारिक देखाउन टिप्पणीकारले कम्तीमा अनुभवको दाबी गर्नुपर्ने हुन्छ। इन्जिनियरिङ, चिकित्सा वा कानुनको ज्ञान बाँड्नुअगाडि पढेको कुरा देखाउन सक्नुपर्छ। राजनीतिबारे जानकार छु भन्नलाई त्यस्तो कुनै प्रामाणिकता पेस गरिराख्नु पर्दैन; सोझै धूवाँधार प्रवचन दिन सुरु गरे हुन्छ। त्यसैले निष्पक्ष 'राजनीतिक विश्लेषक' परस्पर विरोधी पदावली हो। राजनीतिक विशेषणसँग पक्षधरता स्वाभाविक रूपमा जोडिएर आउँछ। त्यति कुरा ठम्याएपछि सार्वजनिक वृत्तमा आइरहेका टिप्पणीहरू अर्थ्याउन सजिलो हुन्छ। वर्तमान अवस्थामा साझा, विवेकशील वा जनमत जस्ता पार्टीहरूको प्रमुख भूमिका भनेको नेकपा दोहोरोविरोधी शक्तिहरूको मत मात्र नभई मनस्थितिसमेत विभाजित अवस्थामा कायम राख्नु हो। उपनिर्वाचनका क्रममा मत काट्न खासै सफल नभए पनि प्रतिपक्षको मनोबल घटाउन तिनले उल्लेख्य सफलता हासिल गरेका छन्। तीमध्ये केही उपयुक्त मानको खोजीमा नयाँ पंक्तिहरूतिर लोभिन सक्छन्। विचारधारामुक्त एवं उद्यमीप्रधान राजनीतिक मञ्चहरूबाट त्योभन्दा बढी अपेक्षा राख्नु उपयुक्त हुँदैन। विश्लेषक जमातले खुद्रा पार्टीहरूको जतिसुकै खिल्ली उडाए पनि ती समसामयिक राजनीतिका अतिरिक्त खेलाडी हुन्। आफ्नो उपस्थिति देखाउन पाएकामा तिनका प्रमुख उद्यमीहरू खुसी नै हुनुपर्छ।

संसदीय निर्वाचनमा नीति, नेतृत्व एवं संगठनसँगसँगै अगुवा कार्यकर्ता तथा समर्थकहरूको स्रोत परिचालन क्षमताको पनि परीक्षा हुन्छ। संसदको उपनिर्वाचन सत्ताधारी दलको अधिप्रचार संयन्त्रको प्रभावकारिता मापन गर्ने अवसर हो। स्थानीय उपनिर्वाचनमा भने स्थानीय मुद्दा एवं सम्बन्धित उम्मेदवारको पात्रता निर्णायक हुन्छन्। त्यस दृष्टिकोणबाट हेर्ने हो भने आफ्नो आन्तरिक खिचलोका बावजुद नेकपा दोहोरोका उपलब्धिहरू बेवास्ता गर्न नसकिने किसिमका छन्। समग्र परिणाममा विपक्षीजति जम्मैको विजयतालिकाभन्दा नेकपा दोहोरो एक्लैको उपलब्धि झन्डै दोब्बर छ। प्रतिपक्षको साटो सहयोगी दल बनेको नेपाली कांग्रेसलाई 'राष्ट्रवादी अडान' रणनीतिको कुनै खुसियाली मनाए हुन्छ। मताधार मधेसभित्र मात्रै सीमित रहे पनि 'राष्ट्रिय' एवं 'समाजवादी' विशेषण झुन्ड्याएका राजनीतिक दलहरू विद्यमान संविधान कायम रहेसम्म अहिलेभन्दा खासै राम्रो गर्न सक्ने सम्भावना देखिँदैन। मधेसवादी अभियन्ताहरूले तिनको एकीकरणको जतिसुकै कामना गरे पनि राजनीति कोरा आदर्शको अभ्यास मात्र नभएर लाभहानिको जोड-घटाउ गरेर गरिने कारोबार पनि हो। उपनिर्वाचनको परिणामले राष्ट्रिय दलको अध्यक्षमण्डल वा समाजवादी दलको सर्वेसर्वामध्ये कसैको पनि राजनीतिक वजन घटाएको छैन। ती पनि सन्तुष्ट नै हुनुपर्छ। आ-आफ्ना खोपीमा सबै राजनीतिक खेलाडी अहिलेलाई मस्तले सुते हुन्छ। संघर्षको मोर्चा खाली छ एवं देशमा अमनचैन कायम छ।

### लाचारीको संस्कार

परालको आगोसरि पटक-पटक ह्वार्र बलेर खरानी भए पनि मधेसले आफ्नो आक्रोश दर्साउन छोड्दैन। पहाड होओस् वा मधेस, जनजातिको संयम भने बुझिनसक्नुको छ। मासिने र नमासिने जस्ता नितान्त काल्पनिक एवं होच्याउने श्रेणीमा विभाजन गरेर एक शताब्दीभन्दा बढीसम्म तिनको जवानी विश्वयुद्ध बजारमा बेचियो। प्रतिरोधको ज्वाला कहिल्यै दन्किन सकेन। तीन दशकदेखि दरबारको बोझ उचालेर राखेको काँधमा एक दशकसम्म सशस्त्र संघर्षको भार पनि थपियो। अहँ, ती कहिल्यै थाकेनन्। बहिष्कृत समुदायका अगुवाहरूमा सहवरणद्वारा व्यक्तिगत हित सुरक्षित गर्ने चाहना प्रबल हुने हुँदा नेतृत्वको संकट



तिनको सामूहिक नियति नै हो। तर, त्यस्तो कम मापदण्ड (लोबार) अनुसार पनि जनजातिमा नेतृत्वको दरिद्रता अत्यासलाग्दो देखिन्छ। सामुदायिक नेतृत्व सामान्यतः क्षत्रियमा वंशवाद, बाहुनमा अंशवाद, संन्यासीमा विरासतवाद, वैश्यमा परिवारवाद एवं शूद्रमा संघर्षवादबाट हुन्छ। बहिष्कृत समुदायहरू जन्मले जुनसुकै वर्णको भए पनि यथार्थमा शूद्रसरह हुन्छन्। संघर्षबाहेक तिनका लागि आफ्नो परिस्थिति बदल्ने अर्को कुनै बाटो हुँदैन। तर भन्छन् नि– आदतले जन्माएको लाचारी! आजभोलि मधेसी, जनजाति, दलित एवं अन्य बहिष्कृतजति जम्मै आ-आफ्ना दुःखमा सन्तुष्ट देखिँदै छन्।

भेडा हुनुको आनन्द अरू जीवले कहाँ पाउनु! त्यसैले होला, महाकवि लक्ष्मीप्रसाद देवकोटा बिन्ती बिसाउँछन्– प्रभुजी, मलाई भेडो बनाऊ। गणेशमान सिंह भने बम्किएका थिए– काठमाडौंका मतदाता भेडा छन्। राजनीतिक शक्तिको मिहिन व्याख्या गर्ने फ्रान्सेली दार्शनिक बर्ट्रान्ड डे ज्युभेनेल (१९०३-१९८७) को प्रख्यात उक्ति छ– भेडाहरूको समाजले ढिलोचाँडो ब्वाँसाहरूको सरकार भेट्टाउँछ। राजनीतिको चक्रीय गतिबाट सामान्यजन पनि तर्सिनुपर्ने कुनै कारण छैन। शासन सिंहले गरोस् वा ब्वाँसाहरूको झुन्डले, तिनको आहारा बन्नबाट बच्ने एक मात्र उपाय सचेत एवं संगठित प्रतिरोध हो। त्यस कर्मका लागि आँट जुटाउनुको विकल्प छैन।

निर्वाचकीय लाभांश स्थानीय प्रतिस्पर्धामा समेत हात लागेन। नेकपा दोहोरोको प्राप्ताङ्क केही घटे पनि सर्वेसर्वा खड्गप्रसाद शर्मा ओलीको नेतृत्व उनको अस्वस्थताका बावजुद उपनिर्वाचनको जाँचमा सम्मानका साथ उत्तीर्ण भएको ठहर गर्न धक मान्नुपर्दैन। उपबुज्रुक विज्ञहरू जतिसुकै उफ्रे पनि पहाडका मतदाताका अगाडि नेकपा दोहोरो नृजातीय मुक्तिदाता रहेको संकथन अद्यापि कायम छ। धरान एवं भक्तपुरका परिणामलाई सामान्यीकरण गरेर नेपाली कांग्रेसका महिमामण्डकहरूले हर्षबढाइँ गर्न नहतारिए हुन्छ। नेकपा दोहोरोका समर्थकहरूले आफ्ना सर्वेसर्वाको हर्षबढाइँ गर्ने प्रशस्त मसला भेट्टाएका छन्।

सरकारप्रति असन्तुष्टि बढेको पुष्टि भयो भन्ने नेपाली कांग्रेसको हतारको निर्क्योल 'खयाली पुलाव' (विस्फल थिङकिङ) मात्रै हो, राजनीतिक यथार्थको अभिव्यक्ति होइन। त्यस दाबीलाई ठाडै खारेज गरिदिए पनि फरक पर्दैन। तर, उपनिर्वाचनबाट सन्तुष्ट हुने अवसर नेपाली कांग्रेस नेतृत्वले पनि पाएको छ। विचारविहीन राजनीति, निस्तेज नेतृत्व, अस्तव्यस्त संगठन, निरुत्साहित समर्थक एवं कार्यसूची बेगरका कार्यकर्ताको भरमा दोस्रो दलको अवस्था कायम राख्न सक्नु चानचुने सफलता होइन। सुवर्ण शमशेरपछि सम्भवतः सबभन्दा राजसी जीवनशैली भएको सभापति पाउनु नेपालको भव्य बुज्रुग दल (ग्रान्ड ओल्ड पार्टी) को अहोभाग्य हो। तिनका समर्थकहरूले पनि आफ्ना नेताको वैभवशाली प्रदर्शनमा

> उपनिर्वाचनबाट सन्तुष्ट हुने अवसर नेपाली कांग्रेस नेतृत्वले पनि पाएको छ। विचारविहीन राजनीति, निस्तेज नेतृत्व, अस्तव्यस्त संगठन, निरुत्साहित समर्थक एवं कार्यसूची बेगरका कार्यकर्ताको भरमा दोस्रो दलको अवस्था कायम राख्न सक्नु चानचुने सफलता होइन।


## सम्पादकलाई चिठी

### हामी डोली फर्काउँदैनौं

विवाह पञ्चमीको अवसरमा भगवान् श्रीराम र जनकपुत्री सीताबीच विवाहको कार्यक्रम आयोजना गरियो। भगवान श्रीराम जन्तीसहित जनकपुर आउनुभयो, सीताले शिवधनु सहजै उठाएर भगवान श्रीरामलाई स्वयम्वर वरण गरिन्। सीतालाई लिएर भगवान् श्रीरामको जन्ती अयोध्या फर्कियो। यो सांस्कृतिक पर्व जनकपुर लगायत नेपालका विभिन्न स्थानमा यस्तै सांस्कृतिक कार्यक्रमको आयोजना गरी मनाइयो। नेपालकै एक स्थानमा यो कार्यक्रम अन्यभन्दा केही फरक रूपले मनाइएको खबर भने सबैका लागि आश्चर्यजनक लाग्न सक्छ। काठमाडौंकै एक स्थानमा प्रदर्शित सांस्कृतिक झाँकीमा विवाह र जन्ती प्रस्थानपछिको घटना पनि जोडिएको छ। जहाँ नेपाली परम्परा अनुसार सीता रामका साथमा डोली फर्काउन माइत आउँछिन्, तर माइतीले त्यसपछि सीतालाई घर फिर्ता पठाउँदैनन्, अनि भगवान् श्रीराम दुःखित मन लिएर एक्लै अयोध्या फर्कन्छन्। भगवान् श्रीरामलाई अर्धाङ्गिनी सीतालाई मधुमासकै बेला माइतमा छोडेर जानुपर्ने अत्यन्त पीडादायी वियोगजन्य अवस्था निम्ताउने पात्र अरु कोही नभएर विश्वमै हिन्दुत्वको पैरवी गर्ने, भगवान् श्रीरामकै देश, भारतका प्रधानमन्त्री नरेन्द्र मोदी हुन्। सांस्कृतिक कार्यक्रममा यो पनि थपिएको छ कि भारतका प्रधानमन्त्री मोदीले सीताको माइतीबाट प्रशस्त सम्पत्ति (दहेज) नपाएको झोंकमा नेपालको कालापानीलाई आफ्नो नक्सामा पारेर प्रकाशित गरेका हुन्। सांस्कृतिक कार्यक्रमको अन्त्यतिर नेपथ्यबाट उद्घोषक कुर्लन्छन्। अब दहेजको कुरीति चल्दैन। त्यो अतिक्रमित जमिन नेपाललाई फर्काएको दिनमात्र सीताको डोली फर्कनेछ। श्रोता, दर्शकदीर्घामा तालीको गडगडाहट छुट्छ। हेरौं, यो जबर्जस्तीपूर्ण दहेजबारे मोदीजीको कस्तो कदम हुन्छ?

**– मुकुन्द अर्याल,** *ज्योतिषी डाँडा स्याङ्जा*

### छाउगोठको विकल्प



'बेँसी जान उठिनन् पार्वती' खबरमा छाउगोठमा निस्सासिएर युवतीको मृत्यु भएको खबर पढ्नुपर्दा मन ज्यादै दुःखित भयो। समाचार पढ्दा मुटुमा कताकता च्वास्स घोचेको महसुस भयो। आजभोलि सहरतिर महिनावारीको समयमा कुनै समस्या भएको खबर सुनिँदैन। तर मध्यपश्चिमका केही ग्रामीण तथा दुर्गम जिल्लामा यो समस्या अझै छ। छाउगोठमा सर्पले टोकेर, बलात्कारमा परेर, निस्सासिएर, चिसो लागेर, आगोले डढेर महिलाहरूको मृत्यु भएका खबर बेलाबेला आइनै रहन्छ। अझ सुत्केरी महिलालाई पनि त्यसरी छाउगोठमा राख्दा आमा र बच्चाको हालत के होला? सोच्दा मात्रै पनि हाम्रो आङ सिरिङ्ग हुन्छ। मुलुकी अपराध संहिता २०७४ ले यस्ता कामलाई अपराध मानेर सजायको व्यवस्था गरे पनि यो कुप्रथा अझै बन्द हुनसकेको छैन। केही समय अघि प्रकाशित एउटा खबरमा वडा प्रमुख तथा गाउँका बुद्धिजीवीहरूले छाउगोठ भत्काउनाले अछाम भेगका महिला ओडारमा बस्न जानुपरेको खबर थियो। यसबाट के पुष्टि हुन्छ भने विभिन्न गैरसरकारी संस्था तथा सरकारी संस्थाहरूले जतिसुकै खर्च गरेर जनचेतनाका कार्यक्रम चलाए पनि कुलदेवता रिसाउँछन् भनेर महिलालाई महिनावारीको समयमा घर बाहिर बस्न पठाउँछन्। यसरी धर्म र आस्थासँग जोडिएको सन्दर्भमा धर्मान्धताका कारण मान्छेमा परिवर्तन ल्याउन सबैभन्दा कठिन हुन्छ। अब सरकारले यस्को विकल्पमा सुविधासम्पन्न छाउ होस्टल खोल्नुपर्ने देखिन्छ। छाउप्रथा कायम रहेका हरेक स्थानीय तहका वडाहरूमा वडा कार्यालयको निगरानीमा शौचालय, भान्छाघर सहितको चारकोठे पक्की भवन निर्माण गराउने र सोही स्थानीय तहको अनुदानमा त्यहाँको सबै खर्च व्यहोर्ने व्यवस्था गर्ने हो भने हाम्रा छोरीचेलीले अकालमा ज्यान गुमाउनु पर्दैन।

**– शम्भु मल्ल,** *श्रीकालिका शरण मावि, जहर्सिङ पौवा, काठमाडौं*

### लोकप्रियता न अलोकप्रियता

यो उपनिर्वाचनमा न कांग्रेसले सोचेजस्तो सरकारको अलोकप्रियता रहेछ, नत नेकपाले सोचेजस्तो सरकारका कामको सबैतिर प्रचुर लोकप्रियता। तर अघिल्लो निर्वाचनमा कांग्रेस जसरी खुम्चिएको थियो, त्यो भने अहिले आशावादी बनेको निष्कर्ष विचार मन्थनबाट निस्कन्छ। कांग्रेस सभापतिले अब परम्परागत र हुकुमी शैली होइन, लचकता, शालीनता, दूरदर्शिता र युवाको मनोविज्ञान बुझेर अगाडि बढ्नुपर्छ। कांग्रेस केही माथि उठेको छ। यो पटक 'होलिवाइन'को वास्तविकता, निर्मला काण्डको संवेदनशीलता, लिपुलेकमा सरकारको मौनता, भान्छामा भारतको विषादीयुक्त तरकारी पुग्दा पनि सरकारको बेवास्ता, सुन काण्ड, धराने जनताको घोपा क्याम्पप्रतिको आत्मीयता, दुई तिहाइले पूर्वका कृषि उपज निर्यातप्रति देखाएको उदासीनता, देखिनेगरी विकासका काम नहुनुलाई जनभावना र मनोविज्ञानसँग जोडेर देखाउँदा यो उपनिर्वाचनमा कांग्रेसको जितको आधार बनेको हो। फलस्वरुप उसले ७ प्रतिशत मत बढाउन सफल भयो। दलमा गुट-उपगुट, केन्द्रमा नै मौकामा चौका हान्ने, खुटा तान्ने र खिचातानी बीचको यो प्रतिशत कांग्रेसका लागि अमूल्य छ।

**– सुरेश खतिवडा,** sureshkhatiwada112@gmail.com

### श्रम शोषणको अन्त्य कहिले ?

विपन्न पृष्ठभूमिबाट आएका, विद्रोह, जेलनेल सबै भोगेर खारिएका प्रधानमन्त्रीबाट जनताले विकास, निर्माण तथा जनहितको पक्षमा उत्कृष्ट कामको अपेक्षा गरेका थिए। तर जनताका रहरहरू पानीमा किलो गाडेजस्तो भयो। जति-जति सरकारको कार्यकाल लम्बिँदै छ, उति-उति जनतामा निराशा बढ्दै गएको छ। सहरमा बसेर ठूलठूला उद्योग, कलकारखाना पर्यटन, रेल, पानीजहाज र समृद्धिका कुरा जति नै गरे पनि धेरै जनताको अहिले पनि जीविका चलाउने माध्यम कृषि नै हो। किसानले मिहिनेत र परिश्रमले मानु रोपेर मुरी भित्र्याउने यो समयमा बालीनाली फौजी किराले नष्ट पार्दा सरकार रमिते बनिरह्यो।

समयमै नियन्त्रण गर्न नसक्दा किसानको मिहिनेत बालुवामा पानी हालेसरह भयो। रासायनिक मल तथा उन्नत बीउ-बिजनको मूल्य अकासिएको छ। त्यही पनि आवश्यक पर्दा किसानले सहजै पाउने स्थिति छैन। दुई बोरा मकै बेचेर एक बोरा मल किन्नुपर्ने बाध्यता भएका कृषि श्रमिकको हितमा यो सरकारले के काम गऱ्यो? कम्युनिस्ट पार्टीको शासन छ। गरिब, किसान, मजदुरको अवस्था झन्-झन् बिग्रँदै गएको छ। सरकारले सबै श्रमिकले न्यूनतम मासिक १३ हजार ४ सय ५० रुपैयाँ पारिश्रमिक पाउनेगरी उनीहरूको तलब बैंक खातामा जम्मा गर्न परिपत्र जारी गरेको छ। सरकारले श्रम कानुनले निर्दिष्ट गरेको सेवासुविधा तथा न्यूनतम पारिश्रमिक लगायत अन्य वित्तीय सुविधा उपलब्ध नगराउने प्रतिष्ठानमाथि कारबाही गरिने बताएको छ। तर सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गतको अतिरिक्त हुलाकका कर्मचारीहरूको (चिठी वितरण गर्नेको) मासिक तलब ७ हजार २ सय मात्र छ। ग्रामीण भेगका हुलाकमा आफ्नो जोश, जाँगर, जवानी खर्चिएका कर्मचारीहरूको सरकारले निर्दिष्ट गरेको न्यूनतम मासिक तलब अझै निर्धारण गर्नसकेको छैन भने योभन्दा ठूलो विभेद, श्रमशोषण र लाजमर्दो सर्वहारा वर्गको प्रतिनिधित्व गर्ने कम्युनिस्ट सरकारको लागि अरु के हुनसक्छ?

**– गम्भीरजंग आचार्य,** *सुगापा-५, सिन्धुली*

### गलत मनसाय होइन

मङ्सिर ७ गते शनिबार दोस्रो पृष्ठमा प्रकाशित 'मन्त्रीको स्वागत गर्न बालबालिकालाई दुःख' शीर्षकको प्रकाशित समाचार र तस्बिरप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। अनाथ र असहाय बालबालिकाको विशेष संरक्षण गर्नुपर्छ भन्ने मान्यता अनुसार हामीले उनीहरूको पालन-पोषण गरिरहेका छौं। उनीहरूको राज्यबाट पनि त्यतिकै हेरचाह र संरक्षण हुनुपर्छ भन्ने मान्यता यस संस्थाको रहेको छ। त्यस दिन बालबालिकालाई मन्त्रीको स्वागत गर्न नभई सिंहदरबार घुमाउन लैजाने क्रममा मन्त्रालय गएको जानकारी गराउँछौं।

**– तीलबहादुर कार्की,** *संयुक्त अपाङ्ग एकता आवाज समाज, गोकर्ण, काठमाडौं*

# यसरी हट्छ छाउपडी



डा. अरुणा उप्रेती

अहिले 'छाउपडी' कुरीति विरुद्ध जनमत नै सिर्जना भएको छ। सामाजिक कार्यकर्ता र सरकारी निकायले पनि सकारात्मक भूमिका खेलेका छन्। अब महिनावारी हुँदा छाउगोठमा नबसेका सुदूर पश्चिम र कर्णालीका महिला र किशोरीहरूका कथा पनि बाहिर आउनुपर्छ। त्यसो भए मानिसहरूले सुदूर पश्चिम र कर्णालीमा पनि बोल्ने महिलाहरू रहेछन् भनी थाहा पाउँछन्। 'छाउ' भएका बेला घरमै बसेका उनीहरूले 'पाप'को अनुभूति गरेका छैनन् भन्ने सन्देश जान्छ। केही धामीले पनि 'छाउ' बार्नु पर्दैन भनिसकेका छन्।

पहिले-पहिले साना बालबालिकालाई झाडापखाला लाग्दा धामीकहाँ लगिन्थ्यो। उनीहरूले 'झाडापखाला लागेको बेला पानी पनि खान नदिनू' भन्थे। पानीको कमी भएर बालबालिका मर्थे। तर धामीहरूलाई यो विषयमा जानकारी दिएपछि 'बच्चाको जीवन बचाउन जीवनजल खानैपर्ने रहेछ' भन्ने धामीहरूले बुझे। उनीहरूले बच्चालाई फुकफाक गरे पनि स्वास्थ्यचौकीमा जीवनजल ख्वाउन पठाउन थाले। सरकारले पनि आमसञ्चार माध्यमबाट नुन, चिनी, पानी र जीवनजलबारे जानकारी दियो र जनसमुदायमा जीवनजल पखाला लाग्दा ख्वाउनपर्ने रहेछ भन्ने बुझाइ बन्यो। अहिले कसैले पनि झाडापखाला लागेको बेला जीवनजल ख्वाउनु हुँदैन भन्न सक्दैन। यसैगरी छाउपडी विरुद्ध पनि बोल्ने हो भने सुधार आउन सक्छ। अहिले अछाम, डोटीका धामीहरू पनि यस कुरीतिबारे बोल्न थालेपछि चेतना बढेको छ। छाउपडी गलत हो भन्ने विचार स्थापित भएको छ। यस विरुद्ध आवाज उठेपछि नै समाचार छापिएका हुन्। छाउपडी विरुद्ध काम भएर नै यस्ता घटना बाहिर आएका हुन्। पछिल्लो समय 'छाउपडी' हटाउन सरकारी तवरबाट पनि केही कदम चालिएका छन्। तर प्रश्न उठ्छ, यी कदम किन सफल भइरहेका छैनन् ?

**सञ्चार माध्यमहरूमा छाउगोठ नजाने महिलाहरूलाई पाप पनि लाग्दैन र 'मष्टो' ले पनि केही गर्दैन भन्ने सन्देश प्रवाह हुनु पर्छ।**

छाउपडीबारे बोल्दा केही संस्था र व्यक्ति महिनावारी भएका महिलालाई सुरक्षित रूपमा बस्न सुरक्षित छाउगोठ बनाइदिनुपर्छ भन्ने गलत तर्क पनि गर्छन्। यसले महिनावारी फोहोर हो। यो बेला भिन्नै ठाउँमा बस्नुपर्छ भन्ने गलत मान्यता स्थापित हुन्छ। के त्यसो भए दलितहरूलाई ब्राह्मणहरूबाट टाढा लगेर सफा घर बनाइदिने, तिनका केटाकेटीका लागि अलग्गै स्कुल र अस्पताल बनाइदिने ? यस्तो हुनुहुँदैन। यस्तो मान्यतालाई हामी मान्न सक्दैनौं। यस्तै 'सुरक्षित छाउघर' बनाउने कुरा पनि मान्य छैन।

छाउपडी विरुद्ध बनेका कानुन व्यवहारमा लागू भएका छैनन्। एउटी हजुरआमाले के आफ्नी १४ वर्षीया नातिनी बलात्कृत होस्, सर्पले टोकोस्, आगोले जलेर मरोस् भन्ने चाहन्छिन् होला र ? के सुदूर पश्चिमका हजुरआमाहरूको मन काठमाडौंमा बस्ने हजुरआमाहरूको भन्दा कठोर छ होला र ? त्यसो त पक्कै होइन। तर सुदूर पश्चिम र कर्णालीका हजुरआमाहरूलाई धामी र मष्टोको डरले नातिनीको मायालाई खप्लक्क खाइदिएको छ। चाहेर पनि उनीहरू नातिनीलाई महिनावारी हुँदा छाउगोठमा नजाउ भन्न सक्दैनन्। किनभने उनीहरूको चेतनाको स्तर कमजोर छ। हजुरआमाहरूको मनमा मष्टो रिसाउँछन्, मारिहाल्छन् भन्ने डर छ। तर त्यही मष्टोले अमेरिका जाने सुदूर पश्चिमका महिलालाई चाहिँ दुःख दिँदैन। नत्र त अमेरिकामा पनि 'छाउगोठ' बनाउनुपर्ने हुन्थ्यो। सुदूर पश्चिमका पुरुष समेत मष्टोबाट धेरै तर्सेका छन्। त्यसैले आफ्नी श्रीमती, छोरी र नातिनीको सुरक्षाका लागि केही बोल्न सक्दैनन्। अब तिनले यस कुरीति विरुद्ध बोल्नुपर्छ।

अछामकी अप्सरा कुँवरले धेरै अघि नै छाउगोठ जान छोडिसकेकी थिइन्। तर त्यो कुरा पत्रिकामा आएन। अछाम र डोटीतिरका केही किशोरी छाउगोठ जानुपर्छ भनेर महिनावारी भएको कुरा ३/४ महिनासम्म पनि भन्दैनन्। कसैले सोधिहाले हामीले औषधि खाएर महिनावारी रोकेका छौं भन्दारहेछन्। आफ्नो सुरक्षा गर्न बनाएको रणनीति र महिनावारीमा छाउगोठ नगए पनि केही पाप लाग्दैन भन्ने तिनले बुझिसकेका छन्।

अब स्वदेशी तथा विदेशी सञ्चार माध्यमहरूमा छाउगोठ नजाने महिलाहरूलाई पाप पनि लाग्दैन र 'मष्टो'ले पनि केही गर्दैन भन्ने सन्देश आइदिए बेस हुन्छ।

# सरकारको 'समृद्धि' आख्यान



हरि रोका

ओली सरकारले मुख्यतः तीन काम अघि बढाउन जनादेश पाएको थियो। पहिलो, संघीयतालाई वास्तविक आधारभूत तहदेखि संघसम्म (बटमअप एप्रोचका आधारमा) संस्थागत गर्ने। दोस्रो, संविधानमै व्यवस्था गरिएको समाजवाद-उन्मुखताको मूर्त परिभाषा गर्ने र त्यही बमोजिम राज्यको विद्यमान संरचना कानुनसम्मत ढंगले रूपान्तरण गर्ने। र तेस्रो, असंलग्न परराष्ट्रनीति तथा पञ्चशीलको सिद्धान्त अनुरूप तुलनात्मक वा पारस्परिक तथा प्रतिस्पर्धात्मक लाभ (कम्पेरेटिभ तथा कम्पिटेटिभ बेनेफिट) लिने।

समन्वयकारी संवैधानिक तथा कानुनी संरचना निर्माण गर्दै 'बटमअप एप्रोच' का आधारमा अति सामान्य बहुसंख्यक जनतासँग सहकार्य गर्ने यो विशद अवसर थियो, सरकारका लागि। तर सरकारी नेतृत्वले संघीयतामार्फत गरिनुपर्ने स्वयं-शासन (सेल्फ रुल) वा असली विकेन्द्रीकरणप्रति रुचि राखेको छ भनी संस्थागत कामकारबाहीले पुष्टि गर्दैनन्। नाम नै कम्युनिस्ट पार्टी हुनु र संविधानमा समाजवाद-उन्मुख समाज-व्यवस्थाको प्रावधान हुनुले सरकारलाई ठूलो मौका मिलेको थियो। उसलाई सर्वाधिक नयाँ खाले समाजवादी प्रजातन्त्रको हिमायती हुँ भनेर मुखले होइन, काम गरेर देखाउन बलियो जनादेशसहितको राज्यसत्ता उपलब्ध थियो। मुलुकको आर्थिक-सामाजिक संरचनामा खास गरी श्रमजीवी वर्गको अपेक्षा अनुरूप उत्पादनका साधनमाथिको पहुँच व्यवस्थापन गर्न उसलाई उचित अवसर थियो।

अहिलेको विश्व व्यवस्था बहुध्रुव-उन्मुख हुँदै छ। चीन र अमेरिकाबीच ठूलो व्यापार युद्ध चलिरहेको छ। भारत र चीनबीच तुलनात्मक लाभ लिने होडबाजी छ। बहुध्रुवीय व्यवस्थामा आपसी प्रतिस्पर्धा मात्र हुन्न, सद्भाव-सहकार्य पनि हुन्छ। रणनीतिक रूपमा नेपाल पारस्परिक तथा प्रतिस्पर्धात्मक लाभ लिन सक्ने ठाउँमा छ; क्षेत्रीय र अन्तर्राष्ट्रिय शक्तिहरूबीच सहमति तथा सहकार्य गर्न-गराउन सक्ने भू-राजनीतिक केन्द्रका रूपमा स्थापित हुन सक्ने स्थानमा छ। यो भनेको नेपालको बहुआयामिक विकास-निर्माण तथा विस्तारका लागि आवश्यक लगानी र प्रविधिको कमी नहुनुपर्ने परिस्थिति बन्नु हो। तर सरकार र निकायहरूका लागि परराष्ट्रनीति राष्ट्रिय राजनीतिको पाटोभन्दा पनि सुखद पर्यटनका लागि अवसर जुटाउने बहाना भएको छ। सरकारले ६० महिने आवधिक समयमध्ये २१ महिना गुजारिसकेको छ। 'समृद्ध नेपाल, सुखी नेपाली' को नारा अघि सारेको नेकपा सरकार किन अलमलियो ? यो अझै पनि गम्भीर प्रश्न हो।

**सरकार 'नियोलिबरल मार्केट इकोनोमिक डक्ट्रिन' भित्रै समाजवाद खोजिरहेको छ, अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकले थमाइदिएको रणनीति र कार्यनीतिको 'इकोनोमिक बाइबल' बोकेर।**


## सैद्धान्तिक-वैचारिक अस्पष्टता

सबै विचार सिद्धान्त हुँदैनन्। गहकिलो विचार अनेक परीक्षणपछि सिद्धान्त बन्ने हो। सबै खाले सिद्धान्त सधैंका लागि कार्यान्वयनकारी हुँदैनन्। तिनको पनि निश्चित आयु हुन्छ। समाजविशेषको बनोट, चेतनास्तर, आर्थिक-सामाजिक अवस्था र परिवर्तन गर्नुपर्ने आवश्यक सूची तयार गरेर सिद्धान्तको मूल मर्मलाई समयसापेक्ष परिमार्जन गरिन्छ वा नयाँ भाष्य दिइन्छ। सिद्धान्तको मूल मर्म त्यति विघ्न बंग्याइँदैन। मूल मर्म विस्थापित हुने गरी 'डिस्टोर्सन' गर्ने परिपाटीलाई मार्क्सेली शब्दकोशमा 'संशोधनवाद' भनिन्छ, जुन नेपाली कम्युनिस्ट आन्दोलनमा नयाँ शब्दावली होइन। सत्तारूढ नेकपालाई हेर्दा यति मात्र भन्न सकिन्छ– मार्क्सवादको 'ओरिजिनालिटी' को कुरै छाडौं, एडवार्ड बर्नास्टाइन संशोधनवादको 'स्पिरिट' पनि यसले धान्न खोजेको देखिन्न। कुनै पनि राजनीतिक पार्टीले सिद्धान्तको मूल मर्म परित्याग गरेपछि व्यवहारवाद अर्थात् यथास्थितिलाई कसरी परिष्कृत गर्ने र उत्कृष्ट हुने भन्नेमा ध्यान दिने गर्छ। अर्थात्, ऊ दीर्घकालीन रूपान्तरण र दिगो विकासमा होइन, दैनन्दिनका समस्यासँग जुझ्न थाल्छ। यसले आफ्नै समाज र विश्वव्यापी प्रवृत्ति कता ढल्कँदै छ भन्ने बुझ्न, रूपान्तरणका लागि दीर्घकालीन कार्यक्रम बनाउन र संस्थागत व्यवस्थापन गर्न सिकाउँदैन।

केही उदाहरण हेरौं। सन् २००८ को वित्तीय संकटयता विश्वव्यापी रूपमा हावाको दिशा बदलिएको छ। पश्चिमा पुँजीवादी मुलुक अझै संकटग्रस्त छन्। लगानी प्रतिफल दर घट्दो छ। ज्याला र आय स्थिर अर्थात् मुद्रास्फीतिका तुलनामा दशकौंदेखि अवरुद्ध छ र बहुसंख्यकलाई जीवन धान्न गाह्रो परिरहेको छ। श्रमजीवी, खास गरी युवा श्रमिक आफ्नै काममा सन्तुष्ट छैनन्, नेपालको कृषि क्षेत्रका युवा पुस्ताझैं। यी असन्तुष्टि भजाउँदै दक्षिणपन्थी अतिवादीहरू सत्ताको भर्याङ चढ्न सफल भएका छन्, जसका उदाहरण हुन्– पोल्यान्ड, रूस, हंगेरी, टर्की, रुमानिया, चेक गणतन्त्र, भारत र ब्राजिल लगायत। अहिले विश्व अर्थतन्त्रमा चार वटा मूल प्रवृत्ति बलशाली छन्। पहिलो, व्यापारको स्थानीयकरण (डिग्लोबलाइजेसन अफ ट्रेड); दोस्रो, जनसांख्यिक वृद्धि खास गरी श्रमिक शक्ति वृद्धिमा डरलाग्दो स्खलन (डिपपुलेसन एज लेबरफोर्स स्रिङ्क); तेस्रो, उत्पादकत्वमा ह्रास; र चौथो, अत्यधिक राष्ट्रिय सार्वभौम ऋण सोहोर्ने प्रवृत्ति।

## व्यापारको स्थानीयकरण

स्थानीयकरण (डिग्लोबलाइजेसन) लाई व्यापार र विनिमय प्रणालीमा संरक्षणवाद लागू गर्ने अर्थमा बुझ्नुपर्छ। विनिमय प्रणालीमा मुद्राको मूल्यवृद्धि (एप्रिसिएसन) गरेर चीनले बजारलाई अँठ्याइरहेको छ र आयात-निर्यातमा धोखाधडी गरिरहेको छ भन्ने




झगडाबाट सुरु भएको 'डिग्लोबलाइजेसन' प्रक्रिया यति बेला अमेरिका स्वयंबाट विश्व व्यापार संगठन (डब्लुटीओ) अन्तर्गतका सम्झौता उल्लंघन, सन्धि खारेज र वस्तु तथा सेवा आयातमा २०० प्रतिशतसम्म भन्सार वृद्धिमा पुगेको छ।

सन् २०१६ यता ब्रेक्जिट, आप्रवासन तथा आवतजावतमा कडाइ, निश्चित मुलुकसँग मात्र व्यापार र निश्चित मुलुकमा मात्र त्यो पनि एकपक्षीय सर्त हावी हुने गरी लगानी गर्ने प्रवृत्ति अहिले सामान्य भएको छ। १९७० को दशकमा बनेको भनिएको 'वासिङ्टन कन्सेन्सस' र त्यसपछि अभियानका रूपमा विश्वविख्यात वित्तीय संस्थाहरूको पहल र निगरानीमा सुरु गरिएको नवउदारवादी खुला बजार प्रणालीको मूल मर्मलाई अहिले विधिवत् रूपमा खारेज गर्न खोजिएको छ। तीन वर्षयता अधिकांश क्षेत्रीय र अन्तरदेशीय व्यापार तथा पारवहन सन्धिहरू या स्थगित भएका छन् या त खारेज। ठूला पुँजीवादी मुलुकहरूले खोचे थापेजस्तै क्षेत्रीय शक्तिहरूले पनि संरक्षणवादी नीति अख्तियार गरिरहेका छन्, जसको सिकार हामी पनि हुने गरेका छौं। यी सबैको असर व्यापार हुँदै उत्पादनमा पर्नु अस्वाभाविक होइन। अन्तर्राष्ट्रिय मुद्राकोष (आईएमएफ) ले प्रक्षेपण गरेकै डाटा हेर्ने हो भने सबै मुलुकको आर्थिक वृद्धि ओरालो झर्ने क्रममा छ। १० प्रतिशत वृद्धिदर भएको चीन हाल ६ प्रतिशतमा कुदिरहेको छ भने, कुनै बेला ८ प्रतिशतमा रहेको भारत ३ देखि ५ प्रतिशतमा झर्ने अनुमान छ। बितेका चार महिनाको आँकडा हेर्दा उत्पादन वृद्धि माइनस ४ मा झरेको छ। २००९ पछि निर्यातमूलक आर्थिक वृद्धिको रणनीति अपनाइरहेका मुलुकहरू यति बेला क्षेत्रीय र आन्तरिक बजार संवर्द्धनमा केन्द्रित छन्। आर्थिक रणनीतिमा व्यापक फेरबदलको अवस्थामा नेपालले भरपर्दो आर्थिक नीति निर्माणका लागि दीर्घकालीन, मध्यकालीन तथा अल्पकालीन योजना तर्जुमा र त्यसै अनुरूप घरेलु तथा वैदेशिक नीति अख्तियार गर्न जरुरी थियो र छ। तर सरकार 'नियोलिबरल मार्केट इकोनोमिक डक्ट्रिन' भित्रै समाजवाद खोजिरहेको छ, आईएमएफ र विश्व बैंकले थमाइदिएको रणनीति र कार्यनीतिको 'इकोनोमिक बाइबल' बोकेर। सरकारको यस्तो नीतिगत एकोहोरोपन अहिलेको सन्दर्भमा कहीँ पनि सफल हुने लक्षण देखिन्न।

## अवरुद्ध जनसंख्या वृद्धि

हरेक मुलुकको आर्थिक वृद्धिको मूल चालकशक्ति विद्यमान श्रमिक शक्ति अर्थात् जनता हो। व्यापारसँगै जनसंख्या वृद्धि भएन भने वृद्धि रोकिन्छ। स्वस्थ, शिक्षित, दक्ष जनशक्ति नभइकन कुनै पनि मुलुकले आर्थिक वृद्धि गर्न सम्भव हुन्न। क्रान्तिलगत्तै स्वस्थ, शिक्षित र दक्ष जनशक्ति निर्माण भएकै कारण चीन पछिल्ला चार दशकमा औसत १० प्रतिशत आर्थिक वृद्धि गर्न सफल भयो। तर चार दशक लामो एक-सन्तान नीतिका कारण अहिले चीनमा पनि वृद्धि गिर्दै गएको छ। त्यसैले नवोदित औद्योगिक राष्ट्रहरूले आफ्नो जनशक्तिलाई दक्ष बनाउँदै आफैले खपत गर्ने रणनीति अपनाएका छन्। नेपाल र फिलिपिन्स दुवै यसमा चुके। नेपाल सुरुमा स्वस्थ, शिक्षित र दक्ष जनशक्ति उत्पादनमै चुक्यो भने, पछिल्लो समय उत्पादित शिक्षित र दक्ष जनशक्तिलाई पनि मुलुकभित्रै अड्याइराख्न सकेन। परिणाम, अहिले एकतिहाइभन्दा बढी नेपाली जनशक्ति बाहिर छ।

आर्थिक-सामाजिक सम्पत्तिको न्यायिक वितरण नगरिँदा नेपाली युवाले एकातर्फ सस्तो मूल्यमा विदेशमा शारीरिक श्रम बेचिरहनुपरेको छ भने, अर्कातर्फ लेखपढ गर्ने अवसर पाएकाहरू पनि पलायन नै रोजिरहेका छन्। अहिले मुलुकमा दक्ष, अर्धदक्ष र अदक्ष सबै खाले कामदारको खडेरी छ। दुई शताब्दी लामो अनुभवबाट के सिद्ध भएको छ भने, अदक्ष मजदुर निर्यातबाट आर्थिक समृद्धि, पारिवारिक सुरक्षा र दिगो विकास सम्भव छैन।

यति बेला अति विकसित मात्र होइन, नवोदित औद्योगिक राष्ट्रहरूमा पनि जनसंख्या वृद्धिदर घट्दो छ। अंकटाडको हालैको तथ्यांक अनुसार, यो प्रवृत्ति नबदलिए सन् २०३९ सम्म जर्मनीको श्रमशक्ति ५.४ करोडबाट ४.७ करोडमा झर्नेछ। चीनमा ११.४ करोडले र जापानमा १.४ करोडले कमी आउने प्रक्षेपण छ। ४६ देशमा जनसंख्या वृद्धिदर घट्दो छ। श्रमशक्तिको घटाइकै अनुपातमा तिनको आर्थिक वृद्धि घट्ने निश्चित छ। नेपालमा श्रमशक्ति नघटे पनि मानवीय पुँजी विकास बहुसंख्यक जनताको हकमा हुन सकेको छैन। युद्धका लागि भाडाका सिपाही, दिगो र भरपर्दो पूर्वाधार विकासका लागि लागि शारीरिक श्रम र मनोरञ्जनका लागि 'सेक्स ट्रेड' लामो समयदेखि नेपाली श्रमशक्तिको बाह्य खपतको आधार एवं राष्ट्रिय आय आर्जनको मुख्य टेवा बनिरहेको छ, जुन कुनै पनि बेला अवरुद्ध हुन सक्छ। आम रूपमा वैदेशिक रोजगार र त्यसले उपलब्ध गराउने रोजगारी दिगो, राष्ट्रिय आय आर्जन र गौरवका विषय होइनन्। जनसंख्या घटिरहेका मुलुकहरूमा भोलि पनि रोजगारी त पाइएला, तर स्वतन्त्र सार्वभौम नागरिकको हिसाबले मर्यादित रोजगारी विदेशीहरूले उपलब्ध गराउनेछैनन् भन्ने रहस्य सरकारले बुझ्न सकेको छैन। तर सरकारको प्राथमिकतामा न रोजगारीमूलक औद्योगिकीकरण देखिन्छ, न त दक्ष कामदार निर्माणका लागि संस्थागत सुधार। बितेका दुई वर्षका क्रियाकलाप – खास गरी रोजगारी प्रवर्द्धन गर्ने र सामाजिक सुधार गर्ने मोडलको तयारी – तथ्यपरक र भरपर्दा थिएनन्। अब झन् हुने देखिँदैन। शिक्षाको त के कुरागराइ भो र ! दुई वर्षयता कुल बजेटको १० प्रतिशत अर्थात् कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को ३.३० प्रतिशत विनियोजन गरिएको छ यो क्षेत्रमा। ज्ञातव्य छ, अधिकांश देशले आफ्नो मानव संसाधन वा दक्ष जनशक्ति तयार पार्न जीडीपीको ६ प्रतिशत खर्च गर्ने गरेका छन्। चीन र रूसले अहिले पनि औसत ७ प्रतिशत खर्च गरिरहेका छन्।

## उत्पादकत्व र सार्वभौम ऋण

नवउदारवादी पुँजीवादी अवधारणा आत्मसात् गरेपछि छोटो अवधिको लगानीमा अकुत नाफा आर्जन गर्न निजी क्षेत्र प्रोत्साहित हुन अस्वाभाविक थिएन। वित्तीय पुँजीको करमुक्त विस्तार नवउदारवादको उदारीकरणको अर्को मुख्य उद्देश्य थियो। विकासमा लगानीका नाममा अनुगमन र नियन्त्रणभित्र रहेको वित्तीय प्रणालीले फैलने मौका पायो। यो विस्तारले तेस्रो विश्वका राष्ट्रिय पुँजीपति वर्गको उन्मूलन गऱ्यो। उनीहरू उद्यम छोडेर व्यापारिक एजेन्ट बने। उपभोग्य होओस् वा पुँजीगत वस्तु उत्पादन र वितरण, सबै बहुराष्ट्रिय कम्पनीको जिम्मामा छोडियो। उद्यमीको आवरण ओढ्न ज्वाइन्ट भेन्चरमा बैंक, बिमा, रियल स्टेट, हेल्थ एन्ड एजुकेसन तथा सट्टाबजार नै लगानीका केन्द्र बने। जोखिम हुँदाहुँदै त्यहाँ उच्च नाफा आर्जन हुन सक्थ्यो। कर छलेर वा घुसखोरी गराएर आर्जित नाफाको पुँजी पलायन (साइफोनिङ) आम बन्दै गयो। राष्ट्रिय पुँजीपति र उच्चपदस्थ पदाधिकारीहरू दलाल पुँजीपतिमा रूपान्तरित हुँदै गए। यसले दिगो आर्थिक वृद्धिका लागि औद्योगिकीकरण वा कृषिको आधुनिकीकरणमा राष्ट्रिय लगानीलाई कमजोर बनाउँदै लग्यो र आम जनसमुदायलाई जीविकाका लागि अस्थायी रोजगारीमार्फत पुँजी निर्माणमा सहभागी हुने अवसर कमजोर बन्दै गयो। विश्वव्यापी यो प्रवृत्ति नेपालमा तीन दशकयता हावी भइरहेको छ।

राज्यले उद्योग र व्यापार गर्ने होइन, न सहुलियत र सुविधा उपलब्ध गराउने हो। उत्पादन, उपभोग, व्यापार, विनिमय, पूर्वाधार निर्माण, कर, लगानी, बचत आदि तमाम क्षेत्र निजी क्षेत्रकै हो; सरकारले निजी क्षेत्रलाई सहजीकरण गरिदिने मात्र हो। लोककल्याणकारी राज्यको अवधारणा मासेर अपनाइएको नवउदारवादी नीतिकै कारण विकसित र कम विकसित सबै खाले मुलुकका सरकारहरू सार्वभौम ऋणमा टुप्पीसम्म डुबिरहेका छन् र जनताका थाप्लामा ऋण र ब्याज एवं मूल्य अभिवृद्धिकर (एक प्रकारको फ्ल्याट ट्याक्स) को भार बोकाइरहेका छन्। आम जनता ऋण र करको बोझ बोकेर धनीलाई झन् धनी बनाउन अभिशप्त छन्। सरकार धनीकै हितमा दौडिरहेको छ।

नोबेल पुरस्कार विजेता अर्थशास्त्री जोसेफ स्टिगलिज भन्छन्– अहिलेको विश्व तीन संकटबाट घेरिएको छ। जलवायु संकट, असमानताले निम्त्याएको संकट र लोकतन्त्रमा आएको संकट। साँच्चै भन्ने हो भने नेपाली राजनीतिको, अर्को अर्थमा लोकतन्त्रको संकट हाम्रो अपठन संस्कृतिभित्र जकडिएको छ। संविधानमा उल्लिखित लोकतान्त्रिक समाजवादको गुत्थी त्यही अपठनको भुइँकुहिरोभित्र रुमलिएर हराउने खतरा बढेको छ। अनि समृद्धि खोज्न नेपालीहरू हरेक दिन ऋणको जल, थल, हवाईमार्गबाट विदेसिन अभिशप्त छन्।

# खुद्रे चुनावको होलसेल पाठ



सिपी अर्याल

'क्वै बात छैन ! यदि जनताले हामीलाई मन पराएर कुर्सीमा आसीन गराए भने हामी त्यहाँ बसेर देश र जनताको सेवा गर्नेछौं। यदि जनताबाट हामीलाई त्यो हैसियत प्राप्त भएन भने हामी कुर्सीभन्दा तलतिर गजरामा बसेर, चटाईमा बसेर, धूलामा बसेर देश र जनताको सेवा गरिरहनेछौं।' उपनिर्वाचन परिणामको छेकोमा हार्ने नयाँ छिमलका र जित्ने पुराना डुहुरोका नेताका फुइँ सुन्दा निर्वाचनमा हारे आफ्नै दोषले, जिते जनताका कारण जितेको हुने आशयको नेता मदन भण्डारीको यो स्वादिलो भनाइ अचानक सम्झना आयो।

चुनाव परिणामपछि नयाँ राजनीतिक दल हारको पीडाले छटपटिएका छन्; पुरानाचाहिँ जितको उन्मादले छिल्लिइरहेका छन्। नयाँ एक नेताले मत परिणामको अन्त्य-अन्त्यतिर ट्वीट गरे– '...ऊँटले मरुभूमिमा हुने काँडे सिउँडीको डाँठ चपाउँछ। चपाउँदै गर्दा काँडाले घोचेर मुख आफ्नै रगतले भरिन्छ। त्यै रगत पिएर तिर्खा मेट्छ। मजा लिन्छ। उपनिर्वाचन परिणामको मजा।' उनकै अर्को ट्वीटमा मतदातालाई बिरामीको उपमा दिँदै उसकै कमजोरीले रोग बल्झेको आशय थियो; यद्यपि उनले आफूलाई उपचार गर्ने डाक्टर चाहिँ भन्न सकेनन्। त्यसै गरी उनैका अगुवा नेताले ट्वीट गरे, 'निर्वाचन परिणामबाट आमजनताले भ्रष्टाचारीलाई पुनः अनुमोदन गरे।' अर्को काँटका नेताको कथन थियो– उनीहरूले चुनाव जित्थे, तर 'केही विश्लेषक, विज्ञ, अनुभवी तथा शुद्धतावादीले वैकल्पिक राजनीतिलाई गिजोले।' वैकल्पिक शक्तिको शंखघोष गरिरहेका नेतैले यस्तो भन्नु बडो उदेकलाग्दो छ। 'हामी नयाँ पुस्ताका हौं, नयाँ तरिकाले राजनीति गर्छौं' भन्नेले मतदातालाई धारेहात लगाएको कत्ति सुहाउँदैन। पैतालाको घाउले हिँड्न कठिनाइ भा' छ, जुत्ता फेरेर हुन्छ कहीँ ? हारेर पनि हाँसीहाँसी हिँड्न सकिन्छ भन्ने कस्केली नेता खेमराज पौडेलको चुनावी निष्ठा देखिसकियो; विद्या भट्टराईले पनि जित्नेहरू भावाडम्बरी नभएर मतदाताताप्रति सधैं निष्ठावान् रहनुपर्छ भनी देखाऊन्। निर्वाचनको पद्धति यही बनोस्।

**जुझारु देखिने केहीले टुरिस्टझैं स्वाट्ट कुनै गाउँ पसेर 'मम–चाउमिनभन्दा मकै–भटमास रोजम्' भन्दैमा भोटको पहिरो उनैतिर गइहाल्दैन। जमानतै जफत हुने गरी जनताले नपत्याइदिएपछि मिहिनेत पुगेन भन्ने बुझून् न !**

नयाँले 'पुरानाको दोहोलो' काढ्नुपर्दैन। पुरानाले पनि सधैंभरि सत्ताको हालीमुहालीमा रहन्छौं भन्ने ठानेर नयाँलाई आलाकाँचा ठानिरहन जरुरी छैन। छँदै छैन। 'राजनीतिज्ञ र डाइपर बेलाबेला त्यही एउटै कारण फेरिरहनुपर्छ।' के यी दुवैले मार्क ट्वीनको यो वाणी सुन्या छैनन् ? पुरानाको पुस्तौंदेखिको बदमासी थाहै नपाएर 'पुरानै' लाई जिताएका होइनन् मतदाताले। किन जिताए ? लेखाजोखा विभिन्न कोणबाट हुन सक्छ। जस्तै– आधा हजार हाराहारी मत पाएर जमानतै जफत भएका 'नयाँ' लाई आलाकाँचा ठानेका होलान् आमजनताले वा अहिल्यै भरोसा गरिहाल्न नहुने लाग्यो कि त ! पुरानै नेतातर्फ पुरानो राजनीतिक आस्थाका कारण लहसिएका हुन् कि वा विकल्प त खोजेका छन् तर सिद्धान्तसहितको राजनीति गर्ने परिपक्व नयाँ दलको मात्रै वा यिनै पुरानाले 'बिगारे बिगारून्, सपारे सपारून्' भन्ने आशय पो हो कि ! वा, 'यीमध्ये कसैलाई पनि भोट दिन्नँ' भन्ने विकल्प नेपालको आमनिर्वाचनमा नभएर पनि हुन सक्छ, नयाँलाई नभई पुरानैलाई छानेको। सत्तासीनले यस्तो विकल्प आमनिर्वाचनमा अहिलेसम्म राख्न आँट नगर्नु सम्भवतः तिरस्कृत हुन्छु भन्ने डर पनि हो।

ओबामा राष्ट्रपति हुनुभन्दा १३ वर्षअगाडि प्रधानमन्त्री भएका देउवा बाँचुन्जेलै सत्तासीन भइरहने आश गर्छन्। कार्यकाल सकीवरी ओबामा व्यक्तिगत जीवनको लयमा फर्किसके; आमजनता भइसके। हाम्रा नेतालाई चाहिँ प्रधानमन्त्री पद लोकसेवा पास भएर पाइने गजक्कको स्थायी



जागिरझैं हुनुपर्छ, जसको जीवनभर पेन्सन पनि आउँछ। पटकौंपटक प्रधानमन्त्री भएका नेपालका १०-१२ नेताले आफ्नो कार्यकालमा गरेका पाँच उत्कृष्ट नीतिनिर्माण र बसालेका थिति बुँदागत रूपमा बताउनुपरे परान जान्छ! फेरि तिनैलाई किन फर्की-फर्की सत्ता चाहिएको ? ताज्जुब लाग्छ। यद्यपि आमनिर्वाचनले यिनै नेतालाई पुरस्कृत गरिरहन्छन् पनि। यो सोच्दा झन् ताज्जुब लाग्छ !

नेपालमा राजनीति सुरु गरेका जुझारु देखिने केहीले टुरिस्टझैं स्वाट्ट कुनै गाउँ पसेर 'मम- चाउमिनभन्दा मकै-भटमास रोजम्' भन्दैमा भोटको पहिरो उनैतिर गइहाल्दैन। जमानतै जफत हुने गरी जनताले नपत्याइदिएपछि मिहिनेत पुगेन भन्ने बुझून् न ! यद्यपि चियाचौपारीमा यी नयाँलाई अलि धेरै उडाइन्छ। त्यसो गर्नु हुँदैन। किनभने यिनीहरू कम्तीमा जनतामाझ गएर पुरानाले गतिलो काम गरेनन्, हाम्रै पुस्तामा देश बनाउँछौं भन्ने आँट त गरिरहेका छन् ! यो प्रयास तालीयोग्य छ।

नेपाली राजनीतिक दलको इतिहासले देखाउँछ के भने, कांग्रेस, (पूर्व) एमालेजस्ता दल अझै धेरै समय हावी हुनेछन्। जनस्तरमा जरो-किलो बुझेका छन् यिनले; संगठन बलियो छ। गाउँठाउँमा केही परिहाले जनताले 'लौन यस्तो पऱ्यो' भन्ने पनि यिनैलाई। सबैभन्दा भ्रष्ट पनि यिनै, सधैं जितिरहने पनि यिनै ! हुन त सशस्त्र विद्रोहपछि पहिलो पटक आमनिर्वाचन लडेको माओवादीलाई पनि आमजनताले जिताए क्यारे ! विद्रोहीले त्यसरी अपत्यारिलो गरी चुनाव जित्नुमा, उसले १२ वर्ष जंगलमा गरेको 'दुःख' को समभावको हिस्सा पनि हो। त्यही एक पटक जितको पहिरो ल्याएपछि दोस्रो पटक हारको बाढी आयो, जुन अध्यक्ष प्रचण्डलाई पत्याइनसक्नुको 'डेथ सरप्राइज' भएको थियो। मतदाताको यस्तो 'स्विङ भोटिङ' ले देखाउँछ, आमजनता कांग्रेस, (पूर्व) एमालेजस्ता दलले राम्ररी काम नगर्दा तीबाट उन्मुक्ति चाहन्छन् भने अन्य परिपक्व विकल्पको, राजनीतिक दलको अभावमा उनै पुराना दललाई काँध थाप्न पनि पछि पर्दैनन्।

२०७२ मा संविधान बनिसकेपछिको पहिलो स्थानीय चुनावमा काठमाडौंमा विवेकशील र साझा पार्टीका नेताले पाएको अधिकतम भोट र अहिलेको उपनिर्वाचनमा पाएको सम्पूर्ण भोटको चिन्तनीय लेखाजोखा दुवै दलले गर्लान्। अनि, एउटै-एउटै उद्देश्यसाथ राजनीतिमा आएका यी दल एक हुन किन सकेका छैनन् ? मतदातालाई बुझाऊन् पनि। यी दुइटालाई एउटैझैं मान्ने तप्का देशैभर छ। दूरगाउँका मतदाताले यिनीहरूको नाम अझै नसुनेको सत्य पनि नकार्न सकिँदैन। खगेन्द्र संग्रौलाले भनेको यो 'खुद्रे चुनाव' यी दलका लागि 'होलसेल' को पाठ बन्न सक्छ। जितेका पुरानाले पनि नयाँले धक्का दिँदै छन्, यिनको ब्यहोरा नसुध्रिए आमजनता सधैंभरि तिनको दास-मतदाता भइरहन सक्दैनन् भन्ने पनि बुझ्दै छन्।

तीव्र विकासको जादुको छडी आफूले मात्रै चलाउन जान्ने गफ पेलिरहेका 'नयाँ' नेताले बुझून्– दुई वर्षमा 'हामी परिपक्व भएम्' भनेर देखाउने मौका थियो, संगठित हुने काइदाको अवसर पनि थियो। जुट्नुपर्ने बेला फुट्ने तर फेरि जुट्न पाएका बेला एकजुट पनि नहुने ! अनि जमानत जफत हुने गरी लज्जास्पद परिणाम आइदियो। सामाजिक सञ्जालको आत्मरतिमा रमाउँदै दोषजति 'टेढो आँगन' लाई दिँदा जगहँसाइ हुने नै भो !

विकसित मुलुकमा राजनीतिसँग सिद्धान्त जोडिन्छ भने नेपालजस्तो दक्षिण एसियाली मुलुकमा राजनीतिसँग सिद्धान्त कम भावावेग बढी। कम्युनिस्टको झन्डा बोकेर पचासौं वर्ष हिँडेकाको रवाफ चप्पलबाट सुरु भएर आलिशान बंगला, गाडी-घोडामा गएर सिद्धिएको छ। गैरकम्युनिस्ट वा डेमोक्र्याटहरू झन् तानाशाही प्रवृत्तितिर अल्झिइरहेका छन्। यसैबीच कतै स्थान बनाएका छन्, धर्मका आधारमा राजनीतिक लहरो चढेका मोदी-शासनकालका भक्त र आफैलाई भगवान् घोषणा गरेकाले पनि। राजनीतिमा आडम्बर पत्तासाफ नहुन्जेल यस्तो रवाफ रहनेछ।

राणा र राजतन्त्र कालमा अस्तिका एमाले-कांग्रेस र हिजोका माओवादी 'हामी फरक छौं' भन्दै उदाएका थिए। यसको विश्वास जनतालाई दिन भलै उनीहरूलाई समय लाग्यो। यी तिनै दल पनि भए जसले नेपाली समाजलाई बडेमानका र सानातिना जंघार तार्दै यत्तिको अवस्थामा ल्याए। ऊ बेला ती पुरानाले 'हामी फरक छौं' भन्दै गरेको राजनीतिक पारामै नयाँबाट अब मतदाता पट्टिँदैनन्। 'रिटायर्ड' र 'टु योङ' दौंतरीको स्मार्ट क्लबभन्दा पनि सामाजिक सञ्जालको आत्मरतिभन्दा पर रहेको नेपाली समाजसुहाउँदो, सिद्धान्तमा अडिग दल भएर जनताको आत्माले मागेको राजनीति गर्न सक्छौं भन्ने जगमा उभिऊन् ती। किनभने विन्स्टन चर्चिलले भनेकै छन्, 'पोलिटिक्स इज नट अ गेम बट अ सिरियस बिजनेस'।

*अर्याल साउथ एसियन युनिभर्सिटी, नयाँ दिल्लीमा विद्यावारिधि शोधरत छन्।*

ट्वीटर : @CPAryal

# सिकलसेल खुट्याउन नगरभरि रगत जाँच

■ **ठाकुरसिंह थारू** (बर्दिया)

थारू समुदायमा सिकलसेलको समस्या बढ्दो देखिएपछि बाँसगढी नगरपालिकाले त्यस समुदायका सबै व्यक्तिको रगत जाँच्न थालेको छ । एकबाट अर्को पुस्तामा सिकलसेल सर्न नदिन नगरपालिकाले प्रयोगशाला (ल्याब) सञ्चालन गरेर जाँच थालेको हो ।

गत वर्ष बाँसगढी-६, दमौली गाउँमा गरिएको नमुना जाँचबाट चिन्ताजनक अवस्था देखिएपछि रोकथाममा जुटेको नगरपालिकाले जनाएको छ । उक्त दमौली गाउँका थारू समुदायका १ हजार १ सय ५० जनाको रगत परीक्षण गर्दा १ सय ८५ जनामा संक्रमण पाइएको थियो । १ सय २० जनालाई पूर्ण निदानका लागि इलेक्ट्रोफोर्सिस जाँच गर्दा आठ जनामा सिकलसेल रोग र तीन जनामा थालसेमिया र ७८ जनामा सिकलसेल ट्रेड देखापरेको थियो । बाँसगढी नगरपालिकाको जनसंख्या ६५ हजार छ । तीमध्ये आधा थारू छन् । १७ लाख रुपैयाँमा मेसिन किनेर ल्याब सञ्चालनमा ल्याइएको हो । नगरले सिकल बिरामीको जाँच र उपचारका लागि चालु आर्थिक वर्षमा ५० लाख रुपैयाँ बजेट छुट्याएको छ । एक सय जनाको सिकल जाँचका लागि एक लाख रुपैयाँ खर्च लाग्छ । उक्त जाँचका लागि निजी ल्याबमा दुई हजारसम्म शुल्क तिर्नुपर्छ । सरकारले सिकलका बिरामीलाई निःशुल्क उपचार घोषणा गरेको वर्षौं हुँदा पनि कार्यान्वयन भएको छैन । नगरपालिका प्रमुख शालिकराम अधिकारीले ल्याब स्थापनापछि आर्थिक अवस्था कमजोर भएका व्यक्तिले निःशुल्क सेवा पाउने बताए । 'सिकलको पहिचान गर्न सकिए अर्को पुस्तामा नसर्न सावधानी अपनाउन सकिन्छ,' उनले भने । भेरी अस्पतालका फिजिसियन डा. राजन पाण्डेले थारू समुदायमा सिकल समस्याका रूपमा देखिएकाले नियन्त्रण आवश्यक रहेको बताए । 'युवायुवतीले समयमै सिकल टेस्ट गरेर बिहेबारी गर्ने हो भने अर्को पुस्तामा सर्दैन र यसले महामारीको रूप लिन पाउँदैन,' उनले भने । रोगको पहिचान समयमै नहुँदा बिहेबारीपछि जन्मिने अर्को पुस्तामा सर्ने गरेको छ । यसअघि सिकल जाँचका लागि काठमाडौंको टेकु, नेपालगन्ज र धनगढीसम्म पुग्नुपर्ने बाध्यता थियो । रोगको पहिचान समयमै नहुँदा उपचार अभावमा बिरामीको मृत्यु हुने गरेको छ । मुलुकभरि दुई हजार सिकलका बिरामी उपचारकै क्रममा छन् ।

सिकलसेल भएका बुबाआमाबाट जन्मिएका छोराछोरीमा पनि सर्ने भन्दै कतिपयका बिहेबारी रोकिन थालेका छन् । कतिपय चिकित्सकले सिकलसेल भएका अभिभावकलाई सन्तान नजन्माउन सुझाएका छन् । सिकलसेलले औलो रोग लाग्ने सम्भावना कम गर्छ । लामो समयसम्म एउटै वातावरणमा बस्ने, आफ्नै समुदायभित्र बिहेबारी गर्ने र गर्मी ठाउँमा बस्नेहरूलाई यो रोग लाग्ने गरेको छ ।

# बर्गिकृत विज्ञापन

### घर जग्गा

लोकन्थली प्लानिङ्ग टुक्राघडेरीहरु पेप्सीकोला सनसिटिसँगै छआना जग्गाविक्रिमा 9851055218

चितवनको ०-५-१२ तुरुन्तैलिने लाई एकमुष्ठ १,१५००००/- ९८५११५४५०७

घरजग्गा खरीदविक्री, भाडामा लिनदिन 9840003981

बालकुमारी रिङ्गरोडबाट १५० मिटर बाहिर स-साना नयांघरहरु बिक्रिमा जग्गा तथा गाडीसंग पनि साटफेर गर्नसकिने ९८४८७५४१४७, ९८४००९९२२१

सितापाइला रिङरोड्बाट २००मीटर मा ८आनामा बनेकोघर जग्गा तथा गाडीसंग पनि साटफेर गर्नसकिने ९८४८७५४१४७, ९८४००९९२२१

बालकुमारी रिङ्गरोडबाट २०० मिटरबाहिर ४आना जग्गाबिक्रिमा ९८४८७५४१४७, ९८४००९९२२१

नारायणथान, चावहिल, बौद्ध जोरपाटी घरजग्गा चाहिएमा 9823140441, 9840856188

**निर्मल निवासपछाडि बिसफिटे बाटोमा ४आना जग्गा बिक्रिमा ९८२३८२७८८५**

मातातिर्थमा ०-७-०-० टुक्राउन मिल्ने 9851094843

**बुढानिलकण्ठहाईट भ्यालीभ्यू कोलोनिमा र हरेकृष्णधाम नजिकै स्वच्छ वातावरणयुक्त घडेरीहरु सिधासम्पर्क, 9851039432,** 9851175740, 9801233135

भक्तपुर चाँगुनारायण नगरपालिका, नेपाल इन्जिनियरिङ्ग कलेज नजिक पन्ध्रआना जग्गाबिक्रिमा, आठआना टुक्रापनि गर्न सकिने 9813642311

पुरानोनैकाप पिचबाटोमा ०-९-२-० जग्गा विक्रीमा, 9851061200, 9851089770

नयाँपाटीमा आर्कषक घडेरीहरु विक्रीमा 9841663663

नुवाकोट् त्रिशुली अस्पतालबाट १किमी उत्तरपूर्व ०-४-०-०, प्रतिआना ४,१०,०००।- ९८१८५०७२३२

पोखरा रंगशालामा ५२.५X११४ घर ९८५६०२०८५२

भंगाल सुन्दरबस्तीमा ४०फिटे पिचसडकमा जोडिएको ०-४-२-० आकर्षक व्यापारिक जग्गा बिक्रिमा ९८४१२२७८५६

कलंकी ढुङ्गेअड्डाको घर विक्रीमा 9849032831

**पद्मा कोलनी सितापाईलामा १,६०,००,०००/ देखिका तरुन्त सर्नमिल्ने आधुनिक घरहरु बैंकिङ सुबिधासहित बिक्रीमा 9851184950,** 9841152215

नयांठिमी ०-१२-०-० जग्गा विक्रीमा ९८४३१४१८०५

पाँचखालको साठिघरमा ०-४-३-२ जग्गाकोजम्मा उन्नाईसलाख मात्र 9818219519

भक्तपुर ताथली पिच सड्क देखी १ कि.मीं. दुरीमा प्लानिङको आकर्षक घडेरीहरु विक्रीमा प्रतिआना ४ लाख देखी ८ लाख सम्म र चागुनारायणमा पनी टुक्रा जग्गाहरु, 01-6616129, 9851176381, 9851148171, 9813801939

बुढानीलकण्ठ कृष्णमन्दीरपछाडी आकर्षक घडेरी १७लाखदेखि २४लाखसम्म ९८५१००५३९०

बुढानीलकण्ठ पासीकोटहाईट, कौडो लेहाईटमा प्लटिङ्गका टुक्राघडेरीहरु 9851200079, 9851044025, 9841504590

थानकोट बाडाभञ्जाङ्ग हाइवे मनी ०-१२-०-० जग्गा भक्तपुर सुडलमा ३प्लटगरी २रोपनी बिक्रीमा 9849702405, 9851031292

वालुवाटारमा आवाशिय वंगला विक्रीमा 9821619393

दुवाकोट नेईकलेज चाँगुवेशीमा आकर्षक घडेरी ०-४-०-०, ०-३-३-२, ०-४-२-० ९८०३२७७७६२

मच्छेगाउंमा ०-८-०-० जग्गा विक्रीमा ९८५११५७६३३

हात्तिसारमा आनाको १७० लाखमा ९८५१२१६६११

चितवन खोलेसिमल, रत्ननगर, रामपुर गुञ्जानगरमा उपयुक्त जग्गाहरुसस्तोमा ९८५१२१८१३२

बानेश्वर सचेतनमार्गमा घर विक्रीमा ०-७-०-० जग्गा, 9851063817

थानकोट नागढुङ्गा दहचोक चुनदेवी नैकाप एरियामा खरिदविक्री गर्नुपरेमा साथैं धितोमा लिनुदिनु परेमा, 9860857843, 9818907236

सिद्धार्थकोलोनी बुढानिलकण्ठमा २१आनामा बनेको ३.५तल्लाको फिनिसिङ गर्नबांकी बंगला बिक्रीमा ९८४०५६७७३७

गोकर्ण पिचबाटोमा ५.५आना र सुके धारामा ६आना कर्मसियल जग्गा विक्रीमा ९८५१०६२३११

**कोटेश्वरमा १३ फिटेबाटोमा आकर्षक टुक्राघडेरीहरु बिक्रीमा ९८५१०३२१५४ ९८५१०७४६६७**

सामाखुशी, रानीवारीमा ०-१४-०-० कर्मशियल घर/Office / गोदाम विक्रीमा 9801277880, 9860512158

मुलपानीमा मुलसडकको ५आना जग्गा, बुढानीलकण्ठ चपलीमा सस्तो जग्गाविक्रीमा 9851031498

किनेरराख्दा फाईदाहुने ०-३-३-३ प्रतिआना २३,००,०००।- चारदोबाटो भक्तपुर 9851155824

बानेश्वर मिलनचोकमा 0-3-3-0 जग्गाबिक्रीमा ९८५१२३१९२७

ताहाचल क्रिट्लहाउजिङ्ग अगाडी एकक्तिाभित्र हाल ६फुटे बाटो मा निर्माण भइरहेको घर बिक्रीमा ९८४१७१९४१४

चापागाँउ बसपार्कपछाडि सांग्रिलास्कुलसंगै, हरिसिद्धि टुक्राघडेरी ९८५११०३६१२/९८५११४३७१२

इमाडोल गाविससंगै ०–३–०–० बिक्रिमा नोदलाल ९८४१३५५३९८

ग्रिनहिलसिटि मुलपानी हाउजिङ्गभित्र ०-३-०-२मा बनेको घरबिक्रिमा 9851073329

नक्साल मालीगाउँमा ०-३-०-०, ०-२-१-० 9851065811

सुन्दरीजल नयांपाटीमा आर्कषक टुक्राघडेरी तुविक्रीमा, कार-जिपसंग साट्नसकिने 9851118122

भैंसेपाटी ०-५-२-३मा बन्दैगरेको घर ९८६५५८९१७७, ९८६६१८०८७४

दहचोक सुरुङ्गमार्ग नजिकै प्रतिआना १५-१९ लाख सम्मका घडेरी विक्रीमा, 9851160228

टोखा साईबाबा चोक नजिकै ३२ फिटे बाटोमा आकर्षक पुर्व मोहडा भएको ०-४-२ ०-६-२ प्रति आना २३५०००० सिधा सम्पर्क ९८५११०४५९९ ९८४१८९०२६१

बालुवाटार राष्ट्रबैंकको पुर्वसाइट २०फिटे पिचरोडबाट २र्कित्ताभित्र ११फिटको बाटोमा २आना २पैसा जग्गामाबनेको ३तल्ले नयांआधुनिक घर सबैसुविधाभएको पुर्वमोहडा गाडीपार्किङ्ग मूल्य २ करोड ७० लाख ९८०१०१६२३७(दलालले कष्टनगर्नुहोला)

३आनामा बनेको २.५तल्ला जडिबुटी नरेफांटमा बिक्रिमा, मूल्य: २,१०,००,०००।- ९८५११२५४९५

**कपन १-४-०-० प्रतिआना 2500000/-** 9803312082

**नारायणथान ०-६-०-० प्रतिआना 1500000/-** 9803312082

**चुनदेवी ०-४-०-० प्रतिआना 4200000/-** 9803312082

दार्चुला, जुम्ला, डोटीमा जग्गा चाहियो ९८४१२३१५०१

पुरानोनैकाप न्युडायमण्ड स्कूलसंगै २.५ तल्लेघर १,४५,००,००० ९८४१५२७५८६

कैशलटार नजिक घडेरीहरु, 9851093511, 9851244079

बनेपाको ४-०-०-० जग्गा सस्तोमा 9860211161

धुम्वाराही हाइट समाबेशी बस्ती ९८४१२०४१९३

जावलाखेलमा चौकुना मिलेको ०-९-०-० 9813314926

गोकर्णनयांपाटी गुम्बानजिकै ०-४-३-०, १-०-०-० ९८५११५५८६९

हात्तिवन खरीकोबोटबाट दांया २०० मिटरमाथि घर विक्रिमा 9851041035

चेकपोष्ट चन्द्रागिरीमा जग्गा बिक्रिमा ९८२३७७०६३७

पेप्सिप्लानिङ्गमा २.५तल्ले घरविक्रिमा सम्पर्क 9803809294

कांडाघारीमा सांढेदुईतल्ले नयाँघर 1,65,00000/- 9811343388

भक्तपुर चित्तपोलअरनिको हाइवेमा जोडिएको ०-५-२-० जग्गाविक्रीमा 9887139022

वास्तु मिलेको आकर्षक घर विक्रिमा बुढानिलकण्ठ न.पा-६ तल्लो पासिकोट युरो स्कुलको नजिकमा रहेको पुर्व-उत्तर मोहडामा नौआनामा बनेको तिनतल्ले घर विक्रिमा ९८४७९१७१८०

एकान्तकुना यातायात पछाडी ०–१३–२–० बिक्रिमा ९८०२०२३९२८, ०१–५५३१९९१

तिसलाखको जग्गा, १ करोडसम्मको सस्तोघर चाहियो ९८०१०६३१७४

ताथलीको जग्गामेरो घरनिर्माण तपाईको लगानीमा मुनाफासेरिङ्गमा 9851078105

धापासी च्यासिङटोल घर बिक्रीमा 9840265913

मन्डिखाटारमा सस्तो घरजग्गा बिक्रि ९८५१०४५६८२

मनमैजु फुटुङ्ग (नागपोखरी)मा ०-९-३-०पूर्व उत्तर मोहडा भएको, टुक्राउन मिल्ने जग्गा बिक्रिमा ९८४१५१०८५१

भक्तपुर बागेश्वरीमा ३आना जग्गा एकमुष्ठ २४,००,०००।- ९८४३३९९९४८

**बलम्बु चन्द्रागिरी नगरपालिकासंगै १३"बाटोमा ३/४आनाका टुक्राजग्गाहरु** ९८५१०८३७९९, ९८५१०५२८३७, ९८४१०३८२६०

बुढानिलकण्ठ मन्दिरनजिकै हरिहर कोलोनीमा पूर्वमोहडाको ६आना जग्गाजम्मा १९०लाखमात्र 9818015694

भक्तपुर, चांगु, तिखेलमा रिङरोड १००मि.भित्र २०फिट बाटोमा आकर्षक घडेरीहरु 9860465393, 9808320157

बुढानिलकण्ठ स्वर्गद्वारीमा ०-४-०-१ जग्गाविक्रिमा प्रतिआना सत्रलाख 9845042598, 9813668154

**वधेली २-४-०-० प्रतिआना 8,50,000/-** 9803312082

पाचआनाको तिनतल्ले घर भैसेपाटी ९८४१३५९१६४

### सवारी साधन

Taxi किन्न तथा बेच्न परेमा ९८५१०९१४०१

4WD गाडिभाडामा चाहिएमा सम्पर्कराख्नुहोला ९८०८५९६०५०

स्करपियो भाडामा चाहिएमा ९८४०१७६४८४ ।

2015 आइटेनग्रान तुविक्रीमा सट्टापट्टा 9803934835

2012 Cargo van 5,10,000/- 9851049600

### सम्पर्क

सस्तोमा Cashdeposit धितो फुकुवा लोनतिर्न 9851006688

सस्तोमा Cash deposit धितो फुकुवा 9851053106

सस्तोमा Cash Deposit धितो फुकुवा 9841027010

सस्तोमा cash deposit धितोफुकुवा ९८५१२४२०९५

सस्तोमा Bank Deposit 9860689041, 9803702227

धितो/ बिना धितो कर्जा 9851063843

सस्तोमा Bankdiposit डकुमेन्टेसन, धितोफुकुवा 9851067787

Cash deposit without collateral 9841756349

अतिसस्तोमा धितोफुकुवागर्न, बिदेश अध्ययनकोलागि Cashdeposit, ऋणलिन ९८५१११७९८०

घरकोनक्सा एवं निर्माणकार्य गराउनुपरेमा, 9808854870.

अतिसस्तोमा धितोफुकुवा Cash Deposit 9851243351

धितोफुकुवा, क्यासडिपोजिट, धितोराखी ९८४४४७८७५८, ९८०३१२३५७८

संचालनमा आएको कृषिफर्ममा अझबढाउनकोलागि लगानीगने पार्टनर तु.चाहियो ९८४२५५५६५५

सस्तोमा Cash Diposit धितो फुकुवा, 9851032104

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851014408

अनलाइन विज्ञापन डटकमबाट www.onlinebigyapan.com रु.५००मा १महिना विज्ञापन गरिन्छ 9843954078

विद्यार्थीकोलागी सस्तोमा Cash Deposit, 9851195401

हामीफरकछौ शेयरहोल्डर्सलाई हरेक महिना रु५०००, १००००, २०००० को राशन निःशुल्क र लोभलाग्दो त्रैमासिकब्याज 01-5547364, 9851012685

### विविध विक्रीमा

महाराजगंज भाटभटेनी अगाडि चलिरहेको बूटिक बिक्रीमा ९८५१२५३५२८

कुमारीपाटी ब्युटी-पार्लर/ टेँनिङ सेन्टर ९८४११९३७०३

२५०जना क्यापेसिटी रेष्टुरेन्ट ९८४३२४३२६८, ९८४५७६२४८२

नयाबसपार्कमा चलिरहेको गेष्टहाउस तुबिक्रीमा ९८४१८००१९८

म्हैपीमा ग्यांस, पानी सहितपसल 9843544813

ससेस कारखानाको सम्पूर्ण मेशिनहरु ९८४१२५३६५८

लगनखेल चोकमा व्यस्तचलिरहेको रेष्टुरेण्ट बिक्रीमा ९८६१२३६२५८, ९८४०१९९५८५

शंखमुलमा चलिरहेको रेडिमेड पसल: ९८६९-३५३१७७

फेन्सीपसल /खालीसटर बिक्रीमा गोगबुचोक ९८१४१७४२९५

पसल बिक्रीमा ज्याठा ठमेल ९८६१९९२८०७

बुद्धनगरचोकको किराना पसल बिक्रिमा ७,५०,०००।–, ९८०८५२५३५५

कोटेश्वर चोकमा फेन्सी पसल बिक्रिमा ९८४१७४६८४५, ९८५१०५२७०७

काठमान्डौमा चलिरहेको गाईफम बिक्रिमा ९८४०७०८५८१

बसन्तपुरमा बरगर हाउस बिक्रिमा ९८४४३४०७१५

बनस्थली खरीबोटमा चलिरहेको वेकर ीविक्रिमा 9861765400

चलिरहेको बेकरी क्याफे बिक्रीमा सोह्रखुट्टे 9880919025

दैनिक ८/१० हजार सेल्सहुने फास्टफुड म:म बिक्री तिनकुने 9818500648

बानेश्वरमा Hostel विक्रीमा, 9851096922, 9841933299

डिल्लीबजार मेनरोडमा चलिरहेको रेष्टुरेण्ट तुबिक्रीमा ९८१८२८०६०९, ०१४४२१५७८

मासिक ५०,०००।- फाईदामा रहेको चाउमिनफ्याक्ट्री बिक्रीमा 9841022719

योन्जन मम कारखाना ग्रिलल्याण्ड ९८१८६९९६६०

अतिसस्तो पसल बिक्रिमा ठमेल लेखनाथमार्ग ९८५१०८५९१०

लोकन्थली चोकमा फर्निशिङ पसल बिक्रीमा ९८४१९४६८६३

नयांबानेश्वरको थापागाउँमा दुईवटा कलेजकोबीचमा चलिरहेको स्टेशनरी पसलविक्रीमा ०१५२४४८९६

भक्तपुर यातायात कार्यालय नजिकैको ८०जना मानिसअटने क्याफे त:विक्रीमा 9840796887, 9818938487

तु– क्याफे बिक्रिमा पुरानोबानेश्वर ९८४०५३२६९६

नवाकोट छहरेमा चलिरहेको रिसोर्ट बिक्रीमा 9860588904

लगनखेलमा चलिरहेको ब्यूटी पार्लर ९८४०९०८३०२

दोहोरीसांझ भाडामा वा बिक्रिमा 9851059269

सर्वेश्वरमन्दिर छेउ कुर्तापसल बिक्रिमा 9816947559

भरतपुर डेरीचोकमा ३कठ्ठा जमिन ९८४१२०८७०४

कोटेश्वर चोकको फेन्सी पसल ९८४१४८४१७८

नेपालआइस वियर स्टोक क्लेरेन्स, ९८४१८६०९९६

बौद्ध मेनरोडमा रहेको फेन्सीपसल सस्तोमा बिक्री 9847156264

चलिरहेको Computer Institution Center तु बिक्रिमा 9841342664

### निर्माण सफाई

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तो मा 9841634234, 9841176292

ढलमंगाल बनाउने जामखोल्ने 9849759072, 9841319394

ढलमंगाल ट्वाईलेट जामखोल्ने सस्तो मा 9841132435

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने ९८५१०१९८८९, ९७४११३७११४

ढलमंगाल ट्वाइलेट जामखोल्ने ९८५१०८९४१० ९८४१२६६९५०

सेफ्टीटैंकी सफाई २०००। ९८४१६७३२३०, ९८५१०९९५७२

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

ढलमंगाल, ट्वाइलेट जामखोल्ने 9851013512, 9841607856

गाड़ीमेसीनबाट सेफ्टीट्याङ्की ढलट्वाईलेट सफाई 9851247369

सस्तोमा सेफ्टीटैंकी ढल ट्वाइलेट ९८५१०५६६६२

सेफिटटैंकी सफाई 9841212244, 9841488132, 01-5182401

ढलट्वाईलेट सेफिटटैंकी सफाई सस्तोमा ९८४१३५६२५५

ढलमंगाल, सेफ्टीट्याङ्की सफाई जामखोल्ने 9849519040

ढलट्वाइलेट, मंगालबनाउने, जामखोल्ने 9840540700, 9860053124

सेफ्टीट्यांकी सफाई गाडीमा १५००/- ९८४३७६८७३७

सेफ्टीट्यांकी सफाई ठुलो गाडीमा मेसिनबाट ५२५१०९२, ९८५१०२४३६४

सेफ्टिटैंकी सफाई सस्तोमा 9841343487, 4464568

सेफ्टिटैंकी सफाई गाडिबाट 9851118279, 9851087058

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तो मा ९८४१६६३६६८

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9841663344, 9841050858

ईनारसफाई, बोरिङ्गसर्भिस, प्लम्बिङ्ग, धाराजामखोल्ने, सोलारसर्भिस पहेलो पानिफिल्टर, रिर्जभटेङ्कीसफाई इनार खन्ने 9851168028

ढलमंगाल बनाउने जामखोल्ने सेरिटटैंकी मेशिनबाट 9841448770 होमप्रसाद

ढलट्वाईलेट मंगाल जामखोल्ने निमार्ण 9841982894

ढलट्वाइलेट, मंगाल जामखोल्ने इनारसफाई, रिजर्बटेङ्कीसफाई, सोलार फिल्टर 9851116022

सेफ्टीटैंकी ढलट्वाइलेट मंगाल जामभएमा ९८५१०७९२३५, ९८६५४७८६२९

धेरैसस्तोमा सेफ्टीट्याङकी सफाईगर्ने 9841691494, 9823859294

ढलमंगाल ट्वाईलेट जामखोल्ने १०० ९८४९८३७०८३

ढलट्वाईलेट जामखोल्ने मंगालसफाई निर्माणपनि 9851018828

### भाडामा

घरभाडामा लिनदिन कुमार लामा Realestate 4720460, 9849427626

टहराकोठा ११ भएको १-११-०-० जग्गा वहालमा हाडीगांउ का.म.पा.-५ ९८४९४६५९४४

तुरुन्त घरफ्ल्याट भाडामा लिनदिनपरेमा 9841168360

Flat, बंगलो अफिसस्पेस लिनदिन सम्झनुहोला www.homektm.com 9801117335

Office space 400sqft. Parking available Tejbhawan, Lazimpat 01-4413374

तुरुन्तै घरभाडामा लिनदिन 9851040807 realestatemanakamana@gmail.com

सुबिधासम्पन्न घरफ्ल्याट भाडामा जरङखु, ९८५१११७०२३

बसुन्धारामा अफिसको लागि पार्किङ्गसहित ९८५१०१५५०१

कलंकी भाटभटेनीअगाडी अफिसकोलागि फ्ल्याट् भाडामा ९८५११२७७८९

गोंगबु रिङ्गरोडमा अफिसकोलागी फ्ल्याट भाडामा 9824447478, 9803529404

बानेश्वर बुद्धनगरमा उद्योग, कलकारखाना, गोदामलाई भाडामा 9808056606

नक्सालमा अफिसकोलागि ३ कोठा 9851018585

ग्राण्डी अस्पतालनजिकै मेनरोडमा अत्याधुनिक घरको दोस्रोतल्लामा 2000Sq.ft। र सटरहरु भाडामा छन्, बैंक तथा अफिसकोलागि उपयुक्त ९८४३८६१८१५

कोटेश्वरको गोदाम भाडामा सम्पर्क ९८४१०९८३२९

खिचापोखरी जानेबाटोमा अफिसको लागि कोठा भाडामा ९८४९९८१७५५

Bungolow, Bakhundole Norway Embassy Parking 9869134123

सटर भाडामा ललितपुर टिखिदेवल ९८४३४१६३००

भनेकै जस्तो तुभाडामा लिनदिन ९८४१००५७४३

धुम्बाराहीमा आकर्षक फ्ल्याटहरु खाली ९८४११९६४८०

Godown on rent, Location: Thaiba, Godawari, 5km from Satdobato, Total area-35000sqft. contact: 9841691855, 9808939667

टिपर भाडामा चाहियो । ९८४१३०४३८५

अनामनगरमा अफिस स्पेश भाडामा ९८५१०९११५४

### चाहियो

कलंकी अफिसलाई कर्मचारी 15,500/- 9818554555, 9851024779

Salesboy, Salesgirl चक्रपथचोक 15,500/- 9808852276, 9843795879

गोगबु अफिसलाई कर्मचारी १४९९९, 9824937551, 9843092401

बालाजु अफिसलाई कर्मचारी 13,500/- 9823565408, 9843000526

ग्वार्कोचोकैको PGLअफिसलाई अफिसस्टाफ अर्जेन्ट 18500/- सवैलेगर्नमिल्ने 9808728580, 9846599866

साधारण सेक्यूरीटी तुअर्जेन्ट 17000 9801101472

चावहिलगोपिकृष्ण अफिसलाई अफिसियल कर्मचारीहरु 29,500/ +खाजाभाडा पढेनपढेका सवैलेगर्नमिल्ने9818282550, 9863383625

कलंकीमा ३५कर्मचारीहरु अजेन्ट रु.२५,०००/- ०१-५२३४६१८, ९८१३५५८०६१

गोंगबु अफिसलाई कर्मचारी 15,500/- 9842942463, 9803390405

नयाँअफिसलाई कर्मचारी 9813228445, 9868431121 18500/-

तीनकुनेचोकैको CSSकम्पनीलाई पढेनपढेका महिलापुरुष,+2 गरे नगरेका अफिसस्टाफहरु 27,500/ खाजाभाडाबोनस, 9861604419, 9823705671

सुटिङ्गरत टेलिसिरियलमा कलाकारहरु ईमरजेन्सि नजान्नेलाई प्राथमिकता ९८०३१९०१८८

चक्रपथमा +2 कर्मचारी 15,500/- 9813693620

Homebased Typing Job 26,500/- 9803188112

बेरोजगारहरुलाई रोजगार 27,500/ 9861497188, 9823691949, चावहिल गोपिकृष्ण

घरमा कामगर्ने महिलाहरु चाहियो ९८५१२२७६१६

कस्मेटिकभित्र इमान्दार कर्मचारी 12,500/- 9823280255

Home Tuition लाइ १२ कक्षाको Physics पढाउने Lady Teacher चाहियो 9851088164, 9841003012

पढेनपढेका महिलापुरुष कामदार ३५,०००।- 9803188112

खानबस्नसहित तुरोजगार कस्मेटिकभित्र 9841692640, 9803274227

Experienced Primary Maths, Science, English Lower Secondary English, Secondary Social Teachers, Jagati Bhaktapur 9851234157, 016610395, 016617801 info. vidhyavikash@gmail.com

धादिङ्गमा कम्प्युटर टिचर चाहियो ९८५११२०२२५

कर्मचारी आवश्यक्ता वैदेशीक रोजारबाट आएकोलाई प्राथमिक्ता, ९८६९३४०४७२

लेडीज कर्मचारी, आल्मोनियम मिस्त्री 9845134809

बिहान ६-१० सरसफाई पुरुष ९८२३७२०९७७ कालिमाटी

बेकरीकोलागि मिस्त्री, हेल्परहरु ८०००-२५०००। ९८०८७३६२८०, ९८४८६६६१७२

CAI लाई कर्मचारी 15000/- 9862428235, 014488043

कस्मेटिकभित्र खानबस्नसहित इमान्दार कर्मचारीहरु-१५,९७५/- ९८१३३७१०५५

गोंगबु अफिसलाई कर्मचारी 15,500/- 9813261320, 9848822910, 01-4020315

थाइ कुकिङ्ग तालिम तथा जागिर को अवसर ९८५१२३३४४१ (Thai Cooking Traning With Job Opportunity 9851233441)

जोरपाटी बज्रकलेजनजिकै महिलापुरुष कर्मचारीहरु (नयां कम्पनीभएकोले) तु.अर्जेन्ट 18500/ 9851002503

हेल्पर-२, वेटर-२, म:मिस्त्री-२, मसाल्ची-२, ९८१८१९६३२१ नयाँठिमी

डेलिभरी दिने केटा चाहियो 4482457

वेकरी क्याफेकोलागि कुकबेकर सातदोबाटो, ०१-५१७०३४३, ९८०१२३२३१०

स्कूललाई कामगर्ने दिदि, टिचर, 9818563707

नेपाली टाईप जान्ने लेडिज स्टाफ 9851170017

गर्मेण्टको लागि कटिङ मास्टर तथा कालिगढ, ९८५११२५८६२, ९८५१०१२८०३

रिसेप्सनिष्ट अर्जेन्ट +2 above, Bachelor सम्मतलब रु.१३,५००/-, १५,०००/-, १८,०००/- समय ९:००-५:३० ९८५१००२५०३

अफिसलाई खानबस्नसहित 15,500/- 9804104848, 9840837929

जोरपाटीचोकको SSD Nepal संस्थालाई पढेनपढेका महिलापुरुष विद्यार्थी गृहिणी 24,500-48,500/- 9840089976, 9823032655

भारतको उत्कृष्ट आलमुनिय सरकारी औद्योगिक कम्पनीमा १५० सेक्युरिटीगार्ड अर्जेन्ट, तलब-भु.पु३५०००।-,सिभिल २४०००।-, संचयकोष, बोनस खानबस्न बीमा तलबबृद्धि 014916689, 9848731351, 9841427400

गठ्ठाघरको बिहानी साकोसलाई केहि बजार प्रतिनिधिहरु चाहियो ०१-६६३९५६५, ९८४१८५०६०३

महिला रिसेप्सनिष्ट माछापोखरी बालाजु 9803264557

मासुपसल बानेश्वरमा कामदार तुचाहियो १३,०००।- 9823543008

दक्ष तथा अनुभवी Cook चाहियो 9849155683, 9823355287

डिसवासर वेटर, किचन हेल्पर ९८४१२६५६७०

भाडामाज्ने मसाल्ची, महिला पुरुष वेटर खानबस्न सुबिधा ९८५११५४२५९

बसड्राईभर चाहियो ८देखि ५:३०सम्म फुलटाईम २५०००+ खाजा+ खाना बालुवाटार 9851153570

सेक्यूरीटी अर्जेन्ट तलब 14000-20000 9841687964 9808787334

अर्जेन्ट कर्मचारी सितापाईलाचोक 15,500/- 9821964324

Rungmangs Kitchen & Bar लाई कुक- २, Kitchen helper- २, वेटर- १, बौद्धगेट अगाडी, 9843755937, 9840326224

कुक-२ तलब-१५-२००००, वेटर-३ तलब-८०००-१००००, ५२०४१९१

कुक चाहियो कम्तीमा ५वर्ष अनुभवी जोरपाटी 9843564485

भारत तथा नेपालकोलागि सेक्यूरिटिगार्डचाहियो I.C(15,000-18,000) 9851076132, 9808296813, 9825910181

टेली फिल्मको लागी कलाकार 9851054163

पसलमा कामगर्ने मानिस चाहियो 9813508710

वेटर महिला पुरुष कुमारीरेष्टुरेन्ट ४४१७९५८

भक्तपुर नयाठिमीको नयाँ रेष्टुरेण्टको लागी अलराउण्डर कुक, हेल्पर, लेडिज वेटर चाहियो ९८४२७७१०४३

कलेज क्यान्टिनको लागि अलराउण्डर कुक तलब २५०००/- 9851081730

कोटेश्वर, बानेश्वर,चावहिल अन्तराष्ट्रिय सामानहरु उत्पादन प्याकिंगगर्ने मा पढेनपढेका पार्टटाइम कामगर्ने हरु 18500-38500 +गाडीभाडा 9847943050, 9803558829 (कामघर अफिसमै)

भक्तपुर, कोटेश्वर, कलंकी अफिसलाई Receptionist अन्तराष्ट्रिय सामानहरु उत्पादन प्याकिंगगर्ने मा पढेनपढेका पार्टटाइम कामगर्ने हरु 18500-38500 +गाडीभाडा 9847776910, 9808551061 (कामघर अपिसमै)

कम्पनीलाई पार्टनर, स्टाफ चाहियो 9851040372

फास्टफुड कुक चाहियो झम्सिखेल ९८६००३५६३७

दोहोरीसांझकोलागि सम्पुर्णजिम्मा लिएर चलाउनसक्ने अनुभवि मेनेजर चाहियो तलब +१०डशेर पनिदिने, क्यासियर कुक, वेटरमहिला 9851059269

कपडा पसलमा सेल्सब्वाई, सेल्सगर्ल ९८६७७१२८४७

कुक- २जना, वेटर- २जना, लेडिज वेटर-२जना ९८११४२२००२

Pre-school Incharge and Nursery Grade Teacher wanted Lokanthali, Bhaktapur 9843253587

होस्टलमा खानबस्न सुविधासहित कर्मचारी चाहियो ९८६१२८३५९४

रत्नपार्क फाष्टफुडमा महिला कुक, वेटर, मसाल्ची चाहियो फाष्टफुड बिक्रि तथा भाडामा पनि दिनसकिन्छ ९८५१०३९८४७, ९८१८२०४६६९

बल्खु अफिसलाई खानबस्नसहित कर्मचारी 18,500/- 9823091703, 9860909328, 9865815490

कस्मेटिकमा खानबस्नसहित कर्मचारी 15,500/- 9813370285

जुनसुकै कामकोलागि कर्मचारी गोंगबु 9814063756, 01-5904445

रिसेप्सन महीला तलब १३,५००। ९८५१०४१५७२

तन्दुरीकोलागि कुक चाहियो तलब-१८,०००।- पुतलिसडक 9862785884

फाष्टफुडक्याफेमा किचनहेल्पर, कमलपोखर मसाल्ची 9813100355

मेनपावरकोलागि कम्प्युटरजान्ने ३जना एकाउन्टेन्ट १जना कोटेश्वर 5147061, 9801059740

कुक चाहियो भ्यालीबाहिर 9860265531, 9842767898

कुक र हेल्पर डिल्लीबजार ९८१८७६३५५३

### मर्मत

ढलट्वाइलेट, मंगलाबनाउने, जामखोल्ने 9844531660, 9841516395

ढलमंगाल ट्वाइलेट जामखोल्ने ९८५१०८९४१० ९८४१२६६९५०

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

ढलमंगाल ट्वाईलेट जामखोल्ने सस्तो मा 9851145087

सेफ्टीट्याङ्की, ढलमंगाल सफाई 9841516541, 9808210706

ढलट्वाइलेट, मंगालबनाउने, जामखोल्ने 9840540700, 9866457955

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9851096233

ढलट्वाइलेट मंगाल जामखोल्ने सस्तो मा 9851039094

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9843541227

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तो मा 9841881901

प्लम्बिन ईनारसफाई सोलारफिल्टर मर्मत ९८६१२९२५५९

ढलट्वाईलेट जामखोल्ने मंगालसफाई निर्माणपनि 9843052042

TVLED ग्यारेन्टीकासाथ जुनसुकै कम्पनीको घरैमा मर्मत 9851059629

घरैमा LEDT.V, फ्रिज, वासिङ्मेसिन 9841296192

TV/LED, Computer, CCTV ग्यारेन्टीसाथ घरैमामर्मत 01-4215169, 9841688285

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9841072969

### भर्ना

होटल सम्पूर्ण ट्रेनिङ्गमा निशुल्कभर्ना ९८५११५४५०७

### तालिम

राजईलेक्ट्रोनिक्समा मोबाइल,laptop एसीफ्रिज हार्डवेयर, हाउसवायरिङ्ग कालिमाटी, नयांबानेश्वर 9860235388

निशुल्कमा मोबाइल, ल्यापटप, हाउसवायरिङ्ग 9803471693

CTEVT मान्यता मन्टेश्वरीतालिम 9851098136, 01-4475063

डोजर (स्काभेटर, JCB), फोर्कलिफ्ट अपरेटर तालीमकेन्द CTEVT सम्बन्धनप्राप्त: 9851122136

कार, बाइक, स्कुटर, ग्यारेन्टीमा बसुन्धारा 9851001856

निशुल्क मण्टेश्वरी, मोबाइल, तालीम 9851003391

कुक, वेटर, तालिम अतीनै सस्तोमा ०१४३८२१९६

रेडियो उदघोषकहरु चाहियो नजान्नेलाई तालिमपछी अवसर ९८४१५१४७७६

### उपचार

यौनशक्ति लिङ्गकोसाईज बढाउने Herbal Suppliment ९८५११४७८१०

पाईल्सको उपचार ग्यारेण्टीसंगै घरमै औषधी डेलिभरीसुबिधा 9841240760

लिङ्गलाई कडाउत्तेजना बनाउने सप्लिमेन्ट ९८५१०३०२६९

### बिहावारी

देश विदेशमा भएका बर-बधुकोलागि बिन्दाम्यारिजब्यूरो 01-6637824, 9803873032

बुढि कन्याले सम्पर्क गर्नुहोला ९८१८३७८४८५

डिभोर्स, विधुवा वर चाहियो 9869612342

पोर्चुगलको कार्ड काठमाडौं घरभएको वरलाई वधु चाहियो ९८४७३०२८६०

२४बर्षिया अमेरिकन सिटिजन छोरीलाईखान्दानी बरचाहियो ९८८६३२४१५८



# बर्गीकृत विज्ञापन संकलन काउन्टरहरु

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ९८५११७८८३०/९८५११८५८६७ |
| जिरो मिडिया | अनामनगर | ४२२०३२७ |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ४८२३१२५, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| मेमोरेक्स मिडिया | धापाखेल | ९८४१५३२९३३ |
| गोर्खा न्यूज एण्ड स्टेशनरी | सोह्रखुट्टे चोक | ४३५५७६० |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस कम्युनिकेशन | गोंगबु, नयांवसपार्क | ४३६४७५१ |
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४३८३४५२ |

| | | |
|---|---|---|
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ४३५६४७५ |
| नेपाल मिडिया कन्सर्ल्ट | अनामनगर | ४१०२८२८ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ |
| सूर्य विनायक साइबर | सूर्यविनायक | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४४१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |

| | | |
|---|---|---|
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| भिजन एडभरटाइजिङ्ग | कलंकी | ४०३२०४२, ९८५१०९६०४४ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५५२५५५०, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| अंकुर मिडिया हाउस प्रा.लि. | गठ्ठाघर | ६६३३५५८, ९८५११५२०५६ |
| सेभेन24 प्रा.लि. | जावलाखेल, लपु | ५५३५९२४, ५५४७७९७ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**बर्गीकृत डिस्प्ले**

श्याम/श्वेत रू. ३०००/-
स्पट कलर रू. ३५००/-
मल्टी कलर रू. ५०००/-

**बर्गीकृत विज्ञापन**

साधारण प्रति शब्द रू. ४५/-
बोल्ड प्रति शब्द रू. १००/-

* म.अ.क. बाहेक

अन्तर्राष्ट्रिय अपांगता दिवस

# पर्याप्त छैन सरकारी सहायता

## निजामती सेवा ऐनले अपांगता भएकालाई ५ प्रतिशत आरक्षणको व्यवस्था गरेको भए पनि सेवा प्रवेश सहज छैन

■ **गणेश राई र विद्या राई** (काठमाडौं)

पाँचथरका २६ वर्षीय प्रज्वल योङहाङ स्नातक पढ्न काठमाडौं आएका थिए । ६ वर्षअघि उनी बौद्धमा बाइक चलाउँदै गर्दा पछाडिबाट माइक्रो बसले ठक्कर दियो । घटनामा उनको ज्यान त जोगियो, तर दुवै खुट्टा चल्दैनन् । दिसापिसाब भएको पत्तो पाउँदैनन् । ठमठमी हिँड्ने उनको जीवन नै फेरियो ।

सरकारले उनलाई अति अशक्त अपांगअन्तर्गत परिचयको 'नीलो कार्ड' दिएको छ । मासिक १६ सय रुपैयाँ भत्ता पाउँछन् । यो भत्ताले औषधि उपचारसमेत धान्दैन । औषधि र सरसफाइमा मासिक १० हजार जति खर्च लाग्छ । साँगामा डेरा लिएर बस्दै आएका उनको मासिक कोठा भाडा तीन हजार रुपैयाँ छ । त्यसो त साँगाकै स्पाइनल इन्जुरी पुनःस्थापना केन्द्रमा काम पनि गर्छन् । मासिक १६ हजार कमाइ हुन्छ । यसले औषधि उपचार, सरसफाइ, कोठाभाडा र खाना खर्च धान्न हम्मे पर्छ । 'सरकारले भत्ताको साटो निःशुल्क औषधि उपचार र स्वरोजगारको व्यवस्था गरिदिए उचित हुन्थ्यो,' उनको आग्रह छ । खर्च जुटाउन नसकेकै कारण स्नातक पढ्ने चाहना पनि रोकिएको छ उनको । पाँचथरमा आमाबाबु, एक दिदी र दुई भाइबहिनी छन् । 'छोरोले पढोस् भनेर काठमाडौं पठाउनुभएको थियो, दुर्घटनामा परेर अपांग भएँ, पढ्ने चाहना त अझै छ, तर खर्च छैन,' उनले दुखेसो पोखे ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका सूचना अधिकारी शिवराज जोशीका अनुसार प्रज्वलजस्ता देशभर पूर्ण अशक्त अपांग (रातो कार्ड) ४६ हजार ८ सय ३ र अति अशक्त अपांग (नीलो कार्ड) ८० हजार ९ सय ४१ गरी १ लाख २७ हजार ७ सय ४४ लाभग्राही छन् । रातो कार्ड पाएकाले मासिक तीन हजार र नीलो कार्ड पाएकाले मासिक १६ सय भत्ता पाउँछन् ।

यो सहयोग पर्याप्त नभएको मेरुदण्डको पक्षघात पीडित गोरखाका ३९ वर्षीय ऋषि ढकाल सुनाउँछन् । उनको १६ वर्षअघि मलेसियामा काम गर्दैगर्दा दुर्घटनामा परी मेरुदण्ड पक्षघात भएको हो । अहिले उनले पनि मासिक १६ सय रुपैयाँ भत्ता पाउँदै आएका छन् । अपांगता भएका व्यक्तिहरूको २८ औं अन्तर्राष्ट्रिय दिवस मंगलबार मनाइरहँदा आफ्नो अधिकारबारे सबैतिर सचेतना पुग्नसमेन नसकेको उनले बताए ।

राष्ट्रिय अपांग महासंघका महासचिव राजु बस्नेतका अनुसार अपांगता भएका धेरैजना पहिचान र गणनामा छुटेका छन् । राष्ट्रिय जनगणना ०६८ को तथ्यांकअनुसार देशको कुल जनसंख्याको १.९४ प्रतिशत अर्थात् ५ लाख १३ हजार ३ सय २१ अपांगता भएकाहरू छन् । महासचिव बस्नेत भन्छन्, 'अपांगता भएका व्यक्तिमध्ये ५० प्रतिशत जतिसँग मात्रै परिचयपत्र छ, अरू छुटेका छन् ।'

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले आर्थिक वर्ष ०७३/७४ सम्ममा अपांगता भएकामध्ये २ लाख ३५ हजार १ सय ३६ जनालाई अपांगता परिचयपत्र दिइएको जनाएको छ । 'अब सबै स्थानीय तहले परिचयपत्र दिनुपर्ने व्यवस्था छ,' मन्त्रालयको अपांगता अधिकार प्रवर्द्धन शाखाका उपसचिव पशुपति महतले भने, 'त्यो के कति काम भइरहेको छ भन्ने जानकारी संकलन भइरहेको छ ।' अपांगता भएका अधिकांश बालबालिका शिक्षको पहुँचबाहिर छन् । ह्युमन राइट्स वाचको सन् २०११ को अध्ययनअनुसार नेपालमा अपांगता भएका बालबालिकाको संख्या दुई लाखभन्दा बढी छ । युनिसेफका अनुसार ५ देखि १२ वर्ष उमेरका कुल अपांगता भएका बालबालिकाको संख्यामध्ये ३० प्रतिशत अझै विद्यालयभन्दा बाहिर छन् । खगेन्द्र नवजीवन विशेष शिक्षा माविका प्रधानाध्यापक राघव दवाडीका अनुसार शैक्षिक संस्थाका संरचना अपांगता भएका बालबलिकाका लागि सुविधा हुने नभएकाले पठनपाठन गर्न समस्या छ । 'पढाइका लागि संरचना, पुस्तक, शिक्षक, पारिवारिक वातावरण मैत्रीपूर्ण हुनुपर्छ, तर हाम्रा शैक्षिक संस्थाहरू त्यस्ता छैनन्,' उनले भने, 'अपांगता भएका शिक्षक पनि सबलांग शिक्षकका तुलनामा विभेदमा परेका छन् ।'

महासंघका महासचिव बस्नेतका अनुसार सरकारी, अर्धसरकारी तथा निजी क्षेत्रका जागिरमा अपांगता भएका मानिसको सहभागिता एकदमै न्यून छ । निजामती सेवा ऐनले अपांगता भएकालाई ५ प्रतिशत आरक्षणको व्यवस्था गरेको भए पनि मैत्रीपूर्ण व्यवस्था नहुँदा सेवा प्रवेश सहज छैन । 'निकै संघर्ष र प्रयासले छिटपुट मात्रैले निजामती सेवामा प्रवेश पाएका छन्, तर सेना र प्रहरी जंगी सेवामा अपांगता भएकालाई भर्ना गर्ने व्यवस्था छैन, कार्यरतमध्ये दुर्घटना परेकालाई सेवा दिइएको छ ।'

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा विचाराधीन संघीय निजामती सेवा विधेयकको मस्यौदामा अपांगता भएका व्यक्तिको अधिकारलाई कटौती गरेकोमा भने महासंघले आपत्ति जनाएको छ । अपांगता भएकालाई कानुनी व्यवस्थामा हैसियत दिइए पनि व्यावहारिक रूपमा सरकार उदार नबन्दा समस्या भएको छ । 'अरू त अरू सामाजिक सोचका कारण विभेद खेप्नुपरिरहेको छ,' बहिरा महासंघ नेपाल प्रदेश १ का अध्यक्ष सीताराम ओझाले भने, 'अपांगले योग्य र शिक्षित नागरिक बन्न धेरै तगारा छन् । कतै पनि उसलाई चाहिने व्यवस्था छैन ।' सरकारले सुरक्षा तथा स्वास्थ्य सेवासहितको सामुदायिक आवास सुविधा, असहाय बालबालिका तथा परिवारबाट त्यागिएका अपांगता भएकालाई आवासको व्यवस्था र बिमा सुविधा दिने भनेको छ । तर अहिलेसम्म त्यस्तो सुविधामा भने उनीहरूको पहुँच बढेको छैन ।

सन् २०१६ मा ५९ वटा जिल्लामा गरिएको जीवनस्तर अध्ययनको प्रतिवेदनअनुसार सांगहरूको तुलनामा अपांगता भएकाहरूको सेवा सुविधामा पहुँचको खाडल ७० देखि ९० प्रतिशत छ । विभिन्न सहायक सामग्रीहरू पाउनुपर्ने अवस्थाका हरेक आठ जनामध्ये एक जनाले मात्र सहायक सामग्री पाएका छन् ।

अपांगता भएका महिलाहरू अधिकांश यौनहिंसा र घरेलु हिंसाको अधिक सिकार हुने गरेका घटना छन् । अपांग महासंघकी उपाध्यक्ष रमा ढकालले अपांगता भएका महिलालाई हेर्ने सामाजिक दृष्टिकोण नकारात्मक भएकाले दुर्व्यवहार र हिंसाको सिकार बन्नु परिरहेको बताउँछिन् । 'अपांगता भएको महिलाको साथमा कोही छैनन्, केही गर्नै सक्दैनन्, आर्थिक अवस्था कमजोर हुने भएकाले प्रलोभनमा पारेर यौनहिंसा गर्छन्,' उनी भन्छन् । महासंघले सातै प्रदेशमा महिलामाथि हुने हिंसाको अध्ययन गरेको छ । त्यसले पनि अपांगता भएका महिलाहरू यौनजन्य र घरेलु हिंसामा परेको देखाएको उनले बताइन् । अपांगता भएका महिलाहरूले प्रजनन स्वास्थ्यको हक उपभोग गर्न पाएका छैनन् । यूएनडीपीले सन् २०१५ मा गरेको अध्ययनअनुसार ४३ प्रतिशतमात्र अपांगता भएका महिलाहरूले वैवाहिक जीवन बिताइरहेका छन् जब कि अपांगता भएका पुरुषहरूको हकमा यो संख्या ७५ प्रतिशत छ ।

राष्ट्रिय सभामा अपांगता भएका मानिसहरूको प्रतिनिधित्व गरिरहेका नेकपा सांसद महेशकुमार महराले बनेका नीति, कानुन अपांगमैत्री नहुँदा चुनौती भएको बताए । 'बाहिर जे गुनासा गरिन्थ्यो, संसद्मा आएपछि सहज हुन्न रैछ,' उनले भने, 'अपांगतामैत्री कानुन बनाउन संशोधन हाल्यो भने पनि सम्बोधन हुँदैन ।' सामाजिक संरचनामा आधारित राज्य व्यवस्थाकै कारण संसद्मा आफ्नो प्रतिनिधित्व पर्याप्त नभइरहेको उनले बताए ।

'अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४' ले अपांगतालाई दस किसिममा वर्गीकरण गरेको छ । जसमा शारीरिक अपांगता, दृष्टिविहीन, सुनाइसम्बन्धी, श्रवण दृष्टिविहीन, स्वर र बोलाइसम्बन्धी, मानसिक र मनोसामाजिक, बौद्धिक, अनुवंशीय रक्तस्राव, अटिजमसम्बन्धी र बहुअपांगता पर्दछ । दृष्टिसम्बन्धी अपांगतालाई दृष्टिविहीन, न्युन दृष्टिविहीन र पूर्ण दृष्टिविहीन भनेर छुट्याइएका छन् । सुनाइसम्बन्धी अपांगतामा बहिरा र सुस्त श्रवण पर्दछ ।

**अपांगता अधिकार नियमावली चाँडै** : मन्त्री गुरुङ

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री पार्वत गुरुङले अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी नियमावली मन्त्रिपरिषद्ले चाँडै पारित गर्ने जानकारी दिए । उनले अन्तर्राष्ट्रिय दिवसको सन्दर्भमा मंगलबार राजधानीमा प्रभातफेरी आयोजना गरिएको समारोहमा उक्त जानकारी गराएका हुन् ।

दुई वर्षअघि 'अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४' जारी भए पनि हालसम्म नियमावली बनेको छैन । 'मन्त्रालयले नियमावली जारी गरेसँगै अपांगतासम्बन्धी राष्ट्रिय नीति तथा कार्यक्रम बनाएर लागू गरिनेछ,' मन्त्री गुरुङले भने, 'अपांगतासम्बन्धी राष्ट्रिय प्रतिवेदन निर्माण र अपांगता भएका व्यक्तिले प्रयोग गर्ने सहायक सामग्री स्वदेशमै उत्पादन र प्रवर्द्धन गर्ने मन्त्रालयले लक्ष्य राखेको छ ।'



१. राजधानीमा मंगलबार आफन्तको सहारामा बाटो काट्दै दृष्टिविहीन । २. डल्लुमा घडी मर्मत गर्दै गोविन्द दुलाल । उनले ३८ वर्षअघि दाहिने हात गुमाएका थिए । ३. ग्राभेल सडकमा सहयोगीका साथ ह्वीलचेयर प्रयोगकर्ता । ४. जावलाखेलमा बाँसुरी बजाएर पैसा जुटाउँदै अपांगता भएका वृद्ध ।

*तस्बिर : कविन अधिकारी, सन्जोग मानन्धर र प्रथम विष्ट/कान्तिपुर*

- अपांगता भएका व्यक्तिको संख्या – ५,१३,३२१ (०६८ को जनगणनाअनुसार कुल जनसंख्याको १.९४ प्रतिशत)
- संघीय संसद्को प्रतिनिधिसभामा – ०
- राष्ट्रिय सभामा – ४ जना (शारीरिक अपांगता भएका मात्र)
- प्रदेश र स्थानीय तहमा –०
- हरेक ८ मा १ जनाले मात्र सहायक सामग्री पाएका छन्
- अपांगता परिचयपत्र – ४९ प्रतिशत (कुल अपांगता भएका व्यक्तिहरूको संख्यामा)

# पालिकाले फर्काए शिक्षक

डोटी (कास)- रिक्त दरबन्दीमा आफैंले शिक्षक नियुक्त गरिसकेको जनाउँदै स्थानीय तहले नयाँ शिक्षकहरूलाई हाजिर हुन दिएका छैनन् ।

पूर्वीचौकी गाउँपालिकाले ५ र सायल गाउँपालिकाले एकजना आयोगबाट आएका शिक्षकलाई हाजिर हुन नदिएको शिक्षा विकास तथा समन्वय इकाईका शाखा अधिकृत रामदत्त जोशीले बताए । आयोगको परिपत्रअनुसार शिक्षा इकाईले पूर्वीचौकी गाउँपालिकामा २० जना पठाएकोमा १५ जनाको मात्रै पदस्थापन गरेको छ । सर्लाहीका उमेश राय, डडेलधुरा पर्शुरामका भीमबहादुर कामी, कञ्चनपुर बेलौरीका जयराम सुनार, सप्तरी बोदे बर्साइनका टेकनारायण साह, कपिलवस्तु विजयनगरका दिनेशकुमार चौधरी र वीरेन्द्र यादवलाई भने पूर्वीचौकी गाउँपालिकाबाट फिर्ता पठाएको छ । सायल गाउँपालिकाले पर्सा कालिकामाई गाउँपालिकाका विशालराज गिरीलाई फिर्ता पठाएको छ । शिक्षा इकाईले विद्यालय व्यवस्थापनको अधिकार स्थानीय तहहरूलाई भए पनि शिक्षा ऐनअनुसार भर्ना भने शिक्षक सेवा आयोगले मात्र लिन पाउने शाखा अधिकृत जोशी बताउँछन् । तर पूर्वीचौकी गाउँपालिका अध्यक्ष दीर्घ बोगटीले भने संविधानले आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने दाबी गर्छन् । गाउँपालिकाले पारित गरेको शिक्षा ऐनमा मातहतका विद्यालयमा कुनै कारणले दरबन्दी रिक्त भए गाउँपालिकाले नियुक्त गर्ने प्रावधान छ ।

योग्यताक्रमभन्दा पनि स्थानीयलाई नियुक्ति दिएको जयराम सुनार बताउँछन् । गाउँपालिकाले भने मापदण्डअनुसार नै पदस्थापन गरिएको दाबी गरेको छ । कात्तिक २१ मा डोटी आइपुगेका उनीहरूलाई शिक्षा विकास तथा समन्वय इकाईले ढिलासुस्ती गरी मंसिर ८ गते मात्र पूर्वीचौकी गाउँपालिकाका लागि नियुक्ति दिएको थियो । नियुक्ति बुझेर उनीहरू हतारहतार गर्दै गाउँपालिका कार्यालय पुगेका थिए । गाउँपालिकाले ११ गते आउन भन्यो । उक्त दिन पुग्दा पदस्थापन गर्न नसक्ने भन्दै हाजिर हुन नदिएको उनीहरूले बताए ।

# जापानको सीप परीक्षामा सबै फेल

■ **होम काकी** (काठमाडौं)

जापानमा नर्सिङ केयरगिभरका लागि पहिलो चरणमा नेपाली जान नपाउने भएका छन् । जापान फाउन्डेसनले लिएको नर्सिङ केयरगिभरको सीप परीक्षणमा १५ जना र जापानी भाषा परीक्षणमा १२ जना सहभागी थिए । तीमध्ये भाषा परीक्षामा मात्र एक जना उत्तीर्ण भएका छन् ।

नेपाल र जापानको श्रम समझदारीअनुसार नर्सिङ केयरगिभरमा जाने कामदारले नर्सिङ सेवासम्बन्धी भाषा र सीप परीक्षणमा उत्तीर्ण हुनुपर्छ । अनलाइनमार्फत आवेदन दिएकामध्ये लक्की ड्रबाट छानेर जापान फाउन्डेसनले परीक्षा लिएको थियो । कुन क्षेत्रमा जाने कामदारले कुन पाठ्यक्रमअनुसार परीक्षा दिनुपर्ने हो भन्ने प्रस्ट नहुँदा परीक्षार्थी अन्योलमा परेर फेल भएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको विश्लेषण छ ।

जापानले मन्त्रालयलाई उपलब्ध गराएको प्रारम्भिक सूचनाअनुसार भाषा परीक्षामा १३ हजार नेपालीले आवेदन दिएका थिए । यसबाट परीक्षामा सहभागीका लागि लक्की ड्रबाट एक हजार जना छानिएका थिए । यसबाट पनि सामान्य भाषा परीक्षाका लागि भने ५ सय ९ जना छानिएका थिए । त्यसमध्ये ४ सय ९७ जनाले परीक्षा दिएका थिए । यसमा ५६ जना मात्रै उत्तीर्ण भए । त्यसको पहिलो लटमा नर्सिङ केयरको सीप परीक्षणमा १५ जना र नर्सिङ भाषा परीक्षामा १२ जना सहभागी थिए । श्रम मन्त्रालयले यो प्रणालीप्रति काठमाडौंस्थित जापानी दूतावाससमक्ष असहमति जनाइसकेको छ । 'लक्की ड्रबाट छान्दा योग्य प्रशिक्षार्थी पर्दैनन् । यो उपयुक्त र वैज्ञानिक छैन भनेर हामीले दूतावाससमक्ष भनिसकेका छौं,' श्रम मन्त्रालयका एक अधिकारीले भने, 'यो प्रणालीको विकल्प खोज्नुपर्छ ।'

लाखौं रुपैयाँ खर्चिएर तयारीमा जुटेकाहरूले परीक्षामा सहभागी हुन पाउनुपर्ने श्रम मन्त्रालयको अडान छ । जापानले भने सहभागीको संख्या अत्यधिक भएकाले सबैलाई परीक्षामा सहभागी गराउन नसकिएको बताउँदै आएको छ । 'यो सुरुवात हो । आवश्यक परे परिवर्तन गर्न सकिनेछ,' जापानी पक्षले भनेको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामेश्वर राय यादवले श्रम समझदारी कार्यान्वयनमा देखिएका अस्पष्टतालाई हटाउन नेपालका लागि जापानी राजदूत मासामिची साइगोलाई आग्रह गरेका छन् । 'भाषा परीक्षाको प्रणालीमा पनि परिवर्तन गर्न आवश्यक छ,' मंगलबार मन्त्रालयमा साइगोसँगको भेटमा उनले भने ।

जापानको आवश्यकताअनुसार भाषा र दक्ष जनशक्ति उत्पादनका लागि जापानले नेपालमा ट्रेनिङ सेन्टर स्थापना गर्नसमेत उनले आग्रह गरे । जापानले सन् २०२० का लागि काठमाडौंमा जनवरी ७-८, १४-१६, २१-२३ र २८-२९ तारिखमा भाषा परीक्षा लिने जानकारी दिएको छ ।

## मलेसियाबाट ३१ हजार कामदार माग

काठमाडौं (कास)- मलेसियामा दुई महिनामै ३१ हजारभन्दा बढी नेपाली कामदारको माग भएको छ । झन्डै सात महिना रोकिएको श्रमिक पठाउने प्रक्रिया खुलेपछि मलेसियाबाट नेपाली कामदारको ठूलो संख्यामा माग भएको हो ।

मलेसियास्थित नेपाली दूतावासले दुई महिनामा ३१ हजारभन्दा बढी कामदारको माग प्रमाणीकरण गरेको जनाएको छ । दूतावासले मंगलबार विज्ञप्ति जारी गरी असोज तेस्रो सातादेखि मंसिर १४ सम्मको अवधिमा ३१ हजार २ सय १ श्रमिक माग भएकामा ९ सय ६३ मागपत्र प्रमाणीकरण गरी वैदेशिक रोजगार विभागमा सिफारिस गरिएको जनाएको छ । मलेसियाबाट औद्योगिक क्षेत्रमा १७ हजार १ सय १६, सेवा क्षेत्र (सुरक्षा गार्डसहित) मा १० हजार १ सय ८३, कृषि क्षेत्रमा एक हजार ४ सय ७५, 'प्लान्टेसन' मा एक हजार ३ सय ९७ र निर्माण क्षेत्रमा एक हजार ३० श्रमिकको माग भएको विज्ञप्तिमा उल्लेख छ । ती मागपत्र प्रमाणीकरण गरी विभागमा पठाइएको दूतावासले जनाएको छ । मागपत्र प्रमाणीकरणलाई सरल, पारदर्शी र चुस्त बनाइएको समेत दूतावासले विज्ञप्तिमा छ ।

स्वास्थ्य परीक्षण र भिसा प्रोसेसिङका क्रममा नेपाली ठगिँदै आएको भन्दै तत्कालीन श्रममन्त्री गोकर्ण विष्टले झन्डै सात महिनासम्म मलेसियामा कामदार पठाउन रोकेका थिए । मलेसिया र नेपालबीच पटकपटक भएको वार्तामा स्वास्थ्य परीक्षण र भिसा प्रोसेसिङमा नेपाली कामदार नठगिने प्रत्याभूति गर्ने सहमति भएपछि असोज तेस्रो सातादेखि मलेसियाको रोजगारी खुलेको हो ।

नेपाल र मलेसियाबीच भएको कामदारको नियुक्ति, रोजगारी तथा घरफिर्तीसम्बन्धी समझदारीअनुसार मलेसियाली सरकारको आधिकारिक निकायबाट प्रमाणीकरण भई आएका मागपत्र अभिलेखीकरण गरी विभागमा सिफारिस गर्न थालिएको पनि दूतावासले जनाएको छ ।

# बलात्कार आरोपमा पक्राउ

रामेछाप (कास)- रामेछापको उमाकुण्ड गाउँपालिका-३ मा १३ वर्षीया बालिका बलात्कार गरेको आरोपमा एकजना पक्राउ परेका छन् । कक्षा ७ पढ्ने बालिकालाई बलात्कार गरेको आरोपमा संगीत सुनुवार पक्राउ परेको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी निरीक्षक रविभूषण यादवले बताए । ४० वर्षीय सुनुवार नेकपाका स्थानीय नेतासमेत हुन् ।

सुनुवारले मंसिर २ गते ती बालिकालाई बलात्कार गरेका थिए । बालिकाले बाबुआमाको डरले घटनाबारेमा कसैलाई भनेकी थिइनन् । दुखाइ धेरै भएपछि आमालाई घटनाबारे भनेपछि बलात्कारको कुरा बाहिर आएको यादवले बताए ।

Study in INDIA (Mangalore)
Nethaji Group of Institutions
• B.Sc. Nursing
• B.Sc. Physiotherapy
• B.Sc. Anaesthesia
• B.Sc. Renal Dialysis
• B.Sc. Cardiac Care
• B.Sc. Perfusion Technology
• B.Sc. Imaging Technology
Dr. Shiva Sharan (Director) Mob.: +91-9148058383 Mangalore, INDIA
Think Big Education Pvt. Ltd. 01- 4422335 9851061828
Newplaza, Putalisadak






# फिलिपिन्समा आँधी, २ लाख विस्थापित

मनिला (एजेन्सी)- फिलिपिन्सको लुजन टापुमा मंगलबार आएको भीषण आँधीका कारण कम्तीमा २ लाख मानिस विस्थापित भएका छन्। अधिकारीका अनुसार 'कमुरी' आँधीका कारण लुजन टापुको दक्षिणी भेगमा भारी वर्षा भएको छ। आँधीपछि शनिबार सुरु भएको दक्षिण-पूर्वी एसियाली खेल प्रभावित भएको जनाइएको छ। अधिकारीका अनुसार केही खेल रद्द गरिएका छन् भने केहीका लागि नयाँ तालिका सार्वजनिक गरिएको छ।

आँधीका कारण राजधानीस्थित मनिला विमानस्थल १२ घन्टा बन्द भएको थियो। सेबु द्वीपबाट मनिला विमानमा यात्रा गरेकी क्यानाडेली पर्यटकले आफ्नो यात्रा निकै पीडादायी भएको बताइन्। २३ वर्षीया कन्सटचान्स बेनोइटले भनिन्, 'हवाईजहाजमा यात्राका क्रममा हुने बिसन्चो के हो मैले पहिलोपटक अनुभव गरेँ।' सोर्सोगन राज्यमा कमुरी आँधीका कारण कम्तीमा १ सय ५५ किलोमिटरको गतिमा हावाहुरी आएको भए पनि बेलाबखत हुरी गति बढेर २ सय ३५ किलोमिटरसम्म पुगेको जनाइएको छ। फिलिपिन्समा वार्षिक औसत २० वटा आँधी आउने गर्छन्।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
काठमाडौं उपत्यका विकास प्राधिकरण
जिल्ला आयुक्तको कार्यालय ललितपुर
डुकुछाप जग्गा एकीकरण आयोजना, ललितपुर

**सच्याइएको सूचना**

यस कार्यालयवाट मिति २०७६।८।११ गते कान्तिपुर दैनिकमा प्रकाशित आयोजना संचालन गर्न सहमती सम्बन्धी सूचनामा आयोजना क्षेत्र साविक डुकुछाप ७क, ७ख, ७ङ, ८ख र ८ग हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

आयोजना प्रमुख/जिल्ला आयुक्त

Study in India & Abroad
Singhania University
MBA/M.Phil./Ph.D.
in Management
Entrance Date: 22 Dec. 2019
City Edu. Foundation, Koteshwor
01-4602033/9841206019
Email: cityfoundation@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
**अध्यागमन विभाग**
कालिकास्थान, काठमाण्डौ

**अध्यागमन कार्यालय त्रि.अ.बि.मा सुरक्षा गार्ड करारमा लिने सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मिति : २०७६।०८।१८

नेपाल भ्रमण बर्ष २०२० लाई व्यवस्थित बनाउने सिलसिलामा अध्यागमन कार्यालय त्रि.अ.बि.को आगमन तथा प्रस्थान कक्षमा शान्तिपुर्ण वातावरण निर्माण गर्न लाईन व्यवस्थापन, यात्रु/पर्यटक सहजीकरण लगायत सुरक्षा तथा अन्य कार्यमा सहयोग पुऱ्याउनका लागि २ (दुई) जना जुनियर अधिकृत र १०(दस) जवान (५ जना पुरुष र ५ जना महिला) समेत जम्मा १२ (बाह्र) जना सुरक्षा गार्ड आवश्यक भएकाले नेपाली सेना वा सशस्त्र प्रहरी बलबाट अवकाश प्राप्त ईच्छुक व्यक्तिहरुको लागि मिति २०७६/०८/१३ गते पहिलो पटक सूचना प्रकाशित गरिएकोमा पर्याप्त संख्यामा आवेदन नपरेको हुँदा पुन: दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ। यस अघि आवेदन पेश गरेका उम्मेदवार वाहेक अन्य इच्छुक उम्मेदवारहरुले मिति २०७६।०८।२४ गते कार्यालय समय भित्र बिभागको प्रशासन शाखामा आवेदन दिन हुन यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धी बिस्तृत जानकारी बिभागको Website:www.nepalimmigration.gov.np बाट प्राप्त गर्न सकिने छ।

PLAN INTERNATIONAL

## INVITATION FOR SEALED PROPOSAL

**Ref No: 008-019/020, 4 December, 2019**

**Production of Communications Materials**

Plan International is an independent development and humanitarian organisation that advances children's rights and equality for girls. We have been working in Nepal since 1978 to help marginalised girls and boys, their families and communities for accessing their rights to survival, development, protection, and participation. We are implementing programmes through local development partners in 24 districts in cooperation with Nepal government, civil society organisations and schools. Plan International Nepal is fully committed to the gender responsive safeguarding of all children and young people from all forms of violence.

**Plan International Nepal, Country** Office invites sealed proposal from the interested Firm/Consultant registered in Government of Nepal for the services as mentioned.

**The detailed terms of reference (TOR) can be downloaded from** https://plan-international.org/nepal/procurement-nepal

The sealed Proposal should be deposited into the Tender Box separately clearly mentioning the Tender Reference No. with heading before **4:30 pm of 19 December, 2019** to the address as mentioned below.

**Plan International Nepal,**
**Nepal Country Office**
**Maitri Marga, Bakhundole, Lalitpur-3, Phone: 01-5535580**

**Say Yes! To keeping children and Young People Safe and Protected**

दर्ता नं.: १०९/०५७/०५८

**गतिशील बचत तथा ऋण सहकारी संस्था लि.**
साझाभवन, लगनखेल ललितपुर।
फोन नं. ५५५४०३०

**आदरणीय सदस्यमहानुभावहरू,**

यस संस्थाको उन्नाईसौं वार्षिक साधरण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सो सभामा छलफल हुने विषयहरू सहितको निमन्त्रणा पत्र सम्पूर्ण सदस्यमहानुभावहरूलाई पठाईसकिएको छ। कुनै कारणले सो पत्र प्राप्त नभएको भए यसै सूचनालाई निमन्त्रणा मानी उक्त सभामा सहभागी भईदिनुहुन सम्पूर्ण सदस्य महानुभावहरूलाई हार्दिक अनुरोध गर्दछौं।

**छलफलका बिषयहरू**

१. संचालक समितिको तर्फबाट अध्यक्षको बार्षिक प्रतिवेदन।
२ आ.ब. २०७५/७६ को लेखापरीक्षण प्रतिवेदन।
३. लेखा सुपरीवेक्षण समितिको बार्षिक प्रतिवेदन।
४. चालु आ.व. को बजेट तथा कार्यक्रम।
५. आ.ब. २०७६/७७ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक।
६. विनियम संशोधन सम्बन्धमा।
७. नीति, विनियमावली तथा कार्यविधिहरु पारित गर्ने सम्बन्धमा।
८. संस्थाको कार्यक्षेत्र विस्तार सम्बन्धमा।
९. सेवा केन्द्र खोल्ने सम्बन्धमा।
१०. संस्था एकिकरण सम्बन्धमा।
११. शेयर लाभांश कोष लगायत अन्य कोषहरुमा रकम बाँडफाँड तथा वितरण गर्ने सम्बन्धमा।
१२. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न संचालक समिति तथा सदस्यहरुको तर्फबाट प्रतिनिधि तोक्ने सम्बन्धमा।
१३. विविध।

**मिति: २०७६ मंसीर २७ गते शुक्रवार।**
**समय: दिनको १२:०५ बजे**
**स्थान: साझा पार्टी प्यालेस, साझा भवन, लगनखेल, ललितपुर।**

सचिव

## Expression of Interest (EOI)

Raleigh International is a Sustainable Development Organization established in 1984 in the UK. We harness the passion and energy of young people to effect positive change in sustainable development. Our programmes focus on providing access to safe water and sanitation, protecting vulnerable environments, building resilient communities, and youth leadership culture. Our work is delivered through young people and in collaboration between local communities, partners and volunteers from wide range of backgrounds, nationalities and stages in life. RIN is currently working in Gorkha and Makwanpur districts and preparing to expand its implementation in Dhading district in 2020.

Raleigh International Nepal (RIN) is in process of listing suppliers for the supply of various goods and services as categorized below on as and when required basis.

| | | | |
|---|---|---|---|
| 1 | Tools and equipment (safety gears shovel, gloves, goggles, mask, hammer, jerrycan, helmets etc.) | 2 | Training center with lodging and fooding facilities to accommodate 30-35 and 60-75 volunteers in different districts (Gorkha, Makwanpur, Dhading, Kavre, Bhaktapur, Lalitpur and Kathmandu) |
| 3 | Maintenance service for computer and other electrical & electronic equipment | 4 | Transportation & vehicle hiring services in different districts (Kathmandu valley, Gorkha, Makwanpur and Dhading) |
| 5 | Visibility, promotion Items (T-shirt, Cap, Pen, Jacket, Cup...) | 6 | Air travel ticketing (Domestic and International) |
| 7 | Electrical and electronic goods | 8 | Dry and readymade Food |
| 9 | Trekking agencies | 10 | Trekking gears |
| 11 | Battery-Vehicle, UPS, inverter | 12 | Guest house and restaurant with training hall |
| 13 | Office supplies-stationeries, utilities | 14 | Catering and food supply - Lunch pack |
| 15 | Office furniture and fixture | 16 | Advertisement Agency - digital and paper |
| 17 | Computer, printers and accessories | 18 | Medicines (control drugs and general) |
| 19 | Auto workshop (vehicle R&M) | 20 | Photocopying and flex print |
| 21 | Laundry and dry cleaning | 22 | Insurance (vehicle, assets, property and staffs) |
| 23 | Office security and cleaning services | 24 | Vehicle driver outsource services |

Interested suppliers are requested to submit "Supplier Registration Form" that can be collected from our office at free of cost or can be downloaded from our official website https://raleighnepal.org/about-us/forms/ or can be requested by email at EOI2020@raleighinternational.org. Please submit your Expression of Interest (EOI) along with relevant documents in sealed envelope marking with "Expression of Interest for registration in supplier list" to Raleigh International Nepal Office, Khumaltar, Lalitpur, Nepal by 20 December 2019 (04 Poush 2076) 5 PM. RIN reserves the right to accept/reject any or all firms without assigning any reason whatsoever.

Raleigh International Nepal

**Logistics Department**
**Raleigh International Nepal**
Khumaltar, Lalitpur, Nepal
Phone: + 977 (0) 15541254 / 15544325

जलवायु परिवर्तन

# असर कम गर्ने उपाय खोजी

■ **अब्दुल्लाह मियाँ** (म्याड्रिड, स्पेन)

जलवायु परिवर्तनका कारण भविष्यमा निम्तिन सक्ने चुनौती न्यून गर्ने उपाय पहिचानका लागि विश्वभरका सरकारी प्रतिनिधि, राजनीतिज्ञ, कूटनीतिज्ञ, विशेषज्ञ र अनुसन्धानकर्ता म्याड्रिडमा भेला भएका छन्।

जलवायु परिवर्तनसम्बन्धी राष्ट्रसंघीय संरचना महासन्धि (यूएनएफसीसीसी) को २५ औं सम्मलेन (कोप-२५) मा जलवायु परिवर्तनको मुख्य कारक मानिने हरितगृह ग्यास उत्सर्जन गर्ने विकसित मुलुक तथा त्यसको मार खेप्ने नेपालजस्ता अल्पविकसित वा अति कम विकसित (एलडीसी) मुलुकका प्रतिनिधिसमेत सहभागी छन्।

नेपालसहित १ सय ९७ मुलुक महासन्धिका पक्षराष्ट्र हुन्। सन् १९९४ मा महासन्धिमा हस्ताक्षर गरेको नेपालले त्यसयता हरेक वर्ष सम्मेलनमा सहभागी हुँदै आएको छ। नेपाललगायत सबै पक्षराष्ट्रका प्रतिनिधि सम्मेलनमा सहभागी छन्। त्यसैगरी, विभिन्न दातृ निकाय, जलवायु परिवर्तनका मुद्दामा क्रियाशील संस्था, अनुसन्धानकर्ता, वैज्ञानिक, युवालगायतको पनि सम्मेलनमा उल्लेख्य सहभागिता छ।

सोमबार सुरु सम्मेलनमा मंगलबारदेखि प्रतिनिधि र वार्ताकारहरू छलफलमा जुटेका छन्। यो सम्मेलन चिलीको सान्टियागोमा आयोजना गर्ने तय भए पनि विकसित राजनीतिक गतिरोधका कारण सम्मेलन स्पेनमा गरिएको हो। म्याड्रिड सम्मेलनको अध्यक्षता भने सम्मेलनभर चिलीले गर्नेछ। पोल्यान्डले सोमबार नै चिलीलाई अध्यक्षता हस्तान्तरण गरेको हो।

पेरिस सम्झौताको दफा ६ मा रहेको व्यवस्था कार्यान्वयन गर्न सबै क्रियाशील हुनुपर्ने मुद्दालाई सम्मेलनका सबै सहभागीले जोड दिएका छन्। सन् २०१५ मा फ्रान्समा भएको पेरिस सम्झौतालाई अहिलेसम्मकै जलवायु परिवर्तन न्यूनीकरणका लागि कोसेढुंगा मानिन्छ।

सम्झौताको दफा ६ अनुकूलनका कार्यहरूमा उच्च महत्त्वाकांक्षा हासिल गर्न र दिगो विकास तथा वातावरणीय स्वच्छता वृद्धि गर्न आफ्ना राष्ट्रिय रूपमा निर्धारित योगदान (एनडीसी) को कार्यान्वयनमा स्वेच्छिक सहकार्यको मार्ग अवलम्बन गर्ने उल्लेख छ। त्यसका साथै दिगो विकासलाई बढावा दिँदै हरितगृह ग्यास उत्सर्जन न्यून पार्ने, सार्वजनिक तथा निजी निकायबाट भएको हरितगृह ग्यास उत्सर्जनको न्यूनीकरणमा हुने सहभागितालाई प्रेरित तथा सहजीकरण गर्ने र जलवायु परिवर्तनका कारण जोखिममा परेका विकासोन्मुख पक्षराष्ट्रलाई अनुकूलन खर्च बहन गर्न सहयोग पुऱ्याउनेलगायत उल्लेख छ।

नेपालले नगण्य मात्रामा अर्थात् वार्षिक ०.००२७ प्रतिशत मात्र हतिरगृह ग्यास उत्सर्जन गर्छ, तर नेपाल जलवायुजन्य जोखिमका हिसाबले चौथो स्थानमा पर्छ। जलवायु परिवर्तनका कारण हिमाल पग्लने, हिमतालको आकार बढ्ने, हिमनदी पग्लने क्रममा वृद्धि हुनुका साथै समग्र मनसुन गतिविधिमै बदलाब आएको छ। त्यसको प्रत्यक्ष असर जनजीवनमा परेको छ।

सबभन्दा बढी हरितगृह ग्यास उत्सर्जन गर्ने मुलुक चीन हो। चीनपछि उच्च हतिरगृह ग्यास उत्सर्जन गर्ने अमेरिकाले पेरिस सम्झौताबाट अलग भएको घोषणा गरिसकेको छ। अमेरिक राष्ट्रपति डोनाल्ड ट्रम्पले जलवायु परिवर्तनका कारण निम्तिएका समस्यालाई अस्वीकार गर्दै आएका छन्।


## बर्गिकृत डिस्प्ले

**जग्गा बिक्रिमा**
राधे राधे भाटभटेनीबाट उत्तर हाइटमा १०मिटर बाटोसंगै जोडिएको हस्पिटल, स्कूल, कलेज, हाउजिङ गर्न मिल्ने १२ रोपनी एकमुस्ठ जग्गा बिक्रिमा
9851085890
9851027576

**होटल तालिम**
(१००% रोजगारी मुलक)
कुक (इण्डियन, चाईनिज, कन्टिनेन्टल, इटालियन, मेक्सिकन) वेटर,वारमेन,क्याप्टेन, होटल-सुपरभाइजर, रिसेप्सनिष्ट, हाउसकिपीङ
❖5 Star होटलका प्रशिक्षक बाट तालिम।
❖बिदेश जानेहरुको लागि स्पेशल कोर्ष।
❖Ex-practical को लागि होटलहरुमा पठाईने।
सक्षम नभएमा पुन: कक्षा गराएर सक्षम बनाईने।
International Hotel Training Pvt. Ltd.
Balaju Chowk, Kathmandu
Ph.: 01-4384548, 9869248082

**७७ जिल्लाको लागि डिलर चाहियो**
प्रति महिना १० लाख सम्म कमाउने अवसर
सम्पर्क नं. ९८५१००१०६६ (What's app Only)
कार्यालय सम्पर्क : ०१-४२३९६८१
Email : superofoods@gmail.com
marksuppliers255@gmail.com

**चाहियो**
10 Delivery boys
Bike र License भएको
Salary: Rs 14000+ Fuel+Recharge+ Insurance
01-5525261 Ext. 2017

**घर विक्रीमा**
बानियाटार सूर्यदर्शन हाईट, नमुना प्लानिङ् अवस्थित साढे ३ तल्ले आकर्षक फुल फनिष्ट घर बिक्रिमा
मूल्य रु. १ करोड ७५ लाख। (बैंक लोनको सुबिधा)
घर धनी: ९८५१००६०४४

फ्रि-होम डेलिभरी
**यौन-शक्ति**
यौन सम्बन्धी सम्पूर्ण समस्याहरूको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरू: जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुन उमार्न-Hair Building Fiber
★हेलो शप नेपाल★
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

**आवश्यकता**
एक प्रतिष्ठित सहकारी संस्थाको लागि कर्मचारी आवश्यकता
1. Cashier (2 Female)
BBS (Salary Rs. 15,000+Allowance)
2. Collector (5 Female)
SEE/10+2/BBS (Salary Rs. 15,000+Allowance)
3. Office Assistant (2 Male)
10+2/BBS (Salary Rs. 15,000+Allowance)
मोटर साइकल भएको व्यक्तिलाई विशेष प्राथमिकता दिईने छ।
इमेल तथा सम्पर्क:
Interested candidate are requested to send their CV.
Tel: 4109922, Email:gpoudyalg@gmail.com

**होटल म्यानेजमेन्ट कन्सलटेन्ट**
होटल बिषेसज्ञ
होटल सम्बन्धि सम्पूर्ण व्यवस्थापन
9851154507

**जग्गा बिक्रीमा**
बोहोराटार, रानीवनको रमणीय स्थानमा रिसोर्ट तथा अन्य प्रोजेक्टका लागि उपयुक्त ६ रोपनी जग्गा, प्रतिआना रु. १९ लाखमा, बनस्थली स्कुलबाट २.५ कि.मी. माथि, नागार्जुन जंगलसँगै जोडिएको र १२ फिटको बाटो भएको, अति आकर्षक जग्गा तु. बिक्रीमा छ।
९८०११११३५०५
९८०१११५०४६
(कृपया ब्रोकरहरुले सम्पर्क नगर्नुहोला)

**८५ कर्मचारी अर्जेन्ट**
इच्छुक हुँदा काम आजैबाट | काम घर अफिसमानै
No Interview, 100 % Job
साधारण लेखपढ गर्नजाने नजाने देखी Test/SEE/+2
योग्यता: Above महिलापुरुष विधार्थीगृहिणी जोकोहीले पनिगर्नसक्ने
तलब: 24,500-49,000/-
सुविधा: खानखाजा+बसभाडा-२०० (Parttime/Fulltime गर्न मिल्ने)
तिनकुनेचोकैमा
01-5199302 (जनता बैंक नजिकै (CSS Nepal))
9861604419, 9823705671
नोट: यो Online, Markting अफिस होइन, दक्षता, क्षमता र योग्यतामा तलब बढने।

**२५ कामदार अर्जेन्ट**
इच्छुक हुँदा काम आजैबाट | काम घर अफिसमानै
No Interview, 100% Job
योग्यता: Test, SEE, +2 above देखि
लेखपढ गर्न जान्ने नजान्ने महिलापुरुष विद्यार्थी गृहिणी सबैले गर्न मिल्ने
तलब 17,500/-देखि 37,000/-सम्म
सुविधा: खाजा खर्च १०० बसभाडा १००
समय: 9:00 AM- 5:00 PM (क.नि. शर्त लागु हुनेछ)
Shift: Morning/Day/Evening/Night मा पनि गर्न सकिने
नयाँबस पार्क गोंगबुचोक
BG Mall को अगाडी
9843323480, 9813266213
यो मार्केटिङ Oneline जब होइन। अर्जेन्ट परेको हुँदा इच्छुक व्यक्ति जोकोहीले तु सम्पर्क गर्नुहोला।

**41 कर्मचारीहरु अर्जेन्ट**
काम: अफिसभित्रै
No interview, 100% Job
योग्यता:Test, SLC, +2 साधारण लेखपढ गर्न जान्ने/नजान्ने
सुविधा:- गाडीभाडा:-१००।- खाजा:-१००।-
तलब: १७,५००-४६,५००/-
समय:-9 to 4:00PM/ 12 to 4:00 PM
चावहिल
KL Tower अगाडि
9808544589,9840352832
महिला/गृहिणीलाई घरैमा कामको व्यवस्था

**GENERATOR बिक्रिमा**
15 KVA - 1000 KVA
सम्पर्क:
९८५११२४०११, ९८५११२४१२०
९८५१२०७५६३

**उपचार**
१. यस हस्पिटलमा दक्षिण कोरियाबाट झिकाईएको अत्याधुनिक उपकरण प्रयोग गरि मलाशय र मलद्वार सम्बन्धित सम्पूर्ण रोगहरुको विशेष परिक्षण गरिन्छ। साथै अमेरिकी HCPT प्रविधिबाट अत्याधुनिक उपकरणहरु प्रयोग गरि बिभिन्न किसिमका पाइल्स Anal Fistula मलद्वार सम्बन्धि सम्पूर्ण रोगहरुको प्रभावकारी उपचार गरिन्छ।
२. काखी गन्हाउने समस्याको उपचार गरिन्छ।
३. हाडजोर्नी एवं नशासम्बन्धी रोगहरुको अकुपंचर प्रणालीबाट उपचार गरिन्छ।
४. स्त्रीरोग एवं महिलाहरुको स्तन सम्बन्धी रोगहरुको उपचार गरिन्छ।
चाइनिज पिपल्स हस्पिटल
बौद्ध-६, काठमाण्डौ, फोन : ०१-४४८६५८६
९८२३६६२२६४, (बौद्ध गेट अगाडि)

**घर बिक्रीमा**
हात्तीवन, माउण्ट भ्यू रेजिडेन्सीपछाडि शान्त कोलोनीमा अत्यन्त मजबुत, सुन्दर, नयाँ बंगला बिक्रीमा।
राम्रो छ- आउनुहोस्, हेर्नुहोस् अनि मन पराएर किनिहाल्नोस्।
९८६००७२५००

**TEACHER WANTED**
Level: +2 Chemistry
(Full time day shift)
Experience: at least 3 years
Salary: Attractive
Heartland Academy, Bafal
9861926737
9861695780
www.heartlandacademy.edu.np

**चुनढुङ्गाको दाना र पाउडर बिक्रिमा**
कुखुरा दानाको लागी चाहिने चुनढुङ्गाको दाना र पाउडर थोक बिक्रिमा
(नयाँ बोरामा प्याक गरिएको)
सम्पर्क
९८०१०५६१३९, ९८४०६००७९४
info@shaktimineral.com

**WANTED**
Position
1. Chartered Accountant (1)
2. Architect (2)
3. Civil engineer (2)
4. Electrician (3)
5. Plumber (2)
6. Administration & Security Supervisor : (2)
Contact
01-5111000
bimashkhadkaa@gmail.com

**30 कर्मचारी अर्जेन्ट**
काम अफिसभित्रै घरैमा पनि गर्न मिल्ने
No Interview जब आजैबाट गर्न सकिने
योग्यता: साधारण लेखपढ वा Test, SEE, +2 above जोकोहिले पनि गर्न सकिने
तलब: २२,०००-२४,५००
सुविधा: खाजा+ गाडीभाडा २०० extra
सामाखुसी चोकैमा
गरिमा विकास बैक नजिकै
9842768410
9823566595
नोट: आफ्नो दक्षता, क्षमता र योग्यताको आधारमा तलब बढ्ने

नेपाल सरकारबाट मान्यता प्राप्त
**८५ कर्मचारीहरु अर्जेन्ट**
काम: अफिसभित्रै
No interview, 100% Job
योग्यता:Test,SEE, +2 साधारण लेखपढ गर्न जान्ने/नजान्ने
सुविधा:- गाडीभाडा:-१००।- खाजा:-१००।-
काम: कम्प्यूटर/उत्पादन सेक्टर
तलब:-Parttime: 24,500/- Fulltime: 48,500/-
समय: 12 to 4PM/9 to 5PM
बसुन्धाराचोक
ईजिलिंक नेपाल मल्टीपर्पोज प्रा.लि.
9803822235,9845494590

**FOUNDATION देखि FINISHING सम्म**
अब एउटै छानामुनी सम्पूर्ण निर्माण सामाग्रीको लागी हामीलाई सम्झनुहोस्
Prefab Homes Solution
Fire Proof Doors & windows | Wall partition | Sound & Acoustic Solution | Insulation | Home Decor Ceilings | Sanitary wares & Fitting | Modular Kitchen Furnishing | Lights & electrical | Paints | Cement & rebar Water tanks | Aggregate, Sand, Brick & Blocks Hardware & Tools
Arati Building Hub Pvt Ltd
Hattigauda, Kathmandu Showroom : 4376949
Head Office: 01-5903091
9801033180 | 9801133197 | 9801133196
info@aratico.com.np | www.aratico.com.np

**भाडामा**
ल.पु. लगनखेल पाटन हस्पिटल नजिक मेनरोड GM Complex मा बैंक, अफिस सोरुम तथा केही सटरहरु
सम्पर्क
९८५१०४६८९७, ९८४९९३३५६०

**SUTTER ON RENT**
1200 Sq. Ft. Sutter Suitable for Showroom, Department Store, Financial Institute, Office at Koteshwor main highway.
Contact 9851023377 9841602457

**चाहियो**
एक प्रतिष्ठित "क" वर्गको निर्माण कम्पनीको लागि हलुका सवारी चालकको आवश्यकता परेको हुंदा ईच्छुक व्यक्तिले आफ्नो नागरिकता तथा सवारी चालक प्रमाणपत्र सहित तुरुन्तै सम्पर्क राख्नुहोला।
सम्पर्क: नक्साल
४४१६१२८, ४४१६१२९
(बिहान ९ -बेलुकी ६)

**आकर्षक घर विक्रिमा**
बुढानिलकण्ठ सिद्दार्थ कोलनी नजिकै ५.५ आना जग्गामा बनेको ४ बेडरुम ६ वाथरुम भएको सम्पूर्ण सुविधा सम्पन्न रोज भिल्लाको केहि घरहरु विक्रिमा।
९८४३०३६४६५
बिकाश जी

१००% जब ग्यारेन्टी
**सेक्युरिटी अर्जेन्ट**
तालिम गरेका/नगरेका महिला/पुरुष सेक्युरिटीगार्ड चाहियो
(खाने बस्ने सुविधा,डे/नाइट,पार्टटाइम फुलटाइम जुन गरेपनि मिल्ने
डियुटी स्थान:आफुलाई पायकपर्ने ठाउँमा
तलब: १९,००० देखि २५,००० सम्म
योग्यता: साधारण लेखढ
9862820308
9823411221
01-4465471
नयाँबसपार्क, माछापोखरी/चावहिल

**WANTED**
Secondary Level Teacher
C. Math Teacher -1
In Thamel
Ph: 9841207398

नेपाल सरकारबाट मान्यता प्राप्त
**६५ कर्मचारीहरु अर्जेन्ट**
काम: अफिसभित्रै
No interview, 100% Job
योग्यता:Test,SEE, +2 साधारण लेखपढ गर्न जान्ने/नजान्ने
सुविधा:- गाडीभाडा:-१००।- खाजा:-१००।-
काम: कम्प्यूटर/उत्पादन सेक्टर
तलब:-Parttime: 24,500/- Fulltime: 48,500/-
समय: 12 to 4PM/9 to 5PM
जोरपाटीचोक
9823032655
9840089976

**चलिरहेको कलेज बिक्रीमा**
संचालनमा रहेको कलेज तु. बिक्रीमा
9851229342

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
बालाजु स्कुल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी, बालाजु काठमाडौंको
**निशुल्क तालीम सम्बन्धि सूचना**
वैदेशिक रोजगार बोर्डको सचिवालयको प्रायोजनमा १महिने निशुल्क सीप तथा रोजगार मुलक तालीम हुदैछ।
तालिमका विषयहरु:इलेक्ट्रिसियन, प्लम्बर,असिस्टेन्ट वेल्डर,सटरिङ्ग कार्पेन्ट्री,डकर्मी(मेशन),स्टिल फिक्सचर र एसिस्टेन्ट स्काफोल्डर
सम्पर्क: ४३५०२१३,४३५०२२८ ९८१०१०१२२७

**कुर्ची मर्मत**
जुनसुकै किसिमका घरायसी तथा अफिसियल कुर्ची, सोफाहरु सस्तो र सुलभ मूल्यमा तपाईंको घर अफिसमै मर्मत गर्नुपरेमा हामीलाई सम्पर्क गर्नुहोला।
सम्पर्क: 9826190317 प्रेमजी, बालाजु, काठमाडौं

**SALARY Up To Rs. 30,000/-**
1) Receptionist - 1 Female
2) English and Nepali Typist - 1 Female
Application Deadline: 11th December 2019
Readmost Publication
Tinthana, Kirtipur
Mobile No: 9818612514, 9851244913
Email: yadavchandradip706@gmail.com

**WANTED**
HOSTEL WARDEN (Lady)
Preference will be given to Bachelor in English or Science plus 2-3 years experience in teaching
Kantipur English Academy
Gongabun, Kathmandu
01-5904834, 9841870558

**चाहियो**
काठमाडौं महानगरमा दर्ता भएको Primary School चाहियो।
सम्पर्क:
९८०८४६४४३२

**बर्गिकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने**
श्याम स्वेत: रु. ३०००/-*
स्पट कलर: रु. ३५००/-*
मल्टि कलर: रु. ५०००/-*
* उपरोक्त दररेटहरुमा मूल्य अभिवृद्धि कर समावेश गरिएको छैन।

# अस्ट्रेलिया दोस्रो घर

■ नारायण खड्का (अस्ट्रेलिया)

नेपथ्यले २८ वर्षको सांगीतिक करिअरमा दर्जनौं देशमा सयौं कन्सर्ट गर्‍यो । अहिलेसम्म लाखौं स्वदेशी तथा विदेशी दर्शकसामु संगीत प्रस्तुत गरिसकेको नेपथ्यलाई माया गर्नेको कमी छैन तर पनि सन् २०१२ मा अस्ट्रेलियाको सिड्नीस्थित टाउनहलमा आयोजित कन्सर्टले उनीहरूको सांगीतिक करिअरमा जुन पखेटा थपिदियो, त्यसले संसारभरि संगीतमा उडान भर्ने बाटो खोलिदियो । त्यसैले पनि हुन सक्छ, नेपथ्यले अस्ट्रेलियालाई आफ्नो दोस्रो घर ठान्छ र अहिले पाँचौं सांगीतिक शृंखलाका क्रममा अस्ट्रेलियामा छ ।

'वास्तवमा भन्ने हो भने ७ वर्षअघिको त्यो सिड्नीको कन्सर्ट नेपथ्यको सांगीतिक करिअरका लागि टर्निङ पोइन्ट नै भयो,' आफ्नो पाँचौं अस्ट्रेलिया टुर र संगीतबारे कान्तिपुरसँग कुराकानी गर्दै नेपथ्यका लिड गायक अमृत गुरुङले खुलाए । 'बेलायतको वेम्बलीमा भएको कन्सर्ट पनि त्यही सांगीतिक कार्यक्रमको देन हो भन्ने लाग्छ ।' अस्ट्रेलियामा जुन अलग माया, प्रेम र सम्मान नेपथ्यले पाइरहेको छ, उनलाई त्यो अतुलनीय भएको लाग्छ । 'नेपाल हाम्रो पहिलो घर हो भने अस्ट्रेलिया हाम्रा लागि दोस्रो घर हो किनकि यहाँ जुन माया र स्नेह पाउँछौं, त्यो पृथक् छ ।' उनी त्यसैले पनि अस्ट्रेलियामा नेपथ्यको सांगीतिक यात्रा पाँचौं पटकसम्म पुगिसकेको ठान्छन् ।

'लोकरक' लाई नेपाली सांगीतिक विधामा स्थापित गराएको नेपथ्यले यसपटक यहाँका ६ राज्यका विभिन्न अन्तर्राष्ट्रियस्तरका कार्यक्रमस्थलमा संगीत प्रस्तुत गर्दै छ । १२ जनाको सांगीतिक समूहसहित डेढमहिने यात्राका लागि यहाँ आइपुगेको नेपथ्यले ब्रिसबन र डार्बिनमा कार्यक्रम गरिसकेको छ भने एडिलेड, तास्मानिया, सिड्नी र मेलबर्नमा हुने कार्यक्रमको तयारीमा जुटिसकेको छ । यस वर्ष पनि नेपथ्यले आफ्नै परम्परागत लोकरक शैलीमै दर्शकलाई मनोरञ्जन दिइरहेको छ भने दुईवटा नयाँ गीत पनि रिलिज गर्दै छ । 'हामीले जे गर्ने सबै दर्शकश्रोताको चाहना र मनअनुसारै गर्ने हो किनभने दर्शकश्रोताको चाहना बुझ्न सकिएन भने कुनै पनि संगीत सर्जकले आफूलाई सफल भन्न सक्तैन,' गुरुङ सुनाउँछन् । नेपथ्यको संगीत र प्रस्तुत गर्ने शैली नेपाली माटो सुहाउँदो, शब्द संगीतमा ठेट नेपालीपना भएको र संस्कृति उजागर गर्ने भएकाले समेत दर्शकहरूले मन पराइदिएको उनी ठान्छन् । विदेशमा रहेका नेपालीले खोजेको नेपालीपनसहितको सांगीतिक भाव नेपथ्यमा पाउने भएकाले विदेशमा धेरै माया पाइएको गुरुङ सुनाउँछन् । उनी आफूहरूले सिर्जना गर्ने संगीत भूगोल सुहाउँदो, भ्रमण, संगत र अध्ययनपछि निकालिएको धुन हुने भएकाले समेत आफूहरू नेपाली जनमानसमा भिज्न सकेको हुन सक्ने अड्कल गर्छन् ।



'नेपथ्यले अस्ट्रेलियामा जुन अलग माया, प्रेम र सम्मान पाइरहेको छ, त्यो अतुलनीय छ'

नेपथ्यको आफ्नोपनलाई जीवित राख्नकै लागि गुरुङले नेपालको बझाङबाहेकका सबै जिल्ला घुमिसकेका छन् । उनी अहिले बसिरहेको दक्षिण अस्ट्रेलियाको अल्डिङ्गा विचबाट समेत दैनिक २० किलोमिटरसम्म पैदल यात्रामा निस्कछन् । 'म जहाँ जान्छु हाम्रो नेपाली संगीतका केही न केही नयाँपन दिने मौलिकताको खोजीमा हुन्छु । उनी आफ्नो यात्राबारे प्रस्ट पार्छन् । उनी नेपथ्यले संगीत मात्र प्रस्तुत गर्नेभन्दा पनि दर्शकहरूको आत्मसन्तुष्टिलाई समेत ध्यान दिने गरेको दाबी गर्छन् ।

'नेपाली संगीत क्षेत्रमा झन्डै ३० वर्ष बिताएका छौं र सम्पूर्ण नेपालीले राखेको अलगपनको संगीतको तृष्णा पूरा गर्ने प्रयास गरिरहेका छौं,' गुरुङ भन्छन्, 'त्यसैले पनि हुन सक्छ, अस्ट्रेलियामा नेपथ्यले अहिलेसम्म जुन किसिमका ठूला र नाम चलेका कार्यक्रमस्थल र दर्शक संख्या पाएको छ त्यो अन्य नेपाली सांगीतिक समूह र गायकहरूले विरलै पाउने गरेका छन् ।'

# लन्डनमा नेपाल चिनाउँदै

■ नवीन पोखरेल (लन्डन)

आगामी साता हुने 'मिस वर्ल्ड प्रतियोगिता' मा प्रतिस्पर्धा गर्न १ सय २५ मुलुकका सुन्दरी यतिखेर लन्डनमा छन् । बन्द प्रशिक्षण (कोरियोग्राफी), विभिन्न विधाका प्रतियोगिता र नयाँनयाँ 'आइकोनिक' ठाउँ घुमघाम । विगत १२ दिनदेखि यसरी नै बितेको छ उनीहरूको दैनिकी । त्यही भीडमा मिस नेपाल अनुष्का श्रेष्ठ भने नेपाल चिनाउने प्रयत्नमा छिन् । विश्वभरका साथी बनाइरहेकी छन् र तिनलाई नेपालको विशेषता घोकाउँदै छिन् । 'ताज जित्ने आत्मविश्वास नलिई त को आउँछ र ?' उनले कान्तिपुरसँग भनिन्, 'त्यसबाहेक म फर्कंदा नेपाल नचिन्ने कोही नहोस् भन्ने मेरो उद्देश्य छ ।'

अधिकांश प्रतियोगीसँग उठबस हुँदा कतिपयलाई 'सबैभन्दा अग्लो हिमाल 'सगरमाथा' नेपालमा छ । जीवित देवी 'कुमारी' नेपालमै छिन् । भूकम्पपछि पुनर्निर्माण कार्य पनि जारी छ, देश १८ घन्टा अन्धकारमा रुमल्लिएको छैन' जस्ता कुरा हेक्का रहेनछ । मिस नेपाल त्यो भ्रम चिर्न प्रयत्नशील छन् । 'प्राकृतिक सौन्दर्य नै नेपालको पहिचान हो । हामीसँग संस्कृति, भेषभूषा, धर्म, जातजाति र मौसमको विविधता छ भनिरहेकी छु,' उनले सुनाइन् ।

६९ औं मिस वर्ल्ड प्रतियोगिता भइरहँदा नेपाललाई उत्कृष्ट ताज अहिलेसम्म मिलेको छैन । यद्यपि अनुष्कालाई नेपालले हारिरहेको कत्ति अनुभव हुन्न र पालो आउँछ भन्ने लाग्छ । 'विश्वका सबै देशबाट सर्वोत्कृष्ट प्रतियोगी नै आएका हुन्छन् । उनीहरूलाई मैरै देशले जिते हुन्थ्यो भन्ने हुन्छ । तर, मलाई सके ताज जिऔं नत्र फर्कंदा कम्तीमा नेपाल नचिन्ने कोही नहोस् भन्ने लाग्छ,' उनी भन्छिन् । प्रतियोगिताका लागि मिहिनेत भने गरिरहेको उनले बताइन् ।

आफ्नो विवेक र क्षमताले भ्याएसम्म मिस वर्ल्डमा बलियो उपस्थिति जनाउने उनको प्रण छ । विशेष गरी मल्टिमिडिया र 'हेड टु हेड च्यालेन्ज' विधामा अनलाइन मत दिएर सहयोग गर्न देशविदेशस्थित नेपालीलाई उनको आग्रह छ । 'ब्युटी विथ प्रपोज' अन्तर्गत आफ्नो परियोजनालाई समर्थन गरिदिए आफू कृतज्ञ हुने बताइन् । 'विशेष गरी सकारात्मक प्रभाव फैलाउने मेरो ध्येय छ । आफ्नो क्षमताले एकजना मान्छेको जीवनमा मात्र सुधार गर्न सकियोस् अनि विस्तारै परिवार, समाज, देश र विश्वलाई नै परिवर्तन गर्ने सोच हामीमा हुनुपर्छ,' 'मिस इन्टेलेक्चुअल' उपाधिकी विजेतासमेत रहेकी अनुष्काले भनिन् ।

लन्डनको क्रिसमस शृंगार र उज्यालोले उनको मन तानेको छ । यहाँका पौराणिक अनि अत्याधुनिक भवनहरूको सम्मिश्रण र विकास देखेर दंग छिन् उनी । फुर्सदको समय बेलायतका नेपालीसँग भेटघाट पनि जारी छ । एनआरएनए पदाधिकारीपछि अनुष्काले सप्ताहन्त लन्डनस्थित नेपाली राजदूत डा. दुर्गाबहादुर सुवेदीसँग भेटघाट गरिन् । आउनुअघि प्रधानमन्त्री केपी शर्मा ओली र अमेरिकाका नेपाली राजदूतसँग पनि उनको भेटघाट माहोल बनेको थियो । 'नेपाल सरकारको सकारात्मक धारणा छ । उहाँहरूले तपाईं नेपालको राष्ट्रिय दूत नै हो भनेर ममा भूमिका निभाउन सक्ने क्षमता देख्नुभएकाले मिस नेपाल परिवर्तन र प्रभाव पार्न सक्ने पद रहेछ भन्ने लाग्छ,' उनी आफ्नो जितलाई उपलब्धि ठान्छिन् । अहिले नेपालमा पनि मिस नेपाल प्रतियोगितालाई प्रभावकारी र सामाजिक योगदान पुर्‍याउन सक्ने पदका रूपमा बुझ्न थालिएको अनुष्काको धारणा छ । 'मिस वर्ल्ड प्रतियोगिता' यही डिसेम्बर १४ तारिख लन्डन एक्सेलमा हुने तयारी छ ।



मिस वर्ल्ड प्रतियोगितामा भाग लिन बेलायत पुगेकी मिस नेपाल अनुष्का श्रेष्ठ । *तस्बिर : शंकर श्रेष्ठ/कान्तिपुर टिभी*

# 'नग्नता संस्कारले दिँदैन'



**अमेरिकी** मोडल नरगिस फाख्रीलाई भारतीय फिल्म निर्देशक इम्तियाज अलीले फिल्म 'रकस्टार' मा डेब्यु गराउँदै बलिउड भित्र्याएका थिए । किङफिसरको क्यालेन्डर फोटोसुटमा नरगिसको सुन्दरतादेखि प्रभावित इम्तियाजले भाषाको समस्याका बाबजुद पनि नरगिसलाई रणवीर कपुरको अपोजिटमा ब्रेक दिएका थिए । फिल्मले प्रशंसा र पैसा दुवै बटुल्यो ।

नरगिसको अभिनयको भन्दा ज्यादा सुन्दरताको तारिफ भयो । त्यसपछि छिटपुट फिल्महरू पाइरहिन् । हलिउड फिल्म 'स्पाई' समेत खेलिसकेकी नरगिस आफूलाई ग्लोबल सिटिजन भन्न रुचाउँछिन् । कारण, उनी पाकिस्तानी बुबा र चेक आमाकी सन्तान हुन्, जो अमेरिकामा मोडलिङपछि बलिउडमा अभिनयमा लागिन् । हालैको एक अन्तरवार्तामा नरगिसले आफू बलिउड आउनुको कारण खुलाएकी छन् । 'बलिउड फिल्ममा यौनका दृश्य नहुने भएकैले म यहाँ फिल्म खेल्न आएकी हुँ,' नरगिसले आफ्नो आदर्श, विचारधारा र नैतिकताले यौनजन्य दृश्य भएका फिल्म खेल्न नदिने तर्क गरेकी छन् । भनेकी छन्, 'म फिल्म खेल्न बलिउड आएकोमा निकै खुसी थिएँ । किनकि त्यहाँका फिल्ममा सेक्स सिनहरू हुँदैनथे । र, मैले आफूलाई फिल्मको बहानामा क्यामेरा अघि नंग्याउन परेन ।' उनले एक एडल्ट स्टार ब्रिट्नी डेला मुरसँगको कुराकानीमा यस्तो धारणा व्यक्त गरेकी हुन् । नरगिसले आफ्नो मूल थलो पाकिस्तान भएकोले पनि भारतसँग कला, संस्कृति मिल्ने भएकोले बलिउड प्रवेश सुखद रहेको बताइन् ।

कुराकानीकै क्रममा आफूलाई एडल्ट म्यागाजिन प्लेब्वाईले समेत कभर फोटोसुटका लागि मोटो रकमसहित अफर गरेको खुलासा गरिन् । भनिन्, 'जब म मोडलिङ गरिरहेकी थिएँ । त्यसबेला प्लेब्वाई म्यागाजिनले कलेज संस्करणका लागि फोटोसुटका लागि केही मोडलहरू खोजिरहेको रहेछ । मेरो एजेन्टमार्फत् उक्त म्यागाजिनले मलाई मनग्गे पैसा दिएर फोटोसुट गराउन चाहेको थियो । तर मैले मानिनँ किनभने त्यस्तो काममा जति नै धेरै पैसा आउने भए पनि मलाई नग्न बन्न मेरो संस्कारले दिँदैन ।' *- एजेन्सी*

## शैली संक्षेप

### जोशीको योगदानबारे 'जुरेली दर्शन'

विराटनगर (कास)- संस्कृतिविद् सत्यमोहन जोशीको जीवनका महत्त्वपूर्ण क्षण र योगदानबारे अन्वेशक कवि अनिल पौडेलद्वारा लिखित कृति 'जुरेली दर्शन' कृतिमा परिचर्चा गरिएको छ । मोरङ बेलबारीस्थित साहित्य विकास समितिले गरेको परिचर्चामा कृतिका सर्जक पौडेल पुस्तक लेखन क्रममा संस्कृतिविद् जोशीसँग भएका रोचक र महत्त्वपूर्ण प्रसंगहरू सुनाए । 'उहाँको जीवनशैली अचम्मको पाएँ,' पौडेलले भने, 'शताब्दी पुरुष बनिसक्नुभएका उहाँ हामीभन्दा छिटो उठ्नुहुन्छ । तन्नेरीभन्दा पनि बढी क्रियाशील हुनुहुन्छ उहाँ ।'

पौडेलले नेपाली संस्कृति, सम्पदा, भाषा-साहित्य र समग्र वाङ्मयमा जोशीको योगदान ठूलो रहेको दाबी गर्दै आफूले 'सिन्धुबाट बिन्दु बटुल्ने कोसिस गरेको' बताए । बेलबारी नगर प्रमुख ज्ञानेन्द्र सुवेदीले कला र साहित्यतिर आफ्नो ज्ञान नभए पनि रुचि भएकाले नगरको कला, साहित्य, संगीत र संस्कृतिलाई भरथेग गर्न स्थानीय तह लागिरहेको बताए । पुस्तकमाथि टिप्पणी गर्दै कवि इरान राईले मिहिनेतका साथ सरल भाषामा जोशीबारे रोचक र गहन विषय पस्किएको बताए । टिप्पणीकार बैजयन्ती मिश्रले कृतिमा 'जुरेली दर्शन' को आलोकमा संस्कृतिविद् जोशीको योगदान चर्चा गरिएको बताए ।

### रानी बनिन् निता

काठमाडौं (कास)- सञ्चारकर्मी दीपेन्द्र घिमिरेको शब्दमा गायिका मेनुका पौडेलको स्वर रहेको गीत 'रङ्गभित्रको...' को भिडियो मंगलबार सार्वजनिक भएको छ । गीतमा एसडी योगीको संगीत रहेको छ भने संगीत संयोजन रिकेश गुरुङले गरेका हुन् । एक रानीको राजासँगको मायाको चाहना तर राजाको बेवास्तालाई कथानक बनाइएको सार्वजनिक गीतको भिडियोमा नायक निराजन प्रधान र नायिका निता ढुंगानाको अभिनय रहेको छ । भिडियोलाई शान थापाले निर्देशन गरेका हुन् भने अनिल के मानन्धरको छायांकन र सुप्रिम पराजुलीको सम्पादन रहेको छ ।

### पूर्वकी स्रष्टा राजधानीमा

काठमाडौं (कास)- मोरङ बेलबारीकी कवि बादलदेवी चाम्लिङ राजधानीमा आयोजित 'अविरल जनसाहित्य यात्रा' को ६२ औं शृंखलामा प्रस्तुत भएकी छन् । जनसाहित्यिक महासंघ नेपालले गर्दै आएको शृंखलामा यसपटक उनको एकल कविता वाचन भएको हो । चाम्लिङले आफ्नो साहित्य यात्रा, दैनिकी र सिर्जनाका विषयमा बोल्दै एक दर्जन कविता वाचन गरिन् । दुई वर्षअघि प्रकाशित कवितासंग्रह 'पाठेघर' बाट उनले 'प्रकृति', 'आमा', 'घर', 'पहाड', 'तलाउ' लगायतका ८ वटा र अप्रकाशित 'बोक्सी', 'गाउँकी मेरी सुन्दर भाउजू', 'चालमा रहनु' लगायतका कविता सुनाइन् । उनलाई वाचनका लागि कवि अनिता लामा र रोजिता बुद्धाचार्यले सघाएकी थिइन् । कवि लामाले 'प्रकृति' र 'तलाउ' गरी दुईवटा कविता सुनाइन् भने बुद्धाचार्यले महिलाकै विषयमा केन्द्रित कविताहरू 'दृश्यमा उनी' र 'गाउँकी मेरी सुन्दर भाउजू' सुनाइन् ।

सहरिया परिवेशभन्दा टाढा बसेर सिर्जना गरिएका आफ्ना कवितामा गाउँकै पन आउन सक्ने बताइन् कवि बादलदेवीले । प्राज्ञ एवं कवि लक्ष्मी मालीले चाम्लिङलाई समाजमा आफूले देखेको, भोगेको कुरालाई मिहिन तरिकाले विश्लेषण गर्ने कविको रूपमा विश्लेषण गरिन् । अधिकांश उनका कविता महिला विषय प्रधान रहेको माली उल्लेख गरिन् ।


पूर्वाञ्चल विश्वविद्यालय

सम्बन्धन प्राप्त Engineering कलेजहरूको पून: प्रवेश परिक्षा भर्ना सम्बन्धी अत्यन्त जरूरी सूचना

१. आबेदन दिने अन्तिम मिति:- सामान्य दस्तुरमा २०७६ मंसिर १९ र दोब्बर दस्तुरमा २०७६ मंसिर २६ गतेसम्म ।

२. न्युनतम शैक्षिक योग्यता:- बिज्ञान बिषयमा (Physical or Bio Group) उच्च माध्यमिक तह वा A-Level वा Engineering Diploma वा सो सरहको परीक्षामा न्युनतम 45% वा प्रत्येक बिषयमा कम्तीमा 'C' Grade र Total GPA न्युनतम 2.00 प्राप्त गरि उत्तीर्ण गरेको ।

BE Civil - 144
BE Computer - 60
B. Architecture - 40
Acme Engineering College
Sitapaila,Kathmandu,Nepal
Tel:4282962,4280445,4670924, 9851137071
E-mail: acme@acme.edu.np
Website: acme.edu.np

BE Civil - 48
BCA - 40
BIT - 40
BBA - 40
The Aryan School
Aryan School of Engineering
Devkota Sadak, Mid Baneshwor, Kathmandu, Nepal
Tel. No.: 01-4485146, 4482217 9808402709
Website: http://www.thearyanschool.edu.np
Email: info@thearyanschool.edu.np

BE Civil - 48
BBA - 40
MBA- 30
Central Engineering College Province No - 2
Bijay Bhawan (North of Ramananda Chowk West of Highway) Janakpurdham - 8, Dhanusha, Nepal
Tel No : 977 - 41-527336 , 9854021897
Email: centralengineeringcollege@gmail.com
Website: www.cecnti.com

BIT - 40
BCA - 80
BBA - 80
BE COMPUTER - 40
College of Information Technology & Engineering (CITE)
Subidhanagar, Tinkune, Kathmandu, Nepal
Tel : +977-1-4111840, 01-4111503
E-mail: info@cit.edu.np

BE Civil - 96
BE Electrical - 48
Hillside College of Engineering
Balkumari, Koteshwor, Kathmandu
Tel No.: 01-5147207 , 01-5147010, 9801127974
Email: info@hillside.edu.np

BE Civil - 144
BE Computer - 40
BCA - 80
BIT - 40
BBA - 80
Kantipur City College (KCC)
Putalisadak, Kathmandu, Nepal
Tel No.: 4430239, 4437093
Hotline No: 9860352875
Email: admission@kcc.edu.np www.kcc.edu.np

BE Civil - 48
B Architecture - 48
BBA - 80
BHM - 120
BHCM - 120
BID - 48
MBA - 30
MHM - 30
Kantipur International College (KIC)
Lubhu, Lalitpur, Nepal
Tel. No.: +977-1-5582564, +977-1-5582565
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal
Tel: +977-1-4780564, 4783904
Website: www.kantipurinternational.edu.np
Email: kicexam@gmail.com www.facebook.com/kic.engg
Email: info@kantipurinternational.edu.np

BE Civil – 48
PBN – 40
BE Electrical – 48
B Sc (Hons.) Ag –96
BV Sc & AH – 48
BSc Nursing - 20
Nepal Polytechnic Institute (NPI)
Bharatpur, Chitwan, Nepal
Phone: 056- 572417, 056-421261
Mobile: 9855060769, 9855060768
Email: npibharatpur2052@gmail.com
Website : www.npi.edu.np

नोट : +2, Bio Group मा Extra Math नलिएका विद्यार्थीले पनि BE पढ्न पाउने ● Engineering Diploma को Final Exam दिएका विद्यार्थीले पनि फाराम भर्न पाउने ।

# राउटेलाई रक्सीको लत

■ **ज्योति कटुवाल** (दैलेख)

तीन वर्षअघि राउटे मुखिया वीरबहादुर शाहीका छोरा २२ वर्षीय कपिल शाही आगोमा परेर घाइते भए । दुखाइ कम गर्न उनले मदिराको सहारा लिन थाले । गत साता स्वास्थ्यमा समस्या देखिएपछि उनलाई उपचारका लागि कर्णाली प्रदेश अस्पताल भर्ना गरियो ।

वीरेन्द्रनगरमा उपचार हुन नसकेपछि उनलाई सोमबार काठमाडौं रिफर गरिएको छ । नियमित अत्यधिक मदिरा सेवनले उनका मिर्गौलाले काम गर्न छाडेको चिकित्सकको भनाइ छ । उनी मात्र होइन, मदिराको अत्यधिक सेवनका कारण राउटे समुदायमा विभिन्न स्वास्थ्य समस्या देखिन थालेका छन् । यसले बालबालिकादेखि वृद्धवृद्धासम्मको ज्यान जोखिममा परेको स्वास्थ्यकर्मीको भनाइ छ ।

१० वर्षको अवधिमा राउटे बस्तीमा एक सय १४ जनाको मृत्यु भएको छ । त्यसमध्ये धेरैजसो मदिरा सेवनको असर देखिएर मृत्युवरण गर्नेहरू छन् । मदिरा सेवनका कारण अधिकांश राउटेको शरीर फुलेको स्वास्थ्यकर्मी बताउँछन् । ०६४ सालमा दैलेखमा बस्ती बस्दा राउटेको संख्या २ सय ६८ थियो । त्यसयता राउटे समुदायमा जन्मदर र मृत्युदर बराबर जस्तै छ । अहिले १ सय ५० जना राउटे गुराँस गाउँपालिकाको सामुदायिक वनमा बसिरहेका छन् ।

**१० वर्षमा राउटे बस्तीमा ११४ जनाको मृत्यु भयो । त्यसमा मदिरा सेवनका कारण ज्यान गुमाउने धेरै छन् ।**

मदिराकै कारण केही वर्षअघि भीरबाट खसेर महामुखिया ऐनबहादुर शाहीको ज्यान गयो । कृष्णबहादुर शाही र बिर्खबहादुर शाहीले पनि मदिरा सेवनकै क्रममा ज्यान गुमाए । राउटे बस्तीमा पुरुष मात्र नभई बालबालिका र महिलाले समेत मदिरा सेवन गर्छन् । 'पहिले हामी घरेलु औषधि बनाएर खान्थ्यौं,' ७६ वर्षीया मुदुषी शाहीले भनिन्, 'अहिले बाहिरको औषधि खान्छौं । रक्सीले बिगार्‍यो तर सबैले खान्छन् ।' केही समययता बलालबहादुर शाहीसहित पाँच युवामा गम्भीर स्वास्थ्य समस्या देखिएको छ । बिरामी भएका बेला पनि मदिरा सेवन गरेकाले उनीहरूको ज्यान जोखिममा परेको छ ।

डडेल्धुराका दानसिंह राउटे कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालयअन्तर्गत राउटेको स्वास्थ्य सुधार र सरसफाइ अभियानमा खटिएका छन् । 'राउटेलाई सम्झाइबुझाइ गर्न सजिलो छैन,' उनले भने, 'हाम्रो अस्तित्व संकटमा पर्न थालेको छ ।' राउटे बस्तीमा महिनामा चारपटक स्वास्थ्य जाँच गरिँदै आएको उनले बताए । 'औषधि कम, रक्सी धेर खाएर समस्या भयो,' उनले भने । बस्तीमा आउने अधिकांशले मदिरा, सुर्तीजन्य पदार्थ र केही रकम दिने गरेकाले पनि अधिकांश अम्मली बनेको उनको भनाइ छ । सुधार ल्याउन प्रयास भने जारी रहेको उनले बताए ।


## दुबईको Restaurant मा रोजगारको अवसर

SARAY AL TURKI COFFEESHOP & RESTAURANT, UAE

पुर्व स्विकृति मितिः २०७६।८।८ चलानी नं. ६०१४६७७३ LT No. 227556

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब N. Rs. | ओभर टाइम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1 | Waiter | 15 | 5 | काममा दक्ष | 1200 | 36000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaners | 3 | 2 | | 900 | 27000 | | | | | | | |
| 3 | Assistant Cooks | 5 | 0 | | 1200 | 36000 | | | | | लागत खर्चः १०००० | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ताः कम्पनीको प्रतिनिधीवाट मेनपावर कार्यालय, काठमाडौंमा 5 & 6 Dec. 019 मा हुनेछ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

OSHO Recruiting Agency Pvt. Ltd.

श्रम इजाजत नं.: ७९५/०६५/६६ सम्पर्कः 9841574642, 9808095746, 9851016346, 9810245477, 9851087916, 9851003828 पुरानो वानेश्वर, काठमाडौं, फोनः ४४८४७९८



## FREE VISA ! FREE TICKET !!

EMIRATES FAST FOOD CO. L.L.C.

कम्पनी अन्तर्गतको McDonald's यु.ए.ई.बाट नेपाली कामदारको माग भै आएको हुनाले तल उल्लेखित ठेगानामा अन्तर्वार्ताकोलागि आफ्नो अनुभवको कागजात सहित यथासिघ्र सम्पर्क राख्नुहोला ।

पूर्व स्वीकृति मितिः २३/०७/२०१९ पुनः स्वीकृति मितिः ०३/१२/२०१९ एल.टी. नं.# २२२२५४ पुनःविज्ञापन चलानी नं. : ३२६ चलानी नं. : ६०१४२०६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1. | Restaurant Worker | 346 | 420 | 1050 | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | ३० दिन | छ | छ | २ बर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कस्ले व्यहोर्ने | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले दिने र कति लाग्ने | सेवा शुल्क |
| --- | --- | --- | --- | --- | --- | --- |
| कामदारले | दिने | कामदारले | हुने | निःशुल्क | निःशुल्क | निःशुल्क |

NOTES
* Age: 20 - 30 years Old and Attend the Interview with Formal Uniform, Jeans are not allowded.
* Education: Minimum 10+2 Pass (Communicable English) and Smart Looking.
* Experience: Minimum 2 year Experience in Related Field.

प्रि-अन्तर्वार्ताः २०७६ मंसिर २२ देखि २७ गतेसम्म

फाइनल अन्तर्वार्ताः २०७६ पौष २ देखि ४ गतेसम्म ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी : १. आफ्नो नाममा भिषाप्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य रूपमा लिनुहोला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफूलाई कठिनाई पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापनमा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४. विदेश जानु अघि अभिमुखीकरण तालिम अनिवार्य लिनु पर्नेछ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम गर्ने कम्पनी, पाउने सेवा, सुविधा र अन्य सर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ (एक) प्रति आफू संग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

SOS Manpower Service Pvt. Ltd.
Dhapasi, Kathmandu, Near Hotel Shahenshaha
Email: info@sosgroup.com.np, www.sosgroup.com.np
Tel. (Hotline): 01-4365986 / 4355745
Licence No. 80/052/53



## Free Visa ! Free Ticket ! Free Services Charge !

कतारको बहुप्रतिष्ठित ग्रुप KATARA HOSPITALITY अन्तर्गत THE AVENUE A MURWAB HOTEL मा रोजगारको अवसर

THE AVENUE A MURWAB HOTEL

कम्पनीः THE AVENUE HOTEL., Doha, Qatar

पूर्व स्वीकृती मितिः २०७६।०८।१७ चलानी नं. ६०१४७५२५ LT.No. 228387

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1 | Chef or Cook | 02 | 02 | स. कामका दक्ष | 1500 | ४७,१७५ | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Labourer | 01 | 02 | | 900 | २८,३०५ | | | | | | | |
| 3 | Assistant | 02 | 0 | | 1800 | ५६,६१० | | | | | | | |

नोटः यसै कम्पनीको लागि (1) Bus boy, Steward, (2) Waiter/Waitress, Doorman, Bell man, Valet parker, Linen Room Attendant, Room Attendant, Coffee Bar Attendant, Painter, Pool Attendant, Laundry Attendant (3) Receiving Clerk, Store Keeper Clerk, Receptionist (4) Public Area Cleaner Supervisor, Demi Chef-bakery, Accountant (5) Plunber, AC Tecnician (6) Sous Chef/Pastry Chef, Demi Chef, Chef de Partie(7) Security Manager (8) Marketing executive/ coordinator, Housekeeping Supervisor, Sales Executive, Sales Manager, Duty Manager, Order Taker, Capitain, Bartender, Commi l, Commi ll, Commi lll, Spa Therapiest, Animator, Senior Life Guard, Life Guard, Security Officer, Outlet Cashier, Reservation Agent, Engineering Shift Leader. हरुको पनि माग भै आएको हुँदा इच्छुक व्यक्तिहरुले निःशुल्क परामर्शको लागि सम्पर्क गर्न सक्नु हुनेछ ।

नोटः होटल Experience लाई विशेष प्राथमिकता दिईने छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | भीषा स्ट्याम्पीङ्ग शुल्क | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष यवस्था | सेवा शुल्क तथा जम्मा खर्च |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| कामदारले तिर्ने | रोजगारदाताले वेहोर्ने | कामदार आफैले | बिमा हुने प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले वेहोर्ने | कामदार आफैले | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | निःशुल्क |

प्रि अन्तरवार्ता 4 देखि 09 Dec., 2019) सम्म हुने छ । र प्रि अन्तरवार्तामा पास हुनेहरुलाई मात्र फाइनल अन्तरवार्तामा समाबेश गराईने छ । फाईनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधीबाट मिति २०७६ मंसिर २४ गते (10 December, 2019) काठमाण्डौ अफिसमा हुनेछ ।

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी** :- (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । (२) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । (४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । (५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । (६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नु होला ।

SAAN NEPAL (A Manpower Consultant) Gov. Lic.no.734/064/065

सान नेपाल प्रा.लि.

बत्तिसपुतली-९, काठमाण्डौ, नेपाल, पो.ब.नं. ४०६९

फोन नं. ४४८४९७७, ४४६३०२६, ४४८५०७७, मो. नं. ९८०३४१३७६९, ९८०१०८८६१६

Email : managersaan@gmail.com


# द्वन्द्वको घाउबाट तंग्रिँदै पन्डौन

विस्थापित गाउँले घर फर्किए, सरकारी कार्यालयहरू फर्किएनन् । तिनलाई अझै खोज्दै धनगढी पुग्नुपर्ने दिन भने अन्त्य भएन ।

■ **मोहन बुढाऐर** (पन्डौन, कैलाली)



कैलालीको मोहन्याल सिमस्थित कमल बमको घर । सशस्त्र द्वन्द्वकालमा यो घर तत्कालीन माओवादी नेताको सेल्टर थियो । *तस्बिर : कान्तिपुर*

तत्कालीन माओवादीको 'सुदूर आधार इलाका' मानिने पन्डौनमा सशस्त्र द्वन्द्वको घाउ मेटिँदै गएको छ । माओवादीले त्यसबेला पश्चिम तराई ताक्ने किल्लाका रूपमा बनाएका 'बंकर' भग्नावशेषमा परिणत हुँदै गएका छन् । स्थानीय बासिन्दा पनि स्वाभाविक जीवनयापनमा अभ्यस्त हुन थालेका छन् ।

साविकको पन्डौन गाविसको केन्द्र खिमडी पनि द्वन्द्वका घाउबाट तंग्रिँदै छ । मोहन्याल गाउँपालिकाको कार्यालय पनि यहीं छ । साविकका मोहन्याल, पन्डौन र सुँगरखाललाई गाभेर मोहन्याल गाउँपालिका बनाइएको हो । 'सशस्त्र द्वन्द्वकालमा चुरेमा उक्लिने चारैतिरका बाटामा माओवादीका चेकपोस्ट 'बंकर' थिए । नयाँ मान्छेलाई प्रवेश गर्न मुस्किल हुन्थ्यो । स्थानीयले माओवादीको 'पास' (अनुमतिपत्र) लिएर मात्र तराई आउजाउ गर्न पाउँथे,' स्थानीय शिक्षक मीनबहादुर चन्दले सुनाए ।

यहाँका बासिन्दाले कहिल्यै नबिर्सने घटना खिमडी र पन्डौनका भिडन्त हुन् । खिमडीको भृकुटी माविमा २०६० र पन्डौनमा २०६१ मा ठूलो भिडन्त भएको थियो । दुवै घटनामा सेना र तत्कालीन विद्रोही माओवादी पक्षको ठूलो क्षति भएको थियो । ८१ वर्षीय लालमुनि बोहरा खिमडी भिडन्तका साक्षी हुन् । त्यसबेला उनी उक्त विद्यालय व्यवस्थापन समितिका अध्यक्ष थिए । 'विद्यालयलाई शान्ति क्षेत्रको कुरो यही घटनापछि उठेको हो,' उनले भने, 'स्कुल छुट्टी भएको १ घण्टापछि स्कुल छेउमा पुगेका सैनिकमाथि माओवादीले आक्रमण गरेका थिए ।'

बोहराका अनुसार चुरेको १५ सय उचाइ काटेर खिमडीमा सेना पहिलोपल्ट पुगेको थियो । त्यसअघि यहाँ माओवादीको एकछत्र राज जस्तै थियो । घटनापछि सेनालाई यहाँसम्म पुर्‍याउनमा कसैको मद्दत र सुराकी रहेको माओवादीले आकलन गर्‍यो । 'यो घटनापछि कोही जंगल पसे, कोही सहर पसे,' उनले सम्झिए, 'गाउँमा केटाकेटी, महिला र वृद्धवृद्धा मात्रै रहे ।' उनी पनि माओवादीको अपहरणमा परे । 'राति माओवादीको कब्जाबाट फुत्केर धनगढी पुग्दा ज्यान जोगिएको हो,' उनले भने ।

सेनाले पनि मोहन्याल खलुबलुका एक जना बस्नेत थरका निर्दोषको हत्या गरेको बोहराले बताए । ती व्यक्ति आफन्त भेट्न घटनाको अघिल्लो दिन आएका थिए । खिमडीको घटनापछि सेनाले केही दिनसम्म चलाएको 'सर्च अपरेसन' ले पनि स्थानीय विस्थापित भए । सेनाको अपरेसनबाट बच्न गाउँमै बसेका युवा पनि माओवादीसँगै लाग्न बाध्य भएको बोहराले सम्झिए । माओवादीले सुरक्षा निकायमा गएका परिवारलाई गाउँ निकालाको घोषणा गर्‍यो । कैयौं परिवारले रुँदै थातथलो छाडे । मुलुक शान्ति प्रक्रियामा फर्केपछि मात्रै उनीहरू गाउँ फर्किन पाए । माओवादी समर्थक भएकाहरूले सहर देख्न पाएका थिएनन् । दुवै परिवारबीच शत्रुजस्तो सम्बन्ध थियो ।

**'तत्कालीन माओवादी सरकारमा जाँदा गाउँलेले घरघरमा दीपावली गर्दै बस्तीमा मोटर पुगेकोदेखि रोजगारीसम्मका सपना देखे । तर १५ वर्ष बित्यो, ती केही पूरा भएनन् ।'**

'केका लागि यत्रो युद्ध भयो ? मनमा प्रश्न अनुत्तरित रह्यो,' बोहराले भने, 'किन यति धेरैको रगत बग्यो ?' तत्कालीन माओवादीका ठूला नेता भेट्न पाए यही कुरा सोध्ने धोको छ उनलाई । सशस्त्र युद्धले समाज र संस्कृति भाँड्ने तथा विकासको गति रोक्ने काम गरेको उनको विश्लेषण छ । भृकुटी माविका शिक्षक भक्तप्रसाद भण्डारीले शान्ति प्रक्रियापछि धेरै समय सत्तामा रहेको तत्कालीन माओवादीले आफ्नो आधार इलाकाको विकासमा दिलचस्पी नदेखाएको बताए । 'माओवादी शान्ति प्रक्रियाबाट सरकारमा जाँदा स्थानीयले घरघरमा दीपावली गरेका थिए,' उनले भने, 'निकै ठूला सपना देखेका थिए, गाउँघरमा मोटर पुगेकोदेखि रोजगारीसम्म । तर बितेको १५ वर्षमा माओवादीप्रति स्थानीयको आश/विश्वास सबै टुट्यो ।'

भण्डारीका अनुसार संकटकालमा विस्थापित भएका सरकारी कार्यालय स्थापना हुन सकेका छैनन् । सेवाग्राहीले जनप्रतिनिधि र पालिकाका कर्मचारी खोज्दै दुई दिन पैदल हिँडेर धनगढी पुग्नुपर्ने दिन अन्त्य भएको छैन । बल्लतल्ल अहिले खिमडीसम्म मोटरबाटोको ट्र्याक मात्रै खुलेको छ ।

माओवादी शान्ति प्रक्रियामा गएपछि कांग्रेस र तत्कालीन एमालेभन्दा फरक हुन नसकेको तत्कालीन माओवादीका पूर्व स्थानीय कार्यकर्ताको बुझाइ छ । 'स्थानीय तहको निर्वाचनमा मोहन्याल गाउँपालिकाबाट माओवादीले हार बेहोर्नुको कारण 'जनयुद्ध' का सहयोगी जनतालाई बिर्सनु हो,' तत्कालीन गाजस (गाउँ जनसरकार) उपप्रमुख गणेश बमले भने । स्थानीय तहमा तत्कालीन एमालेले जितेको छ । मोहन्याल कठउर गाउँका रजबार टेकबहादुर बमले अहिले समाजमा स्वतः भाइचाराको सम्बन्ध विकास भएको बताए ।

उनले राज्य र माओवादीबाट पीडित परिवारबीचको आपसी सम्बन्ध र नाता पनि पुनः जोडिएको बताए । 'बन्द भएका धार्मिक मेला लाग्न सुरु भएका छन्,' उनले भने, 'गाउँमा विकास पुग्न नसके पनि समाजमा आएको अमनचैन र शान्तिले खुसी छु ।'

**उद्योगमन्त्री भट्टको बंकर**

कैलाली क्षेत्र नम्बर ४ बाट निर्वाचित तत्कालीन माओवादी नेता लेखराज भट्ट ३ पटक मन्त्री पदमा पुगेका छन् । उनी मुलुक शान्ति प्रक्रियामा अघि बढेयता आफूले भूमिगत जिन्दगी बिताएको मोहन्याल भने एकपटक पनि पुगेका छैनन् ।

साविकको मोहन्याल-२, सिमकमल बमको घर उनको लुक्ने ठाउँ थियो । सेनाको हवाई गस्तीबाट बच्न उनले त्यही घरभित्र बंकर खनेका थिए । अहिले पनि ७५ वर्षीय बम त्यही घरमा छन् । उनका अनुसार नेता भट्ट देश बनाउने अनेक कुरा गर्थे । सर्वहारा वर्गको उत्थानको लडाइँमा साथ दिने जनता यो देशको शासक बनाउने भन्थे । अहिले ती गफ झूटा भएको उनले महसुस गरेका छन् ।

**पति कुर्दै लाहुरे बज्यै**

साविकको मोहन्याल-५, कटौजे जिमकट्टेकी ६० वर्षकी रमिता घर्तीमगर आफ्ना पति इन्डियन आर्मी करनसिंहको बाटो कुरेरै बसेकी छन् । २०५९ वैशाख २१ गते तत्कालीन शाही सेनाले समातेर लगेका उनी फर्किएका छैनन् । पूर्व इन्डियन आर्मी करनसिंह बेपत्ताको सूचीमा छन् । 'बाटो कुरेरै बसेकी छु । न श्वास छ, लास छ,' उनले भनिन् । उनले सरकारबाट १० लाख राहत पाएकी छन् । तर आफ्नो निर्दोष पति फर्किन्छन् कि भनेर उनले बाटो हेर्न छाडेकी छैनन् ।


## भावपूर्ण श्रद्धाञ्जली

जन्म
१९९३ आषाढ ९



स्वर्गारोहण
२०७६ मंसिर ६

स्व. विनय गुरुवाचार्य

मेरा प्रातः स्मरणीय पति तथा हाम्रा पुजनीय पिता विनय गुरुवाचार्यको असामयिक निधन भएको आज १३ औं पुण्यतिथीमा दिवंगत आत्माको चीर शान्तिको लागि ईश्वरसँग प्रार्थना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

साथै, यस दुखद घडीमा हामीप्रति समवेदना प्रकट गर्नुहुने हाम्रा आत्मियजन, नातेदार तथा सम्पूर्ण शुभेच्छुकहरुप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

श्रीमती : सरोज गुरुवाचार्य

छोरा/बुहारी
बिनाज गुरुवाचार्य/मून प्रधान

छोरी/ज्वाइँ
डा. सविना गुरुवाचार्य/प्रज्वल रिमाल

नाति
बिनायक गुरुवाचार्य

नाति
सत्रिश रिमाल

नातिनी
माहिना गुरुवाचार्य

एवं

सम्पूर्ण गुरुवाचार्य परिवार


# मौसमी 'राडार' सञ्चालन

वीरेन्द्रनगर (कास)- नेपालकै पहिलो मौसमी 'रेडियो डिटेक्सन एन्ड रेन्जिङ' (राडार) सुर्खेतको वीरेन्द्रनगर-१३, रातानाङ्लामा स्थापना भएको छ । मौसमसम्बन्धी पूर्वसूचना दिने यो प्रणालीको मंगलबार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले उद्घाटन गरे ।

२०७५ कात्तिक १४ मा निर्माण सम्पन्न भए पनि प्राविधिक समस्याले राडार सञ्चालनमा आउन सकेको थिएन । सुर्खेतमा जडित राडारले दिने सूचना जल तथा मौसम विज्ञान विभाग काठमाडौंबाट संकलन गरिने छ । विश्व बैंकको सहयोगमा १७ करोड रुपैयाँ लागतमा राडार जडान गरिएको हो । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव रवीन्द्रनाथ श्रेष्ठका अनुसार यसले कर्णाली प्रदेशका साथै सुदूरपश्चिम प्रदेश र ५ नम्बर प्रदेशभित्र पर्ने ४ सय किलोमिटर दूरीसम्मको मौसमको पूर्वसूचना दिनेछ । 'राडारले वर्षा, वर्षाको प्रकार तथा तीव्रता, वायु प्रणालीको बहाव, बादलको अवस्था, चक्रवातको बहिर्भावको स्थिति, असिना, हिउँ, चट्याङ, बाढीलगायत जोखिमको पूर्वानुमान गर्नेछ,' उनले भने, 'यसले मौसमी प्रतिकूलताका कारण हुने प्राकृतिक जोखिम न्यूनीकरण गर्न महत्त्वपूर्ण टेवा दिनेछ ।' यसअघि यसबाट लिइने जानकारी अमेरिकामा रहेको इन्टरप्राइज इलेक्ट्रोनिक्स कोअपरेसन (सीईसी) ले संकलन गर्दै आएको र सोही कम्पनीसँगको सम्झौतामा नेपालमा राडार जडान गर्ने प्रक्रिया सुरु गरिएको उनले बताए ।

राडारबाट प्राप्त तथ्यांक र सूचनाका आधारबाट पश्चिम क्षेत्रमा हुने मौसमजन्य प्रकोप र तिनीहरूको असरलाई उल्लेख्य रूपमा घटाउन सकिने मन्त्रालयले जनाएको छ । मौसमविज्ञका अनुसार मौसमी राडारले सेकेन्ड-सेकेन्डमा निष्कासन हुने विद्युत्-चुम्बकीय लहरहरू वायुमण्डलमा रहेको बादल र हावामा भएका पानीको थोपासँग ठोक्किएर आएको तथ्यांकलाई मापन गर्ने काम गर्दछ ।

राडारले कर्णालीमा हवाईयात्राको अवस्थाबारे सहयोग गर्नुका साथै कृषकलाई समेत बालीनाली लगाउन मद्दत पुर्‍याउनेछ । मन्त्री पुनले यसको सदुपयोगले जोखिम व्यवस्थापनमा सहयोग पुग्ने बताए ।

**बाली भित्र्याउँदै**
बाराको औंधापुरमा धानको बोझा लैजाँदै ।





# बैंकर्स संघमा दाहाल निश्चित



काठमाडौं (कास)- वाणिज्य बैंकहरूको छाता संगठन नेपाल बैंकर्स संघको अध्यक्षमा भुवन दाहाल चयन हुने भएका छन् । संघको नयाँ नेतृत्वका लागि अरू कसैको उम्मेदवारी नपरेपछि दाहाल निश्चित भएका हुन् । संघको ३३ औं वार्षिक साधारणसभाले उनलाई अध्यक्ष पदमा चयन गर्नेछ । आउँदो बिहीबार संघको सधारणसभा हुँदै छ । संघका अध्यक्ष ज्ञानेन्द्रप्रसाद ढुंगानाको दुईवर्षे कार्यकाल सकिएपछि उक्त पदमा दाहालको उम्मेदवारी परेको हो ।

दाहाल सानिमा बैंकका प्रमुख कार्यकारी अधिकृत हुन् । उनीसँग बैंकिङ क्षेत्रको २८ वर्षको अनुभव छ । दाहालले नबिल बैंकबाट करिअर सुरु गरेका हुन् । सहायक पदबाट बैंकिङ करियर सुरु गरेका दाहालले करिब २२ वर्ष नबिल बैंकमै काम गरे । नबिलबाट बाहिरिँदा उनी प्रमुख सञ्चालन अधिकृत (सीओओ) थिए । ६ वर्षअघि उनी डेपुटी सीईओमा सानिमा गएका हुन् । त्यसको ६ महिनापछि उनले प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी पाएका थिए । दाहाल वित्तीय क्षेत्रका बौद्धिक सीईओ मानिन्छन् ।

संघको नयाँ कार्यसमितिका लागि मंगलबार ५ बजेसम्म उम्मेदवारी दिनुपर्ने थियो । सो अवधि सम्म सबै पदमा एक/एक जनाको मात्र उम्मेदवारी परेको निर्वाचन समितिका संयोजक एवं कार्यकारी निर्देशक अनिल शर्माले बताए । 'अध्यक्ष पदमा सानिमा बैंकको मात्र उम्मेदवारी परेको छ,' उनले भने, 'सो प्रस्ताव साधारणसभाबाट पारित हुनुपर्छ ।'

संघमा अध्यक्ष, उपाध्यक्ष र सात सदस्य गरी ९ जनाको कार्यकारी समिति हुन्छ । तीमध्ये अध्यक्ष, उपाध्यक्ष र ५ जना सदस्यका लागि अहिले निर्वाचन हुन लागेको हो । संघमा बैंक सदस्य हुने व्यवस्था छ । बैंकको प्रतिनिधित्व प्रमुख कार्यकारी अधिकृतले गर्छन् ।

मंगलबारसम्म संघको उपाध्यक्षमा नेपाल एसबीआई बैंकका प्रमुख कार्यकारी अधिकृत अनुकूल भटनागरको उम्मेदवारी परेको छ । उनी अहिले पनि संघको उपाध्यक्ष छन् ।

कृषि व्यापारमा असन्तुलन

# ३ अर्ब निर्यात हुँदा साढे २७ अर्बको आयात

■ **राजु चौधरी** (काठमाडौं)

पछिल्लो चार महिनामा ३ अर्ब रुपैयाँको कृषिबाली निर्यात हुँदा साढे २७ अर्बको आयात भएको छ ।

सिँचाइ, उत्पादन लागत, सरकारी नीति, बजारीकरणको अभावलगायत कारण कृषि वस्तुको व्यापारमा ठूलो असन्तुलन देखिएको हो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको चौमासिक प्रगति विवरणअनुसार अलैंची, चिया, अदुवा, कफी र ताजा तरकारीको निर्यात भएको छ । खाने तेल, धान, आलु, मकै, प्याज, गहुँ, ताजा तरकारी, स्याउ, केरा, आँपलगायत बालीको आयात भएको छ ।

प्रगति समीक्षाअनुसार सबैभन्दा बढी खानेतेल (सोयाबिन/सनफ्वार) तेल खरिदमा ७ अर्ब ६६ करोड रुपैयाँ बाहिरिएको छ । यो अघिल्लो वर्षको सोही अवधिको तुलनामा २६ करोड रुपैयाँले बढी हो । ४ महिनामा ६ अर्ब ३० करोड रुपैयाँको धान आयात भएको छ । मन्त्रालयले अघिल्लो वर्ष धान उत्पादनमा रेकर्ड कायम भएको दाबी गरेको थियो । हाल धानको उत्पादकत्वप्रति हेक्टर ३.७६ टन छ ।

चालु आवको अन्त्यसम्ममा ३.९० पुर्‍याउने मन्त्रालयको योजना छ । चालु आर्थिक वर्षमा गरिमा धानको नक्कली बीउ, फौजी किरालगायत प्रकोपले उत्पादन घट्ने आकलनसमेत गरिएको छ । यसले आयातमा थप वृद्धि हुने जानकारहरू बताउँछन् । राष्ट्रिय कृषक समूह महासंघ नेपालका निवर्तमान अध्यक्ष उद्धव अधिकारीका अनुसार मुख्यत सिँचाइ, अनुदान र नीतिका कारण परनिर्भर भएको भएको हो । 'राष्ट्रिय जनगणना २०६८ अनुसार मुलुकभर ३८ लाख घरधुरी किसान छन् । पर्याप्त सिँचाइ छैन । सरकारी नीतिले किसानलाई गनेन,' महासंघको संस्थापक अध्यक्षसमेत रहेका अधिकारीले भने, 'नीतिकै कारण किसान पलायन हुँदै छन् । कृषिको आयात भयावह हुँदै छ ।' महासंघका अनुसार प्रकोपले बाली नष्ट हुँदासमेत किसानले राहत/क्षतिपूर्ति पाएका छैनन् । कृषिको अनुदान कृषकको नाममा कार्यकर्ता र कर्मचारीको हातमा परेको छ । जसले गर्दा कृषि बालीमा सुधार हुन नसकेको महासंघको दाबी छ । मन्त्रालयको प्रगति विवरणअनुसार आलु खरिद गर्न ३ अर्ब ८४ करोड रुपैयाँ बाहिरिएको छ ।

अघिल्लो वर्षको ४ महिनामा ३ अर्ब ११ करोड रुपैयाँको आलु आयात भएको थियो । आलु मुख्यत चीन र भारतबाटै आयात हुन्छ । मकै खरिदमा ३ अर्ब ८१ करोड रुपैयाँ बाहिएको छ । यो रकम अघिल्लो वर्षको सोही अवधिमा भन्दा ४५ करोड रुपैयाँले बढी हो । नेपालमा पर्याप्त उत्पादन नभएपछि ब्राजिल, अर्जेन्टिना लगायतबाट आयात भएको मकै कुखुराको दानामा प्रयोग हुन्छ । विवरणअनुसार ४ महिनाको अवधिमा १ अर्ब ५९ करोड रुपैयाँको प्याज आयात भएको छ । प्याजको आयात ११ करोड रुपैयाँले घटेको छ । प्याज मुख्यतः भारतबाट आयात हुन्छ । खडेरी र भारी वर्षाले भारतमा प्याज खेतीमा असर परेपछि माग धान्न भारतले निर्यात प्रतिबन्ध लगाएको छ । निर्यात प्रतिबन्ध हुँदा आयात केही घटेको हो । कृषिविज्ञ कृष्ण पौडेलका अनुसार उत्पादन लागत/आम्दानीका आधारमा किसानहरू खेती रोजेका छन् । तर, उत्पादन लागत बढी हुँदा किसानले खेती गर्न छाडेका छन् । यीबाहेक बजारीकरणको पनि समस्या छ । 'किसानले मात्रै बजारीकरण गर्न सक्दैन । किसान संगठित नहुँदा मूल्य तोक्न सक्दैन,' कृषिविज्ञ पौडेलले भने, 'कृषिलाई उद्यम मान्ने हो भने राज्यले पुँजी, अनुदान सहुलियत वा सहज रूपमा ऋण पाउने व्यवस्था मिलाउनुपर्छ ।'

हाल सहकारीले २४ प्रतिशतसम्ममा ऋण दिने गरेका छन् । चर्को ब्याजमा खेती गरे पनि किसानले धानबाहेक कृषि उपजमा लागत मूल्य पाउँदैनन् । मन्त्रालयको प्रगति विवरणअनुसार गहुँ बालीमा भने केही सुधार भएको छ । अघिल्लो वर्ष ४ महिनामा २ अर्बको आयात भएको गहुँ हाल ४८ करोडको आयात भएको छ । सरकारले १५ औं योजनाका लागि गहुँको उत्पादन २४ लाख २० हजार टन पुर्‍याउने लक्ष्य राखेको छ । ताजा तरकारी आयातमा ३ करोड रुपैयाँ खर्च भएको छ । तरकारी मुख्यतः भारतबाट र फलफूल चीनबाट आयात हुन्छ । आयात हुने अधिकांश तरकारी कालीमाटी तथा फलफूल बजारमा भित्रिन्छ । कालीमाटी तरकारी बजारले उपत्यकाको करिब ७५ प्रतिशत मागलाई सम्बोधन गर्छ । भारतले कृषिजन्य वस्तुमा पर्याप्त मात्रामा अनुदान दिन्छ । जसले गर्दा त्यहाँको उत्पादन सस्तो भई आयात हुन्छ ।

**मुख्य कृषि बालीको आयात**

| बाली | रकम |
|---|---|
| सोयाबिन/सनफ्वार तेल | ७६६ करोड |
| धान | ६३० करोड |
| आलु | ३८४ करोड |
| मकै | ३८१ करोड |
| प्याज | १५९ करोड |
| गहुँ | ४८ करोड |
| ताजा तरकारी | ३ करोड |
| स्याउ | २६२ करोड |
| आँप-कागती | ६५ करोड |
| केरा | ५५ करोड |
| कुल | २७५३ करोड |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय*

# नेपालको स्याटेलाइटमा ओमनको पनि विरोध

■ **विजय तिमल्सिना** (काठमाडौं)

नेपालले राख्न लागेको स्याटेलाइटका कारण आफ्नो स्याटेलाइट प्रभावित हुने भन्दै ओमनले अन्तर्राष्ट्रिय दूरसञ्चार युनियन (आईटीयू) प्रोटेस्ट हालेको छ । ओमनले उक्त पत्र नेपाल सरकारलाई पनि पठाएको छ ।

नेपालले राख्न लागेको स्याटेलाइटबाट ओमनले आफ्नो स्याटेलाइटको एउटा अंश प्रभावित हुने दाबी गरेको हो । नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले ओमनले पत्र पठाएको जानकारी दिँदै वार्ताबाट समाधान हुने बताएका छन् ।

'हामीले आईटीयूलाई स्याटेलाइट राख्ने औपचारिक जानकारी गराएपछि आईटीयूले आफ्ना सदस्य राष्ट्रयलाई यसको विस्तृत विवरणसहित जानकारी गराएको थियो,' खनालले भने, 'ओमनले आफ्नो स्याटेलाइटको केए ब्यान्ड प्रभावित हुन्छ भन्दै पत्र पठाएको छ ।'

नेपालले राख्न लागेको स्याटेलाइटमा केयू र सी ब्यान्डसहित केए ब्यान्डको पनि राख्ने तयारी गरी आईटीयूलाई पत्र लेखिएको उनले जानकारी दिए । केए ब्यान्ड बढी ब्यान्डविथ दिन सक्ने शक्तिशाली मानिन्छ । यो विशेषगरी उच्च गतिमा डाटा ट्रान्सफरका लागि काम लाग्ने ब्यान्ड भनी पहिचान भएको छ ।

नेपाललाई कम्युनिकेसन स्याटेलाइट राख्नका लागि आईटीयूले १२३.३ पूर्वी देशान्तरको स्लट उपलब्ध गराएको छ । नेपालले यही स्थानमा स्याटेलाइट राख्नका लागि फ्रान्सको थ्यालस एलेनियासँग समझदारी गरिसकेको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले पुसभित्र स्याटेलाइट राख्नका लागि फ्रान्सेली कम्पनीसँग सम्झौता गर्ने तयारी गरेको छ ।

**यसअघि विरोध गर्ने लाओससँग वार्ता जारी**

यसअघि स्याटेलाइट राख्ने स्थानमा लाओसले पनि विवाद जनाएपछि नेपाल र लाओसबीच वार्ता जारी छ । नेपाल सरकारले आफ्नो पहिलो स्याटेलाइट अन्तरिक्षमा पठाउने तयारी गरिरहँदा लाओसले अन्तर्राष्ट्रिय टेलिकम युनियन (आईटीयू) मा पत्र पठाएपछि यो विवाद सतहमा आएको हो ।

नेपालले आईटीयूबाट पाएको स्लटमा स्याटेलाइट राख्दा आफूले राख्न लागेको स्याटेलाइटलाई असर पर्ने लाओसको दाबी छ । लाओसले आईटीयूबाट निःशुल्क पाएको स्थानमा सन् २०१५ मा स्याटेलाइट राखिसकेको छ । चीनको सहयोगमा लाओसले अन्तरिक्षको १२८.५ पूर्वी देशान्तरमा स्याटेलाइट राखिसकेको छ । लाओसले आईटीयूसँग स्लट किनेर १२६ पूर्वी देशान्तरमा अर्को स्याटेलाइट राख्ने तयारी गरेको छ । लाओस्टर-१ नाम दिइएको यो स्याटेलाइटलाई असर गर्ने भन्दै लाओसले आईटीयूसँग नेपालले राख्न लागेको स्याटेलाइटप्रति असन्तुष्टि व्यक्त गरेको हो । साउन तेस्रो साता सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका तत्कालीन सचिव महेन्द्रमान गुरुङको नेतृत्वमा मन्त्रालयका सहसचिव राधिका अर्याल, दूरसञ्चार प्राधिकरणका निर्देशक विजयकुमार रायसहितको टोली लाओस पुगेर लाओससँग विवाद समाधानका लागि वार्ता गरेको थियो ।

सरकारले आफ्नै स्याटेलाइट राख्नका लागि फ्रान्स सरकारको स्वामित्व भएको थेल्स एलेनियासँग समझदारी गरिसकेको छ । फागुन अन्तिम साता भएको समझदारीमा तीन महिनाभित्र सम्झौता गर्ने भनिए पनि हालसम्म आईटीयूलाई स्याटेलाइट स्लटका लागि 'फाइलिङ' गर्ने बाहेक प्रगति भएको छैन ।

आईटीयूले नेपाललाई सन् १९८४ मै दुई स्थानमा स्याटेलाइट राख्न स्लट उपलब्ध गराएको थियो । नेपालले १२३.३ पूर्वी देशान्तरबाहेक ५० पूर्वी देशान्तरमा पनि स्याटेलाइट राख्नका लागि स्लट पाएको छ । योमध्ये १२३.३ पूर्वी देशान्तरमा मा स्याटेलाइट राख्न सरकारले तयारी गरेको हो । सरकारले नै गठन गरेको विज्ञ समूहले भने सरकारले राख्न लागेको स्याटेलाइटको स्लट परिवर्तनका लागि सुझाव दिएको छ । नेपाल दूरसञ्चार प्राधिकरणले तयार पारेको स्याटेलाइट रणनीतिसम्बन्धी अध्ययन प्रतिवेदनमा आईटीयूले उपलब्ध गराएको स्लटमा स्याटेलाइट राख्दा त्यसको फुटप्रिन्ट (प्रभाव क्षेत्र) नेपालमा मात्रै केन्द्रित हुने भन्दै परिवर्तनका लागि सुझाव दिइएको हो । वीरेन्द्रप्रसाद प्रधान र मिथिलेशचन्द्र झासहितको टोलीले तयार पारेको प्रतिवेदनमा नेपालले आईटीयूसँग स्लट परिवर्तनका लागि माग गर्नुपर्ने वा आफूले पाएको स्लट अरूलाई भाडामा दिन वा अर्को स्लट भाडामा लिन सकिने सुझाव दिइएको छ ।

आईटीयूले दिएको स्लटमा सन् २०१५ भित्रमा स्याटेलाइट राखिसक्नुपर्ने भए पनि नेपालले अनुरोध गर्दै समय थप्न लगाएको थियो । नेपालले राख्ने तयारी गरेको स्याटेलाइटमा ३८ वटा ट्रान्सपोन्डर राख्न सकिने प्रतिवेदनमा जनाइएको छ । हरेक ट्रान्सपोन्डरमा ३६ मेगाहर्ज ब्यान्डविथ हुने अनुमान छ । पूर्ण रूपमा उपयोग भए प्रतिट्रान्सपोन्डर प्रतिवर्ष १० लाख अमेरिकी डलर आम्दानी गर्न सकिने प्रतिवेदनमा औंल्याइएको छ ।

इन्टरनेट ब्यान्डविथ र टेलिभिजन प्रसारणका लागि नेपालका कम्पनीहरू भारत, चीन, बेलायत र हङकङको स्याटेलाइटमार्फत नेपालले यी सेवाहरू लिइरहेका छन् ।

KMG
KANTIPUR MEDIA GROUP



nepalmag.com.np
नेपाल
राष्ट्रिय साप्ताहिक

विषयवस्तुपरक सूक्ष्म विश्लेषणका साथ तपाईंका लागि साप्ताहिक रूपमा प्रस्तुत

बदलिँदो नेपालको 'अन्तर्कथा

बदलिँदो समयको साक्षी बनी देशका महत्वपूर्ण घटनाहरूलाई समेटेर साप्ताहिक रूपमा पाठकसमक्ष प्रत्येक क्षेत्रका खोजमूलक एवं विश्लेषणात्मक विवरण प्रस्तुत गर्नु हाम्रो उद्देश्य हो । ती घटना र विचारको माध्यमबाट नै देश विकासलाई आकार दिने प्रवृत्तिहरू पहिचान गर्न हामी निरन्तर प्रयासरत छौं ।



प्रत्येक कथाको निष्कर्षसम्म पुग्न
'आजै ग्राहक बन्नुहोस् ।

थप जानकारीको लागि
एनटिसि: 16600122222, 9851216800
एनसेल: 9801572222, 9801016850

# हाइब्रिड सवारी आयातमा भन्सार छुट नहुने

काठमाडौं (कास)- सरकारले विद्युतीय सवारी आयातमा दिँदै आएको भन्सार महसुल र अन्तःशुल्क छुट हटाएको छ ।

अर्थ मन्त्रालयले मंसिर १६ गते राजपत्रमा सूचना प्रकाशित गर्दै भन्सार महसुलमा ५० प्रतिशत र अन्तःशुल्कमा ५० प्रतिशत छुट दिने व्यवस्था हटाएको हो । 'पेट्रोलियम इन्जिन र विद्युतीय ऊर्जामध्ये कुनै एक प्रकारको शक्तिबाट स्वतन्त्र रूपमा गुड्न सक्ने र सवारी साधनमा भएको ब्याट्री विद्युतीय शक्तिको बाह्य स्रोतबाट चार्ज गर्न मिल्ने हाइब्रिड सवारी साधनको पैठारीमा मात्रै आर्थिक ऐन २०७६ को भन्सारसम्बन्धी अनुसूची १ को दफा १४ को उपदफा ३ को खण्ड (ण) मा उल्लेखित दरबन्दीबमोजिम लाग्ने भन्सार महसुलमा ५० प्रतिशत छुट दिने व्यवस्था र अन्तःशुल्क ऐनको अनुसूची ३ अनुसार दरबन्दीबमोजिम लाग्ने अन्तःशुल्कमा ५० प्रतिशत छुट दिने व्यवस्था हटाउने,' राजपत्रमा भनिएको छ, 'भन्सार उपशीर्षकमा पर्ने सवारी साधनमा कुनै पनि किसिमको भन्सार महसुल र अन्तःशुल्क छुट नदिने ।' यस्तै २०७६ भदौ ५ गतेभन्दा अघि प्रतीतपत्र खोलिएको वा चलान भइसकेको प्रमाणित भएको अवस्थामा पैठारी हुने सवारी साधनमा विद्यमान व्यवस्थाअनुसार नै ५० प्रतिशत अन्तःशुल्क छुट हुने उल्लेख छ ।


नेपालको पहिलो बैंक | नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
स्थापित वि.सं. १९९४

**प्रधान कार्यालय, कर्जा असुली विभाग**

## नेपाल बैंक लिमिटडेको नाममा रहेका गैर बैंकिङ्ग सम्पत्तीहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्रीको २१ दिने सूचना

(प्रकाशित मिति: २०७६/०८/१८)

यस बैंकले आफ्नो स्वामित्वमा रहेका तपसिलमा उल्लेखित घरजग्गाहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने हुँदा सो घरजग्गा खरिद गर्न ईच्छुक फर्म वा व्यक्तिबाट आफूले के कति मूल्य तिरी लिने हो मूल्य खोली सम्बन्धित शाखाहरु वा नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, कर्जा असुली बिभागबाट उपलब्ध गराएको फारम भरी यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र उक्त दिन बिदा परेमा सोको भोलिपल्ट वा लगतै अफिस खुलेको दिन बैंकिङ्ग समयमा शिलबन्दी वोलपत्र पेश गर्नु हुन आव्हान गरिएको छ ।

१. बोलपत्र फारम तपसिलमा उल्लेखित रकम पछि फिर्ता नहुने गरी बैंकमा जम्मा गरे पश्चात उपलब्ध गराइनेछ ।
२. बोलपत्र पेश गर्दा खाम बाहिर आफुले लिन चाहेको "सम्बन्धित घरजग्गा खरिद गर्ने बारेको शिलबन्दी बोलपत्र" भनि उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्र पेश गर्ने अन्तिम मितिको भोलीपल्ट वा लगतै अफिस खुलेको दिनको १:०० बजे सम्बन्धित शाखाहरु तथा नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, कर्जा असुली बिभागबाट बोलपत्रदाताहरु वा निजका प्रतिनिधीहरु तथा मान्य प्रतिनिधीहरुको रोहबरमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजका प्रतिनिधीहरु उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको न्यूनतम १० प्रतिशतले हुने रकम यस बैंकको सण्ड्री केडिटर्स हिसाव खातामा जम्मा गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको ड्राफ्ट वा कम्तीमा ३ महिनाको म्याद भएको यस बैंक बाहेक अन्य बैंकको जमानत पत्र वा Managers Cheque/ Good for Payment Cheque धरौटी बापत पेस गर्नु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएपछि सो को सूचना पत्रवाट दिइनेछ र उक्त सूचना दिएको मितिले ३५ दिन भित्र कवोल गरेको धरौटी बाहेकको सम्पूर्ण बाँकी रकम बुझाई उपरोक्तानुसारको सम्पत्तिहरु आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । उपरोक्त म्याद भित्र वांकी रकम नबुझाएमा धरौटी रकम स्वत: जफत हुनेछ ।
६. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ। सोको कारण बोलपत्रदातालाई दिइने छैन ।
७. घरजग्गा सम्बन्धि कागजात हेर्न चाहनेले बैंकको प्र.का. कर्जा असुली बिभाग र अचल सम्पत्ती स्थलगत रुपमा हेर्न चाहेमा सम्बन्धित शाखाहरुमा सम्पर्क राखी हेर्न बुझ्न सकिनेछ ।
८. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए वमोजिम हुनेछ ।
९. बोलपत्र स्वीकृत भएपछि हक हस्तान्तरण गर्दा नियमानुसार लाग्ने सबै सरकारी दस्तुर खरिद गरिलिने फर्म वा व्यक्ति स्वयंले बेहोर्नु पर्नेछ ।
१०. व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको प्रतिलिपी पेश गर्नु पर्नेछ । फर्म/कम्पनीले खरिद गर्दा सो फर्म/कम्पनी दर्ता प्रमाणपत्र तथा कर दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत पेस गर्नु पर्नेछ ।
११. रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको वा न्युनतम मूल्य भन्दा घटी मूल्य अंकित भएको वा शर्तहरु राखी पेश भएको बोलपत्रहरु उपर कुनै कारवाही हुनेछैन ।
१२. बोलपत्रमा उल्लेख गर्नु पर्ने सबै कुराहरु स्पष्ट रुपमा केरमेट नगरी लेख्नु पर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

**तपसिल**

| बोलपत्र पेश गर्ने स्थान | सुरक्षण बिबरण | कि.नं. | क्षेत्रफल | न्युनतम मूल्य रु. | कैफियत | फारम दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. काठमाडौं बैंकिङ्ग अफिस | काठमाडौ जिल्ला, साबिक गोगंबु गो.बि.स. वडा नं. ७, हाल टोखा न.पा. वडा नं. ३ | २६ | ०-३-०-१ (रोपनि) | १,०८,२५,०००/– | घरजग्गा तथा सम्पूर्ण लिगलगापात समेत । | ३,०००/– |
| २. काठमाडौं बैंकिङ्ग अफिस र थानकोट शाखा | काठमाडौं जिल्ला, साबिक बाडभन्ज्याङ्ग वडा नं. ६क, हाल चन्द्रागीरी न.पा. वडा नं. २ | ८४ | १-०-०-० (रोपनि) | १,२१,८५,६००/– | फिल्डमा सुरक्षणको क्षेत्रफल ०–८–२–३ रोपनी कायम गरी मूल्यांकन गरेको । | ३,०००/– |
| ३. काठमाडौं बैंकिङ्ग अफिस र पा.औ.क्षे. शाखा | ललितपुर जिल्ला, साबिक ललितपुर उपमहानगरपालिका ५ब, हाल ललितपुर महानगर पालिका १४ | ५७२ | १-३-३-० (रोपनि) | १,३४,४०,०००/– | जग्गा तथा सम्पूर्ण लिगलगापात समेत । | ३,०००/– |
| ४. काठमाडौं बैंकिङ्ग अफिस र बनेपा शाखा | काभ्रेपलान्चोक जिल्ला, साबिक सुब्बा गाँउ गा.वि.स, वडा नं. ७ हाल पनौती न.पा., वडा नं. १ | ७६५<br>७२६ | ६-६-१-३<br>४-१२-०-२<br>(रोपनि) | ९७,११,०००/– | जग्गा तथा सम्पूर्ण लिगलगापात समेत । | ३,०००/– |
| ५. बनेपा शाखा र पाँचखाल शाखा | काभ्रेपलाञ्चोक जिल्ला, साबिक पाँचखाल न.पा. वडा नं. ६, लामीडाँडा बजार | ८१४<br>८१५<br>८१७ | ०-६-१-०.७५<br>०-५-१-०.५<br>०-७-१-२<br>(रोपनि) | ३२,३०,०००/– | फिल्डमा सुरक्षणको क्षेत्रफल कि.नं. ८१४, ८१५ को ३.५४ आना र कि.नं. ८१७ को १.९० आना कायम गरी मूल्यांकन गरेको । | १,०००/– |
| ६. धम्बोजि शाखा | बाँके जिल्ला, साबिक ईन्द्रपुर गा.वि.स वडा नं. ९ग हाल जानकी गा.पा. वडा नं. ३ | ६२९ | ०-१-१० (बिगाहा) | ७५,००,०००/– | जग्गा तथा सम्पूर्ण लिगलगापात समेत । | ३,०००/– |
| | बाँके जिल्ला, साबिक वागेश्वरी गा.वि.स वडा नं. २ हाल खजुरा गा.पा. वडा नं. ३ | २४९<br>२५० | ७००<br>७००<br>वर्ग मिटर | १,०६,९०,०००/- | घरजग्गा तथा सम्पूर्ण लिगलगापात समेत । | ३,०००/– |
| ७. सिटी अफिस बिरगंज | पर्सा जिल्ला, साबिक बिरुवागुठी गा.बि.स., वडा नं. ६क हाल पर्सा गढीमाई न.पा. वडा न.२ | १५५ | २-१५-० (बिगाहा) | १,४७,७३,२७५/- | फिल्डमा सुरक्षणको क्षेत्रफल ५१.२८ कठ्ठा कायम गरी मूल्यांकन गरेको । | ३,०००/– |
| | पर्सा जिल्ला, बिरगंज न.पा. वडा न.२ | १३ | ४८१.८० वर्ग मिटर | ३,०४,५६,०००/- | फिल्डमा सुरक्षणको क्षेत्रफल २१९.६७ ब.मी. कायम गरी मूल्यांकन गरेका । | ३,०००/– |
| | पर्सा जिल्ला, साबिक ईनरवा भाठा गा.बि.स., वडा नं. ३ हाल बिरगंज म.न.पा. वडा न. १९ | ५७ | १-८-१५ (बिगाहा) | २,३०,००,०००/- | जग्गा तथा सम्पूर्ण लिगलगापात समेत । | ३,०००/– |
| ८. श्रीपुर शाखा | बारा जिल्ला, साबिक भवानीपपुर जितपुर गा.वि.स वडा नं. ५क हाल जितपुर सिमरा न.पा. वडा नं.३ | ११६<br>११८<br>१२०<br>१२१<br>२४१ | ०-२-१०<br>०-३-१५<br>०-२-०<br>०-०-१८<br>०-१-१५<br>(विगाहा) | १६,३५,०००/– | जग्गा तथा सम्पूर्ण लिगलगापात समेत । | १,०००/– |
| | बारा जिल्ला, कलैया न.पा. वडा नं. ६ | २२८<br>२२९<br>२३१ | ०-०-१.२५<br>०-०-१.७५<br>०-०-५<br>(विगाहा) | ३२,००,०००/– | फिल्डमा सुरक्षणको क्षेत्रफल एकमुष्ट ८ धुर कायम गरी मुल्यांकन गरेको । | १,०००/– |

उपरोक्त गैर बैंकिङ्ग सम्पत्तीहरु बिक्रीको लागी प्रधान कार्यालय, कर्जा असुली बिभागबाट समेत बोलपत्र फारम उपलब्ध गराउनुका साथै बोलपत्र पेश गर्ने अन्तिम मितिको भोलीपल्ट वा लगतै अफिस खुलेको दिनको १:०० बजे कर्जा असुली बिभाग र सम्बन्धित शाखाहरुमा बोलपत्र खोलिनेछ ।


## अर्थ संक्षेप

### एनएमबीलाई आईएसओ प्रमाणपत्र

काठमाडौं (कास)- एनएमबी बैंक जर्मनीको टभ राइल्यान्डबाट आईएसओ २७००१:२०१३ प्रमाणपत्रले सम्मानित भएको छ । बैंकका ग्राहकको डाटा र सरोकारावालाको सूचनाको सुरक्षा कायम गर्नका लागि सूचना सुरक्षा व्यवस्थापन प्रणाली (आईएसएमएस) को उच्चतम मानकको विकास र कार्यान्वयनका लागि उक्त प्रमाणपत्र प्रदान गरिएको हो । टभ राइल्यान्ड स्वतन्त्र निरीक्षण सेवाहरू र आईएसओ प्रमाणीकरण गर्ने संस्था हो ।

### एक्चुअरी नहुँदा करोडौं बाहिरियो

काठमाडौं (कास)- एक्चुअरीसम्बन्धी दक्ष जनशक्तिको अभावमा बिमा क्षेत्रबाट मात्र करोडौं रकम बाहिरिने गरेको विज्ञहरूले बताएका छन् । त्रिभुवन विश्वविद्यालयअन्तर्गतको विज्ञान-गणित विभागले काठमाडौंमा आयोजना गरेको 'प्रोफेसनल स्किल डेभलपमेन्ट प्रोग्राम अन प्राइसिङ एन्ड रिजर्भिङ इन लाइफ इन्स्योरेन्स' विषय अन्तर्क्रिया कार्यक्रममा उनीहरूले यस्तो बताएका हुन् । नेपालमा एक्चुअरी अध्ययन गरेको जनशक्ति कम छ । 'पर्याप्त दक्ष जनशक्ति नभएकाले नेपालको पैसा भारत गएको छ । अब नेपालमा नै जनशक्ति उत्पादन गर्नुपर्छ,' नेपाल पुनर्बिमा कम्पनीका अध्यक्ष महेश गुरागाईले भने, 'त्यसका लागि कम्पनीले पनि लगानी बढाउन आवश्यक छ ।' वित्तीय आधुनिकीकरणको युगमा बिमा कम्पनीले सूचना प्रविधि, मानव संसाधनलगायतमा उल्लेख्य लगानी बढाउनुपर्ने उनले बताए । विगत ३ वर्षदेखि नेपालमा एक्चुअरी विषयको पढाइ सुरु भएको छ । पहिलो वर्ष ३७, दोस्रो वर्ष ३१, तेस्रो वर्ष ३७ र चौथो वर्ष ३६ जना विद्यार्थी अध्ययनका लागि भर्ना भएका छन् ।

### हस्तकला मेला सम्पन्न

काठमाडौं (कास)- नेपाल हस्तकला महासंघले भृकुटीमण्डपमा आयोजना गरेको हस्तकला व्यापार मेला तथा हस्तकला प्रतियोगिता मंगलबार सम्पन्न भएको छ । मेलाको अवसरमा आयोजना गरिएको दुई विधाका प्रतियोगिताअन्तर्गत विजयी कलाकारलाई उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्री मोतीलाल दुगडले पुरस्कृत गरेका थिए । प्रतियोगितामा विजयी तथा उत्कृष्ट प्याभिलियन, उत्कृष्ट स्टल र उत्कृष्ट वस्तु उत्पादकलाई नगद पुरस्कारसहित प्रमाणपत्र प्रदान गरिएको थियो । मेलाकै अवसरमा महासंघले नबिल बैंकसँग सम्झौता गरेको छ । सम्झौता पत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत अनिल केशरी शाह र महासंघका अध्यक्ष सुरेन्द्रभाइ शाक्यले हस्ताक्षर गरेका हुन् । सम्झौतासँगै बैंकले देशको हस्तकला क्षेत्रको प्रवर्द्धन र संरक्षणका लागि सहयोग गर्ने प्रतिबद्धता जनाएको छ ।

### एमजीको १५० थान गाडी बुकिङ



काठमाडौं (कास)- ब्रिटिस ब्रान्ड एमजी (मोरिस ग्यारेज) को आधिकारिक बिक्रेता पारामाउन्ट मोटर्स प्रालिले १५० थान गाडी बुकिङ गरेको छ । नयाँ एसयूभीमा सुरक्षालाई सुनिश्चित गर्दै ६ वटा एयरब्याग राखिएको छ । प्रिमियम प्यानारोमिक सनरुफ र आरमदायी इलेक्ट्रिकल समायोज्य सिटजस्ता विशेषता यसमा रहेको छ । गत जुलाई महिनामा नयाँ इलेक्ट्रिक एसयूभी एमजी जेडएसका लागि सुरुवाती प्रिबुकिङ खुलाएको थियो ।

### अजोड-एनआईसी सम्झौता

काठमाडौं (कास)- अजोड इन्स्योरेन्स र एनआईसी एसिया बैंकबीच अनलाइन भुक्तानी सेवा प्रदान गर्नेसम्बन्धी सम्झौता भएको छ । आइतबार भएको सम्झौता कार्यक्रममा इन्स्योरेन्सका नायब प्रमुख कार्यकारी अधिकृत सुरेन्द्र थापा र बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत सन्तोषकुमार राठीले हस्ताक्षर गरेका थिए । सम्झौताअनुसार बैंकबाट इन्स्योरेन्स ग्राहकले बिमासम्बन्धी सेवा लिन सक्नेछन् ।

### जरङ्खुमा सिटिजनको शाखा

काठमाडौं (कास)- सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीले तारकेश्वर, जरङ्खुमा शाखा विस्तार गरेको छ । इन्स्योरेन्सको पहुँच थप विस्तार गर्दै जनतामाझ उपस्थिति जनाउने उद्देश्यका साथ १०५ औं शाखा सञ्चानमा ल्याएको हो । तारकेश्वर नगरपालिकाका प्रमुख रामेश्वर बोहोरा तथा उपप्रमुख भवानी धिताल डोटेलले शाखाको उद्घटन गरेका थिए ।

### ओयोको बोर्डमा घोष नियक्त

काठमाडौं (कास)- ओयो होटल्स एन्ड होम्से भारत तथा दक्षिण एसियाको होटल्स र आवास व्यवसायका हालका सीईओ आदित्य घोषलाई कम्पनीको बोर्ड अफ डाइरेक्टरमा बढुवा गरेको घोषणा गरेको छ । घोषलाई कम्पनीमा एक वर्षको सफल कार्यकालपछि बोर्ड सदस्यमा बढुवा गरिएको हो ।

### हयातलाई 'वर्ल्ड ट्राभल अवार्ड'

काठमाडौं (कास)- हयात रिजेन्सीले भियतनामा आयोजित २६ औं विश्वव्यापी यात्रामा 'नेपालको अग्रणी होटल' सम्मान पाएको छ । हयातले लगातार चौथौ पटक यो सम्मान पाएको हो । हयातले पछिल्ला दुई दशकदेखि नेपालमा सेवा प्रदान गर्दै आएको छ ।

### टीभीएस अपाचे रेसट्र्याक सम्पन्न

काठमाडौं (कास)- टीभीएस मोटर कम्पनीको आधिकारिक वितरक जगदम्बा मोटर्सले भारत चेन्नईमा रहेको मद्रास मोटर रेसट्र्याकमा आयोजित टीभीएस अपाचे रेसट्र्याक एक्सपिरियन्स सम्पन्न गरेको छ । रेस ट्र्याक एक्सपिरियन्सका लागि छनोट गरिएका २५ जना प्रतियोगीहरूले सहभागिता जनाएका थिए ।


## जनता बैंक नेपाल लिमिटेडको बैंकिङ्ग कारोबार बन्द हुने सम्बन्धी सूचना

यस जनता बैंक नेपाल लिमिटेड र ग्लोबल आइएमई बैंक लिमिटेड एक आपसमा गाभिई मिति २०७६/०८/२० गते देखि ग्लोबल आइएमई बैंक लिमिटेडको नामबाट संयुक्त कारोबार शुरु गर्ने सन्दर्भमा DATA MIGRATE गर्नु पर्ने भएकोले मिति २०७६/०८/१८ गते यस बैंकका शाखाहरुबाट प्रदान हुँदै आएको अतिरिक्त/संध्याकालिन काउण्टर सेवा र मिति २०७६/०८/१९ गते सम्पूर्ण बैंकिङ्ग कारोबार बन्द हुने व्यहोरा जानकारीका लागि अनुरोध छ । साथै, मिति २०७६/०८/१८ गते साँझ ६ बजे देखि मिति २०७६/०८/१९ गते रातिको १२ बजे सम्म यस बैंकको एटिएम सेवा, मोबाइल बैंकिङ्ग सेवा तथा इन्टरनेट बैंकिङ्ग सेवा बन्द रहने व्यहोरा समेत अुनरोध छ । यसबाट ग्राहक महानुभाव एवं सेवाग्राहीहरुमा पर्न जाने असुविधा प्रति बैंक क्षमाप्रार्थी छ ।

Janata Bank
नेपाली जनताको बैंक, जनता बैंक

**केन्द्रीय कार्यालय**
सेन्ट्रल बिजनेश पार्क, थापाथली, काठमाडौं,
फोन: ०१-४१०१६३४, ४१०१६३५, इमेल: info@janatabank.com.np
वेभसाइट: www.janatabank.com.np
SWIFT: JBNLNPKA

## ग्लोबल आइएमई बैंक लिमिटेडको बैंकिङ्ग सेवा बन्द हुने बारेको अत्यन्त जरूरी सूचना

ग्लोबल आइएमई बैंक लिमिटेड र जनता बैंक नेपाल लिमिटेड मर्जर पश्चात एकीकृत वित्तीय कारोबार संचालन मिति २०७६/०८/२० गतेबाट गर्ने प्रयोजनको लागि दुवै संस्थाहरुको SYSTEM / DATA MIGRATE गर्नुपर्ने भएकोले मिति २०७६/०८/१८ गते यस बैंकका शाखाहरुबाट प्रदान हुँदै आएको अतिरिक्त/संध्याकालिन काउण्टर सेवा, मिति २०७६/०८/१८ गते साँझ ६ बजे देखि मिति २०७६/०८/१९ गते रातिको १२ बजे सम्म बैंकको एटिएम सेवा, क्रेडिट कार्ड सेवा, मोबाइल बैंकिङ्ग सेवा, इन्टरनेट बैंकिङ्ग सेवा तथा BLB बाट प्रदान गरिने सेवा बन्द रहने र मिति २०७६/०८/१९ गते सम्पूर्ण बैंकिङ्ग कारोबार बन्द हुने व्यहोरा जानकारीका लागि अनुरोध छ। बैंकको सम्पूर्ण सेवाहरु मिति २०७६/०८/२० गतेबाट यथावत रुपमा सुचारु हुने व्यहोरा समेत अनुरोध छ। यसबाट ग्राहक महानुभावहरु एवं सेवाग्राहीहरुमा पर्न जाने असुविधा प्रति बैंक क्षमाप्रार्थी छ ।

**पुनश्च** : यस बैंकको राजश्व काउण्टरहरुबाट REVENUE MANAGEMENT INFORMATION SYSTEM (RMIS) मार्फत प्रदान गरिने सेवा भने यथावत रहने व्यहोरा जानकारी गराउँदछौं ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

**रजिष्टर्ड/कर्पोरेट कार्यालय**
**कमलादी, काठमाडौं**
**फोन नं.: ०१-४२२८६७१/४२२६२४७**

## ग्लोबल आइएमई बैंक लि. र जनता बैंक नेपाल लि. मर्जर पश्चात ग्लोबल आइएमई बैंक लि. को नामबाट एकीकृत वित्तीय कारोबार शुभारम्भ गरिने बारे अत्यन्त जरूरी सूचना

ग्लोबल आइएमई बैंक लि. को मिति २०७६/०८/०२ मा सम्पन्न १३औं वार्षिक साधारण सभाले ग्लोबल आइएमई बैंक लि. ले जनता बैंक नेपाल लि. लाई गाभ्ने विशेष प्रस्ताव पारित गरेको साथै जनता बैंक नेपाल लि. को मिति २०७६/०८/०२ मा सम्पन्न १०औं वार्षिक साधारण सभाले जनता बैंक नेपाल लि. ग्लोबल आईएमई बैंक लि. मा गाभिने विशेष प्रस्ताव पारित गरे बमोजिम गाभ्ने/गाभिने (मर्जर) अन्तिम स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा संयुक्त निबेदन गरेकोमा नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्ट्रारको कार्यालयबाट ग्लोबल आइएमई बैंक लि. र जनता बैंक नेपाल लि. गाभ्ने/गाभिने (मर्जर) अन्तिम स्वीकृती प्राप्त भएकाले मर्जर पश्चात ग्लोबल आइएमई बैंक लिमिटेडको नामबाट मिति २०७६/०८/२० (६ डिसेम्बर, २०१९) बाट एकीकृत वित्तीय कारोबार संचालन हुने भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

Janata Bank
नेपाली जनताको बैंक, जनता बैंक

**केन्द्रीय कार्यालय : सेन्ट्रल बिजनेश पार्क, थापाथली, काठमाडौं,**
**फोन: ०१-४१०१६३४, ४१०१६३५**

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

**रजिष्टर्ड/कर्पोरेट कार्यालय: कमलादी, काठमाडौं**
**फोन नं. ०१-४२२८६७१/४२२६२४७**

# १ मिलिसेकेन्डले स्वर्ण...

मध्यम दूरीमा मिलिसेकेन्डमा नतिजा निस्कनु नै दुर्लभ हुन्छ। अर्को, सागमा नेपालले मध्यम दूरीको दौडमा पाएको ठूलो सफलता हो। त्यसमाथि उनको पहिलो अन्तर्राष्ट्रिय सहभागितामै स्वर्ण जित पनि थियो।

यसअघि नेपाललाई सागमा सबै स्वर्ण म्याराथनबाट आएको छ। वैकुण्ठ मानन्धरले तीन, टीका भण्डारी र राजेन्द्र भण्डारीले १-१ स्वर्ण जितेका छन्।

आफ्नै भूमिमा साग आयोजना भए पनि रंगशाला पुनर्निर्माणका कारण एथलेटिक्सका खेलाडीले ट्र्याकमा पाइला राख्नै पाएका थिएनन्। साग तयारी भद्रकालीस्थित आर्मीको ट्र्याकमा गरेका थिए। सिन्थेटिक ट्र्याकबारे बेखबर थिए। तर सन्तोषी आफ्नै लयमा दौडिरहिन्। बस, उनलाई यति थाहा थियो कि उत्कृष्ट प्रदर्शन गर्नुपर्छ। त्यहीअनुसार मिहिनेत गरेकी थिइन्। उनले त्यसै गरिन्।

सुरुदेखि अग्रता लिइरहेकी सन्तोषी र भारतीय कविता एउटै गतिमा दौडिरहेका थिए। २५ ल्यापको फन्को मार्नुपर्थ्यो। अन्य प्रतिद्वन्द्वी पछाडि नै थिए। अन्तिम ल्यापको ५० मिटर बाँकी छँदा कविताले उछिन्दै सन्तोषीलाई कुनापट्टि च्यापिन्। तर, आफ्नो गतिलाई अलि बढाइन्।

'उनीहरू त अनुभवी छन्। किक पावर राम्रो होला। मेरो पनि किक पावर त छ। तर अन्योल भइरहेकी थिएँ। अन्तिममा म कुनापट्टि च्यापिएँ। हडबढाएँ। तर तत्काल सोचिहालें म अब राइट साइडतिर जानुपर्छ,' सन्तोषीले त्यो क्षण सुनाइन्। त्यतिबेला आफूले सबैका लागि केही गरेर देखाउनुपर्छ भनेर सोचिहालेको उनले बताइन्। भनिन्, 'त्यतिबेला मेरा लागि भन्दा पनि विकटमा रहेर होस् या यहीं सहरमा रहेर शिक्षादीक्षा पाउन नसकेका महिलाका लागि मैले दौड्नुपर्छ, देश, गुरु, परिवारका लागि दौड्नुपर्छ भन्ने लाग्यो।'

यो विधामा सन् २००६ को कोलम्बो सागमा कान्छीमाया कोजुले रजत पदक जितेको इतिहास छ। राष्ट्रिय कीर्तिमान पनि उनै कान्छीमाया (३५ मिनेट ०३.४३ सेकेन्ड) को नाममा छ। जुन कोलम्बो सागमा रजत जित्दाकै हो।

'मलाई विश्वास नै लागिरहेको छैन। के मैले जितें र ? अझै कुद्न बाँकी थियो कि,' अन्तिम क्षण सम्झँदै सन्तोषीले भनिन्, 'मलाई एकदमै डर थियो। उनीहरू (प्रतिद्वन्द्वी) धेरै खेलिसकेकाहरू थिए। मेरो त पहिलो अन्तर्राष्ट्रिय प्रतियोगिता थियो। अन्तिममा किक राम्रो गर्ने हुन् कि भन्ने थियो। तर उत्कृष्ट दिन्छु भन्नेमा दृढ थिएँ। ट्रेनिङमा पनि गुरु र साथीहरूसँग पनि यसैबारे टिप्स लिइरहेकी हुन्थें।'

नेपाली एथलेटिक्सको सात दशक लामो इतिहासमा महिलातर्फ पहिलो स्वर्ण पदक दिलाएकी सन्तोषीप्रति सम्मान गर्दै ट्र्याकमै एथलेटिक्स संघका अध्यक्ष राजीवविक्रम शाहले व्यक्तिगत रूपमा एक लाख रुपैयाँ पुरस्कार दिने घोषणा गरेका छन्।

आठौं राष्ट्रिय खेलकुदको ५ हजार मिटर दौडकी स्वर्ण विजेता उनले अन्य थुप्रै स्थानीयस्तरको प्रतियोगितामा मध्यम दूरीमा सफलता पाएकी छन्। तर उनी प्रोफेसनल एथलिट होइनन्। उनी कुनै विभागमा आबद्ध छैनन्। 'पब्लिक' भएर खेल्न गाह्रो भए पनि आफ्नो पढाइलाई अगाडि बढाउन त्यही बाटो अंगालेको उनले सुनाइन्।

धादिङको ज्वालामुखी गाउँपालिका सुनखानीकी २६ वर्षीया यी धाविकाले पब्लिक हेल्थ विषयबाट स्नातक गरेकी छन्। 'खेल र पढाइ सँगै लैजानुपर्छ भन्ने सोच छ। त्यही भएर पब्लिक भएर खेलिरहेकी हुँ। साग गेम्ससम्म त राम्रो गरूँ भन्ने थियो। त्यसपछि पढाइ अगाडि बढाउन दौड छोड्छु भन्ने थियो। तर यो सफलताले फेरि मलाई यतैतर्फ डोर्‍याउने छ,' उनले भनिन्, 'सबैको जीवनमा स्ट्रगल त हुन्छ। त्यसैबाट केही गर्न सकिन्छ भनेर अगाडि बढ्ने हो। केन्याका खेलाडीले पनि सफलता पाएको चर्चा हुन्छ तर उनीहरूको जीवनमा पनि कति स्ट्रगल छ।'

उनले सफलताको श्रेय भने रघुराज वन्तलाई दिए। सन्तोषी एथलेटिक्सका पूर्वराष्ट्रिय प्रशिक्षक वन्तको छहारीमा हुर्केकी खेलाडी हुन्। १३ वर्षकै उमेरमा दौडन थालेकी सन्तोषीले भनिन्, 'मलाई गुरु हजुरबुवा (नाताले वन्त हजुरबुवा पर्ने) ले दौडाउन सिकाउनुभयो। उहाँकै रेखदेखमा म यहाँसम्म आइपुगें। म यो जितको श्रेय उहाँलाई नै दिन्छु।' परिवार, विशेषत: दाइ (केदार श्रेष्ठ) अनि मुख्य प्रशिक्षक चन्द्र गुरुङ, टिमका साथीहरूको हौसला र प्रेरणाले पनि आफूलाई जित्न उत्साह थपेको उनले सुनाइन्। 'पहिला दिदी, दाइहरूले पनि राम्रो गर्नुभएको हो। उहाँहरूको बाटो पछ्याएकी हुँ। म भाग्यमानी भएँ। पहिलो स्वर्ण मेरो नाममा लेखियो। फरक त्यति हो,' सन्तोषीले भनिन्, 'आफूलाई माया गर्ने र सहयोग गर्नेहरूका लागि केही गर्नुपर्छ भन्ने लागिरहन्थ्यो। त्यसले पनि ऊर्जा दियो।'

# मोडिन नसक्दा...

कञ्चनपुरका ५५ वर्षीय धनबहादुर कार्की, इस्मा-४ का २५ वर्षीय चालक रेशम थापा र इस्मा-४ कै ४० वर्षीय महेन्द्र कार्कीको पनि दुर्घटनामा ज्यान गएको प्रहरीले जानकारी दिएको छ।

बर्दघाट-२ का १८ वर्षीय जीवन कार्की, इस्माका ८ वर्षीय हिमाल कार्की र २४ वर्षीय रेशमा कार्की घाइते भएका छन्। उनीहरूलाई नेपाली सेनाको हेलिकप्टरबाट उपचारका लागि काठमाडौं लगिएको छ। बडिगाडमै उनीहरूको प्राथमिक उपचार गराइएको थियो। बडिगाड खोलाले बगाएर १५ वर्षीय धनबहादुर कार्की बेपत्ता भएको प्रहरी उपरीक्षक नवराज भट्टले बताए। मृतक सबैको पोस्टमार्टम गरेर परिवारले मंगलबारै शव बुझिसकेका छन्।

दुर्घटनालगत्तै उद्धारका लागि घटनास्थलमा पुगे पनि अधिकांशको मृत्यु भइसकेको प्रत्यक्षदर्शीले बताए। जिप उल्टो परेको थियो। 'भीर र खोलाको खोंचमा जिप फसेकाले शव निकाल्न धेरै गाह्रो भयो,' उद्धारमा खटिएका स्थानीय दिनेश शर्माले भने, 'शव क्षतविक्षत थिए।' साँघुरो सडकमा धेरै घुम्ती भएकाले चालकले नियन्त्रणमा लिन नसकेको स्थानीयको भनाइ छ। घटनास्थल सदरमुकामदेखि ८० किमि पश्चिममा पर्छ।


## कर्मचारी आवश्यकता

यस कम्पनीको लागि निम्न पदमा कर्मचारी आवश्यक परेकोले इच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क गर्नुहोला। तलब आपसि सहमतिमा

**Accountant - 1 Male/ 1Female)**

BBA/BBS/Master Pass साथै कम्प्युटर र अंग्रेजीमा दक्ष हुनुपर्नेछ। अनुभवीहरुलाई विशेष प्राथमिकता दिइनेछ।

**मिराकल म्यानपावर प्रा. लि.**

श्रम इजाजत नं. १२२३/०७४/०७५

पो.ब.नं.: ५७२, सामाखुशी-२६, काठमाडौं, फोन: ४३५१००३

Mob. : 9802052771, 9802022331

Email: manpowermiracle@gmail.com, Web.: manpowermiracle.com



## VACANCY ANNOUNCEMENT
HANDICAP INTERNATIONAL (HI)

**Handicap International Federation (HI)** is an independent and impartial aid organization, created in 1982, working across 63 countries. Present in Nepal since 2000, HI works through a network of local partner organizations in the area of health and physical rehabilitation, inclusive education and resilience including emergency response to improve the living conditions and involvement of the most vulnerable populations in Nepal.

In partnership with implementing partner NGOs/DPOs and in collaboration with Local Rural/Urban Municipalities, HI has been operating PT/Rehabilitation unit since September 2015. The main purpose of this initiative is to render Physiotherapy and rehabilitation services to women, children and general people with impairments, functional limitation and prevent disability in local community. Therefore, **HI Nepal is looking for a dynamic and professional Physiotherapist to be based upon any one of the PT/Rehabilitation Units of Dhading, Gorkha and Rasuwa to render rehabilitation services in general and Physiotherapy services in specific.**

**1. Physiotherapist - 3** *(Dhading, Gorkha and Rasuwa)*

**To Apply:**
Log on to **https://www.jobsnepal.com/job/physiotherapist/116391 'OR'** Send a **motivation letter mentioning the expected salary** and an **updated CV,** including **2 referees** (with contact number and e-mail address) to **recruitment@nepal.hi.org.** The deadline for application is **December 13, 2019.** HI Nepal reserves the right to cancel, postpone or modify the whole recruitment process without providing any reasons whatsoever.

*Handicap International (HI) is an equal opportunity employer. Qualified women, people with disability, and members from disadvantaged communities are strongly encouraged to apply.*



## Call for Expression of Interest (EOI)

IM INDIVIDUELL MÄNNISKOHJÄLP SWEDISH DEVELOPMENT PARTNER

IM Swedish Development Partner (IM) is a Swedish NGO and civil society organization founded in 1938 in Lund, Sweden. It is funded by the Swedish government and individual donors. It works in 13 countries across the world. IM in Nepal has been implementing its new 5 years strategic plan (2019-2023) since January 2019. IM is foreseeing one new partner at Dang to implement Social and Economic Inclusion programme in the new strategic period. IM invites Nepali non-governmental organizations capable of delivering the outcomes on the described focused areas (in Terms of Reference ) to submit their expression of interest ( EOI).

Interested and relevant NGOs can obtain detail **Terms of Reference** and **EOI form** by sending request email at anju.shrestha@imsweden.org. Please submit EOI in an email at IM via same email address with the subject line mentioning **"EOI-New Partner Intervention"**. Interested NGOs must comply with the requirements of the ToR. The deadline for the submission of EOI is **5 pm of 18 December** 2019.



## ANNOUNCEMENT OF VACANCY

UMN

United Mission to Nepal (UMN) is an international development organisation which aims to enable the poorest people living in poverty to transform their lives, leading towards fullness of life. Okhaldhunga Community Hospital (OCH) has been serving the community since it was established as a small clinic in 1962 and its public health work has been running for more than 20 years.

**Position: Internal Auditor (OCH Grade 9)**

**Location: Okhaldhunga Community Hospital, Okhaldhunga**

**Qualifications and Experience:**
- Bachelor's degree in Business Studies (BBS);
- Holder of Master's degree in Accounting, Business Administration or Finance is of an added advantage;
- Minimum of five years of work experience in I/NGO with auditing experience, good facilitation, interpersonal, writing, presentation and computer skills;
- Excellent language and communication skills in both Nepali and English.

**Duties and Responsibilities:**
- Reviewing financial records and internal control systems in line with OCH objectives and other statutory requirements;
- Drawing up an annual audit plan and programme for the audit work;
- Conducting regular audits of all OCH departments and ensure compliance to approved OCH Financial and HR policies and accounting procedures;
- Ensuring that the assets of OCH are adequately controlled, safeguarded and insured.
- Carrying out checking of the cash/bank and pharmacy stores of OCH;
- Reviewing the procurement processes and recommend for a robust system;
- Supervising and coordinating the periodic stock taking exercise of pharmacy stores and verification of all fixed assets;
- Liaising with External Auditors and making follow-ups on auditors' observations and recommendations on the audited accounts;
- Investigating any fraud or misappropriations of OCH assets.

**Salaries and benefits will be according to OCH HR policy.**

All interested individuals who meet the minimum qualifications are encouraged to apply for this position. **The Job Description** and **Application Form** can be downloaded from our **website: www.umn.org.np/vacancy**

Completed application forms should be sent by e-mail to **nepali.recruit@umn.org.np** by **4:00 pm on Tuesday 17 December 2019**. Short-listed candidates will be invited to participate in an assessment process.

**We especially encourage the applications from women and marginalised groups.**



## Vacancy Announcement
गोर्खा वेल्फेयर ट्रष्ट

MOBILE HEALTH PRACTITIONER

First Publish Date : 04 December 2019

The Gurkha Welfare Trust Nepal is the field arm of Gurkha Welfare Trust UK, a registered charitable Trust working particularly for the ex-Gurkha Veterans and their communities across Nepal. We invite applications from all interested and qualified candidates **(HA, PCL Nursing** or above) for the position of **MOBILE HEALTH PRACTITIONER,** and we are particularly looking for health professionals based in the eastern regions of Nepal.

For further information on eligibility requirement, facilities, and to apply for the post, please log on to **www.gwt.org.uk/about-us/vacancies** then follow the link.

**The application submission deadline is 17 December 2019.**

**The Gurkha Welfare Trust Nepal**
British Gurkhas Pokhara
Tallo Deep, Pokhara-16, Kaski, Nepal

*The Gurkha Welfare Trust Nepal is an equal opportunity employer and invites applications from all.*



## आवश्यकता

यस अस्पतालको लागि निम्न कर्मचारीहरु आवश्यकता भएको हुनाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित मितिले ७ दिनभित्र अस्पताल प्रशासन शाखामा आइपुग्ने गरी दरखास्त आह्वान गरिएको सूचित गरिन्छ।

| सि.नं. | पद | तह | योग्यता | संख्या |
|---|---|---|---|---|
| १. | स्टाफ नर्स | पाँचौ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट नर्सिङ्ग बिषयमा प्रमाणपत्र तह (PCL) उत्तीर्ण भई नेपाल नर्सिङ्ग काउन्सीलमा दर्ता भएको। | ३ जना |

**सम्पर्क**
**सहिद मेमोरियल अस्पताल**
कलंकी चोक-१४, काठमाडौं
फोन नं. ०१-५२१९९३४, ०१-५२१८९२१, ०१-५२१९९३५



## नाडा अटोमोवाइल्स एशोसिएशन अफ नेपाल (NADA)
निर्वाचन अधिकृतको कार्यालय
टेकु, काठमाडौंको

### निर्वाचन कार्यक्रमको सूचना ।।

(प्रकाशित मिति: २०७६/०८/१८)

नाडा अटोमोवाइल्स एशोसिएशन अफ नेपालको मिति २०७६ साल पौष ४ गते शुक्रबार सोल्टी होटल, ताहाचल काठमाण्डौमा सम्पन्न हुने ४३ औं वार्षिक साधारण सभामा संस्थाको विधानको दफा २०.१ बमोजिम अध्यक्ष-१, साधारण सदस्यहरु मध्येबाट-१४ र संस्थागत सदस्यहरु मध्येबाट-४ गरी कुल १९ जना केन्द्रीय कार्य समितिका सदस्यहरुको निर्वाचन गर्ने कार्यक्रम रहेको हुनाले सो प्रयोजनका लागि निम्न बमोजिमको निर्वाचन कार्यक्रम प्रकाशित गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागी अनुरोध छ।

| क्र. स. | कार्यक्रम | मिति | समय (कार्यालय समय) | | स्थान |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १. | मतदाता नामावली प्रकाशन गर्ने | २०७६/०८/२६ | १:०० बजे | २:०० बजे | निर्वाचन अधिकृतको कार्यालय टेकु, काठमाण्डौ। |
| २. | मतदाता नामावली उपर दावि विरोध गर्ने | २०७६/०८/२७ | १०:०० बजे | १२:०० बजे | ऐ. ऐ. |
| ३. | मतदाता नामावलीमा दावि विरोधको जाँचबुझ | २०७६/०८/२७ | १:०० बजे | २:०० बजे | ऐ. ऐ. |
| ४. | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | २०७६/०८/२७ | ३:०० बजे | ४:०० बजे | ऐ ऐ |
| ५. | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | २०७६/०८/२९ | ९:०० बजे | ११:०० बजे | ऐ ऐ |
| ६. | उम्मेदवारहरुको प्रथम नामावली प्रकाशित गर्ने | २०७६/०८/२९ | ११:३० बजे | १२ :१५ बजे | ऐ ऐ |
| ७. | उम्मेदवारी उपर दाबि विरोध गर्ने | २०७६/०८/२९ | १२:३० बजे | १ :३० बजे | ऐ ऐ |
| ८. | उम्मेदवारको मनोनयन पत्रको जाँच र उजुरी उपर निर्णय गरी नामावली प्रकाशन गर्ने। | २०७६/०८/२९ | १:४५ बजे | २:३० बजे | ऐ ऐ |
| ९. | उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्ने। | २०७६/०८/२९ | २:४५ बजे | ४ :४५ बजे | ऐ ऐ |
| १०. | उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने | २०७६/०८/२९ | ४:४५ बजे | ५:३० बजे | ऐ ऐ |
| ११. | मतदान गर्ने | २०७६/०९/०४ | ८:०० बजे विहान | १२ : ०० बजे | साधारण सभा स्थल, सोल्टीहोटल काठमाण्डौं। |
| १२. | मतगणना गर्ने | मतदान कार्य समाप्त भएपछि | | | ऐ.ऐ. |
| १३. | निर्वाचन परिणाम घोषणा गर्ने | मतगणना कार्य समाप्त भएपछि | | | ऐ.ऐ. |

**नोट :**
१. मतदान तथा निर्वाचनमा सहभागि हुन मिति २०७६/०८/१५ गते सम्म अनिवार्य रुपमा आफ्नो सदस्यता नविकरण गरिसकेको हुनु पर्ने छ।
२. नविकरण भएका सदस्यज्यूहरुले अनिवार्य रुपमा प्रतिनिधि मनोनयन पत्र बुझाउनु पर्नेछ।
३. मुख्य प्रतिनिधि मनोनयन गरी पठाउने फर्म/कम्पनीले रितपूर्वकको निर्णयको कपी पनि साथैमा संलग्न गर्नु पर्नेछ।
४. उम्मेदवार हुन चाहने सदस्यले एक प्रति नेपाली नागरिकताको फोटोकपी, फर्म कम्पनिको प्रमाणपत्र, दुई प्रति फोटो र उम्मेदवार कम्पनीको सिफारीस पत्र र उमेदवारी बापतको शुल्क बुझाएको रसिद सहित दरखास्त स्वयंले पेश गर्नु पर्नेछ।
५. निर्वाचन अधिकृतको कार्यालय नाडाको केन्द्रीय कार्यालय टेकु काठमाण्डौमा खडा गरिएको हुँदा निर्वाचन सम्बन्धमा जानकारी आवश्यक भएमा कार्यालय समय भित्र सम्पर्क राख्न अनुरोध गरिन्छ।
६. उम्मेदवारी दरखास्त नाडाको सचिवालयबाट प्राप्त गर्न सकिनेछ।
७. थप जानकारीको लागी २०७६ कार्तिक १५ गतेको कान्तिपुर दैनिक र राजधानी दैनिकमा प्रकाशित नाडाको ४३औं साधारण सभा र निर्वाचन सम्बन्धि सुचना नाडाको Website : www.nada.org.np र नाडाको सचिवालयमा सर्म्पक गर्नु होला।

(बालकृष्ण ढकाल)
प्रमुख निर्वाचन अधिकृत



## घर तथा भवनको आवश्यकता

यस बैंकलाई तल उल्लेखित जिल्लाका निम्न स्थानहरुको बजारको मुख्य सडक तर्फको भागमा बनेको घरको भुई तल्ला (१,१०० वर्ग फिट देखि १,५०० वर्ग फिट क्षेत्रफल) मा प्रस्तावित शाखा कार्यालयहरु स्थापना तथा स्थानान्तरणार्थ र ATM संचालनका लागि घर/भवन भाडामा आवश्यक भएकोले तपसीलको शर्तहरु पुरा हुने गरी ईच्छुक घरधनीहरुबाट यो शिलबन्दी प्रस्ताव आव्हान गरिएको छ।

| क्र.स. | जिल्ला | प्रस्तावित स्थान | क्र.स. | जिल्ला | प्रस्तावित स्थान |
|---|---|---|---|---|---|
| १. | काठमाण्डौ | का.म.न.पा. वडा नं. ३१, शान्तिनगर | १८. | कालीकोट | मान्मा बजार |
| २. | | गौरीघाट, काठमाडौं | १९. | मुगु | गम्गढी बजार |
| ३. | | नागार्जुन न.पा., नामगेल चोक, स्वयम्भु, सानो भर्याङ | २०. | हुम्ला | सिमिकोट बजार |
| ४. | | खुसिवु टाउन प्लानिङ, नयाँबजार काठमाण्डौ | २१. | बाजुरा | मार्तडी/कोल्टी बजार |
| ५. | | गोकर्णेश्वर न.पा., सुन्दरीजल | २२. | बझाङ | जयपृथ्वी नगरपालिका-चैनपुर बजार |
| ६. | | नागार्जुन न.पा.रामकोट | २३. | डडेलधुरा | अमरगढी न.पा. |
| ७. | | कागेश्वरी मनोहरा न.पा.डाँछी | २४. | डोटी | दिपायल/सिलगढी बजार |
| ८. | | किर्तिपुर न.पा.मैत्रीनगर | २५. | बैतडी | दशरथचन्द नगरपालिका गोठालापानी |
| ९. | | सिफल, काठमाडौं | २६. | दार्चुला | खलङ्गा/गोकुले बजार |
| १०. | ललितपुर | गोदावरी न.पा., लेले, ललितपुर | २७. | धनकुटा | धनकुटा बजार |
| ११. | सिराहा | बन्दिपुर | २८. | | हिले बजार |
| १२. | रोल्पा | सुलिचौर/लिवाङ | २९. | तेह्रथुम | म्याङ्लुङ बजार |
| १३. | बर्दिया | राजापुर नगरपालिका | ३०. | ओखलढुङ्गा | ओखलढुङ्गा बजार |
| १४. | प्युठान | बिजुवा, प्युठान | ३१. | खोटाङ | दिक्तेल बजार |
| १५. | रुकुम पश्चिम | मुसिकोट बजार | ३२. | मोरङ | दाम्राभित्ता |
| १६. | जाजरकोट | खलङ्गा बजार | ३३. | सोलुखुम्वु | सल्लेरी/फाप्लु/लुक्ला बजार |
| १७. | डोल्पा | दुनै/जुफाल बजार | ३४. | सुर्खेत | मेहलकुना बजार |

| क्र.सं. | स्थानान्तरण गर्ने शाखाको नाम | स्थानान्तरण हुने शाखा/ एटिएम संचालन हुने स्थान |
|---|---|---|
| १. | चावहिल शाखा | का.म.न.पा.वडा नं.७,चुच्चेपाटी चावहिल, काठमाण्डौ |
| २. | गोठाटार शाखा | कागेश्वरी मनोहरा न.पा. वडा नं.९, गोठाटार, काठमाण्डौ |
| ३. | ATM Outlet | का.म.न.पा.वडा नं.७, कुमारीगाल हनुमानचोक गौरीघाट, काठमाण्डौ |

**तपसिल**

**घर/भवन भाडाका शर्तहरू**
१. प्रस्तावित घर/भवनमा ३ फेज-बिजुली, पानी तथा पार्किङको सुविधा सहित मोटर ओहोर दोहोर गर्ने बाटो हुनु पर्नेछ।
२. प्रस्तावित घर/भवन सडक विस्तारको योजनामा नपरेको र सम्वन्धित महानगरपालिका/नगरपालिकाबाट भवन निर्माण स्विीकृती र निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त गरेको हुनु पर्दछ।
३. भूकम्प प्रतिरोधात्मक प्रविधिबाट निर्माण भएको घर/भवनलाई प्राथमिकता दिईनेछ।
४. उपर्युक्त भवन कम्तिमा १०(दश) वर्षको लागि भाडामा उपलव्ध गराउनु पर्नेछ।
६. बैंकले घरभाडा भुक्तानी गर्दा प्रचलित कानून अनुसार लाग्ने सम्पूर्ण कर कट्टी गरी बाँकी रकम मात्र भुक्तानी गर्नेछ।

**शिलबन्दी प्रस्तावमा खुलाउनु /संलग्न गर्नु पर्ने विवरणहरू :**
१. भवन निर्मित जग्गाको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी।
२. भाडामा दिन चाहेको भवन रहेको स्थानको पूर्ण विवरण, भवनको स्वीकृत नक्सा, भवनको निर्माण सम्पन्न भएको प्रमाणपत्र र फोटो (भवनपिलर सिष्टमबाट बनेको र बैंक संचालन गर्न उपयुक्त हुनुपर्नेछ)।
३. घरधनी तथा सम्पर्क व्यक्तिको नाम, सम्पर्क टेलिफोन नम्वर र पूरा ठेगाना।
४. प्रस्तावित घर/भवनको मासिक भाडा रकम (कर सहित) प्रस्तावित निवेदनमा अनिवार्य रुपले खुलाउनु पर्नेछ।
५. यदि प्रस्तावित घर/भवन कम्पनी वा फर्मको नाममा दर्ता कायम रहेको भएमा **शिलबन्दी बोलपत्रमा निम्न लिखित कागजातहरु अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ :-**
क. कम्पनी/फर्म दर्ता प्रमाणपत्रको फोटोकपी।
ख. आयकर दर्ता PAN वा VAT प्रमाणपत्रको फोटोकपी र कर चुक्ता प्रमाणपत्र।
ग. कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको फोटोकपी।
घ. घर/भवन भाडामा दिने सम्वन्धी संचालक समितिको निर्णयको फोटोकपी।
६. शिलवन्दी बोलपत्र खामबन्दी सहित खाम बाहिर **घर/भवन भाडामा दिने सम्वन्धी शिलवन्दी बोलपत्र प्रस्ताव** प्रष्ट रुपमा लेखी सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्र दिनको २:०० बजे भित्र यस बैंकको बबरमहल स्थित प्रधान कार्यालयको प्रशासन शाखामा आई पुग्ने गरी बुझाउनु पर्नेछ।
७. म्याद नाघि वा रित नपुगि आएको वोलपत्र उपर कुनै कारवाही हुने छैन। कुनै पनि प्रस्ताव स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकसंग सुरक्षित रहने छ। साथै अस्वीकृत कुनै पनि प्रस्तावमा कारण दिन बैंक बाध्य हुने छैन।

**नोट: उपर्युक्त विषयमा अन्य जानकारी आवश्यक भएमा यस बैंकको बबरमहल स्थित सामान्य प्रशासन विभागमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।**
**सम्पर्क फोन नं. ४७८८५००/४७८६०५४ एक्टेन्सन नं.४०६, ४८४ र ४८७**

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालय, प्रभु भवन बबरमहल काठमाण्डौ
फोन नं. ४७८८५००, फ्याक्स नं. ९७७-१-४७८०५८८



## Admission Open

**BPH** (Bachelor in Public Health)

*(Affiliated to Purbanchal University)*

पुन: प्रवेश परिक्षा फारम भर्ने अन्तिम मिति :
नियमित दस्तुर तर्फ : २०७६/०८/१९ सम्म
दोब्बर दस्तुर बुझाएर : २०७६/०८/२६ सम्म

National Academy for Medical Sciences
**NAMS College**
Old Baneswor, Kathmandu
Phone : 4466465,4469017,9841695610,9841465906



## Call for Re-Tender
Notice No: SEBAC/SP/PR/76-77
First call date: 14 November, 2019)

This re-tender notice has been published due to collection of less number of bids than required.The suppliers/vendors legally registered in the concerned entities at least two years before the date of this notice shall be eligible to participate in the re-tender process.

Safaa Paani and IHHWI project implemented by SEBAC-Nepal invites for submission of tenders from registered and eligible Suppliers/Vendors in order to supply construction materials including transportation for gravity flow rural drinking water supply schemes in Sindhupalchowk and Dolakha districts.

Interested firms, companies willing to offer tender services are requested to collect the detail Tender documents from SEBAC-Nepal's office located at Koteshwor, Kathmandu, Nepal. Phone no 01-4601160.

**Deadline for submission: December 11, 2019 at 4:00 PM**
**Bid opening on December 12, 2019 at 1:00PM (Thursday)**
**TOR should be taken by December 8, 2019**

***Note:*** *Bidders are requested to participate in bid opening process at given date.*



# त्यो रजत, यो स्वर्ण



उसुको पहिलो दिन मंगलबार स्वर्ण पदकसाथ सुस्मिता तामाङ र विजय सिंजाली । *तस्बिर : अंगद ढकाल/कान्तिपुर*

■ **राजु घिसिङ** (काठमाडौं)

सिलोङमा तीन वर्षअघि १२ औं दक्षिण एसियाली खेलकुद (साग) मा नेपाली उसु टिमले १ स्वर्ण, १० रजत र १ कांस्यपदक जितेको थियो । एक्लो स्वर्ण विजेता निमा घर्तीमगरसहित थाउलुका खेलाडीले ६ रजत हात पारेका थिए । रजतमै सीमित हुनेमा विजय सिंजाली र सुस्मिता तामाङ पनि थिए । सिनियर तहको अन्तर्राष्ट्रिय प्रतियोगितामा नयाँ-नयाँ खेलाडी भए पनि स्वर्ण जित्न नसकेकामा यी दुवैले खुबै चित्त दुखाएका थिए । खेल सकिएदेखि उपविजेताको पदक जित्दासम्मै खिन्न देखिन्थे । निक्कै रोए पनि । दुवैले सागमा स्वर्ण जित्ने त्यो बेलाको सपना मंगलबार स्वदेशमा साकार पारेका छन् ।

थाउलुको पुरुषतर्फ १० पूर्णांकको छानछ्वानमा ९.४८ अंक जोड्दै स्वर्ण कब्जा गरेका २० वर्षे विजयले भने, 'पहिलोपल्ट ठूलो प्रतियोगिता भएकोले सिलोङमा सबैले मसँग आशा (स्वर्ण) गरिरहेको छ भनेर महत्त्वाकांक्षी भएको थिएँ । त्यति धेरैले आशा गरेको स्वर्ण ल्याउन सकेन भनेर एकदमै रोएको थिएँ । अर्कोपल्ट म पक्कै गर्छु, सक्छु भनेर सोचें । र, यसपालि सफल भएँ । एकदमै खुसी लागेको छ ।' पाँच खेलाडी रहेको स्पर्धामा उनको नजिक बंगलादेशका मोहमद ओमार (९.३४) पुगेका थिए । श्रीलंकाका सौम्य प्रभाकर र भारतका अन्जुलले समान ९.१४ अंक जोडे ।

महिला छानछ्वानमा ९.४४ अंकसहित स्वर्ण सपना पूरा गरेकी १९ वर्षीया सुस्मिताले भनिन्, 'प्रतिस्पर्धा सजिलो थिएन । यो खेलका लागि साढे ५ महिनादेखि मिहिनेत गरिरहेकी थिएँ । आज सफल भएँ । सपना पूरा भयो । एकदमै गर्व अनुभव भएको छ ।' उनले तीन खेलाडी सहभागी स्पर्धामा श्रीलंकाकी पीएचजी वाथसाला (८.८५) र बंगलादेशकी नूर बाहेर बेगम (७.५३) लाई पन्छाउँदै स्वर्ण जितेकी हुन् ।

आर्मी शारीरिक तथा खेलकुद तालिम केन्द्रमा भएको कला प्रदर्शनीको आफ्नो स्पर्धामा सुरुमै उत्रिएकी सुस्मिता भन्छिन्, 'स्वर्ण जित्छु भन्ने लागिरहेको थियो । त्यसैले अरुको अंक पर्खंदा डर लागिरह्यो । नर्भस भएँ । प्रार्थना गरिरहें । अन्त्यमा अरुको अंक आएपछि मैले स्वर्ण जितेको थाह पाएँ । अनि यो मन उडिरह्यो ।' उनले १२ औं सागमा रजत पदक हात पार्ने क्रममा ८.७२ अंक बनाएकी थिइन् । भारतकी सपना देवीले ९.४५ अंकसहित स्वर्ण जितेकी थिइन् ।

'यसपालि प्रतिद्वन्द्वी राम्रै थिए । सागमा नयाँ भएकाले उनीहरूले यस्तो गर्छन् भन्ने अनुमान थएन, डरचाहिँ थियो,' दुई संस्करणको पदक सम्झिँदै सुस्मिताले भनिन्, 'त्यो बेला (२०१६) म सानै थिएँ । लामा (प्रकाश) गुरुले समय लाग्छ, समय लाग्छ भनिरहनुहुन्थ्यो । ठूलो भएपछि मसलहरू त्यसरी नै विकास हुँदोरहेछ । थाउलुमा कोरियोग्राफी महत्त्वपूर्ण हुन्छ । पहिलाभन्दा मेरो जम्पिङ र मुभमेन्ट राम्रो भएको छ ।'

एभरेस्ट कलेजमा बीबीएम तेस्रो सेमेस्टरमा अध्ययनरत उनले यसपालिको प्रदर्शनबारे भनिन्, 'अंक ९.४ कै स्तरमा ल्याउनुपर्छ किनभने पहिला स्वर्ण विजेताले त्यति ल्याएकी थिइ भन्ने थियो । जब मेरो अंक आएपछि सोचेकै जस्तो भएछ भन्ने लाग्यो ।' उसु खेलिरहेका दाइ मनोज बहादुरलाई पछ्याउँदै ११ वर्षअघि खेलमा लागेकी चाँगुनारायणकी उनलाई साथ दिन उसु र लेजका साथीहरू खेलस्थलमा हुटिङ गरिरहेका थिए । बुवाआमाले कामले व्यस्तले खेल हेर्न नभ्याएको उनले बताइन् । हाल दिल्लीमा सीए अध्ययनरत मनोजले पढाइमा केन्द्रित हुन खेल छाडेका थिए ।

**एउटै 'ब्याच'**

सुस्मिताले १२ औं सागअघि एसियाली खेलकुद २०१४ पनि खेलेका थिए । विजयको भने सिनियरमा पहिलो अन्तर्राष्ट्रिय प्रतियोगिता सिलोङ यात्रा नै हो । यी दुई त्रिभुवन आर्मी क्लबका खेलाडी हुन् । दुवै जना गत असारमा नेपाली सेनामा भर्ती भएका थिए । सुस्मिता ०६८ सालको छैटौं राष्ट्रिय खेलकुदबाट स्वदेशमा च्याम्पियन भएका थिए भने विजयले पहिलो स्वर्ण लुम्बिनी च्याम्पियनसिप २०७० मा हात पारेका थिए । त्यसयता सुस्मिता अपराजित छिन् भने विजय एसियाडको छनोटमा ५ वर्षअघि हारेयता अजेय छन् ।

विजयले पनि दाइ (विशाल) लाई पछ्याउँदै उसु सिक्न थालेका थिए । आमाले दाजुभाइलाई सँगै उसु खेल्न पठाउँदा विजय करिब ३ वर्षका मात्रै थिए । उनको काम सिक्नेभन्दा समय बिताउनेमै हुन्थ्यो । केही महिना गएनन् । ५ वर्षको भएपछि उसुमै फर्किएदेखि यसैमा कौशल निखार्दै छन् । अन्तर्राष्ट्रिय प्रतियोगिता खेलिसकेका विशाल १३ औं सागमा निर्णायकको भूमिकामा छन् । तर, उनले भाइको स्पर्धामा जिम्मेवारी पाउँदैनन् ।

विजयले भने, 'प्रशिक्षक युवराज गुरुङलाई हृदयदेखि सम्झन्छु, धेरै धेरै धन्यवाद दिन चाहन्छु । उहाँले सानैबाट नसिकाएको भए यो ठाउँमा हुन सक्दिनथे । कोच प्रकाश लामा र सागर गुरुलाई पनि धेरै धेरै धन्यवाद । दुख कष्टले ट्रेनिङ दिलाएर यहाँसम्म ल्याउनुभयो । आर्मीका राजीव महर्जन र सुरुका कोच चित्र मगरलाई पनि धन्यवाद ।' सुस्मिताले पनि भनिन्, 'सुरुका सत्य भडेल, साजन देशमरुसहित सबै गुरुहरू र जुडो संघलाई धन्यवाद ।'

यो सागबारे विजय बोले, 'प्रतिद्वन्द्वी कठिन नै थिए । म नर्भस भएको थिए । अहिले खुसी छु, नेपालको लागि स्वर्णपदक जित्नसके ।' उनले थपे, 'अरुको हेर्नेभन्दा पनि आफ्नो उत्कृष्ट प्रदर्शन गर्ने सोचेको थिए । अरूको खेल हेरेर म आत्मविश्वास गुमाउन चाहन्नथे । विश्व च्याम्पियनसिपमा गरेजस्तो राम्रो भने गर्न सकिएन । तर, खासै नारम्रो गरिन ।' उनी दुई महिनाअघि सांभाईमा भएको विश्व च्याम्पियनसिपमा ९.४२ अंक जोड्दै ८८ खेलाडीमध्ये १६ औं स्थानमा रहेका थिए ।

पाँच खेलाडीमध्ये अन्त्यमा एरिनामा उत्रिएका उनले नतिजाको प्रतिक्षाबारे भने, 'दबाब थियो नै बाहिरबाट गुरुहरूले ( छातीमा हात राख्दै) भनेपछि ढुक्क भए । अनि अंक देखाएपछि सर्लक्क भए । लामो श्वास लिए ।' उसुमा यसपाली पहिले स्वर्ण जितेका उनले थपे, 'जुन बेलासम्म सक्छु, त्यो बेलासम्म नेपाललाई पदक दिलाइरहन्छु ।'

थाउलुका प्रशिक्षक प्रकाश लामाले भने, 'विजय र सुस्मिताले राम्रो गरे । लक्ष्यअनुसार ९.३ अंक कटाए । उनीहरू योभन्दा राम्रो गर्नसक्ने खेलाडी हुन् । दुवैले निक्कै सुधार गरेका छन् । यस्तै लामो अवधिको ट्रेनिङलाई निरन्तरता दिनसके एसियाली स्तरमै पदक दिलाउन सक्छन् ।'

**आज २ स्वर्णको टुंगो**

थाउलुमै दुई स्पर्धाको छिनोफानो बुधबार हुँदैछ । दीपक हमालले नानछ्वान अलराउन्ड र हरिप्रसाद गोले थाइची छ्वान अलराउन्डमा प्रतिस्पर्धा गर्दैछन् । मंगलबार भएको नानछ्वानमा दीपक ९.७० अंकसहित शीर्षस्थानमा छन् भने हरि थाइची छ्वानमा ९.४४ सहित तेस्रोमा । बुधबार दीपकले नानकुन र हरिले थाइची चियनमा प्रदर्शन गर्नेछन् । 'हरिको अन्तर त्यति धेरै छैन, जे पनि हुनसक्छ । उनले राम्रो गर्नेमा विश्वस्त छु' प्रशिक्षक लामाले भने, 'दीपक राम्रो अवस्थामा छन् । हेलचेक्र्याइँ गर्नुहुँदैन । दोस्रो दिन पनि उत्कृष्ट प्रदर्शन गर्दै उनले राम्रो नतिजा ल्याउनेछन् ।

१२ औं सागमा स्वर्ण जितेकी निमा घर्तीमगरले नान छ्वान अलराउन्डको नान ताओमा मंगलबार ९.३१ अंकसहित शीर्षस्थान कब्जा गरेकी छन् । थाइची छ्वान अलराउन्डमा मीना ग्लान ९.१७ सहित दोस्रोमा छिन् । उनले बुधबार श्रीलंकाली खेलाडीलाई उछिन्ने प्रयास गर्नेछिन् । निमाको स्पर्धाको फैसला बिहीबार हुनेछ । विश्व बुढामगरको ताउसु कुन्सुको स्पर्धा बुधबार सुरु हुँदै छ । सान्सौंको सुरुआती प्रतिस्पर्धा पनि बुधबार नै हुनेछ ।

# सुनीता र नवीनको उत्कृष्ट प्रदर्शन

■ **विनोद पाण्डे** (काठमाडौं)

दक्षिण एसियाली खेलकुद (साग) मा कराते पछिल्लोपल्ट २०१० मा बंगलादेशमा समावेश थियो । महिलातर्फ तीन तौल समूह राखिएको थियो । ४५ केजीमुनिमा नेपाली टोली प्रक्रियामै अलमलियो र दर्ता गर्न चुक्यो । नेपाल समावेश नभएको फाइदा उठाउँदै बंगलादेशी खेलाडीले स्वर्ण जितिन् ।

मोरेउम खातुन ढाका सागको सफलतामा अर्को स्वर्ण थप्ने दाउमा थिइन् । निकै अनुभवी उनी सम्भवत: अन्तिमपल्ट साग खेलिरहेकी थिइन् । मंगलबार सातदोबाटो कराते हलमा उनले ढाका जस्तो वातावरण पाइनन् । उनको पहिलो भेट नै नेपाली खेलाडी सुनीता महर्जनसँग भयो । ६७ केजीमुनिको यो स्पर्धामा उत्रँदा खातुनले आफ्नो धार गुमाइसकेकी थिइन् भने सुनीताले आफ्नो उत्कृष्ट प्रदर्शन गरिरहेकी थिइन् ।

सुनीता १० सेकेन्ड बाँकी हुँदै १०-२ अंकको अग्रता बनाई टेक्निकली आधारमा विजयी भइन् । ८ अंकको अग्रता लिएमा त्यो खेलाडी स्वत: विजयी हुने प्रावधानमा सुनीता फाइनल पुगिन् । सुनीताले आफ्नो उत्कृष्ट लय फाइनलसम्म कायमै राखिन् । फाइनलमा उनले पाकिस्तानकी कुलसुमलाई ८-२ ले पराजित गरिन् ।

खातुन परिवारमाथि नेपालको यो दोस्रो फाइनल विजयी थियो । सोमबार उनकी बहिनी मोन्जेरा बोर्ना खातुनलाई ३-२ ले पराजित गरी कुसुम खड्काले नेपाललाई स्वर्ण पदक दिलाएकी थिइन् । बंगलादेश सागमा स्वर्ण जित्न चुकेकी अनु अधिकारीले सोमबार नेपालले जितेको ७ मध्ये अन्तिम स्वर्ण जितेकी थिइन् ।

२६ वर्षीया सुनीतालाई स्वर्ण जित्न अनुले जितेको त्यही स्वर्णले झकझकायो । 'हिजो पनि हामीले पहिलो खेल हारेका थियौं र अनु (अधिकारी) दिदीले अन्तिम खेल नकआउट हानेर जित्नुभएको थियो । मलाई पनि मेरो अन्तिम खेल हो स्वर्ण मैले नै जित्ने भन्ने परिसकेको थियो,' १५ वर्षदेखि कराते खेल्दै आएकी उनले भनिन्, 'अरू आत्मविश्वाससाथ खेल्दा मलाई पनि जित्छु जस्तो लागिरहेको थियो ।'

उनले यसअघि दुईपटक २०१० मा भुटान र तीन साताअघि बंगलादेशमा दक्षिण एसियाली कराते च्याम्पियनसिप खेलेकी थिइन् । 'यहाँसम्म आइपुग्न मलाई गाह्रो भयो, धेरै दु:ख गर्नुपऱ्यो । दु:ख गरेको जस्तो नतिजा आइरहेको थिएन केले हो खोइ । केही मिलिरहेको थिएन । मलाई यसपटक डर नभएको होइन,' उनी आफ्नो संघर्षका दिन सम्झिरहेकी थिइन् । आफ्ना बुवा र श्रीमान् लाई प्रत्यक्षदर्शी बनाउँदै सुनीताले स्वर्णको बाजी मारेकी थिइन् ।



पाकिस्तानीविरुद्ध इप्पोन हान्दै नेपालका नवीन रसाइली । स्वर्ण चुम्दै नवीन र सुनीता महर्जन । *तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर*



**एक उत्कृष्ट फाइट**

करातेबाट दिनको खेलमा दोस्रो स्वर्ण दिलाउने नवीन रसाइली थिए । त्यसका लागि उनले आफ्नो खेलजीवनको उत्कृष्ट भिडन्त खेलेका थिए, सम्भवत: त्यो नेपाली करातेकै उत्कृष्ट फाइट पनि थियो । बंगलादेशका मोहम्मद फेडोउसलाई पहिलो खेलमा पराजित गर्न उनले खासै संघर्ष गर्नुपरेन । ८-२ को स्कोरमा नतिजा आफ्नो पक्षमा पारे ।

फाइनलको स्कोरले नै यो उत्कृष्ट भिडन्त थियो भन्ने पुष्टि गर्छ । पाकिस्तानका अहमद नासिरले २-० को अग्रता लिए । नवीनले १-२ को स्कोर बनाएपछि इप्पोन प्रहार गरे । स्कोर ४-२ नवीनको पक्षमा आयो । नवीन एक समय ७-२ ले अगाडि थिए । नासिरले पनि इप्पोन हान्दै ५-७ को स्कोरमा ल्याए । दुवै खेलाडीले २-२ पटक चेतावनी पाइसकेको अन्तिम अवस्थामा नवीनले ८-६ को अग्रता बनाए ।

३ मिनेटको समय सकिनु र नासिरले इप्पोन हान्नु एकैपल्ट जस्तो भएको थियो । नासिरका प्रशिक्षकले रिभ्यु लिए । तर समय सकिएको भन्दै उनको सुनुवाइ भएन । नासिर निराश थिए । पाकिस्तान कराते संघका प्रतिनिधि गुनासो गर्न पुगेका थिए । नवीन भने स्वर्ण जितेपछि उत्तानो परेर म्याटमा ढले ।

'फाइट निकै कठिन थियो, जेहोस् प्रतीक्षाको फल मीठै भयो । खेल पनि राम्रो भयो । फाइनलमा पाकिस्तानी खेलाडी मात्र नभएर मेरो उमेरमा खेल्ने सबै राम्रा थिए । सबै प्रतिद्वन्द्वीले स्वर्णको आस गरेको जस्तो देखिन्थ्यो । राम्रो खेलाडीलाई हराएर स्वर्ण जित्नुको आनन्द पनि अर्कै हुँदोरहेछ,' नवीनले भने, 'खेल यस्तो प्रतिस्पर्धात्मक हुँदा मैले अभ्यास गर्दा, मिहिनेत गर्दा गरेको आफ्नो संघर्ष याद गरेको थिएँ । साग खेलकुदसम्म पुग्न हामीले निकै संघर्ष गऱ्यौं ।'

'त्यो क्षणलाई जसरी हुन्छ झेल्नै पऱ्यो । दबाबमा पर्दा त दिमाग शून्य नै हुन्छ, तर त्यस्तो गर्नु त हुँदैन । त्यस्तो अवस्था कसरी झेल्नेतर्फ लाग्नुपर्छ,' नवीन फाइनल खेलको वर्णन गर्दै थिए, 'मभन्दा उनी होचा थिए । मेरो दाहिने किक चल्थ्यो, त्यसैले २-० हुँदासम्म उनलाई हराउँछु भन्ने थियो । उनलाई जिस्काउँदै मैले इप्पोन हानेको हुँ । दबाबमा आएपछि म होस हराए जस्तो भएको थिएँ । सजिलै जितेको खेल संघर्षपूर्ण भयो ।'

**आठौंको नजिक**

नेपालले आठौं दक्षिण एसियाली महासंघीय खेलकुद (साफ) मा १४ स्वर्ण जितेको थियो । त्यसयताको यो उत्कृष्ट प्रदर्शन हो । नेपालले करातेको १३ मध्येको ९ स्वर्ण जितिसकेको छ । बुधबार बाँकी चार स्पर्धाको नतिजा आउनेछ । अघिल्लो दिन नेपालबाट मन्डेकाजी श्रेष्ठ, नेपाली टिम काता पुरुष र महिला, लक्ष्मण तामाङ, विप्लवलाल श्रेष्ठ, कुसुम खड्का, अनु अधिकारीले स्वर्ण जितेका थिए ।

नेपालले मंगलबार करातेमा २-२ रजत र कांस्य थपेको हो । ६० केजीमा राजीव पुडासैनीले पहिलो खेलमा खामसुन चोइटेनलाई डेढ मिनेटमा ८-० को स्कोर गर्दै पराजित गरे । तर सेमिफाइनलमा उनी बंगलादेशका मोहम्म अल अमिलसँग ५-७ ले पराजित हुन पुगे र कांस्यमै चित्त बुझाए । ५५ केजीमुनिमा मनीषा चौधरी पहिलो खेलमै पाकिस्तानकी मार्जन अख्तरसँग २-१ ले पराजित भई कांस्य पदकमै रोकिइन् । अख्तरले बंगलादेशकी खेलाडीलाई पराजित गरी स्वर्ण पदक जितिन् ।

अनु गुरुङ र गंगाराम कुसुवार फाइनलमा पराजित भए । पहिलो खेलमा श्रीलंकाका जयाकोडी डोनामाथि ६-१ को जित हात पारेकी अनु फाइनलमा बंगलादेशकी हुमइरा अख्तरसँग ५-२ ले पराजित हुन पुगिन् । गंगारामले पनि पहिलो खेलमा प्रभावशाली जित हात पार्नेक्रममा भुटानका शेराब वोङचुकलाई ७-१ ले पराजित गरे । तर यूएईमा व्यावसायिक फाइट खेलिरहेका घुलाम अब्बासको अगाडि फाइनलमा उनको केही लागेन । उनी ५० सेकेन्ड अगाडि नै अब्बाससँग ८-० को अन्तरमा नकआउट भए ।

# लय समातेको नेपाल



भुटानविरुद्ध सुजल श्रेष्ठले गोल गरेपछि । *केशव थापा*

**नेपाल ४-० भुटान**
**माल्दिभ्स १-१ बंगलादेश**

■ **हिमेश** (काठमाडौं)

नेपालका लागि भुटान अब फुटबलमा पहिलेजस्तो सजिलो प्रतिद्वन्द्वी रहेन । तर अझै प्रिय प्रतिद्वन्द्वी भने हो । किनभने नेपालले भुटानविरुद्धको खेल भनेपछि राम्रो खेल्छ, भुटानले नेपाल भनेपछि आत्तिएर खेल्छ । १३ औं दक्षिण एसियाली खेलकुद (साग) को मंगलबार पुरुष फुटबलमा यी दुई देशबीचको खेलको वास्तविक कथा यही रह्यो । यो कथा हो, दशरथ रंगशालामा नेपाली फुटबल औपचारिक रूपमा फर्केको अवसर पनि ।

भूकम्प गएयता नेपालका खेलाडीले दशरथ रंगशालामा खेल्न पाएको यो नै पहिलोपल्ट हो । यही निहुँमा विशेषत: नेपाली यू-२३ का खेलाडी खुसी देखाए । यो खुसीलाई खेलाडीले मैदानमा राम्रो प्रदर्शनमा परिणत पनि गरे । वास्तवमा यो खेल नेपालले लय समातेको अवसर थियो । नेपालको फुटबल हेर्न लामो समयपछि दशरथ रंगशाला पुगेका ७ हजार दर्शक पनि खुसी रहे । प्रशिक्षक बालगोपाल महर्जनले भने, 'दशरथ रंगशालामा फुटबल खेल्न पाउनु नै सबैभन्दा ठूलो खुसी हो ।'

अझ कप्तान सुजल श्रेष्ठले यतिसम्म भने, 'फुटबल खेलाडीको रूपमा हामी जन्मेहुर्केको नै यहीं हो ।' सुरुमै सुजलको गोलले अग्रता लिएपछि नेपालले भुटानमाथि दबाब सिर्जना गर्न सफल रह्यो । भुटानी डिफेन्डर जिग्मे छिरिङ दोर्जेले आफ्नो पेनाल्टी एरियामा बल राम्रोसँग क्लियर गर्न नसकेपछि प्राप्त अवसरमा सुजलले छैटौं मिनेटमा नजिकको दूरीबाट प्रहार गर्दै गोल गरे । दोस्रो गोल सुजलकै नाममा रह्यो । उनले ५१ औं मिनेटमा चलाखीपूर्ण गोल गरे ।

भुटानी गोलरक्षक किन्ले तेन्जिङ अगाडि बढेको मौका छोपेर उनले बललाई हल्का उचाइ दिए । त्यसले पोस्टको दिशा लियो । अभिषेक रिजालले ६६ औं मिनेटमा तेस्रो गोल गरे । सुनील बलको फ्रि-किकलाई अनन्त तामाङले हेड गर्दै पास मिलाए । त्यसैलाई अभिषेकले निर्णायक हेड गरे । मिक्चेन तामाङले गरेको चौथो गोल अझ सुन्दर थियो । उनले ७७ औं मिनेटमा प्राप्त फ्रि-किकमा बललाई घुमाउरो बाटो तय गर्न लगाए । त्यही बल सबैलाई छक्याउँदै पोस्टतर्फ प्रवेश गऱ्यो ।

खेलपछि भुटानी प्रशिक्षक पेमाले आफ्नो टिमको हारमा प्रस्तुत गरेको तर्क भने न्यायसंगत थियो । भुटानले २४ घण्टाभन्दा कम समयमा खेल्नुपरेको थियो, त्यसैले उनका खेलाडी थाकेका थिए । थाकेको सुरुमा भुटानी खेलाडीले राम्रो गर्न सकेनन् । भुटानले अघिल्लो दिनमात्र संघर्षपूर्ण खेलमा बंगलादेशलाई हराएको थियो । लगातार दुई खेलपछि अब भुटानले आरामको अवसर पाउनेछ भने नेपाल बुधबार नै श्रीलंकाविरुद्ध अर्को खेलमा ओर्लिने छ ।

भुटानी प्रशिक्षक पेमालाई रेफ्रीको निर्णयमा गुनासो थियो । मंगलबारै दोस्रो खेलमा माल्दिभ्स र बंगलादेशले १-१ को बराबरी खेले । बंगलादेशले सुरुमा अग्रता लियो । त्यो आत्मघाती गोल रह्यो । माल्दिभ्सका कप्तान अक्रम अब्दुल घानीले ३० औं मिनेटमा त्यो दुर्भाग्यपूर्ण गोल गरे । माल्दिभ्सले ७० औंमिनेटमा बराबरी गोल फर्कायो । इब्राहिम महोदीले नजिकबाट यो गोलका लागि शक्तिशाली प्रहार गरेका थिए ।

नेपाल पाँच टिमसम्मिलित प्रतियोगिताको राउन्ड रोबिनको शीर्षस्थान छ । दुई खेलिसकेको भुटान भने समान ३ अंकमा दोस्रो स्थानमा छ । माल्दिभ्स लगातार दोस्रो बराबरीपछि २ अंक लिएर तेस्रोमा छ । १-१ अंकमा श्रीलंका र बंगलादेश छन् । शीर्ष दुई स्थानमा रहने टिमले फाइनल यात्रा गर्नेछन् ।

## सरुको निर्णायक गोल

पोखरा (कास)- सरु लिम्बूको गोलमा श्रीलंकाविरुद्ध नेपालले १३ औं सागको महिला फुटबलमा मंगलबार विजयी सुरुआत गरेको छ । पोखरा रंगशालामा उनले ८८ औं मिनेटमा एकमात्र गोल गरेर नेपाली दर्शकलाई खुसी तुल्याइन् । वैकल्पिक खेलाडीका रूपमा मैदान प्रवेश गरेकी उनले नेपाललाई ३ अंक दिलाइन् । यो जितसँगै नेपालले उपाधि प्रतिस्पर्धाको होड बलियो बनाएको छ ।

पहिलो हाफ हुनुअघि दीपा राईको स्थानमा सरु मैदान छिरेकी हुन् । अघिल्लो सागमा नेपालले श्रीलंकालाई ४-० ले हराएको थियो । राउन्ड रोबिनमा खेलाइएको प्रतियोगितामा अब नेपालले भारत र माल्दिभ्ससँग प्रतिस्पर्धा गर्नेछ ।

खेलपछि नेपाली प्रशिक्षक हरि खड्काले श्रीलंका रक्षात्मक खेल्दा गोलको अवसर सिर्जना नभएको बताए ।

## टेबलटेनिसमा रजत



काठमाडौं (कास)- १३ औं दक्षिण ऐसयाली खेलकुदमा टेबलटेनिसको पुरुष टिम इभेन्टमा नेपालले रजत पदक जितेको छ । मंगलबार लैनचौरस्थित टेबलटेनिस कोर्टमा भएको फाइनलमा नेपाल टिम भारतसँग ३-० सेटमा पराजित भएको थियो । नेपालले टेबलटेनिसमा लामो समयपछि रजत पदक जितेको हो ।

महिला टिम इभेन्टमा भने नेपालले कांस्य पदक जितेको थियो ।

## डबल्समा सुधार

पोखरा (कास)- ब्याडमिन्टनमा एकलतर्फ खराब प्रदर्शन गरेको नेपालले डबल्स र मिक्स डबल्समा आफूलाई सुधारेको छ । १३ औं सागअन्तर्गत मंगलबार पोखरामा बिहानी सत्रको खेलका सबै सेट गुमाएका नेपाली खेलाडीले दिउँसोको खेलमा सुधारिएको प्रदर्शन गर्दै जित निकाले ।

पुरुष डबल्सतर्फ नेपालका प्रिन्स दाहाल र प्रफुल्ल महर्जन क्वाटरफाइनल पुगेका छन् । यो जोडीले पाकिस्तानका मुकित ताहिर र अवाइज जाहिदको जोडीलाई ३-१ को सेटमा हरायो ।


महिला डबल्समा जेसिका गुरुङ र रसिला महर्जनको जोडी पनि क्वाटरफाइनल पुगेको छ । उनीहरूले पाकिस्तानकै शेरा अक्रम र जावेद हुमालाई २-१ को सोझो सेटमा हराए । मिक्स डबल्समा नेपालका विकास श्रेष्ठ र अनुमाया राईले पनि क्वाटरफाइनलमा स्थान सुरक्षित गरे । उनीहरूले पाकिस्तानका राजा मोहम्मद हसिन र शेरा अक्रमको जोडीलाई २-१ को सोझो सेटमा हराएको हो । डबल्स र मिक्स डबल्सबाहेक सिंगल्समा नेपालले अपेक्षाअनुसार प्रदर्शन गर्न सकेन । सिंगलतर्फ कुनै पनि नेपाली खेलाडीले जित निकाल्न सकेनन् । दीपेश धामी, रसिला महर्जन, नङसलदेवी तामाङ पराजित भए ।

SAVE ENERGY
WITH YASUDA INVERTER AC




Yasuda®
YOUR COMPLETE HOME SOLUTION

www.yasudaworld.com
SMS YASUDA<SPACE >AC TO 37001
facebook.com/yasudaofficial




# जितनजिक पुगेर चुक्यो नेपाल

■ **हिमेश** (काठमाडौं)

नेपाली महिला भलिबलले यही अनुभव गरेको हुनुपर्छ, सफलता कति नजिक तर अझै कति टाढा ? १३ औं दक्षिण एसियाली खेलकुद (साग) को महिला भलिबलमा नेपालसामु स्वर्ण पदक जित्ने यतिको राम्रो अवसर फेरि दोहोरिएर आउने छैन । आखिरमा भारतमाथि अग्रता लिएर पनि खेल गुमाउन बाध्य हुन्छ भने त्यो पीडादायी हार नै हुन्छ । नेपाल मंगलबारको खेलमा यस्तै स्थितिबाट गुज्रियो । नेपाली खेलाडीले आफ्नो भावना पनि रोक्न सकेनन् ।

उनीहरूले दशरथ रंगशालाको कभर्डहलमै आँसु रोक्न सकेनन् । त्यसको ठीकविपरीत भारतीय खेलाडीको खुसी हेरिनसक्नु थियो । आखिरमा उनीहरूले सम्झनालायक जित निकालेका थिए । हारले जहाँ नेपाल रजत पदकमै रोकियो, त्यहीं भारतले महिला भलिबलमा फेरि एकपल्ट स्वर्ण पदक जित्न सफल रह्यो । अझ यो डिफेन्डिङ चाम्पियनले आफ्नै भूमिमा भएको पछिल्लो सागमा हात पारेको उपाधिको सानदार ढंगले रक्षा गर्न पनि सफल छ ।

'आज हामी जितको निकै नजिक पुगेर पनि पराजित रहन बाध्य रह्यौं । यसमा मलाई धेरै दुःख छ । यो हारको सबै जिम्मेवारी म आफैं लिन्छु । तर हामीले जितेको रजत पदक पनि ठूलै उपलब्धि हो । केही समय अगाडिसम्म पनि भारतविरुद्ध हामी लगातार हारिरहेको थियौं र स्कोर पनि निकै कमजोर हुने गर्थ्यो । तर अहिले हामी त्यही भारतलाई ५ सेटसम्म दोहोर्‍याउने सक्ने टिम भएका छौं । यो अर्थमा भने मलाई नेपाली टिमको प्रदर्शनमा खुसी छ,' नेपाली टिमका प्रशिक्षक जगदीश भट्टले भने ।

फाइनलमा भारतले पहिलो सेटमा २५-१७ ले जितेको थियो । त्यसबेला धेरैको अनुमान थियो, अब खेल सजिलै भारतले जित्नेछ । तर खेलले त्यतिबेला नाटकीय मोड लियो, जतिबेला नेपालले त्यसयताका दुई सेट जित्यो । नेपालले दोस्रो सेट २५-२३ ले जित्यो । खेल बराबरीमा ल्यायो । नेपालले तेस्रो सेट पनि २५-११ ले जितेपछि त कभर्डहलमा सनसनी नै मच्चिएको थियो । सबैलाई लाग्न थालेको थियो, सायद नेपाल स्वर्ण नजिक पुगेको छ ।

तर खेलमा अझै थप मोड बाँकी नै थिए । नेपालले चौथो सेट २५-२० ले गुमायो । त्यसयता नेपाली खेलाडी आत्तिएका देखियो र उनीहरूले आफूलाई सम्हाल्न पनि सकेनन् । अन्तिम सेटमा नेपाल १५-६ ले सजिलै पराजित रह्यो । नेपाली खेलाडी यसअघि यस्तो मोडमा पुगेका थिएनन्, त्यसैले उनीहरू भावनात्मक बने । भारतको प्रदर्शन भने व्यावसायिक खेलाडीको जस्तो थियो । सुरुआती तीन सेटपछि पछाडि परेर पनि उनीहरूले उत्कृष्ट पुनरागमन रचे । नेपालका लागि फाइनल ठूलो शिक्षाका रूपमा रह्यो । प्रशिक्षक भट्टले पनि माने, अबका दिन नेपाली महिला भलिबलका लागि अझ राम्रो हुनेछ । कप्तान अरुणा शाहीले केही फरक मत प्रस्तुत गरिन् । उनका अनुसार टिमको हारमा कोही दोषी छ भने ती सबै खेलाडी नै हुन् । उनले भने, 'खासमा हामी हाम्रै कमजोरीले हारेका थियौं । आज भारतलाई हराएर ऐतिहासिक स्वर्ण जित्ने अवसर थियो, तर त्यसलाई हामीले गुमायौं । त्यसैले दुःखी छौं ।'



**रजत पदकमा चित्त बुझाएको नेपाली महिला भलिबल टिम । मंगलबार फाइनलमा नेपाल भारतसँग पराजित भयो ।** *तस्बिर : केशव थापा/कान्तिपुर*

# क्रिकेटमा पराजित

■ **राजेन्द्र नाथ** (काठमाडौं)

उपकप्तान दीपेन्द्रसिंह ऐरीको अविजित ७२ रन मदतमा श्रीलंकाविरुद्ध नेपालले सम्मानजनक स्कोर बनाए पनि खराब फिल्डिङका कारण पहिलो खेल गुमाएको छ । १३ औं दक्षिण एसियाली खेलकुद (साग) को क्रिकेटमा मंगलबार श्रीलंकाको २३ वर्ष उमेरमुनिको टोलीसँग नेपाल घरेलु मैदानमै चुकेको हो । नेपालले दिएको १ सय ७३ रनको लक्ष्य श्रीलंकाले १९.१ ओभरमा ४ विकेट क्षतिमा पूरा गर्‍यो ।




नेपालको हारमा खराब फिल्डिङ पनि कारक मानिएको छ । महत्त्वपूर्ण खेलमा नेपाली खेलाडीले बाउन्ड्रीमा तीनवटा क्याच 'मिस' गरे । नेपालका कप्तान ज्ञानेन्द्र मल्लले फिल्डिङमा केही कमजोरी भएको स्वीकारे । श्रीलंकासँग ६ विकेटले पराजित नेपालको फाइनल यात्रा अब अन्य टोलीको नतिजा र रनरेटमा निर्भर हुनेछ ।

श्रीलंकाको जितमा साम्मु आसानले ४ चौका र ५ छक्का हान्दै ७२ रन बनाएर अविजित रहे । ओपनर निशान मदुस्काले ४२ बलमा ५ चौका र १ छक्कासहित ४६ रन बटुलेका थिए । निशानलाई पवन सर्राफले १७ औं ओभरको तेस्रो बलमा दीपेन्द्रसिंह ऐरीको हातबाट क्याच आउट गराए । तेस्रो ओभरको अन्तिम बलमा सोमपाल कामीले पाथुम निसंकालाई ३० रनमा क्याच आउट गराए । पवन सर्राफले कामिन्दु मेन्डिसलाई १ रनमा स्टम्पिङ आउट गरे । सुसन भारीले चारिथा आसालांकालाई ६ रनमा करण केसीबाट क्याच गराए । त्यसपछि नेपाली बलर श्रीलंकनका सामु फिक्का साबित भए ।

दर्शकले खचाखच भरिएको टीयू खेलमैदानमा टस हारेर नेपालले ब्याटिङ निम्तो पाएको थियो । उसले २० ओभरमा ५ विकेट गुमाउँदै १ सय ७२ रन बनायो । उपकप्तान दीपेन्द्रसिंह ऐरी ४ चौका र ३ छक्कासहित अविजित ७२ रन बनाए । पवन सर्राफ २२ रनमा क्याच आउट भए । पाँचौं विकेटका लागि पवन र दीपेन्द्रले ६२ रनको महत्त्वपूर्ण साझेदारी गर्दै नेपाललाई सम्मानजनक स्कोरसम्म पुर्‍याएका थिए । ओपनर पारस खड्कालाई काविष्का अन्जुलाले दोस्रो ओभरको दोस्रो बलमै विकेटकिपर निशान मदुस्काबाट १ रनमा क्याच आउट गराए । दोस्रो विकेटमा आरिफ शेख र कप्तान ज्ञानेन्द्र मल्लले ३१ रनको साझेदारी गर्दै नेपालको इनिङ्स केही उकासे ।

# वीर र काजललाई स्वर्ण

■ **कुशल तिमल्सिना** (काठमाडौं)

१३ औं दक्षिण एसियाली खेलकुद (साग) अन्तर्गत तेक्वान्दोतर्फ दोस्रो दिन नेपालले २ स्वर्ण, १ रजत र १ कांस्य पदक जितेको छ । सोमबार पुम्सेतर्फ नेपालले ७ स्वर्ण १ रजत र ५ कांस्य जितेको थियो । मंगलबार पुरुष ६८ केजीमुनि तौलमा वीरबहादुर महरा र महिला ४६ केजीमुनि तौलमा काजल श्रेष्ठले स्वर्ण जिते । दुवैको सागमा पहिलो स्वर्ण हो ।

सातदोबाटोस्थित राष्ट्रिय तेक्वान्दो एकेडेमीको हलमा काजलले भारतकी राधा भाटीलाई ५०-३९ स्कोरले पराजित गरी फाइनल पुगेकी थिइन् । उनी बाइ पाएर सिधै सेमिफाइनल पुगेकी हुन् । फाइनलमा २२ वर्षीया काजलले सानदार प्रदर्शन गरिन् ।

पाकिस्तानकी सयेद जादी सिद्रा बाटुलसँग उचाइको बेफाइदाका बाबजुद उनको प्रदर्शन उच्चस्तरको थियो । तीन वर्षदेखि आर्मी क्लबबाट व्यावसायिक तेक्वान्दो खेल्दै आएकी उनले आफूभन्दा अग्लो कदकी बाटुललाई ५०-१४ को एकपक्षीय स्कोरमा पराजित गरिन् । पहिलो राउन्डमा १४-९ ले अगाडि रहेकी काजलले दोस्रो राउन्डमा लगातार किक प्रहार गरी पाकिस्तानीलाई अवसर नै छाडिनन् । उनले यो राउन्ड २३-१ ले जितेकी हुन् । तेस्रो तथा अन्तिम राउन्डमा पनि १३-४ को नतिजासहित करिअरको पहिलो स्वर्ण जितिन् ।

स्वर्ण जितेपछि निकै बेरसम्म रोएकी काजलले भावुक अभिव्यक्ति दिइन् । 'म धनी परिवारबाट आएको होइन । मेरा मम्मी/बाबाले धेरै संघर्ष गरेर यो दिन देख्न पाउनुभएको छ,' उनले भनिन्, 'मेरो बाबा ११ वर्षदेखि साउदी अरबमा काम गरिरहनुभएको छ, उहाँको सपना अहिले पूरा गर्न सकेको छु, यो स्वर्ण साउदीमा रहनुभएको मेरो बाबाका लागि ।'

काजलले सागमा आफूले सोजेजस्तै प्रदर्शन भएकोमा खुसी व्यक्त गरिन् । 'भारत र पाकिस्तान पनि तेक्वान्दोमा निकै राम्रो छ । मैले पहिलो प्रतिस्पर्धी भारतका खेलाडीलाई हराएको थिएँ, दोस्रोमा पाकिस्तानी अग्लो थिइन्, तेक्वान्दोमा अहिले उचाइको फाइदा धेरै छ । तर दुवै प्रतिस्पर्धामा मैले जस्तो सोचेको थिएँ । त्यस्तै खेल भयो,' उनले भनिन् ।

काजलको अबको लक्ष्य एसियाली च्याम्पियनसिपमा स्वर्ण जित्ने हो । एउटा लक्ष्य पूरा भएको छ र अबको नयाँ लक्ष्यका लागि पनि अधिक मिहिनेत गर्ने उनको योजना छ । जुनियर विश्व च्याम्पियनसिप खेलेयता उनी सिनियर टोलीमा स्थान बनाउन संघर्षरत थिइन् । यसपल्ट पहिलोपल्ट सिनियर टोलीमा परेलगत्तै उनले स्वर्ण जित्न सकेकी हुन् । गत महिना चाइना ओपन तेक्वान्दोमा उनले कांस्य जितेकी थिइन् ।

वीरबहादुरले स्वर्ण जित्ने क्रममा पाकिस्तानका मुहम्मद फहिममाथि ४१-३६ को स्कोरमा जित निकाले । पहिलो राउन्ड १५-१३ ले जितेका उनी दोस्रो राउन्डमा १३-८ को आरामदायी अवस्थामा पुगे । तेस्रो राउन्डको अन्तिम १ मिनेट ४१-२७ को अग्रतामा रहेका वीरले रक्षात्मक बन्ने प्रयास गर्दा फहीमले फाइदा उठाए । स्कोरमा अधिक अन्तर भएका कारण वीरलाई उछिन्न सकेनन् । वीरले समग्रमा ४१-३६ को स्कोरसहित मंगलबार सागमा स्वर्ण सपना पूरा गरे । यसअघि सेमिफाइनलमा उनले भारतका पृथ्वीराज चौहानमाथि ३२-२४ स्कोरको जित निकालेका थिए ।

'१२औं सागमा मैले पहिलोपल्ट अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेको थिएँ, फाइनलमा पराजित भएपछि अर्कोपल्ट जित्छु भन्ने सोच थियो,' स्वर्ण विजेता वीरले भने, 'यसपल्ट घरमै प्रतियोगिता हुँदै थियो, स्वर्ण पदक सोचेर खेलेको थिएँ, भनेजस्तै भयो ।' वीरले स्वर्ण आफूलाई यो सफलताको हकदार बनाउने सबैसँग बाँड्न चाहेको सुनाए ।

वीरले तीन वर्षअघि भारतमा समपन्न १२ औं सागमा फाइनलमा पुगेर पनि स्वर्ण जित्न असमर्थ थिए । नयाँ प्रतिद्वन्द्वीविरुद्ध आफ्नो रणनीति सफल भएकोमा उनी दंग छन् ।

नेपालले स्वर्णको अपेक्षा गरेको अर्को स्पर्धा महिला ५७ केजीमुनि निमा गुरुङ स्वर्ण जित्न असमर्थ रहिन् । उनी लगातार दोस्रो सागमा फाइनलमा पराजित भएकी हुन् । सेमिफाइनलमा पाकिस्तानकी नक्स हम्दानीलाई ३५-१५ को स्कोरमा सहजै पराजित गरेकी उनी फाइनलमा भारतकी कासिस मलिकसँग ८-७ को झिनो स्कोरमा पराजित रहिन् । तेस्रो राउन्डको अन्तिम ३६ सेकेन्ड बाँकी हुँदासम्म निमा ७-५ ले अगाडि थिइन् । त्यसयता हड्बडाएकी उनले ३ अंकको किक भेटिन् । फलतः हातैमा आएको स्वर्ण गुम्यो ।

पुरुष ५४ केजी तौलसमूहमा मनोज मल्लको नियति झन् खराब रह्यो । पहिलो चरणमा भुटानका तेन्जिन दोर्जीलाई २४-१४ स्कोरले पराजित गरी सेमिफाइनलमा प्रवेश गरेका उनी पाकिस्तानका शाजइवसँग ३७-१४ को स्कोरमा पराजित हुन पुगे । उनै साजइवले फाइनलमा श्रीलंकाका रेहना अरुणा बन्दरालाई ४७-१५ को स्कोरमा सहज जित निकाल्दै स्वर्ण जिते ।

तेक्वान्दोका २९ स्वर्णमध्ये १७ स्वर्णको छिनोफानो भएको छ । त्यसमा नेपालले ९ स्वर्ण, २ रजत र ६ कांस्य जितेको छ । पुम्से विधामा १३ स्वर्णका लागि भएको स्पर्धामा नेपालले ७ स्वर्ण, १ रजत र ५ कांस्य जितेको थियो । तेक्वान्दोमा बुधबार ६ स्वर्णका लागि प्रतिस्पर्धा हुनेछ ।




**तेक्वान्दोमा स्वर्ण जितेपछि भावुक बनेकी काजल श्रेष्ठ ।**
*तस्बिर : इलिट जोशी/कान्तिपुर*









# मागेको ट्राइसुटमा स्वर्ण

■ दीपक परियार (पोखरा)

खेल हुनुभन्दा २ दिनअघि बल्ल ट्राइसुट (ट्रायथलनमा प्रयोग हुने पोसाक) आइपुग्यो। भारतबाट आएका पोसाकको नाप ट्रायथलनका खेलाडीलाई मिलेन। ट्रायथलनअन्तर्गतकै दुवाथलनमा भाग लिन नेपालका हिमाल टमाटाले स्वर्ण विजेता सोनी गुरुङसँग ट्राइसुट मागे। उनै सोनीले अर्कै साथीसँग मागिदिएको ट्राइसुट लगाएर हिमालले मंगलबार देशको नाममा स्वर्ण जिते।

फेवा किनारमा दौडँदा ट्राइसुटमा न उनको नाम थियो, न देशको। एक महिना अघि नै लगाएर बानी पर्नुपर्ने पोसाक राखेपले दुई दिनअघि ल्यायो, त्यो पनि नमिल्दो। 'जर्मनीबाट ल्याउनुपर्ने ट्राइसुट भारतबाट ल्याइएछ,' दुवाथलनमा स्वर्ण जितेपछि हिमालले भने, 'पोसाक नहुँदा तालिम पनि राम्रो गर्न पाइएन।' साइकल पनि ५ वर्ष पुरानो भएको गुनासो उनले गरे। पौडी, साइक्लिङ र दौड, तीनवटै विधामा मिल्ने पोसाक हो ट्राइसुट। ट्रायथलनका खेलाडीलाई उक्त पोसाक समयमै नआउँदा सोमबार सोनीले स्वीमसुट लगाएर ट्रायथलनमा स्वर्ण जितेकी थिइन्। राम्रो साइकल र उपकरण पाए नेपाली खेलाडीले अझै राम्रो गर्न सक्ने हिमाल बताउँछन्। 'खेलाडीलाई मुख्य प्राथमिकता दिनुपर्ने हो,' उनी भन्छन्, 'यहाँ देखावटी धेरै भयो।'

कञ्चनपुरका उनी सानैदेखि खेलकुदका गतिविधिमा संलग्न थिए। १५ वर्षकै उमेरमा सुदूरपश्चिमबाट राष्ट्रिय खेलकुदमा एथलेटिक्स र करातेमा सहभागिता जनाएका छन्। आठ वर्षअघि नेपाली सेनामा भर्ती भएपछि उनको रुचि साइक्लिङमा बढ्यो। सेनाका प्रशिक्षक राजीव चन्देले दुवाथलनमा लाग्न प्रेरणा दिए। उनले भारतको गुवाहाटीमा भएको १२ औं सागमा पनि टिम मिक्स रिलेमा रजत पदक प्राप्त गरेका थिए। आठौं राष्ट्रिय खेलकुदमा उनी दोस्रो भएका थिए। 'अब एसियन गेम्समा पदक जित्ने धोको छ,' उनले भने।

ट्रायथलनमा एक खेलाडीले पौडी, साइक्लिङ र दौडमा सहभागी हुनुपर्छ। दुवाथलनमा भने दौड, साइक्लिङ र पुनः दौडमा खेलाडी सहभागी हुन्छन्। ५ किलोमिटर दौड, २० किलोमिटर साइक्लिङ र पुनः २.५ किलोमिटर दौड उनले ५७ मिनेट ३३ सेकेन्डमा पूरा गरे। उनलाई नेपालकै लक्ष्मण मल्लले पछ्याए। मल्लले उक्त दूरी ५९ मिनट १३ सेकेन्डमा पूरा गरेर रजत पदक पाए। आठौं राष्ट्रिय खेलकुदमा उनले हिमाललाई हराएर पहिलो भएका थिए। श्रीलंकाका असित परेराले ५९ मिनट ३२ सेकेन्डका साथ तेस्रो स्थानमा रहे।

महिलातर्फ हुमी बुढामगरले समान दूरी १ घण्टा ८ मिनेट ५४ सेकेन्डमा पूरा गरेर रजत दिलाइन्। श्रीलंकाकी इरागा दुलाक्षीले १ घण्टा ५ मिनेट ५८ सेकेन्डमा दूरी पूरा गरेर स्वर्णको खुसी मनाइन्। श्रीलंकाकै उदया कुमारीले १ घण्टा ९ मिनेट ९ सेकेन्डसाथ कांस्य हात पारिन्।

पोखराको लेकसाइडमा भएको प्रतियोगितामा नेपाल, भारत र श्रीलंकाका २-२ खेलाडी सहभागी थिए। नेपालले यो सहित ट्रायथलनबाट २ स्वर्ण २ रजत र एक कांस्य जोडेको छ। बुधबार अन्तिम दिन नेपालले मिक्स रिलेमा प्रतिस्पर्धा गर्नेछ। नेपाली खेलाडी सोनी गुरुङले इलाइट स्प्रिन्टमा स्वर्ण हात पारेकी थिइन् भने वसन्त थारूले कांस्य जितेका थिए।

पुरुषमा आशा गरेअनुसार नै नतिजा आएको बताउँदै ट्रायथलनका मुख्य प्रशिक्षक युवराज सुनुवारले महिला खेलाडीमा केही कमजोरी देखिएको स्वीकार्छन्। 'हामीले चाहेको र मागेको सामान परिषद्बाट समयमा आएन,' उनले भने, 'समयमा पाएको भए स्वर्ण थप्न सकिन्थ्यो।' बुधबार हुने मिक्स टिम रिलेमा स्वर्ण पदक आउने उनको आशा छ। पहिलोपल्ट अन्तर्राष्ट्रियस्तरको खेलमा सहभागी भएर रजत पदक जितेकी हुमीले खेलमा आवश्यक सामग्री समयमै उपलब्ध नहुँदा स्वर्णबाट टाढा भएको बताउँछिन्।

नेपाली खेलाडीलाई उत्साहित बनाउन नेपाल ट्रायथलन संघका अध्यक्ष एवं नेपाल ओलम्पिक कमिटीका महासचिव निलेन्द्रराज श्रेष्ठले स्वर्ण पदक जित्ने नेपाली खेलाडीलाई १ लाख, रजत जित्नेलाई ५० हजार र कांस्यका लागि २५ हजार रुपैयाँ प्रदान गर्ने घोषणा गरेका छन्। टिम स्पर्धाका लागि पनि उक्त पुरस्कार रहेको घोषणा उनले गरे। गण्डकी प्रदेश सांसद दीपक कोइरालाले स्वर्ण विजेता नेपाली खेलाडीलाई २५ हजार रुपैयाँ पुरस्कार दिने घोषणा गरिसकेका छन्।

बुधबार १ स्वर्णका लागि नेपाल, भारत र श्रीलंकाका खेलाडी मिक्स टिम रिलेमा प्रतिस्पर्धा गर्नेछन्। मिक्स टिम रिलेमा प्रत्येक देशका २ पुरुष र २ महिलासहितको एक/एक टिम रहनेछ। रिलेमा ३ सय मिटर पौडी, ६ किलोमिटर साइक्लिङ र २.५ किलोमिटर दौडको दूरी तय गरिएको छ।

नेपालले सागअन्तर्गत ट्रायथलनमा सहभागिता जनाएको यो दोस्रोपल्ट हो। संघ स्थापनाको छोटो समयमै ट्रायथलनले राष्ट्रका लागि पदक दिलाउन सफल भएको छ। नेपालले ट्रायथलनमा पहिलोपल्ट सहभागिता जनाएको १२ औं सागमा एक रजत र एक कांस्य हात पार्न सफल भएको थियो। भारतको गुवाहाटीमा भएको उक्त सागमा रुद्र कुमाल, हिमाल टमाटा, रोजा केसी र यामकुमारी घले सम्मिलित टिमले मिक्स रिलेमा रजत प्राप्त गरेको थियो। पहिलोपल्टकै प्रयासमा ट्रायथलनबाट रोजा केसीले कांस्य पदक प्राप्त गरेकी थिइन्।



दीपक परियार

साग पदक तालिका

| | स्वर्ण | रजत | कांस्य | जम्मा |
|---|---|---|---|---|
| | २३ | ९ | १२ | ४४ |
| | १५ | १६ | ९ | ४० |
| | ५ | १४ | २७ | ४६ |
| | ४ | ११ | १२ | २७ |
| | ४ | ४ | २० | २८ |
| | १ | ० | ० | १ |
| | ० | ० | १ | १ |

13th SOUTH ASIAN GAMES - 2019 KATHMANDU-POKHARA 1-10 December, 2019

# टंकले २६ वर्षपछि दिलाएको पदक

काठमाडौं (कास)- १३ औं दक्षिण एसियाली खेलकुदमा नेपाली एथलेटिक्सका लागि मंगलबारको दिन विशेष रह्यो। धाविका सन्तोषी श्रेष्ठले महिला १० हजार मिटर दौडमा स्वर्ण जित्दा १५०० मिटर दौडमा टंकबहादुर कार्कीले कांस्य पदक जितेका छन्। दुवै पदकले आ-आफ्नै महत्व बोकेको छ। सन्तोषी महिलाको तर्फबाट पहिलो स्वर्ण जित्ने खेलाडी भइन्। यता टंकले लामो समयपछि देशलाई यो इभेन्टमा पदक दिलाएका छन्।

सन्तोषीले ३५ मिनेट ०७.९४ सेकेन्डबाट स्वर्ण जितेकी थिइन्। यस इभेन्टमा भारतकी कविता यादवले ३५ मिनेट ०७.९५ सेकेन्डबाट रजत र श्रीलंकाली निलान्थी लंकाले ३५ मिनेट ५९.०२ सेकेन्डबाट कांस्य पदक जितेका थिए। यसै इभेन्टमा दौडिएकी राष्ट्रिय च्याम्पियन विश्वरुपा बुढा भने छैटौं स्थानमा रहिन्। उनको ३८ मिनेट २५.०३ सेकेन्डको टाइमिङ थियो।

त्यसअघि नेपालका लागि टंकले कांस्य जितिसकेका थिए। उनले पुरुष १५ सय मिटर दौड ३ मिनेट ५९.२० सेकेन्डमा पूरा गर्दै उक्त पदक थापे। अन्तिम ५० मिटर बाँकी हुँदा माल्दिभ्सका प्रतिद्वन्द्वीलाई पछाडि पारेर टंकले पदक जितेका थिए। भारतका अजयकुमार सरोज (३ मिनेट ५४.८१ सेकेन्ड) र अजित कुमार (३ मिनेट ५७.१८ सेकेन्ड) ले स्वर्ण र रजत जितेका थिए।

नेपालबाट २६ वर्षयता यो इभेन्टमा पदक मिलेको हो। सन् १९९३ को ढाका सागमा गोपबहादुर अधिकारीले १५०० मिटरमा कांस्य नै जितेका थिए। उनले त्यतिबेला राखेको राष्ट्रिय कीर्तिमान अहिलेसम्म कायमै छ। उनको नाममा ३ मिनेट ४६.६३ सेकेन्डको राष्ट्रिय कीर्तिमान छ।

पहिलो अन्तर्राष्ट्रिय सहभागितामै पदक जित्न सकेको टंक निकै खुसी थिए। उनले भने, 'पहिलोपल्ट यति ठूलो इभेन्टमा पदक जित्न पाउनु नै ठूलो हो जस्तो लाग्छ। त्यसैले जुनसुकै पदक भए पनि खुसी नहुने त कुरै भएन।' अन्तिम ल्यापमा टंकले खुबै मिहिनेत देखाए। गतिलाई तीव्र पारेका थिए।

ओखलढुंगा घर भएका यी धावक आर्मीमा आबद्ध छन्। मध्यम दूरीका धावक टंकले आठौं राष्ट्रियमा स्वर्ण जित्दाको टाइमिङ पनि सुधारेका छन्। उनले ४ मिनेट ०१.८६ सेकेन्डबाट स्वर्ण जितेका थिए। आठौंमै ८०० मिटरमा रजत जितेका थिए।

मंगलबार भएका अन्य एथलेटिक्समा इभेन्टमा भने नेपाली खेलाडी प्रदर्शन गतिलो रहेन। १०० मिटर दौडिएका आशिष चौधरी र यामसाजन सुनारले हिट चरण पार गर्न सकेनन्। यो १०० मिटर स्प्रिन्टमा माल्दिम्सका हसन सइदले बाजी मारे। उनले स्वर्ण पदक जिते। जुन माल्दिभ्सले साग इतिहासमै जितेको पहिलो स्वर्ण पदक हो।

माल्दिभ्सले साग इतिहासमा अहिलेसम्म रजत र कांस्य पदक मात्र जित्न सकेको छ। हसनले १०.४९ सेकेन्डमा दौड पार गरी स्वर्ण जितेका हुन्। श्रीलंकाका इसान हिम्सा (१०.५०) र पाकिस्तानका सामी उल्लाह (१०.६६) ले रजत र कांस्य जिते। १०० मिटर महिलातर्फ नेपालकी सरस्वती चौधरी फाइनल चरण पुगे पनि सफलता प्राप्त गर्न सफल भइनन्। उनी पाँचौं स्थानमा रहिन्। पुरुष हाइजम्पको स्वर्ण भारत र महिला १५०० मिटर दौडको स्वर्ण श्रीलंकाली खेलाडीले जिते। पुरुष हाइजम्पमा भारतका सर्वेश अनिलले दक्षिण एसियाली खेलकुदमा नयाँ कीर्तिमानसाथ स्वर्ण जिते। उनले २.२१ मिटर जम्प गरेर नयाँ कीर्तिमान राखेका हुन्।

यसअघि श्रीलंकाका एम विजशेखराको नाममा २००४ मा २.२ मिटरको कीर्तिमान थियो।

नेपालका मुख्य प्रशिक्षक चन्द्र गुरुङले भने, 'हाम्रो पदक आशा भनेको मध्यम र लामो दूरीको दौडमा हो। हाम्रो अपेक्षा अनुसार सन्तोषीले त एकदमै राम्रो गरिन्। त्यसमा टंकले पनि धेरै राम्रो गरिदिए।' उनले यसले अरू खेलाडीलाई उत्साह थप्ने सुनाए।



१५०० मिटरका कांस्य विजेता टंकबहादुर कार्की।

केशव थापा



कीर्तिपुरस्थित कभर्डहलमा भइरहेको १३ औं दक्षिण एसियाली खेलकुदअन्तर्गत मंगलबार खोखो खेलको सेमिफाइनलमा नेपाल (नीलो) र बंगलादेशका खेलाडी भिड्दै। बंगलादेश २४-२३ अंकले विजयी भयो। नेपालले अब कांस्य पदकका लागि श्रीलंकासँग खेल्नेछ। महिलातर्फ बंगलादेशलाई ७-६ अंकले हराएर नेपाली टिम फाइनल पुगेको छ। *तस्बिर : बिजु महर्जन/कान्तिपुर*

**VACANCY ANNOUNCEMENT**

One of the reputed colleges in Kathmandu is urgently seeking to recruit some dynamic, qualified, experienced & dedicated teachers for the following subjects.

◇ Computer Science ◇ Nepali ◇ Physics
◇ Chemistry ◇ English

Please, feel free to contact us soon
9860313954 or mail us to: plexmdserv@gmail.com

**B.Sc.NURSING & PBNS/PBN**

पुर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त तथा नेपाल नर्सिङ्ग काउन्सिल बाट मान्यता प्राप्त सिन्हा हेल्थ फाउन्डेसन प्रा. ली. द्वारा संचालित B.Sc.Nursing (4Years) & PBNS/PBN (3Years) कोर्षको लागि 10th Batch मा पढ्न चाहने ईच्छुक विद्यार्थीहरुले समयमै सम्पर्क गर्न सूचित गरिन्छ।

प्रवेश परिक्षा फारम भर्ने अन्तिम मिति : २०७६/०८/१९ गते सम्म।

न्यूनतम शैक्षिक योग्यता :-

1. BSc. Nursing को लागि :-
I.Sc. (+2) Science (Biology) With 50% Aggregate Marks or 2.40 GPA.
2. PBNS/PBN को लागि PCL Nursing (Staff Nurse with 1 Years Working Experience)

सम्पर्क
सिन्हा हेल्थ फाउन्डेशन प्रा.लि.
रामानन्दचौक देखि दक्षिण राणी सती पेट्रोल पम्प नजिक, जनकपुरधाम-८
फोन नं.:-०४१-५२७४४२, ९८०१६६३७०२/७०३, ९८५४०२७०६५, ९८५४०२५५०७




कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email: kant@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा



**चिनाउँदै नेपाल**
अनुष्का लन्डनमा । ११

**उसुले पनि दिलायो पदक**
नेपालको पोल्टामा २३ स्वर्ण



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २८३ विराटनगर | १८ मंसिर २०७६ | बुधबार मार्ग शुक्लपक्ष अष्टमी | नेपाल संवत् ११४० | प्रदेश १ संस्करण | KANTIPUR, Nepali National Daily, Wednesday, December 4, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ


# १ मिलि सेकेन्डले स्वर्ण

■ **ध्रुव तुलाधर र हिमेश** (काठमाडौं)

एथलेटिक्स खेलै पुरानो । यसलाई 'फादर अफ स्पोर्ट्स' मानिन्छ । यही एथलेटिक्समा सन्तोषी श्रेष्ठले मंगलबार स्वर्णपदक जितेर इतिहास रचेकी छन् । १३ औं दक्षिण एसियाली खेलकुदमा प्राप्त यो उपलब्धिले उनी एथलेटिक्समा नेपालका लागि पहिलो अन्तर्राष्ट्रिय स्वर्ण जित्ने महिला खेलाडी भएकी हुन् ।

सन्तोषीले दशरथ रंगशालाको ट्र्याकमा १० हजार मिटर दौडमा त्यो सफलता हासिल गरेकी हुन् । उनले एक मिलिसेकेन्डले मात्र भारतीय प्रतिद्वन्द्वी कविता यादवलाई पछाडि पारिन् । सन्तोषीको टाइमिङ निस्कियो ३५ मिनेट ०७.९४ सेकेन्डको । कविताको टाइमिङ थियो ३५ मिनेट ०७.९५ सेकेन्ड । एक मिलिसेकेन्ड भनेको त्यति थोरै समय हो, जुन एक सेकेन्डलाई हजार भाग लगाउँदाको एक भाग हो । अर्थात्, हजार मिलिसेकेन्ड बराबर एक सेकेन्ड हुन्छ । 'फोटो फिनिस' (यति नजिक कि अन्तिम रेखा पार गर्दा शरीरको भागबाट गरिनुपर्ने मूल्यांकन) कै रूपमा उनले बाजी मार्दै इतिहास कोरेकी हुन् । एक मिलिसेकेन्डले जीवनमा के अर्थ राख्ला ? यही एक मिलिसेकेन्डले सफलता चुमेकी सन्तोषीले सुनाइन्, 'टाइम म्यानेजमेन्टमा धेरै कमजोर हुँ । रनिङमा लागेपछि एक मिलिसेकेन्ड पनि कति महत्त्वपूर्ण छ भन्ने बुझ्न थालेकी छु ।'

> एथलेटिक्समा नेपालका लागि पहिलो अन्तर्राष्ट्रिय स्वर्ण जित्ने महिला बनिन् सन्तोषी

तेस्रो भएकी श्रीलंकाली निलान्थी लंकाले ३५ मिनेट ५९.०२ सेकेन्डमा दूरी पार गरेकी थिइन् । सात प्रतिस्पर्धीमा नेपालकी विश्वरूपा बुढा (३८.२४.०३) छैटौं स्थानमा रहिन् । सन्तोषीले जितेको यो स्वर्णपदक धेरै अर्थमा विशेष रह्यो । **बाँकी पृष्ठ १५ ▸▸**



**दशरथ रंगशालामा मंगलबार १० हजार मिटर दौड पूरा गर्दै सन्तोषी श्रेष्ठ (बायाँ) र भारतकी कविता यादव ।**
*तस्बिर : केशव थापा/कान्तिपुर*

# प्रत्यारोपण कम्तीमा दुई महिनापछि

'कमजोर मिर्गौलाले शल्यक्रिया, संक्रमण आदि जटिलता झेलेकाले नियमित डायलसिसमा जानुपर्ने हुन सक्छ'

■ **अतुल मिश्र** (काठमाडौं)

प्रधानमन्त्री केपी शर्मा ओलीको मिर्गौला प्रत्यारोपण दुईदेखि चार महिना पछि सर्ने भएको छ । अघिल्लो मंगलबार आकस्मिक रूपमा एपेन्डिसाइटिसको शल्यक्रिया गर्नुपरेकाले मिर्गौला प्रत्यारोपणको समय धकेलिएको चिकित्सकले बताएका छन् । 'मिर्गौला प्रत्यारोपण गर्न शल्यक्रिया गरिएको ठाउँको घाउ निको हुनुपर्छ । संक्रमण पूर्ण नियन्त्रणमा हुनुपर्छ । अहिलेकै स्थितिमा जोखिम हुन्छ,' वरिष्ठ मिर्गौला रोग विशेषज्ञ डा. ऋषि काफ्लेले भने ।

एपेन्डिसाइटिससहित पेरिटोनाइटिस (पेटको संक्रमण) समेत देखिएपछि मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरमा प्रधानमन्त्रीको शल्यक्रिया गरिएको हो । स्वास्थ्यमा निरन्तर राम्रो सुधार भए दुईदेखि चार महिनापछि प्रधानमन्त्रीको मिर्गौला प्रत्यारोपण गर्न सकिने डा. काफ्लेको भनाइ छ । यसअघि गत शुक्रबार प्रधानमन्त्रीकी निजी चिकित्सक डा. दिव्यासिंह शाहले पत्रकार सम्मेलनमा प्रधानमन्त्रीको मिर्गौला प्रत्यारोपणमा हतार गर्नुपर्ने अवस्था नरहेको बताएकी थिइन् । अनुकूल समय पारेर प्रत्यारोपण गरिने उनको भनाइ थियो ।

मिर्गौला प्रत्यारोपणका क्रममा अर्को मिर्गौला राख्न सक्ने ठाउँ ठीक हुनुपर्ने डा. काफ्ले बताउँछन् । 'पेटको संक्रमणले प्रधानमन्त्रीको आन्द्रा वरिपरिको झिल्लीमा कस्तो प्रभाव पारेको छ,' उनले भने, 'त्यसले शल्यक्रियाको जटिलतासमेत निर्धारण गर्छ ।' पछिल्लो समय चिकित्सकले छिटोछिटो डायलसिस गरिरहेका छन् । आइतबारसम्म ६ दिनमा ४ पटक डायलसिस गरेका थिए । प्रधानमन्त्री ग्रान्डी हस्पिटलमा रहेका बेला भने २६ दिनमा ४ पटक डायलसिस गरिएको थियो ।

जटिल शल्यक्रिया, संक्रमण, शरीरमा फोहोर बढी जम्मा हुनु आदि कारणले प्रधानमन्त्रीको मिर्गौलामा परेको भार घटाउन डायलसिस गरिरहनुपरेको चिकित्सकको भनाइ छ । 'अहिलेको जटिल शारीरिक समस्याले मिर्गौला कमजोर नपारेको भए फाट्टफुट्ट गरिएको डायलसिसले काम गर्थ्यो,' डा. काफ्लेले भने ।

पछिल्लो शल्यक्रिया गर्नुअघिकै अवस्थामा प्रधानमन्त्रीको मिर्गौला रहिरहेमा डायलसिसको संख्या घटाउन सकिने डाक्टरहरू बताउँछन् । अन्यथा निरन्तर डायलसिसमा जानुपर्ने स्थिति आउने उनीहरूको भनाइ छ ।

पत्रकार सम्मेलनमा गत शुक्रबार डा. रमेशसिंह भण्डारीले प्रधानमन्त्री अस्पताल आउँदा धेरै बिरामी रहेको र शल्यक्रियापछि संक्रमणको असर पेट र रगतमा समेत परेको बताएका थिए । तर पछिल्लो समय प्रधानमन्त्रीको स्वास्थ्यमा सोचेभन्दा बढी राम्रो सुधार देखिएको उनको भनाइ छ ।



सूर्य थापाको फेसबुकबाट

## अस्पतालबाटै सरकार र दल चलाउँदै

पृष्ठ ३

# मोडिन नसक्दा जिप खस्यो, १४ को मृत्यु

बागलुङ (कास)- कुलपूजाका लागि हिँडेका यात्रुले खचाखच जिप घुम्तीमा मोडिन नसकी खोलामा खस्दा १४ जनाको मृत्यु भएको छ । गुल्मीको इस्मा गाउँपालिकाबाट बागलुङको निसीखोला गाउँपालिकाको देवीस्थानतर्फ जाँदै गरेको ग१ज ५२१९ नम्बरको जिप बडिगाड गाउँपालिकाको भीमगिठेमा मंगलबार बिहान खसेको हो । सडक छेउमा गाडिएका ४ पिल्लर भाँचेर जिप दुई सय मिटर तल खसेको थियो । एक यात्रुलाई खोलाले बगाएको छ भने ३ जना घाइते छन् ।

प्रहरी नायब उपरीक्षक झवीन्द्रप्रसाद भट्टराईका अनुसार १८ यात्रु रहेको जिप बढी भार, तीव्र गति र स्टेयरिङको खराबीका कारण दुर्घटनामा परेको अनुमान छ । धेरै यात्रु चढाएको देखेपछि बडिगाड-४ स्थित खार प्रहरी चौकीले जिप रोकेर ८ जनालाई झारेको थियो ।

'उनीहरू हिँडेको १० मिनेटमै जिप खोलामा खसेको खबर आयो,' स्थानीय कमल पौडेलले भने, 'प्रहरीको सक्रियताले थप ८ जनाको ज्यान बच्यो ।' मृतकमध्ये ९ महिला, ४ पुरुष र एक बालिका छन् ।

मृत्यु भएकामा इस्मा गाउँपालिका-४ की ३० वर्षीया सूचना कार्की, ४० वर्षीया सीता कार्की, उनकी २ वर्षीया छोरी अनुशा, ६५ वर्षीय झवि कार्की, २५ वर्षीया मीना बस्नेत र ६५ वर्षीय धनबहादुर कार्की छन् । यस्तै बागलुङ बडिगाड-५ की ५५ वर्षीया लक्ष्मी केसी, इस्मा-५ की वसुन्धरा कार्की, इस्मा-३ की २३ वर्षीया माया थापा, पश्चिम नवलपरासी बर्दघाट नगरपालिका-२ की ६० वर्षीया मुमा कार्की र सीता कार्कीको पनि मृत्यु भएको छ । **बाँकी पृष्ठ १५ ▸▸**




# छुट्टाछुट्टै घटनामा ३ को मृत्यु

विराटनगर (कास)- आगोमा जलेर पाँचथरमा दुई महिलाको मंगलबार मृत्यु भएको छ । फाल्गुनन्द गाउँपालिका ६ ओसगुकी ४४ वर्षीय बिर्खमाया आङदेम्बे र फालेलुङ ४ मेमेङकी ७५ वर्षीया टंकरानी थाम्सुहाङको मृत्यु भएको प्रहरीले जनाएको छ । खाना बनाउने क्रममा चुलोमा घोप्टिएर लड्दा जलेर बिर्खमायाको मृत्यु भएको थियो । खेतमा काम गर्न गएका उनका श्रीमान् घर फर्केर आउँदा श्रीमतीलाई चुलोमा घोप्टो परेको अवस्थामा भेटेपछि प्रहरीलाई खबर गरेका थिए । यसैगरी, घरमा आगलागी हुँदा फालेलुङ ४ की ७५ वर्षीया टंकरानीको मृत्यु भएको प्रहरीले जनाएको छ । यसैबीच, मोरङ उर्लाबारी नगरपालिका ५ झुम्राहास्थित भित्री सडकमा टिपरले ठक्कर दिंदा एक बालिकाको मृत्यु भएको छ । स्थानीय जोगिन्दर मण्डलकी ४ वर्षीया छोरी राधिकाकुमारी मण्डलको मृत्यु भएको हो । ना८ख ७०५३ नम्बरको टिपरले सडकमा जाँदै गरेकी राधिकालाई ठक्कर दिंदा घटनास्थलमै मृत्यु भएको प्रहरीले जनायो । टिपर र चालक रतुवामाई नगरपालिका ५ का ३० वर्षीय आशिष कठेतलाई इलाका प्रहरी उर्लाबारीले नियन्त्रणमा लिएको छ ।

# अपांगता भएकाको गला रित्तै

ताप्लेजुङ (कास)- फुङलिङ नगरपालिकाले मंगलबार २८ औं अन्तर्राष्ट्रिय अपांग भएकाको दिवस मनाउन अतिथिलाई निमन्त्रणा गऱ्यो । निमन्त्रणापत्रमा निमित्त प्रमुख प्रशासकीय अधिकृत भूपालकुमार सेन्दाङले हस्ताक्षर गरेका थिए ।

त्यसमा लेखिएको थियो 'खाना तथा नास्ताको व्यवस्था छ' । अपांग बाल आवासगृहमा आयोजना गरिएको कार्यक्रम पत्राचार गरिएअनुसार नै भयो । सहभागीले नास्ताको रूपमा चिया बिस्कुट र मासु-भात खाएर फर्किए । कार्यक्रममा हरेक अतिथिले गलामा सयपत्री फूलको माला लगाए । तर, जसका लागि दिवस मनाइँदै थियो उनीहरूको गला भने रित्तै भयो । अतिथिले लगाएका माला अपांगता भएकाहरूका लागि खोलिएको बाल आवासगृहमा नै तयार पारिएको थियो । आफू माला लगाएर कुर्सीमा बसेका अतिथिले अपांगता भएका बालबालिकाका लागि भने खादासम्म लगाएर सम्मान गर्ने तयारी थिएन ।

२० हजार रुपैयाँ खर्च छुट्याइएको कार्यक्रममा अपांगता भएका बालबालिकाका लागि तातो आलु र म्युजिकल चियर प्रतियोगिता राखिएको थियो । मादलको तालमा नृत्य प्रतियोगिता बालबालिका आफैंले देखाएका थिए । कार्यक्रममा सहभागी नेकपा जिल्ला कमिटी कार्यालय टिमका सदस्य सुरज ओझाले आफूहरू माला लगाएर बसिरहँदा बालबालिकाको गला रित्तो हुनु राम्रो नभएको बताए । 'सीडीओ साबले यो मालाचाहिं बच्चाहरूलाई लगाइदिऊँ भन्नुभयो तर लगाउनेहरू हजुरहरूका लागि बनाएको भन्दै लिएर आए,' ओझाले थपे, 'वास्तवमा उनीहरूको मनोबल बढाउन बालबालिकालाई लगाइदिएर उनीहरूको दिवस भन्ने सन्देशचाहिँ दिनुपर्थ्यो ।' यो कमजोरी आयोजकको भएको ओझा बताउँछन् ।

आयोजक नगरपालिकाका निमित्त प्रमुख सेन्दाङ ठूला अपांगता भएकाहरूलाइ माला लगाएरै सम्मान गरिएको बताउँछन् । 'बाहिरवाट ७/१० जना अपांगता भएकाहरू आउनुभएको थियो,' उनले भने, 'सानो कार्यक्रम भएकाले बालबालिकालाई खेलकुद गरायौं ।'



फुङलिङमा अपाङ्गता भएकाका लागि मंगलबार आयोजित कार्यक्रमका सहभागीहरु । तस्बिर : कान्तिपुर

## सडक सञ्जाल गुरुयोजना सार्वजनिक

# १० वर्षमा ७ हजार किमि

### ४ सय ६० पुल निर्माण गर्न २ खर्ब ४ अर्ब १७ करोड ६० लगानी गरिने

■ **देवनारायण साह** (मोरङ)

प्रदेश सरकारले स्विस विकास नियोगको सहयोगमा प्रादेशिक सडक सञ्जाल गुरुयोजना तयार गरी मंगलबार सार्वजनिक गरेको छ । प्रदेशका मुख्यमन्त्री शेरधन राई र आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङबोले संयुक्त रूपमा गुरुयोजना सार्वजनिक गरेका हुन् ।

सन् २०२० देखि २०३० सम्मको १० वर्ष अवधिमा प्रदेशभरी २ खर्ब ४ अर्ब १७ करोड ६० लाखको लागतमा ७ हजार २ सय २६ किलोमिटर सडक र ४ सय ६० वटा पुल निर्माण गर्ने गुरुयोजनामा उल्लेख छ । प्रदेशका सडकहरूलाई प्रादेशिक लोकमार्ग, सहायक प्रादेशिक लोकमार्ग र अन्य प्रादेशिक सडकमा वर्गीकरण गरिएको हो ।

प्रादेशिक लोकमार्गमा १ हजार ७ सय १७ किमि दूरीका ४४ वटा, सहायक प्रादेशिक लोकमार्गमा २ हजार ७ सय ८६ वटा र अन्य प्रादेशिक सडकमा २ हजार ७ सय २३ किमिको १ सय ५६ वटा सडकलाई वर्गीकरण गरिएको गुरु योजनामा उल्लेख छ ।

प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्रालयका निमित सचिव राजेशप्रसाद घिमिरेले सरकारले ल्याएको प्रथम आवधिक योजनामा सबै पालिका केन्द्रसम्म सबै याम सडकको पहुँच पुऱ्याउने लक्ष्यअनुसार प्रदेशस्तरको सडकको पहिचान, वर्गीकरण र प्राथमिकीकरण गरी गुरुयोजना तयार पारिएको बताए । 'प्रस्तावित प्रदेश सडक ऐनको आधारमा सडकको पहिचान, वर्गीकरण र मापदण्ड निर्धारण गरिएको छ,' उनले भने, 'जनसंख्या र जनघनत्वको आधारमा तराई र पहाडका सडकहरूलाई छुट्टाछुट्टै रूपमा प्राथमिकीकरण गरिएको छ ।' घिमिरेले औद्योगिक र व्यापारिक क्षेत्र, पर्यटकीय स्थललगायत अति आवश्यक ठाउँबाहेकमा नयाँ सडक निर्माण नगरिने र भएका सडकहरूलाई स्तरोन्नति गरेर निर्माण गरिने गरी गुरुयोजना निर्माण गरिएको बताए ।

प्राथमिकीकरणमा परेका सबै प्रादेशिक लोकमार्गहरू दुवैतिर नाला, डेढ/डेढ मिटरको सडकपेटी र ७ दशमलव ५ मिटरको दुई लेन सडक मापदण्डमा १० वर्षभित्र कालोपत्रे गरिने गुरुयोजनामा उल्लेख छ । पहाडमा निर्माण हुने प्रादेशिक लोकमार्गहरूमा एकतिर मात्रै नाला निर्माण गरिनेछ । 'सहायक प्रादेशिक लोकमार्गको दुवैतिर नाला, एक/एक मिटर सडक पेटी र ६ मिटरको मध्यलेनको सडक कालोपत्रे गरिने लक्ष्य छ,' गुरु योजनामा छ, 'पहाडमा निर्माण हुने प्रादेशिक लोकमार्गहरू पनि एकतिर मात्रै नाला निर्माण गरिनेछ ।'

अन्य प्रादेशिक सडकको मापदण्ड तराईमा दुवैतिर नाला, आधा मिटर पेटी र ४ दशमलव ५ मिटर मापदण्डमा सडक निर्माण गरिने योजनामा उल्लेख छ । पहाडमा एकतिर मात्रै नाला निर्माण गरिनेछ । अन्य प्रादेशिक सडकहरूमध्ये उच्च प्राथमिकतामा परेका ८३ किलोमिटर सडकलाई कालोपत्रे र बाँकी २ हजार ५ सय ८४ किलोमिटर ग्रामीण क्षेत्रका सडकलाई ग्रोभेल गरिने पनि गुरुयोजनामा उल्लेख छ ।



विराटनगरमा मंगलबार प्रादेशिक सडक सञ्जाल गुरुयोजना सार्वजनिक गर्दै प्रदेशका मुख्यमन्त्री शेरधन राई र आर्थिक मामिलामन्त्री इन्द्रबहादुर आङबो । तस्बिर : देवनारायण/कान्तिपुर

निमित्त सचिव घिमिरेले ७ हजार २ सय २६ किमि सडक स्तरोन्नति तथा निर्माणमा १० वर्षभित्र १ खर्ब ७६ अर्ब ९८ करोड ६७ लाख २५ हजार, मर्मतमा ७ अर्ब ६९ करोड ५२ लाख ७५ हजार र ४ सय ६० वटा पुल निर्माणमा १९ अर्ब ४९ करोड ४० लाख बजेट खर्च हुने बताए ।

'पहिलो ५ वर्षमा १ खर्ब २ अर्ब २७ करोड २३ लाख ८६ हजार र अर्को ५ वर्षमा १ खर्ब १ अर्ब ९० करोड ३६ लाख १४ हजार बजेट आवश्यक हुन्छ,' उनले भने, 'चालु आर्थिक वर्षमा प्रदेश सरकारले सडक तथा पुल निर्माणमा ७ अर्ब ७५ करोड बजेट विनियोजन गरेको छ र यसकै आधारमा वार्षिक ५ दशमलव ५ प्रतिशत वार्षिक बजेट वृद्धि गर्दै लगियो भने १० वर्षमा प्रदेशकै बजेट १ खर्ब ५ अर्ब २७ करोड २१ लाख ११ हजार पुग्छ ।' प्रदेश सरकारले गुरु योजनाको लक्ष्य पूरा गर्नका लागि ९८ अर्ब ९० करोड ३८ लाख ८९ हजार बजेट अपुग हुने घिमिरेको भनाइ थियो ।

प्रदेशका प्रमुख सचिव सुरेश अधिकारीले सडक सञ्जाल गुरुयोजनाको लक्ष्य पूरा गर्न बजेटको अभाव नहुने बताए । 'संघीय सरकारले ल्याएको अन्तर्राष्ट्रिय सहायता परिचालन नीति २०७६ ले पनि लगानी जुटाउन सघाउनेछ,' उनले भने, 'गुरुयोजना पारित स्वीकृत गरेर संघीय सरकारमा पेस गर्ने र आवश्यक लगानीका लागि त्यहीका अर्थ मन्त्रालयले दातृ निकायसँग छलफल गरेर योजना कार्यान्वयनका लागि सम्झौता गर्छ ।'

प्रदेश योजना आयोगका उपाध्यक्ष सुबोधराज प्याकुरेलले सडक सञ्जालले बजार, सूचना र पहुँचमा वृद्धि हुने बताए । 'प्रादेशिक सडक सञ्जाल भविष्यमा जनघनत्व वृद्धि हुने ठाउँहरूलाई प्राथमिकतामा राखेर निर्माण हुन्छ,' उनले भने, 'यसले सम्भावित नयाँ सहरहरूलाई समेत जोड्छ ।'

प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङबोले पनि प्रादेशिक सडक सञ्जाल गुरु योजनाको लक्ष्य पूरा गर्न बजेटको कुनै अभाव नहुने बताए । 'प्रदेश सरकारको सडक र पुलको बजेट बार्षिक वृद्धि दर ५ दशमलव ५ प्रतिशत सामान्य हो किनकी बजेट वृद्धि दर त्यो भन्दा बढी नै हुन्छ,' उनले भने, 'संघीय सरकारले पनि मुलुकभरका पालिकाहरूलाई जिल्ला सदरमुकामसँग जोड्ने योजना अन्तर्गत बजेट विनियोजन गरेर काम गरिरहेकाले हाम्रो लक्ष्य पूरा गर्न सघाउ पुग्छ ।'

आङबोले गुरु योजनाको लक्ष्य पूरा गर्न बजेट खर्च नहुनु नै मुख्य चुनौती भएको बताए । 'प्रदेशमा दक्ष जनशक्तिको अभाव र ठेक्केदारहरूको समयमा काम नगर्ने बानीले गुरुयोजनाको लक्ष्य पूरा गर्नमा चुनौती हो,' उनले भने, 'भौतिक पूर्वाधार विकास मन्त्रालयले गुरुयोजनामा केन्द्रित भएर बजेट विनियोजन र योजना कार्यान्वयन गरी खर्च गर्नमा केन्द्रित हुनुपर्छ ।'

प्रदेशका मुख्यमन्त्री शेरधन राईले प्रदेशको योजनाबद्ध विकासका लागि यो गुरुयोजना कोसेढुंगा साबित हुने बताए । 'अब प्रदेश सरकारको ७ हजार २ सय २६ किमी सडक निर्माण गर्ने दायित्व तोकियो जुन समय सीमाभित्र पूरा गर्नपर्छ,' उनले भने, 'प्रदेश १ मा संघीय सरकार, स्थानीय तह र विकास साझेदार निकायहरूका लागि पनि सडक तथा पुल निर्माणमा खर्च गर्ने आधार निर्माण भयो अब जथावाभी र मनपरी ढंगले गाउँगाउँ र टोल टोलमा सडक खनेर विनास निम्त्याउन पाइँदैन ।'

मुख्यमन्त्री राईले यसरी नै ठोस आधार निर्माण गरेर विकास निर्माणको काम अघि बढाउन अन्य प्रदेश सरकारलाई पनि अघि बढ्न आग्रह गरे । 'आगामी वर्षभित्र प्रदेश १ को सडक र पुल निर्माणको काम गुरुयोजनामा आधारित भएर अघि बढ्छ र यस बाहिर कसैले पनि काम गर्न पाइँदैन,' उनले भने, 'प्रदेश १ सरकारले पर्यटन क्षेत्रलगायतका अन्य क्षेत्रको पनि यसैगरी ठोस आधार निर्माण गरेर १० बर्षभित्र कस्तो प्रदेश निर्माण हुने खाँका निर्माण गर्छ ।'

**लगानी जुटाउन विकास साझेदारसँग छलफल**

सरकारले प्रदेशको विकासका लागि विकास साझेदार दातृ निकायसँग मंगलबार छलफल गरेको छ । विश्व बैंक, एसियाली विकास बैंक, स्विस विकास नियोगलगायतका दातृ निकायसँग प्रदेशको विकासका लागि लगानी गर्न छलफल सुरु गरेको मुख्यमन्त्री राईले बताए ।

'दातृ निकायहरूले प्रदेशको विकासमा लगानी गर्न सकारात्मक रहेको छ,' उनले भने, 'यसअघि लगानी सम्मेलनमा पेस गर्न तयार पारिएका २६ वटा परियोजनाका साथै सडक सञ्जाल गुरुयोजनालगायतका क्षेत्रमा लगानीका लागि दातृ निकायहरू सकारात्मक छन् ।'

# तीन विमानस्थलमा सीताको परीक्षण

**कान्तिपुर संवाददाता** (ताप्लेजुङ)

मंसिर अन्तिम सातादेखि प्याकेज उडानगर्ने उद्देश्यका साथ सीता एयरलाइन्सले मंगलबार प्रदेशका तीनवटा विमानथस्लमा परीक्षण उडान गरेको छ । ताप्लेजुङको सुकेटार, खोटाङको लामिडाँडा र ओखलढुंगाको रुम्जाटार विमानस्थलमा परीक्षण उडान गरेको हो । एयरलाइन्सका म्यानेजर रिजेश थापाका अनुसार तीनै वडा परीक्षण सफल भएका छन ।

प्रदेश राजधानी विराटनगरवाट ताप्लेजुङको सुकेटार विमानस्थलमा २० मिनेटमा अवतरण भएको नागरिक उड्डयन प्राधिकरण सुकेटार विमानस्थलका प्रमुख रुपेश मुरारकाले बताए । उनका अनुसार मंगलवार बिहान परीक्षण गरिने भनिए पनि मौसमका कारण बिहान विमानस्थल बन्द भएकाले दिउँसो उडान गरिएको थियो । अरू जहाजले जस्तै पश्चिम दक्षिण दिशाबाट दिउँसो ३ बजे जहाज अवतरण गरिएको मुरारकाले बताए । उनका अनुसार सुकेटारमा आउँदा चालक सहित एयरलाइन्सका ८ जना थिए ।

काठमाडौंबाट उडेको जहाज पहिला रुम्जाटार गएको थियो । काठमाडौंबाट उडेको ३६ मिनेटमा रुम्जाटार पुगेको थापाले बताए । त्यहाँबाट १० मिनेटमा लामिडाँडा पुगेको थियो । लामिडाँडाबाट सीधै सुकेटार आउने प्रयास गरे पनि मौसमका कारण विराटनगरमा गएर प्रतीक्षा गरेको थियो । आगामी मंसिर २७ देखि ताप्लेजुङको पाथीभरा र खोटाङको हलेसिमा तीर्थयात्री ओसार्ने योजना विमानको रहेको छ । होलिडे ग्रुपका अध्यक्ष भविन श्रेष्ठका अनुसार दुई महिना प्याकेजमा चलाउने र त्यसपछि नियमित गर्ने उद्देश्य छ । 'एक नम्बर एयरपोर्ट भएर पनि जहाज सञ्चालन गर्न काठमाडौंको भर पर्नुपऱ्यो,' श्रेष्ठले भने, 'यो दुई महिनामा विराटनगरबाट आफ्नो प्रदेशभरि जहाज चल्छ भनेर प्रस्ट्याउन चाहन्छौं ।' विराटनगरबाट जहाजमा सुकेटार र त्यसपछि हेलिकप्टरमा पाथीभरा पुऱ्याएर फर्काउँदा एक जनाका लागि २३ हजार भाडा तोकिएको छ । सुकेटारमा माउन्टेन एयरको जहाज नियमित राख्ने योजना रहेको श्रेष्ठले बताए ।

परीक्षण गरिएको सीता एयरको जहाजले पहाडि विमानस्थलमा जाँदा एकपटकमा १५ जनासम्म यात्रु बोक्ने थापाले बताए । 'हाम्रो सिट क्षमता १८ जनाको हो,' उनले भने, 'तर रिक्स कम गर्नका लागि पहाडतिर लैजाँदा केही सिट खाली राख्छौं ।'



ताप्लेजुङको सुकेटार विमानस्थलमा परीक्षण उडान गरेको सीता एयरको विमान । तस्बिर सौजन्य : रुपेश मुरारका

# अव्यवस्थित भागुडुब्बा बजार

■ **अर्जुन राजवंशी** (बिर्तामोड)

सानो क्षेत्रफल । दशकौं पुराना रूखहरू । झुरुप्प टहरा । आफूखुसी टहरा निर्माण । जसको जति शक्ति उसको त्यति नै ठूलो टहरा । झापाको दक्षिणी ग्रामीण बजार भागुडुब्बाको चित्र हो यो ।

बाह्रदशी गाउँपालिका १ स्थित भागुडुब्बा बजार जिल्लाको पुरानोमध्येको एक हो । समय बिते तर, बजारको अवस्था फेरिएन । खुद्रा पसलहरू ठूला बन्न सकेका छैनन् । टहराहरू व्यवस्थित छैनन् । बढ्दो चापले बजारको क्षेत्रफल दिनप्रति दिन साँघुरिंदो छ । ढल, स्वच्छ खानेपानी र शौचालय मात्र होइन बजार प्रवेश गर्ने र निस्किने बाटोसमेत व्यवस्थित छैन । भागुडुब्बा बाह्रदशी १ नम्बर वडाको प्रमुख र एक मात्र बजार हो । वडाका करीब ५ हजार जनसंख्या उक्त बजारमा आश्रित छन् । तर, बजारको अवस्था परिवर्तन नहुँदा स्थानीय वर्षौंदेखि राजगढ, बिर्तामोडलगायतका बजार धाउन बाध्य छन् । बजारको आसपास ठूलो संख्यामा राजवंशी, सन्थाल, मुस्लिम समुदायको बसोबास छ ।


'म जन्मिएदेखि हुर्किएर यो अवस्थासम्म आइपुग्दा पनि बजारको अवस्था जस्ताको त्यस्तै छ,' बाह्रदशी १ का वडाध्यक्ष शम्भु राजवंशीले भने, ' बजार व्यवस्थित र स्तरोन्नति गर्न कसैले चासो देखाएनन् । अब हामी लाग्नुपर्ने भएको छ ।' भागुडुब्बा बजारलाई व्यवस्थित र आधुनिक बनाउन पहल सुरु गरिसकेको राजवंशीले बताए । उनकाअनुसार करिब एक बिघा क्षेत्रफलमा फैलिएको बजारलाई व्यवस्थित बनाउने कार्यमा इलामस्थित सहरी विकास तथा भवन कार्यालयले चासो देखाएको छ । कार्यालयले एक महिनाअघि बजारको सर्भे सम्पन्न गरेको उनले बताए ।



झापाको बाह्रदशी गाउँपालिका-१ स्थित भागुडुब्बा बजार । जिल्लाको पुरानोमध्येको बजार भए पनि विकास निर्माण र स्तरोन्नतिको अभावमा बजार अव्यवस्थित बनेको छ । तस्बिर : अर्जुन/कान्तिपुर

'मास्टर प्लान बनाएर बजारको विकास गर्ने कार्यमा जुटेका छौं,' वडाध्यक्ष राजवंशीले भने । व्यवस्थित हटरा निर्माण, ढल व्यवस्थापन, सार्वजनिक शौचालय, स्वच्छ खानेपानीको प्रबन्ध, खुला पार्किङ क्षेत्र, सोलार बत्ती जडान र बाटो निर्माण गर्नेगरी मास्टर प्लान बनाउने काम भइरहेको उनले बताए । 'म ०२९ देखि यो ठाउँमा छु । यो बजारको अवस्था त्यतिबेला र अहिलेमा कुनै परिवर्तन छैन,' सोभितमान तामाङले भने, 'जथाभावी बढ्दै गएका पसल टहराले बजार साँघुरो भएको छ । चाडो व्यवस्थित गर्नुको विकल्प छैन ।' ग्रामीण क्षेत्रको बजार भएकाले स्तरोन्नतिमा सरकारी पक्षले ध्यान नदिएको उनको आरोप छ ।

उक्त बजारको विकल्पमा ५ किलोमिटर टाढा राजगढ बजार छ । 'यो बजारले हामीलाई धेरै सहज भएको छ । होइन भने सामान्य सामान किनबेच गर्न पनि ५ किलोमिटर टाढाको राजगढ जानुको विकल्प हुँदैन,' उनले भने । भागुडुब्बामा हप्ताको तीन दिन बजार लाग्छ । 'पहिला हप्तामा दुई दिन शुक्रबार र मंगलबार मात्र बजार लाग्थ्यो । अहिले स्थानीयको मागअनुसार आइतबारसमेत गरी सातामा तीन दिन बजार लाग्न थालेको छ,' प्रवीण राजवंशीले भने, 'अब जनप्रतिनिधि र सरकारी संयन्त्र लागेर बजारको विकास गर्नुको विकल्प छैन ।'













## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | लाभ बढ्ने | तुला | वादविवादमा सफल |
| वृष | काम बन्ने | वृश्चिक | वैमनश्यता |
| मिथुन | धर्म बढ्ने | धनु | स्फूर्ति बढ्ने |
| कर्कट | द्विविधा बढ्ने | मकर | आकस्मिक लाभ |
| सिंह | महत्त्वपूर्ण काम हुने | कुम्भ | पदोन्नति |
| कन्या | खटपट | मीन | कान्ति क्षय |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल मंसिर १९ गते बिहीबार तदनुरुप ५ डिसेम्बर २०१९ मार्गशीर्ष शुक्लपक्ष नवमी तिथि रात्रिको ३:२९ बजेसम्म उप्रान्त दशमी तिथि, पूर्वाभाद्रपदा नक्षत्र रात्रिको ८:२० बजेसम्म उप्रान्त उत्तरभाद्रपदा नक्षत्र, वज्र योग दिनको ४:४५ बजेसम्म उप्रान्त सिद्धि योग, बालब करण दिनको २:२३ बजेसम्म उप्रान्त कौलब करण, कुम्भ राशिमा चन्द्रमा दिनको १:४० बजेसम्म उप्रान्त मीन राशिमा । ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

| | | | |
|---|---|---|---|
| ५:०० | भक्तिसुर | ४:३० | मनी टक्स (रिपिट) |
| ५:३० | आध्यात्मिक सन्देश | ५:०० | कल कान्तिपुर |
| ६:०० | जीवन विज्ञान | ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | मार्गदर्शन (लाइभ) | ६:३० | रजतपट |
| ७:०० | कान्तिपुर समाचार | ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल | ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:३० | कान्तिपुर न्युज | ८:०० | कान्तिपुर समाचार |
| ९:०० | सरोकार (रिपिट) | ९:०० | नेपाल स्पेल बी |
| १०:०० | कान्तिपुर समाचार | १०:०० | रजतपट (रिपिट) |
| १०:३० | हियर्ज टु लाइफ (रिपिट) | १०:३० | कान्तिपुर न्युज |
| ११:०० | कान्तिपुर न्यूज | ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | मनी टक्स (रिपिट) | ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कान्तिपुर समाचार | १२:०० | कल कान्तिपुर रिपीटेड |
| १२:३० | आउन मसँग खाउन (रिपिट) | १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) | १:३० | रजतपट (रिपिट) |
| २:०० | कान्तिपुर समाचार | २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| २:३० | हियर्ज टु लाइफ (रिपिट) | २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | सरोकार (रिपिट) | ३:०० | कल कान्तिपुर (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार | ४:०० | नेपाल स्पेल बी (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | | | |
|---|---|---|---|
| ०५:०० | भक्ति अनुष्ठान (बालचन्द्र) | १५:०० | कान्तिपुर डायरी |
| ०६:३० | कान्तिपुर डायरी | १५:१५ | कानुङ भेजा (श्याम राई) |
| ०७:०० | द हेडलाइनर्स | १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| ०७:३० | सबैका लागि मानसिक स्वास्थ्य (कोशिष नेपाल) | १६:०५ | संगालो (एलिशा) |
| ०८:०० | डेभलपमेन्ट एण्ड इकोनोमिक्स डायरी | १७:०० | डिष्ट्रिक्ट डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (शुभ) | १७:०५ | एजुकेशन टक (भुपेन्द्र) |
| ०८:३० | ओल्ड इज गोल्ड | १८:०० | आइसीए दूर शिक्षा (राजेश पाण्डे) |
| ०९:०० | कान्तिपुर डायरी | १८:३० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट | १९:०० | यात्रा जीवनको (दिनेश डीसी/अम्बिका/शुभ) |
| ०९:१५ | राष्ट्रिय गीत | २०:०० | सेक्युरिटी एण्ड क्राइम डायरी |
| ०९:२० | मीड वीक घुम्ने मेच (दीनेश डीसी) | २०:०५ | म्यूजिकोफिल (विवस राई) |
| १०:०० | स्पोर्टस् डायरी | २१:०० | कान्तिपुर डायरी |
| १०:०५ | टेष्ट बड (सञ्जय/एलिसा) | २१:२५ | न्युज मेकर अफ द डे |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी | २१:३० | इन्द्रेनी |
| ११:०५ | टेस्ट बड (सञ्जय/एलिसा) | २२:०० | ग्लोबल कनेक्सन (शुभराज) |
| १२:०० | कान्तिपुर डायरी | २३:०० | आजदेखि अर्को आजसम्म (प्रज्वल) |
| १२:१० | आफ्नो भाका आफ्नो गीत (कृष्ण मल्ल) | २४:०० | आफ्नो भाका आफ्नो गीत (कृष्ण) |
| १३:०० | डिस्ट्रिक डायरी | ०१:०० | कानुनी बहस र परामर्श |
| १३:०५ | के छ नेपाल (किरण) | ०२:०० | नेपाली गीतहरू लगातार |
| १४:०० | इन्टरनेसनल डायरी | ०३:०० | हिन्दी गीतहरू लगातार |
| १४:०५ | के छ नेपाल (किरण) | ०४:०० | भजनहरू लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **दमकल** | |
| विराटनगर | ०२१-४२००० |
| इटहरी | ०२५-५८०१०१ |
| धरान | ०२५-५२०१९९ |
| इनरुवा | ०२५-५६०१०१ |
| दमक | ०२३-५८०१०१ |
| भद्रपुर | ०२३-५१०१०१ |
| धनकुटा | ९८५२०६१२०१ |
| कोसी अञ्चल अस्पताल विराटनगर | ५३०१०३/५२४२३४ |
| मेची अञ्चल अस्पताल, भद्रपुर | ०२३-५२००२४ |
| वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | ०२५-५२५५५५ |
| रक्तसञ्चार केन्द्र, विराटनगर | ०२१-५२३३२६ |
| विराटनगर आँखा अस्पताल | ०२१-४३६३६० |
| रक्तसञ्चार केन्द्र, धरान | ०२५-५२०९६८ |
| **एम्बुलेन्स** | |
| विराटनगर सेन्ट्रल | ०२१-५३७००१ |
| लाइफगार्ड अस्पताल, विराटनगर | ९७४२०४२३३३ |
| दुहबी जेसिज, सुनसरी | ०२५-५४०४३५ |
| शव बाहन, विराटनगर | ०२१-५२५८७४ |
| **प्रहरी** | |
| जिल्ला प्रहरी कार्यालय, मोरङ | १००/९८५२०२६७५० |
| इलाका प्रहरी कार्यालय, उर्लाबारी | ५४०९९०/९८५२०९०१३६ |
| इलाका प्रहरी कार्यालय, रंगेली | ५८०१३०/९८५२०९०१४४ |
| क्षेत्रीय ट्राफिक कार्यालय, इटहरी | ०२५-५८०१०५/९८५२०९०१६१/१०३ |

**काठमाडौंका महत्त्वपूर्ण नम्बर**

| | |
|---|---|
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४, ४२१७७६६, ४२१७७५५ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४००३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क — जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# ओलाङचुङगोला, एउटा छुट्टै संसार

स्थानीयले तीन करोड जुटाएर गाउँलाई चिनियाँ नाका जोड्न बाटो बनाएका छन् । यता सदरमुकाम वा मुलुककै अन्य जिल्लाबाट यहाँसम्म पुग्न बाटो बनेकै छैन ।

■ **आनन्द गौतम** (ओलाङचुङगोला, ताप्लेजुङ)

कात्तिक अन्तिम साता । पछाडिपट्टि भिर्ने झोला बोकेका दोर्जे भोटे दाहिने हातले पर्यटकले टेक्ने लौरो टेक्दै ओलाङचुङगोलाको बस्तीबाट अगाडि बढ्दै थिए । होचो कदका उनले पाइन्टको पेटिघरमा सानो क्यासेट झुन्ड्याएका थिए । त्यो क्यासेटमा नेपाली भाकाको गीत घन्किरहेको थियो ।

बस्तीबीच एकजना महिला घाम तापेर बसेकी थिइन् । दोर्जेले उनलाई सलाम गरे, हात मिलाए र आफ्नै भाषामा कुरा गर्दै अघि बढे । केही पर पुग्दा युवाहरूको अर्को समूह थियो । त्यहाँ पनि सबैसित हात मिलाए, एकैछिन भलाकुसारी गरे र फेरि अघि बढे । करिब ११ बजेतिर बस्तीको छेउमा ठूलै जमात घाम तापेर बसेको थियो । त्यहाँ पनि दोर्जेले सबैलाई एकमुष्ट सलाम गरे ।

सबै जना गलल हाँसे र उनीसित कुराकानी गर्न थाले । त्यसपछि दोर्जे आफैंले घन्काएको क्यासेटको गीतको भाकामा करिब तीन मिनेट नाचे । बररर ताली पाएका उनी त्यसपछि भने सबैसित बिदाइको हात हल्लाउँदै मुस्कानसहित आफ्नो गन्तव्यतर्फ लागे ।

दोर्जे तिनै हुन्, जसले संघीय संरचनाअघि यहाँको निर्वाचित वडाध्यक्ष भएर जनप्रतिनिधिको भूमिका निर्वाह गरिसकेका छन् । अहिले भने कहिले ओलाङचुङगोला, कहिले मौवाटार त कहिले टिप्ताला भन्ज्याङमा चौंरीसँगै गोठमा समय बिताउँछन् । त्यो दिन पनि उनी झन्डै एक दिनको पैदलमा रहेको मौवाटारको गोठमा हिँडेका थिए । घर आएका दोर्जे गाउँलेहरूसँग बिदा हुँदै आफ्ना चौंरी, याक स्याहार्न फर्कंदै थिए ।

ताप्लेजुङको उत्तरी दिशामा रहेको ओलाङचुङगोला आफ्नै विशेषतामा रमेको बस्ती हो । सदरमुकाम फुङलिङबाट गाडी र पैदल गरेर पूरै दुई दिनको यात्रामा पुगिने यो बस्तीमा हिउँदमा सबै बासिन्दालाई देख्न बिहान १० देखि १२ बजेको समयमा मात्रै सम्भव हुन्छ । किनभने त्यसबेला घाम ताप्न घर बाहिर निस्कन्छन् । ३२ सय मिटर उचाइको चिसो बस्तीमा हिउँदको घाम सबैलाई प्यारो हुने नै भयो ।

अरूबेला पुरुषहरू चौंरीगोठ र घाँसदाउरामा लाग्छन् भने महिला घरधन्दा गर्दै गलैंचा बुन्छन् । खेतीपाती नभएको यहाँको मुख्य आम्दानीको स्रोत पनि यही नै हो । चौंरीको दूधबाट छुर्पी बन्छ भने यसको चम्मर पनि बिक्छ । यसलाई भारी बोकाएर पनि आम्दानी लिइन्छ । बुढो हुँदै गएपछि बिक्री हुने एउटा चौंरीको बजार मूल्य अहिले ८० हजारदेखि एक लाख रुपैयाँसम्म छ । यो चीनको तिब्बतमा बिक्री हुन्छ । गोठबाट बिक्री केन्द्रसम्म हिँडाएरै लैजानुपर्छ ।

ओलाङचुङगोलामा बुनिने गलैंचा पनि चीनमै बिक्री हुन्छ । प्रतिगोटा १६ हजारसम्ममा बिक्री हुने गलैंचाका लागि बजारको कुनै समस्या छैन । यिनैको आम्दानीबाट यहाँका बासिन्दाले खाद्यान्नलगायतका वस्तु खरिद गरेर दैनिकी चलाउँछन् । चीन नजिकमा भएकाले खाद्यान्नलगायतका धेरै वस्तु उतैबाट ल्याइन्छ । यो बस्ती ताप्लेजुङ सदरमुकामबाट २८ कोसको दूरीमा पर्छ । भोटे, शेर्पा र वालुङ जातिको मात्रै ६६ घरमा ५६ परिवार बसोबास छ । यो सीमावर्ती नेपाली बस्ती हो । नेपाली बजार टाढा भएकाले कारोबार पारि नै बढी हुने वडाध्यक्ष छेतेन शेर्पा भोटे बताउँछन् । जनगणना २०६८ अनुसार यहाँको जनसंख्या २ सय ७६ हो । पुरुषको तुलनामा महिला चार जना बढी थिए गणनाताका । १ सय ४० महिला र १ सय ३६ पुरुष रहेको तथ्यांक छ ।

संघीय संरचनाअनुसार फक्ताङलुङ गाउँपालिका-७ मा पर्ने यहाँ दुइटा मात्रै बस्ती छन् । दिकिछ्योलिङ गुम्बासँगै रहेको ओलाङचुङगोला र यहाँबाट एक दिनको पैदलमा रहेको याङमा अर्को बस्ती हो । याङमामा १७ घर छन्, ११ परिवारको बसोबास छ । याङमा गोलाभन्दा एक हजार मिटर बढी अर्थात ४२ सय मिटर उचाइमा छ । यसअघि जोङिगनमा पनि तीन परिवारको बसोबास थियो । यो गोलाभन्दा तलको बस्ती हो । तर पटक-पटकको चोरीपछि त्यहाँका सबै परिवार ओलाङचुङगोलामा बसाइँ सरेको स्थानीय बताउँछन् ।



ताप्लेजुङबाट चिनियाँ नाका नजिकको ओलाङचुङगोलाको बस्ती । तस्बिर : आनन्द/कान्तिपुर

आफ्नै विशेषताको यो बस्तीमा झगडा भएको निवेदन अहिलेसम्म प्रहरीकहाँ परेको छैन । जात्रा, पर्वमा पनि शान्तिसुरक्षा खलबलिएला भनेर प्रहरीले चिन्ता गर्नुपर्दैन । त्यसैले २५ जनाको दरबन्दी रहेको प्रहरी चौकीमा हमेसा पाँच/सात जना भन्दा बढी हुँदैनन् । हरेक परिवार घरको दोस्रो तलामा बस्छन् । पहिलो तलामा घाँस, दाउरा राख्ने, पशुचौपाया बाँध्ने गरिन्छ । व्यापारीहरूले पहिलो तलामा बेचबिखनका सामान पनि राखेका छन् । पाहुनालाई पनि दोस्रो तलामै सुताइन्छ । यहाँका कुनै पनि घरमा तेस्रो तला छैन । अहिले दुइटा छुट्टै पाहुनाघर पनि बनाइएको छ । पकाउने, खाने, सुत्ने दोस्रो तलामा हुन्छ ।

यहाँका ९५ प्रतिशत घर काठका छन् । सबै जना आआफ्नै काममा व्यस्त हुने र विवाद गर्नुपर्ने विषय नभएकाले पनि झगडा नभएको फक्ताङलुङ गाउँपालिकाका प्रवक्तासमेत रहेका गोलावासी छेतेन वालुङ बताउँछन् । ओलाङचुङगोलामा बस्ती कहिलेदेखि सुरु भयो भन्ने स्थानीय बताउन सक्दैनन् । इतिहासका खोजकर्ता ग्युर्मे नुर्बो (बिचारी) का अप्रकाशित टिपनका अनुसार ओलाङचुङगोलाको प्राचीन इतिहास ईसाको आठौं शताब्दीको मध्यबाट सुरु हुन्छ । ईसाको नवौं शताब्दीको मध्यमा यो ठाउँमा प्राचीन किराँतीहरूको बसोबास थियो ।

पछि उत्तर भोटबाट तिब्बती मूलका भोटे जातिका मानिस आई बसोबास गर्न थालेपछि किराँती देश नेपाल र तिब्बतबीच व्यापारिक कारोबार सुरु भएको इतिहासको खोज गर्ने गोपीकृष्ण अधिकारीको लेखमा उल्लेख छ । तिब्बती मूलका मानिसहरू यहाँ आएर बस्न थालेपछि नेपाल र तिब्बतबीच व्यापारिक कारोबार सुरु भएको पाइन्छ । ग्युर्मेका अनुसार भोटबाट ओलाङचुङगोला आएका भोटेहरूले नेपालबाट चामल, मकै र कोदोलगायत अन्न लैजान्थे । गलैंचाका रङ बनाउने खयर, मजिठो र रूखका बोक्रा पनि भोट लैजान्थे ।

भोटबाट गलैंचा, पाखी, चुटुक, कपडाको कम्बल, घोडा र च्याङग्रा जस्ता वस्तु ल्याउँथे । भोटको घोडा भारतका विभिन्न सहरमा लगेर गोलाकै व्यापारीले बिक्री पनि गर्ने गरेको उल्लेख छ । पुरातन कालमा गोला नेपाल र भोटबीच व्यापार गर्ने ठूलै व्यापारिक केन्द्र थियो ।

ओलाङचुङगोलाको नाम ओलुङ भन्ने शब्दबाट अपभ्रंश भएको इतिहाससम्बन्धी लेख पाइन्छ । तिब्बतबाट तीर्थयात्रीहरू नेपाल आउने क्रममा बाटो भुलेर अलपत्र परे । त्यहीबेला न्याउरी मुसा जस्तो जनावरले अघि अघि हिँडेर बाटो देखाएकाले यसको नाम ओलुङ राखिएको ग्युर्मेको टिपोटमा उल्लेख भएको अधिकारीले आफ्नो लेखमा उल्लेख गरेका छन् । यही अपभ्रंश भएर ओलाङचुङगोला भएको हो ।

पहिला यहाँ मगर थरका राजाले पनि राज्य गरेको भन्ने पनि कतिपय पुस्तकमा उल्लेख छ । नेपाल सरकारले भने नेपाल एकीकरणपश्चातमात्रै वालुङको अस्तित्वबारे थाहा पाएको हो । वि.सं. १८९८ मा तत्कालीन राजा राजेन्द्रविक्रम शाहले सोनाम भोटियालाई गाउँको मुख्य मानिसको जिम्मेवारी दिएका थिए । उनलाई 'गोवा' को उपाधि दिइएको सन् १८४८ मा गोला पुगेका बेलायती वनस्पतिविद् डा. हुकरले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् ।

हुकरले लामो समयसम्म यहाँ बसेर अध्ययन गरेका थिए । गोबांगी प्रथा यो क्षेत्रका पाँच गाउँमा सञ्चालन भएको चीनका लागि नेपालको पूर्ववाणिज्यदूत ताम्ला उक्याव बताउँछन् । उनका अनुसार वलाङचुङ, याङमा, ग्याब्ला, घुन्सा र लेलेपमा गोबांगी प्रथा थियो । आफ्नो क्षेत्रका जनताका लागि दण्डकुण्ड, सजाय, मुद्दामामिला मिलाउने जिम्मेवारी गोवालाई थियो । परेका बेला सरकारलाई सहयोग गर्नुपर्ने, तिरो उठाई सरकारलाई बुझाउनुपर्ने, सरकारको प्रतिनिधि भई काम गर्नुपर्ने जस्ता जिम्मेवारी गोवालाई थियो । गोवाले काजी, बिचारी, कारबारी, नाइके र मझियामार्फत शासन गरेका थिए ।

**मुख्य नाका टिप्ताला भन्ज्याङ**

टिप्ताला भन्ज्याङ नेपाल र चीनको तिब्बत जोड्ने मुख्य नाका हो । थिपथलाबाट अपभ्रंश भई टिप्ताला भएको हो । स्थानीय भाषामा थिप भनेको ओझेल र थला भनेको ठाउँ हो । घामको ओझेलमा पर्ने भएकाले स्थानीयले थिपथला नाम राखेको पाइन्छ ।

५३ सय मिटर उचाइमा रहेको यो भन्ज्याङले नेपाल र चीनलाई जोडेको छ । यहाँबाट सुरु भएर ओलाङचुङगोलाको बस्ती हुँदै बहने तमोर नदी सप्तकोसीमा मिसिन्छ । तमोर नदीको पूर्वपट्टि रहेको बस्ती ओलाङचुङगोला हो भने यसको मुख्य नाका टिप्ताला भन्ज्याङ । यहाँ पैदल हिँडेर एक दिनमा नाका पुगिन्छ । अहिले भने नाकादेखि बस्तीसम्म मोटरबाटो पुगेको छ । यसको दूरी २४ किलोमिटर छ ।

चिनियाँ अपरेटर स्वोलुङ र स्वफेले चलाएको एक्स्काभेटरले ट्र्याक खोलेर बस्तीसम्म सडक पुर्‍याइएको हो । उनीहरूले तीन महिनाको प्रयासमा यो सडक खोलेका थिए । चीनको राजधानी बेइजिङ नजिकको सान्दाङ नजिकबाट ल्हासा, डिङजे र रिउ हुँदै आएका उनीहरूले २ सय ४० सीसी क्षमताको मेसिन चलाएर सडक खोलेका हुन् । तीनवटा मेसिन लगाएर खोलेको सडकको डोजर भने तिब्बतका चोन्दे भोटेले चलाएका थिए । उनीहरूलाई काम लगाउने, निगरानी गर्ने काम चिनियाँ ठेकेदार कम्पनीका नेनेले गरेका हुन् ।

चीनसँगको व्यापारिक सम्बन्ध विस्तार गर्न र ओलाङचुङगोला नाकालाई सडक सञ्जालले जोड्न यहाँका बासिन्दा स्वयंले सडकमा लगानी जुटाएका हुन् । ओलाङचुङगोलामा जन्मेर अमेरिका, बेलायत, काठमाडौंलगायत स्थानमा गएर बसेकाहरूको संस्था वालुङ समाजले संकलन गरेको करिब तीन करोड रुपैयाँ सडक निर्माणमा खर्च गरिएको हो । तत्कालीन ओलाङचुङगोला गाविसले ४२ लाख र सांसद विकास कोषको १० लाख पनि सडक निर्माणमा लगाएको थियो । फक्ताङलुङ गाउँपालिकाले पनि स्तरोन्नतिमा लगानी गर्‍यो ।

सडक निर्माणका लागि नेपाल सरकारले चीनसँग मेसिन भाडामा मागिदिएको थियो । भौतिक योजना तथा निर्माण मन्त्रालयले परराष्ट्र, परराष्ट्रले चिनियाँ दूतावासलाई मेसिनका लागि अनुरोध गरेको थियो । त्यही अनुरोधपछि चीनले भाडामा मेसिन र जनशक्ति दिएको हो । सडक निर्माणपछि चीनको गाडी भने गोलाको बस्तीसम्म आएर फर्कने गरेको छ । तर गोलाका बासिन्दाले भने आफ्नो गाडी नकिनेका कारण नेपाली यातायात छैन ।

सदरमुकाम फुङलिङबाट विस्तार भएको सडक लेलेपको लुङथुङमा पुगेको छ । गोलाबाट पनि जोगिनतर्फ विस्तार भइरहेको छ । उत्तर-दक्षिण लोकमार्ग आयोजनाका प्रमुख राम गुरुङका अनुसार अब १४ किमि ट्र्याक खुल्न बाँकी छ । सडक निर्माण सुरु भएको आठ वर्ष भएको छ ।

काठमाडौंको एलाइट निर्माण कम्पनीले सडक विस्तारको काम गरिरहेको छ । प्रतिनिधिसभा सदस्य तथा संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराई यो सरकारको प्राथमिकताको सडक भएको बताउँछन् । यसका लागि बजेटको समस्या नहुने उनको दाबी छ ।

यो सडक निर्माण सम्पन्न हुँदा तमोर करिडोरको पनि ट्र्याक खोल्ने काम सकिनेछ । तमोर करिडोर निर्माण पूरा हुँदा टिप्ताला भन्ज्याङदेखि विराटनगरको रानी भन्सारसम्मको दूरी २ सय ७० किमिमात्रै हुने उत्तर-दक्षिण लोकमार्ग आयोजनाका पूर्वप्रमुख कुबेर नेपाली बताउँछन् । दुई वर्षसम्म ताप्लेजुङमा बसेर काम गरेका उनले तमोर करिडोर र लोकमार्ग दुवैको योजना बनाएका थिए ।

नेपालीका अनुसार यो सडक निर्माण भएर सञ्चालनमा आएपछि नेपाल-भारत र चीनको त्रिदेशीय नाका जोड्ने यो सबैभन्दा छोटो दूरीको सडक हुनेछ । विराटनगरदेखि जोगबनीको दूरी लामो नभएकाले त्रिदेशीय छोटो बाटो हुने उनको बुझाइ छ । हाल निर्माणाधीन सुकेटार-काँकडभिट्टा सडकको दूरी पनि २ सय ४० किलोमिटर मात्रै छ । अझ आगामी आर्थिक वर्षका लागि मेची राजमार्गको यो सडक व्यवस्थित गराउन सरकारले ९२ करोड बजेट छुट्ट्याएको छ । सडक सञ्चालनमा आएपछि नुनदेखि सुनसम्म तिब्बतबाट ल्याउन सकिने र नेपालका जडीबुटीदेखि तरकारीलगायतका वस्तु निर्यात गर्न सकिने उद्योग वाणिज्य संघका अध्यक्ष तारानाथ घिमिरे बताउँछन् ।

काँकडभिट्टाबाट फूलबारी बन्दरगाहको बाटो भएर जोडिने भएकाले बंगलादेशसँगको कारोबार पनि नजिकैबाट हुनेछ । अझ भारतको सिक्किम जोडिन लागेको मध्यपहाडी लोकमार्गको चिवाभन्ज्याङ खण्ड नजिकबाट जोडिन्छ ।

**गैससले बढाए गतिविधि**

आगन्तुकको खासै आउजाउ नहुने यहाँ नेदरल्यान्ड विकास नियोग (एसएनभी) र कञ्चनजंघा संरक्षण क्षेत्र (केक्याप) को कार्यक्रम सुरु भएपछि बाहिरबाट पुग्ने बढ्न थालेको स्थानीय बताउँछन् । डोङगा शेर्पाका अनुसार एसएनभीले विद्यालय भवन, पुल र बाटो बनाउने काममा सघायो । केक्यापले संरक्षणसम्बन्धी तालिम र गोष्ठी गर्‍यो ।


संरक्षण क्षेत्रले यहाँका बासिन्दालाई बाहिर घुम्न लैजाने, बाहिरबाट यहाँ घुम्न ल्याउनेजस्ता गतिविधि गरेपछि गोलाका बासिन्दालाई हामी पनि नेपाली हौं भन्ने आभास भएको डोङगा बताउँछिन् । प्रजातन्त्र प्राप्तिपछि किपा शेर्पाले गाविस अध्यक्ष जितेर महिलाले नेतृत्व गर्नसक्ने पुष्टि गरेकी थिइन । अहिले भने उनी काठमाडौं बस्छिन् । यहाँको पीडा भनेको एउटाबाट अर्को बस्तीमा पुग्न पूरै एक दिन लाग्छ । नजिकको बस्ती भेट्न याङमा, लेलेपको इलाडाँडा या चीनको रिउ पुग्नुपर्छ ।

# जो बेलायत गएनन्

■ **आश गुरुङ** (लमजुङ)

सन् १९३९ बाट विश्वयुद्ध भयो । विश्वयुद्ध हुनुअगावै बखानसिंह गुरुङ सन् १९३४ मा बेलायती सेनाको गोर्खाली समूहमा अनुबन्धित भइसकेका थिए । बेलायती गोर्खा सैनिकमा रहेर १५ वर्ष सेवा गरेका उनले विश्वयुद्धका ६ वर्ष गोला, बम र बारुदका साथ बहादुरीपूर्वक लडे । त्यसपछि बेलायतमै बसेर बेलायती सरकारको सेवा गरे । बेलायत सरकारले उनलाई गाँस, बास र कपासको व्यवस्था गर्‍यो । उनले पाउने पेन्सन छँदै छ । तर उनी बेलायत बसेनन् । आफ्नै गाउँघर फर्के । नेपाली गाउँघरमै बस्दै आएका १ सय ३ वर्षीय गुरुङको सोमबार मध्यरातमा आफ्नै घर मर्स्याङ्दी गाउँपालिका-७ ताङलीचोकमा निधन भएको छ ।

**विदेशमा बस्न पाउने सुविधा छाडेर गाउँ फिरेका बखानसिंहलाई गाउँलेले सम्झिरहने छन् ।**



बखानसिंह गुरुङ

कान नसुन्ने समस्या रहेका उनी केही दिनयता बिरामी रहेको उनका नाति सरोजले बताए ।

१९७३ कात्तिक ९ मा जन्मिएका बखानसिंहले बेलायती सेनाका १/६ जीआर पल्टनमा रहेर काम गरे । उनले मलाया (मलेसिया), बर्मा (म्यानमार), भारत, पाकिस्तान, सिंगापुरलगायत देशमा बेलायतका तर्फबाट लडेका थिए । बर्मामा उनले 'बर्मा स्टार वार मेडल' प्राप्त गरे । बेलायत सरकारले विश्वयुद्ध लडेबापत उनलाई विभिन्न सम्मान दियो ।

उनका अर्का नाति नन्दराजका अनुसार बखानसिंहले गाउँघरको सेवा गरे । आफ्नो जग्गा विद्यालयमा दान गरे । आएको पेन्सनले विद्यालयमा अक्षयकोष स्थापना गरे । 'प्रायः बेलायती सेना बेलायतमै बसेका छन् । बाजे बेलायत बस्नुभएन । आफ्नै जन्मभूमिमा सास छाड्नुभयो,' उनले भने ।

गाउँकै तराँचेस्थित महेन्द्रदेव माविका प्रधानाध्यापक सोमबहादुर भण्डारीका अनुसार बखानसिंह विद्यालयका वरिष्ठ आजीवन सदस्य र भूमिदाता हुन् । विद्यालयलाई उनले ११ आना २ पैसा २ दाम जग्गा प्रदान गरेका थिए । आर्थिक सहयोग पनि गर्दै आएका थिए । आफ्नो गाउँमा मात्रै नभएर मर्स्याङ्दी गाउँपालिका-६, नाइँचेस्थित नयाँ ज्योति आधारभूत विद्यालयमा १ लाख २२ हजार १ सय ११ रुपैयाँको 'बखानसिंह अक्षय कोष' स्थापना गरेको नन्दराजले जानकारी दिए ।

बखानसिंहका ५ भाइ छोरा र एकजना छोरी छन् । नातिनातिना मात्रै १३ जना छन् । पत्नी शिरकुमारीको भने ५ वर्षअघि निधन भइसकेको छ । बखानसिंहको निधनले गोर्खालीको जिउँदो इतिहासको अवसान भएको पूर्वसांसद जमिन्द्रमान घलेले बताए ।




चिनाउँदै नेपाल
अनुष्का लन्डनमा । ११



उसुले पनि दिलायो पदक
नेपालको पोल्टामा २३ स्वर्ण



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २८३ जनकपुर | १८ मंसिर २०७६ | बुधबार मार्ग शुक्लपक्ष अष्टमी | नेपाल संवत् ११४० | प्रदेश २ संस्करण | KANTIPUR, Nepali National Daily, Wednesday, December 4, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ


# १ मिलि सेकेन्डले स्वर्ण

■ **ध्रुव तुलाधर र हिमेश** (काठमाडौं)

एथलेटिक्स खेलै पुरानो । यसलाई 'फादर अफ स्पोर्ट्स' मानिन्छ । यही एथलेटिक्समा सन्तोषी श्रेष्ठले मंगलबार स्वर्णपदक जितेर इतिहास रचेकी छन् । १३ औं दक्षिण एसियाली खेलकुदमा प्राप्त यो उपलब्धिले उनी एथलेटिक्समा नेपालका लागि पहिलो अन्तर्राष्ट्रिय स्वर्ण जित्ने महिला खेलाडी भएकी हुन् ।

सन्तोषीले दशरथ रंगशालाको ट्र्याकमा १० हजार मिटर दौडमा त्यो सफलता हासिल गरेकी हुन् । उनले एक मिलिसेकेन्डले मात्र भारतीय प्रतिद्वन्द्वी कविता यादवलाई पछाडि पारिन् । सन्तोषीको टाइमिङ निस्कियो ३५ मिनेट ०७.९४ सेकेन्डको । कविताको टाइमिङ थियो ३५ मिनेट ०७.९५ सेकेन्ड । एक मिलिसेकेन्ड भनेको त्यति थोरै समय हो, जुन एक सेकेन्डलाई हजार भाग लगाउँदाको एक भाग हो । अर्थात्, हजार मिलिसेकेन्ड बराबर एक सेकेन्ड हुन्छ । 'फोटो फिनिस' (यति नजिक कि अन्तिम रेखा पार गर्दा शरीरको भागबाट गरिनुपर्ने मूल्यांकन) कै रूपमा उनले बाजी मार्दै इतिहास कोरेकी हुन् । एक मिलिसेकेन्डले जीवनमा के अर्थ राख्ला ? यही एक मिलिसेकेन्डले सफलता चुमेकी सन्तोषीले सुनाइन्, 'टाइम म्यानेजमेन्टमा धेरै कमजोर हुँ । रनिङमा लागेपछि एक मिलिसेकेन्ड पनि कति महत्त्वपूर्ण छ भन्ने बुझ्न थालेकी छु ।'

> एथलेटिक्समा नेपालका लागि पहिलो अन्तर्राष्ट्रिय स्वर्ण जित्ने महिला बनिन् सन्तोषी

तेस्रो भएकी श्रीलंकाली निलान्थी लंकाले ३५ मिनेट ५९.०२ सेकेन्डमा दूरी पार गरेकी थिइन् । सात प्रतिस्पर्धीमा नेपालकी विश्वरूपा बुढा (३८.२४.०३) छैटौं स्थानमा रहिन् । सन्तोषीले जितेको यो स्वर्णपदक धेरै अर्थमा विशेष रह्यो ।

**बाँकी पृष्ठ १५ ▸▸**



**दशरथ रंगशालामा मंगलबार १० हजार मिटर दौड पूरा गर्दै सन्तोषी श्रेष्ठ (बायाँ) र भारतकी कविता यादव ।**

*तस्बिर : केशव थापा/कान्तिपुर*

# प्रत्यारोपण कम्तीमा दुई महिनापछि

'कमजोर मिर्गौलाले शल्यक्रिया, संक्रमण आदि जटिलता झेलेकाले नियमित डायलसिसमा जानुपर्ने हुन सक्छ'

■ **अतुल मिश्र** (काठमाडौं)

प्रधानमन्त्री केपी शर्मा ओलीको मिर्गौला प्रत्यारोपण दुईदेखि चार महिना पछि सर्ने भएको छ । अघिल्लो मंगलबार आकस्मिक रूपमा एपेन्डिसाइटिसको शल्यक्रिया गर्नुपरेकाले मिर्गौला प्रत्यारोपणको समय धकेलिएको चिकित्सकले बताएका छन् । 'मिर्गौला प्रत्यारोपण गर्न शल्यक्रिया गरिएको ठाउँको घाउ निको हुनुपर्छ । संक्रमण पूर्ण नियन्त्रणमा हुनुपर्छ । अहिलेकै स्थितिमा जोखिम हुन्छ,' वरिष्ठ मिर्गौला रोग विशेषज्ञ डा. ऋषि काफ्लेले भने ।

एपेन्डिसाइटिससहित पेरिटोनाइटिस (पेटको संक्रमण) समेत देखिएपछि मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरमा प्रधानमन्त्रीको शल्यक्रिया गरिएको हो । स्वास्थ्यमा निरन्तर राम्रो सुधार भए दुईदेखि चार महिनापछि प्रधानमन्त्रीको मिर्गौला प्रत्यारोपण गर्न सकिने डा. काफ्लेको भनाइ छ । यसअघि गत शुक्रबार प्रधानमन्त्रीकी निजी चिकित्सक डा. दिव्यासिंह शाहले पत्रकार सम्मेलनमा प्रधानमन्त्रीको मिर्गौला प्रत्यारोपणमा हतार गर्नुपर्ने अवस्था नरहेको बताएकी थिइन् । अनुकूल समय पारेर प्रत्यारोपण गरिने उनको भनाइ थियो ।

मिर्गौला प्रत्यारोपणका क्रममा अर्को मिर्गौला राख्न सक्ने ठाउँ ठीक हुनुपर्ने डा. काफ्ले बताउँछन् । 'पेटको संक्रमणले प्रधानमन्त्रीको आन्द्रा वरिपरिको झिल्लीमा कस्तो प्रभाव पारेको छ,' उनले भने, 'त्यसले शल्यक्रियाको जटिलतासमेत निर्धारण गर्छ ।' पछिल्लो समय चिकित्सकले छिटोछिटो डायलसिस गरिरहेका छन् । आइतबारसम्म ६ दिनमा ४ पटक डायलसिस गरेका थिए । प्रधानमन्त्री ग्रान्डी हस्पिटलमा रहेका बेला भने २६ दिनमा ४ पटक डायलसिस गरिएको थियो ।

जटिल शल्यक्रिया, संक्रमण, शरीरमा फोहोर बढी जम्मा हुनु आदि कारणले प्रधानमन्त्रीको मिर्गौलामा परेको भार घटाउन डायलसिस गरिरहनुपरेको चिकित्सकको भनाइ छ । 'अहिलेको जटिल शारीरिक समस्याले मिर्गौला कमजोर नपारेको भए फाट्टफुट्ट गरिएको डायलसिसले काम गर्थ्यो,' डा. काफ्लेले भने ।

पछिल्लो शल्यक्रिया गर्नुअघिकै अवस्थामा प्रधानमन्त्रीको मिर्गौला रहिरहेमा डायलसिसको संख्या घटाउन सकिने डाक्टरहरू बताउँछन् । अन्यथा निरन्तर डायलसिसमा जानुपर्ने स्थिति आउने उनीहरूको भनाइ छ ।

पत्रकार सम्मेलनमा गत शुक्रबार डा. रमेशसिंह भण्डारीले प्रधानमन्त्री अस्पताल आउँदा धेरै बिरामी रहेको र शल्यक्रियापछि संक्रमणको असर पेट र रगतमा समेत परेको बताएका थिए । तर पछिल्लो समय प्रधानमन्त्रीको स्वास्थ्यमा सोचेभन्दा बढी राम्रो सुधार देखिएको उनको भनाइ छ ।



सूर्य थापाको फेसबुकबाट

अस्पतालबाटै सरकार र दल चलाउँदै | पृष्ठ ३

# मोडिन नसक्दा जिप खस्यो, १४ को मृत्यु

बागलुङ (कास)- कुलपूजाका लागि हिँडेका यात्रुले खचाखच जिप घुम्तीमा मोडिन नसकी खोलामा खस्दा १४ जनाको मृत्यु भएको छ । गुल्मीको इस्मा गाउँपालिकाबाट बागलुङको निसीखोला गाउँपालिकाको देवीस्थानतर्फ जाँदै गरेको ग१ज ५२१९ नम्बरको जिप बडिगाड गाउँपालिकाको भीमगिठेमा मंगलबार बिहान खसेको हो । सडक छेउमा गाडिएका ४ पिल्लर भाँचेर जिप दुई सय मिटर तल खसेको थियो । एक यात्रुलाई खोलाले बगाएको छ भने ३ जना घाइते छन् ।

प्रहरी नायब उपरीक्षक झवीन्द्रप्रसाद भट्टराईका अनुसार १८ यात्रु रहेको जिप बढी भार, तीव्र गति र स्टेयरिङको खराबीका कारण दुर्घटनामा परेको अनुमान छ । धेरै यात्रु चढाएको देखेपछि बडिगाड-४ स्थित खार प्रहरी चौकीले जिप रोकेर ८ जनालाई झारेको थियो ।

'उनीहरू हिँडेको १० मिनेटमै जिप खोलामा खसेको खबर आयो,' स्थानीय कमल पौडेलले भने, 'प्रहरीको सक्रियताले थप ८ जनाको ज्यान बच्यो ।' मृतकमध्ये ९ महिला, ४ पुरुष र एक बालिका छन् ।

मृत्यु भएकामा इस्मा गाउँपालिका-४ की ३० वर्षीया सूचना कार्की, ४० वर्षीया सीता कार्की, उनकी २ वर्षीया छोरी अनुशा, ६५ वर्षीय झवि कार्की, २५ वर्षीया मीना बस्नेत र ६५ वर्षीय धनबहादुर कार्की छन् । यस्तै बागलुङ बडिगाड-५ की ५५ वर्षीया लक्ष्मी केसी, इस्मा-५ की वसुन्धरा कार्की, इस्मा-३ की २३ वर्षीया माया थापा, पश्चिम नवलपरासी बर्दघाट नगरपालिका-२ की ६० वर्षीया मुमा कार्की र सीता कार्कीको पनि मृत्यु भएको छ ।

**बाँकी पृष्ठ १५ ▸▸**




# ११ ठाउँमा गढीमाई मेला

गढीमाईको प्रसिद्धिका कारण प्रदेशका तीन जिल्ला रौतहटमा ७, सर्लाहीमा २ र बारामा २ ठाउँमा लागेको मेलामा श्रद्धालुको घुइँचो



**बाराको महागढीमाई नगरपालिका १ बरियारपुरमा मेला भर्न आएका श्रद्धालुको घुइँचो । पाँच वर्षमा लाग्ने मेलामा छिमेकी मुलुक भारतका विभिन्न राज्यबाट समेत श्रद्धालु मेला भर्न आउने गर्छन् ।** *तस्बिर : पवन यादव/कान्तिपुर*

**कान्तिपुर संवाददाता** (रौतहट)

प्रदेशको ३ जिल्लाका ११ ठाउँमा पञ्चवर्षीय गढीमाई मेला लागेको छ । गढीमाईको प्रसिद्धिका कारण मध्यतराईका रौतहटको सात, सर्लाहीको दुई र बाराको दुई गरी एघार स्थानमा मेला लागेको हो । मेला क्षेत्रमा ठूलो भीड लागेको छ । मेला भर्न छिमेकी भारतबाट समेत भक्तजन आइरहेका छन् । रौतहटको सुन्दरपुर र बाराको बरियारपुरको गढीमाई मेलामा बलि दिनेको ठूलो भीड लागेको छ ।

५ वर्षमा बाराको बरियारपुर र जितपुरमा गढीमाई मेला लाग्दै आएको हो । रौतहटको गढीमाई नगरपालिकाको तीन स्थानमा ठूलो मेला लागेको छ । बलुवा, सुन्दरपुर, मदनपुर, हरैयामा गढीमाईको धुमधामको साथ मेला लागेको छ । गुजरा नगरपालिकाको कनकपुर, गरुडाको दुधियाभार, माधव नारायणको माधोपुरमा गढीमाईको नामले मेला लाग्ने गरेको छ । सर्लाहीको मिर्जापुर र खौर्वा गाउँमा समेत एउटै तिथिमा गढीमाई मेला लाग्ने गर्छ ।

बाराको बरियारपुर र सुन्दरपुर गाउँमा महिनाअघि नै गढीमाइको मेला सुरु भइसकेको छ । अन्य स्थानमा मंसिर १६ देखि २१ गतेसम्म तान्त्रिक विधिद्वारा पाँच दिनसम्म मेला लाग्ने गर्छ । सबैभन्दा बढी बलि चढाउने भएकाले बाराको वरियारपुर-२ स्थित गढीमाई मेलाले अन्तर्राष्ट्रिय चर्चा पाएको छ । पशु अधिकारकर्मीहरूले पशुबलि प्रथाको विरोध जनाउँदै आए पनि परम्परागत मान्यता र भाकल पूरा गराउन सर्वसाधारणले बलि दिने गरेका छन् । यसका लागि भारतबाट ठूलो संख्यामा भक्तजनहरू बलि दिन पशु लिएर आउँछन् । मुसा, परेवा, बोको, राँगो र खरायो गरी पाँच जन्तुलाई पञ्चबलि चढाएपछि सर्वसाधारणले भाकलअनुसार बलि चढाउने गर्छन् । रौतहटको गढीमाई नगरपालिका ४ सुन्दरपुरमा लाग्ने गढीमाई मन्दिरका अध्यक्ष दीपेन्द्र यादवले सर्लाही, महोत्तरी र छिमेकी भारतको विहारका सर्वसाधारणहरूको समेत मेलामा ठूलो घुइँचो लागेको बताए । 'मेलामा १ हजार ५ सय राँगा र १० हजारभन्दा बढी बोका बलि दिईएको यादवले जनाए । यो मेलामा पनि बलि दिनेको संख्या बर्सेनि बढ्दै गएको छ ।

मेलाका लागि भारतबाट सर्कससमेत प्रदर्शन भइरहेको छ । गढीमाई मेलाको एक महिनाअघिदेखी चहलपहल हुने गरेको नगरपालिकाका मेयर श्याम यादवले बताए । 'बाराको गढीमाईजस्तै यो मेला पनि प्रसिद्ध हुँदै गएको छ,' उनले भने, 'भारतबाट ठूलो संख्यामा मेलामा बलि चढाउन आउँछन् । यहाँको पनि छुट्टै पहिचान छ ।' मेला भर्न आउनेका चाप बढेपछि नगरपालिकाले त्यस क्षेत्रको २० स्थानमा खानेपानी जडान गरेको छ । सार्वजनिक शौचालय, उज्यालो लाइटको व्यवस्थासमेत गरेको छ । नेपाल, भारतलगायतका अन्य स्थानबाट विभिन्न खेल तमासा देखाउनेहरू समेत मेलामा व्यापार गरिरहेका छन् ।

शान्ति सुरक्षाका लागि ठूलो संख्यामा सुरक्षाकर्मीसमेत परिचालन गरिएको छ । मधेसका जिल्लामा मेलाको निकै महत्त्व हुन्छ । यो जिल्लामा कार्तिकेश्वर मेला निकै लोकप्रिय छ । थारू समुदायले समेचकवाको अवसर पारेर चन्द्रपुर ८ सन्तपुरमा कार्तिकेश्वर मेला लगाउने गर्छन् । दीपावली र छठपछि बर्सेनि यहाँ मेला लाग्ने गर्छ ।

# अधिग्रहणले उठीबास

पर्सा (कास)- ६५ वर्षीय हर्षालाल सहनी वीरगन्ज महानगर २५ सिर्सिया खल्वाटोलाका बासिन्दा हुन् । सरकारले उनको घर मात्र नभई सिंगो टोल नै अधिग्रहण गर्न लागेपछि उनको चिन्ता बढेको छ ।

पुर्ख्यौली थात्थलो र समाज छोडेर अन्यत्र कहाँ जाने भन्ने चिन्ता त उनलाई छँदै छ । त्यसमाथि ३ वर्षदेखि आफ्नै घर-जग्गा पनि सरकारले बिक्री वितरण, बैंकमा बन्धकी, नाप नक्सा, नामसारीमा रोक लगाउँदा उनी परि बन्दमा परेका छन् । 'एकातिर आफ्नै घर जग्गा सरकारको अनिर्णयको बन्दी बनेर छ,' उनी भन्छन्, 'यहाँबाट उठीबास भएपछि कहाँ जाने भनि हामीलाई ठूलो चिन्ता छ, छिमेकी, आफन्त, इष्टमित्र, समाज सबै छिन्नभिन्न हुने भए ।'

अर्का स्थानीय अशोक तिवारी सरकारले ३ वर्षदेखि आफूहरूलाई अनिर्णयको बन्दी बनाइराखेकोमा आक्रोशित छन् । सुक्खा बन्दरगाह र आइसिपि बीचको आफूहरूको बस्ती सरकारले लिनु अघि आफूहरूको बसोबास अथवा चलन चल्तीको दरमा उचित क्षतिपूर्ति/मुआब्जामा ढिलाइ हुँदा सिंगो टोलकै जीवन कष्टकर र भविष्य अन्धकार बन्न पुगेको उनको गुनासो छ । 'हामी विकासविरोधी होइनौं तर विकासको नाममा हामीलाई अनिर्णयको बन्दी बनाइराख्नुभएन,' उनले भने, 'मानसिक मात्र नभई आर्थिक रूपले पनि ठूलो नोक्सानी भइरहेको छ ।'

आक्रोशित स्थानीयले आइतबार वीरगन्ज-पोखरिया सडकखण्डअन्तर्गत सुक्खा बन्दरगाहअगाडि २ घण्टा सडकमै धर्ना दिएर व्यस्त सडकलाई अवरुद्ध पारे । नियमित धर्ना दिने योजना बनाएका उनीहरूले गढीमाई मेलाको कारण एक साताका लागि आफ्नो प्रदर्शन स्थगन गरेका छन् ।

सरकारले आफूहरूको जग्गा अधिग्रहण वा मुआब्जाको प्रक्रिया छिटो नगरी अन्योल बनाइराखेको गुनासो अधिकांश स्थानीयको छ । हालको चलनचल्तीको दरले प्रतिधुर २१ लाख रुपैयाँको दरले मुआब्जा पाउनुपर्ने उनीहरूको माग छ ।

यसअघि पनि सुक्खा बन्दरगाह र आईसीपी निर्माणका लागि आफूहरूको जग्गा ३ पटक सरकारले अधिग्रहण गरिसकेकाले अब चौथोपटक उठीबास नै लगाउन थाल्दा आफूहरूको सन्ततिलाई जीवनयापन गर्न सहज हुने गरी उचित मुआब्जा दिइनुपर्ने माग स्थानीयको छ । जग्गा अधिग्रहणबाट आफूहरूको सदियौं प्राचीन बस्तीको अस्तित्व समाप्त हुने भई पुर्खौ देखिको बास पहिचान, अवसरको लाभ, रोजगारी, सामाजिक सुरक्षा, भौतिक एतिहासिक पुरातात्त्विक सम्पदा, संस्कृति आदिसमेत गुम्ने अवस्था सिर्जना भएको स्थानीयको गुनासो र पीडा छ ।

नेपाल सरकारको ०७३ को पुस १७ निर्णयले स्थानीयको जग्गा अधिग्रहण प्रक्रिया अघि बढेको हो । दुवै संरचनाका बीचमा २ सय ९७ जग्गाधनीको करिब १ हजार ४ सय कित्ता जग्गा छ ।

करिब डेढ दशकअघिदेखि सञ्चालनमा आएको सिर्सिया सुक्खा बन्दरगाह र २ वर्षअघिदेखि सञ्चालित एकीकृत सुरक्षा जाँच चौकीको बीचमा खल्वाटोला गाउँ र स्थानीयको खेत पर्छ । यी दुई ठूला संरचनाबीच रहेको यो टोललाई अधिग्रहण गरेमा दुवै संरचना एकअर्कासँग जोडिनेछन् ।

सञ्चालनमा रहेको सिर्सिया सुक्खा बन्दरगाह पछिल्लो केही वर्षयता साँघुरो बन्दै गएको छ । आईसीपी सञ्चालनमा आएपछि दुवै भन्सारबाट गरी हाल करिब १ हजार मालबाहक सवारीको आवागमन यस क्षेत्रमा भइरहेको छ । दुवै संरचना साँघुरो भएर पूर्ण उपयोगमा ल्याउन समस्या हुने भएकाले सरकारले दुवै परियोजना बीचको खाली जग्गा अधिग्रहण गर्ने योजना बनाएको हो । मुआब्जा निर्धारण समिति सदस्य उमेश श्रेष्ठले अधिग्रहणको प्रकृयामा रहेका जग्गाको मुल्यांकनको काम अन्तिम चरणमा रहेको बताउँछन् ।

## मेची-काली रेल्वे

# मुआब्जा विवाद चर्किंदै

■ **शिव पुरी** (रौतहट)

मुआब्जा निर्धारणमा असन्तुष्टि जनाउँदै चन्द्रपुर ८ बेतौनाका स्थानीयले रेलवे निर्माण कम्पनीका ठेकेदारलाई गाउँ प्रवेशमा रोक लगाएका छन् । मेची-काली रेलवेको सर्भे गर्न आएका ठेकेदारलाई स्थानीयले गाउँमा प्रवेश गर्न दिएका छैनन् । न्यून मुआब्जा तोकेको भन्दै आन्दोलनमा उत्रेका गाउँलेले दुई दिनअघि स्थलगत हेर्न पुगेका प्रमुख जिल्ला अधिकारी (सीडीओ) को गाडीसमेत घेराउ गरे ।

स्थानीयले रेलवे निर्माणको ठेक्का पाएको लुम्बिनी, एपेक्स, थानी जेबी कन्स्ट्रक्सनका प्रतिनिधिलाई गाउँ छिर्न दिएका छैनन् । यसले निर्माणको काम प्रभावित भएको छ । मुअब्जा निर्धारण समितिको लापरबाहीले आफूहरू मारमा परेको भन्दै स्थानीयले आन्दोलन चर्काए पनि विवाद चुलिएको छ । रेलको लिक निर्माणको सर्भेकै काममा अवरोध पुगे पछि दुई दिनअघि स्थलगत हेर्न पुगेका प्रमुख जिल्ला अधिकारी किरण थापालाई समेत स्थानीयले घेरेर त्याखत्याख्ती पारेका थिए । उनले मर्का परेकै हो भनेर गाउलेको फन्दाबाट फुत्केका थिए । गाउँलेले महिनायता रेल मार्ग सर्भेको काममा अवरोध पुऱ्याएका छन् । प्रजिअ कार्कीले मुआब्जा कम भएको विषयमा माथिल्लो निकायमा कुराकानी भइरहेको भनेर पीडितलाई थुम्थुमाएका थिए । 'तपाईंहरूलाई मर्का परेको भन्ने मैले पनि महसुस गरेको छु,' उनले भने, 'यस विषयमा माथिल्लो निकायमा कुरा राखेको छु । हेरौं अब के हुन्छ । मैले मात्र गरेर हुन्न ।'

मेची-महाकाली रेल मार्गको बर्दिबास-निजगढ खण्डको साबिक सन्तपुर र रंगपुर गाविसमा निर्माण हुन लागेको रेलमार्गको रेखांकनभित्र पर्ने जग्गाको गत साउन १२ मा जिल्ला प्रशासनमा बसेको बैठकबाट मुआब्जा निर्धारण भएको थियो । समितिको संयोजक प्रजिअ (सीडीओ) आफैं हुन् । समितिले चाँदी खोला डिलको बाटोसँगै जोडिएको ८ र नजिकको क्षेत्रको ६ देखि गौर रोड क्षेत्रको जग्गाको १६ लाख प्रतिकठ्ठा कायम गरेको थियो । बाटोले नजोडिएकाहरूको हकमा प्रतिकठ्ठा ३ लाख कायम गरिएको थियो । कटानी टोलबाट जंगल टोल जाने बाटो नजोडिएको क्षेत्रको ३ लाख मुआब्जा निर्णय भएपछि स्थानीय विरोधमा उत्रेका हुन् । समितिले बेतौना क्षेत्रको मूल्याकंनमा लापरबाही गरेको आरोप लागेको छ । गत साउनमा किसानको खेत डुबानमा परेको बेला टाढैबाट हेरेर मूल्यांकन गरिएपछि समस्या आएको हो । स्थानीय जग्गावालासँग त्यस बेला समन्वय गरिएको थिएन् ।

जग्गावालाहरू उचित मुअब्जा नपाएसम्म ठेकेदारलाई गाउँ पस्न नदिने अडानमा छन् । गाउँमा कुनै नयाँ मानिस गाडी लिएर पुग्यो भने महिलाहरू बाटोमै तेर्सिन्छन् र घेराउ गर्छन् । रेलवेको हो भने घेरेर राख्छन् । नम्बरी जग्गा कौडीको भाउको मूल्यांकन गर्नेलाई नछाड्ने उनीहरूको अडान छ । समितिले मुअब्जा निर्धारण गरेदेखि नै स्थानीयले सघर्ष समिति गठन गरी आन्दोलन गर्दै आएका छन् । समितिले सर्भेका लागि आएको ठेकेदार प्रतिनिधिको गाडीसमेत ३ घण्टा घेरेका थिए । त्यसपछि कामै नगरी प्राविधिकहरू फर्किएका थिए । मुआब्जा थोरै भएको भन्दै पुनर्मूल्यांकनका लागि जिल्ला प्रशासन गौरमार्फत गृह मन्त्राललय, रेल्वे विभाग, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, नापी, मालपोत र नगरपालिकालाई अनुरोध गर्दा अहिलेसम्म कुनै सुनवाइ नभएको रेलवे प्रभावित सघर्ष समितिका संयोजक दिनेश सापकोटाले बताए ।

# लागूऔषध मुद्दा खेप्नेमा ८६% युवा

■ **सन्तोष सिंह** (धनुषा)

धनुषाधाम नगरपालिका-४ उमाप्रेमपुरका २३ वर्षीय चन्देश्वर महतो एमबीबीएसको दोस्रो वर्षका विद्यार्थी हुन् । डाक्टरी पढ्न इच्छा नहुँदै अभिभावकको करकापमा उनी एमबीबीएस पढ्न बाध्य भए । पढाइमा मन नलागेपछि उनीमा लागूऔषध सेवनको लत लाग्यो ।

मंसिर ३ मा धनुषाको धनौजीबाट ठूलो परिमाणको लागूऔषधसहित पक्राउ परेका महतोले डिप्रेसन हटाउन लागूऔषधको भर परेको प्रहरीलाई बयानमा बताए । जनकपुरको कदम चोकमा बस्ने उनलाई दालमोटको प्याकेट र जुत्तामा लुकाएको १५ सय थान नाइट्रोभेट ट्याबलेटसहित पक्राउ गरी प्रहरीले मुद्दा चलाएको छ । जिल्ला अदालत धनुषामा उनको यो प्रकरण सुनुवाइ प्रक्रियामा छ । धनुषाका प्रहरी निरीक्षक उमाशंकर साहले टिनएजरमा लागूऔषध सेवनको लत डरलाग्दो बढेको बताए ।

धनुषामा नेपाल-भारत सीमा जोड्ने जयनगर, इनर्वा, हरिणे, जटही, मधवापुर नाकामा पुगेर लागूऔषध सेवन र खरिद गरी ल्याउने युवा जमात बढ्दो छ । लागूऔषध सेवनकर्तामाथि निगरानी बढाए पनि सुधार नभएको सशस्त्र प्रहरीका निरीक्षक रञ्जित तिवारीले बताए ।

लागूऔषध नियन्त्रणका लागि प्रहरीले अपनाएको उपायलाई छल्न कारोबारीले नयाँ जुक्ति अपनाउँदा सीमा क्षेत्रमा खटिएका प्रहरी बेलाबेला झुक्किन्छन् । धनुषामा लागूऔषध ओसारपसार एवं सेवन मुद्दामा रहेकामध्ये ८६ प्रतिशत युवा छन् । थुनामा पुर्पक्षका लागि राखिएका कैदीबन्दीमध्ये ६० प्रतिशतभन्दा बढी लागूऔषधका छन् ।

लागूऔषध सेवारी गरी र लागूऔषधसहित पक्राउ पर्नेमा २० देखि ३० वर्ष उमेर समूहका युवा छन् । पक्राउ पर्ने प्रयोगकर्ताहरू अभिभावकको निगरानी नभएका युवाहरू रहेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक शेखर खनाल बताउँछन् । 'अभिभावकका निगरानी बाहिर रहेकाहरू लागूऔषधको कुलतमा फसेको देखिन्छ,' उनले भने, 'पढाइ छोडेर बसेका, काम नपाएर फुर्सदमा बसेका युवाहरू साथी-संगतको बहकाउमा परेर दुर्व्यसनीमा फसेको हो ।' जिल्ला प्रहरीको हिरासतमा रहेको थुनुवामध्ये ६० प्रतिशत लागूऔषधकै व्यक्ति छन् । 'छोरालाई प्रहरीले पक्राउ गरेर मुद्दा चलाउँदा पनि अभिभावकले आफ्ना बच्चा दुर्व्यसनमा लागेको पत्याउँदैन,' उनले भने । लागूऔषधको दुर्व्यसनबाट बच्न अभिभावक, विद्यालय, शिक्षक र घर परिवार आफैं सचेत हुनुपर्ने एसपी खनाल बताउँछन् ।



**धनुषा प्रहरीले कारोबारीबाट बरामद गरिएको प्रतिबन्धित लागूऔषधि ।** *तस्बिर : कान्तिपुर*

कुलतमा लागेका युवा भात खान छोड्छन्, पढ्न छोड्छन्, परिवार छोड्छन् तर लागूऔषधको कुलत छोड्न सहज हुँदैन । धनुषासहित आसपासका जिल्लामा लागूऔषध ओसारपसार झन् बढेको छ । लागूऔषधको कुलतले अपराध बढ्ने भएकाले लागूऔषध सेवन र बिक्रीवितरण गर्नेमाथि प्रहरीले निगरानी बढाएको एसपी खनालले बताए ।

भारतबाट पेसेवरहरू प्रयोगकर्ताको घर-घरमा लागूऔषध उपलब्ध गराउँदै आएको प्रहरी अनुसन्धानबाट खुलेको छ । लागूऔषधको प्रयोग र ओसारपसारमा लागेका युवाले आफ्ना साथीहरूलाई यो क्षेत्रमा ल्याउने गरेको सुधारगृहको सञ्चालक मिलन पौडेलको भनाइ छ ।

**बढ्दो ग्राफ**

लागूऔषध कारोवबारी र प्रयोगकर्तामाथि प्रहरीले निगरानी बढाएको छ । तर, लागूऔषध सेवनकर्ता र कारोबारी बढ्दै गएको छ । पछिल्लो तिन वर्षमा लागूऔषधको मुद्दामा पक्राउ पर्नेको संख्या दोब्बर छ ।

धनुषामा आर्थिक वर्ष ०७३/७४ मा ३९ मुद्दामा ५१ , ०७४/७५ मा ७० मुद्दामा ८१, आव ०७५/७६ मा ८८ मुद्दामा १ सय ३१ र चालु आर्थिक वर्षको कात्तिकसम्म ४ महिनामा २९ मुद्दामा ४८ जना पक्राउ परेको छ । विगतको तथ्यांकअनुसार लागूऔषध कारोबारी र सेवनकर्ताको संख्या दिनानुदिन बढेको छ ।

प्रदेशको ८ जिल्लामा आर्थिक वर्ष ०७३/७४ मा ४ सय १९ जना, ०७४/७५ मा ४ सय ९३ र ०७५/७६ मा लागूऔषधसहित ६ सय ७८ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ परेको ठूलो संख्या १६ देखि २५ वर्ष युवा अवस्थाका व्यक्तिहरू रहेको प्रदेश प्रहरी कार्यालयको तथ्यांकले देखाएको हो । प्रदेश प्रहरी कार्यालयको तथ्यांकअनुसार गत आर्थिक वर्षमा १६-२५ उमेर समूहका ५ सयभन्दा बढी रहेको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक ज्ञानकुमार महतोले जनाए ।

**'दुर्व्यसनमुक्त' अभियान**

प्रदेश सरकारले लागूऔषधको लतमा फसेका युवालक्षित अभियानको तयारी गरेको छ । 'दुर्व्यसन मुक्त' अभियान अन्तर्गत प्रदेशको ८ जिल्लामा लागूऔषध प्रयोगकर्तामाथि निगरानी बढाउन सीमामा प्रहरीको ३६ वटा पोस्ट थप्ने प्रक्रिया अगाडि बढाइएको प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्र यादवले बताए ।

'भारतीय पक्षले नेपालमा प्रतिबन्धित औषधि नेपालीलाई बिक्री नगर्ने आश्वासन दिएका छन,' उनले भने, 'हाम्रो आग्रहपछि भारतीय निकायले नेपालतर्फ भारतीयलाई मदिरा सेवनमा कडाइ गर्न भनेको छ । सीमा क्षेत्रमा मदिरा बिक्रीमा रोक लगाइनेछ ।'













## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | लाभ बढ्ने | तुला | वादविवादमा सफल |
| वृष | काम बन्ने | वृश्चिक | वैमनश्यता |
| मिथुन | धर्म बढ्ने | धनु | स्फूर्ति बढ्ने |
| कर्कट | द्विविधा बढ्ने | मकर | आकस्मिक लाभ |
| सिंह | महत्त्वपूर्ण काम हुने | कुम्भ | पदोन्नति |
| कन्या | खटपट | मीन | कान्ति क्षय |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल मंसिर १९ गते बिहीबार तदनुरुप ५ डिसेम्बर २०१९ मार्गशीर्ष शुक्लपक्ष नवमी तिथि रात्रिको ३:२९ बजेसम्म उप्रान्त दशमी तिथि, पूर्वाभाद्रपदा नक्षत्र रात्रिको ८:२० बजेसम्म उप्रान्त उत्तरभाद्रपदा नक्षत्र, वज्र योग दिनको ४:४५ बजेसम्म उप्रान्त सिद्धि योग, बालव करण दिनको २:२३ बजेसम्म उप्रान्त कौलव करण, कुम्भ राशिमा चन्द्रमा दिनको १:४० बजेसम्म उप्रान्त मीन राशिमा । ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | | | |
|---|---|---|---|
| ५:०० | भक्तिसुर | ४:३० | मनी टक्स (रिपिट) |
| ५:३० | आध्यात्मिक सन्देश | ५:०० | कल कान्तिपुर |
| ६:०० | जीवन विज्ञान | ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | मार्गदर्शन (लाइभ) | ६:३० | रजतपट |
| ७:०० | कान्तिपुर समाचार | ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल | ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:३० | कान्तिपुर न्युज | ८:०० | कान्तिपुर समाचार |
| ९:०० | सरोकार (रिपिट) | ९:०० | नेपाल स्पेल बी |
| १०:०० | कान्तिपुर समाचार | १०:०० | रजतपट (रिपिट) |
| १०:३० | हियर्ज टु लाइफ (रिपिट) | १०:३० | कान्तिपुर न्युज |
| ११:०० | कान्तिपुर न्युज | ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | मनी टक्स (रिपिट) | ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कान्तिपुर समाचार | १२:०० | कल कान्तिपुर रिपीटेड |
| १२:३० | आउन मसँग खाउन (रिपिट) | १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) | १:३० | रजतपट (रिपिट) |
| २:०० | कान्तिपुर समाचार | २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | हियर्ज टु लाइफ (रिपिट) | २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | सरोकार (रिपिट) | ३:०० | कल कान्तिपुर (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार | ४:०० | नेपाल स्पेल बी (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | | | |
|---|---|---|---|
| ०५:०० | भक्ति अनुष्ठान (बालचन्द्र) | १५:०० | कान्तिपुर डायरी |
| ०६:३० | कान्तिपुर डायरी | १५:१५ | कानुङ भेजा (श्याम राई) |
| ०७:०० | द हेडलाइनर्स | १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| ०७:३० | सबैका लागि मानसिक स्वास्थ्य (कोशिष नेपाल) | १६:०५ | संगालो (एलिशा) |
| ०८:०० | डेभलपमेन्ट एण्ड इकोनोमिक्स डायरी | १७:०० | डिष्ट्रिक्ट डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (शुभ) | १७:०५ | एजुकेशन टक (भुपेन्द्र) |
| ०८:३० | ओल्ड इज गोल्ड | १८:०० | आइसीए टुर शिक्षा (राजेश पाण्डे) |
| ०९:०० | कान्तिपुर डायरी | १८:३० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट | १९:०० | यात्रा जीवनको (दिनेश डीसी/अम्बिका/शुभ) |
| ०९:१५ | राष्ट्रिय गीत | २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| ०९:२० | मीड वीक घुम्ने मेच (दीनेश डीसी) | २०:०५ | म्यूजिकोफिल (विवस राई) |
| १०:०० | स्पोर्टस् डायरी | २१:०० | कान्तिपुर डायरी |
| १०:०५ | टेष्ट बड (सञ्जय/एलिसा) | २१:२५ | न्युज मेकर अफ द डे |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी | २१:३० | इन्द्रेनी |
| ११:०५ | टेस्ट बड (सञ्जय/एलिसा) | २२:०० | ग्लोबल कनेक्सन (शुभराज) |
| १२:०० | कान्तिपुर डायरी | २३:०० | आजदेखि अर्को आजसम्म (प्रज्वल) |
| १२:१० | आफ्नो भाका आफ्नो गीत (कृष्ण मल्ल) | २४:०० | आफ्नो भाका आफ्नो गीत (कृष्ण) |
| १३:०० | डिस्ट्रिक डायरी | ०१:०० | कानुनी बहस र परामर्श |
| १३:०५ | के छ नेपाल (किरण) | ०२:०० | नेपाली गीतहरू लगातार |
| १४:०० | इन्टरनेसनल डायरी | ०३:०० | हिन्दी गीतहरू लगातार |
| १४:०५ | के छ नेपाल (किरण) | ०४:०० | भजनहरू लगातार |

## अस्पताल र विविध

**धनुषा**

| | |
|---|---|
| प्रहरी | ०४१५२४१०० |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२६९३८ |
| एम्बुलेन्स महावीर युवा कमिटी | ५२५९८० |
| एम्बुलेन्स मारवाडी सेवा समिति | ५२१७८४ |
| रक्त सञ्चार रेडक्रस | ५२०८७० |
| धनुषा अस्पताल | ५२५८०० |
| केयर मेडिकल सेन्टर | ५२०२३० |
| जानकी आँखा अस्पताल | ५२०३९७ |
| जानकी हेल्थ केयर सेन्टर | ५२५३४१ |
| अञ्चल प्रहरी कार्यालय | ५२०३६५ |
| एयरपोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२४४६० |
| जानकी मन्दिर | ५२०१७६ |
| राष्ट्रिय मानव अधिकार आयोग | ०४१-५२७८१२/५२७८११ |
| **महोत्तरी** | |
| जिल्ला अस्पताल | ५२००७० |
| वारुण यन्त्र | ५२००९७ |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२०००९ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| बन्दना हस्पिटल प्रा.लि. गौशाला | ९८५४०२५५२७/९८५४०२३५२७ |
| विद्युत् फ्युज शाखा | ५२००६६ |
| जलेश्वर अस्पताल | ५२००७० |
| ईलाका हेल्थ पोष्ट बलवा एम्बुलेन्स | ९८४४१२७१७७ |
| छिन्नमस्ता गण | ५२९६१९ |
| ई.प्र.का. बर्दिबास | ५५५००६ |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| प्रहरी कन्ट्रोल | ५२०००९ |
| जिल्ला अस्पताल | ५२००७० |
| ईलाका प्रहरी कार्यालय गौशाला | ५५१००/६९२०७२ |
| **काठमाडौंका महत्वपूर्ण टेलिफोन** | |
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४, ४२१७७६६, ४२१७७५५ |
| मेडीकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७१६०३ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

**कान्तिपुर सम्पर्क** जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# ओलाङचुङगोला, एउटा छुट्टै संसार

स्थानीयले तीन करोड जुटाएर गाउँलाई चिनियाँ नाका जोड्न बाटो बनाएका छन् । यता सदरमुकाम वा मुलुककै अन्य जिल्लाबाट यहाँसम्म पुग्न बाटो बनेकै छैन ।

■ **आनन्द गौतम** (ओलाङचुङगोला, ताप्लेजुङ)

कात्तिक अन्तिम साता । पछाडिपट्टि भिर्ने झोला बोकेका दोर्जे भोटे दाहिने हातले पर्यटकले टेक्ने लौरो टेक्दै ओलाङचुङगोलाको बस्तीबाट अगाडि बढ्दै थिए । होचो कदका उनले पाइन्टको पेटिघरमा सानो क्यासेट झुन्ड्याएका थिए । त्यो क्यासेटमा नेपाली भाकाको गीत घन्किरहेको थियो ।

बस्तीबीच एकजना महिला घाम तापेर बसेकी थिइन् । दोर्जेले उनलाई सलाम गरे, हात मिलाए र आफ्नै भाषामा कुरा गर्दै अघि बढे । केही पर पुग्दा युवाहरूको अर्को समूह थियो । त्यहाँ पनि सबैसित हात मिलाए, एकैछिन भलाकुसारी गरे र फेरि अघि बढे । करिब ११ बजेतिर बस्तीको छेउमा ठूलै जमात घाम तापेर बसेको थियो । त्यहाँ पनि दोर्जेले सबैलाई एकमुष्ट सलाम गरे ।

सबै जना गलल हाँसे र उनीसित कुराकानी गर्न थाले । त्यसपछि दोर्जे आफैंले घन्काएको क्यासेटको गीतको भाकामा करिब तीन मिनेट नाचे । बररर ताली पाएका उनी त्यसपछि भने सबैसित बिदाइको हात हल्लाउँदै मुस्कानसहित आफ्नो गन्तव्यतर्फ लागे ।

दोर्जे तिनै हुन्, जसले संघीय संरचनाअघि यहाँको निर्वाचित वडाध्यक्ष भएर जनप्रतिनिधिको भूमिका निर्वाह गरिसकेका छन् । अहिले भने कहिले ओलाङचुङगोला, कहिले मौवाटार त कहिले टिप्ताला भन्ज्याङमा चौंरीसँगै गोठमा समय बिताउँछन् । त्यो दिन पनि उनी झन्डै एक दिनको पैदलमा रहेको मौवाटारको गोठमा हिँडेका थिए । घर आएका दोर्जे गाउँलेहरूसँग बिदा हुँदै आफ्ना चौंरी, याक स्याहार्न फर्कंदै थिए ।

ताप्लेजुङको उत्तरी दिशामा रहेको ओलाङचुङगोला आफ्नै विशेषतामा रमेको बस्ती हो । सदरमुकाम फुङलिङबाट गाडी र पैदल गरेर पूरै दुई दिनको यात्रामा पुगिने यो बस्तीमा हिउँदमा सबै बासिन्दालाई देख्न बिहान १० देखि १२ बजेको समयमा मात्रै सम्भव हुन्छ । किनभने त्यसबेला घाम ताप्न घर बाहिर निस्कन्छन् । ३२ सय मिटर उचाइको चिसो बस्तीमा हिउँदको घाम सबैलाई प्यारो हुने नै भयो ।

अरूबेला पुरुषहरू चौंरीगोठ र घाँसदाउरामा लाग्छन् भने महिला घरधन्दा गर्दै गलैंचा बुन्छन् । खेतीपाती नभएको यहाँको मुख्य आम्दानीको स्रोत पनि यही नै हो । चौंरीको दूधबाट छुर्पी बन्छ भने यसको चम्मर पनि बिक्छ । यसलाई भारी बोकाएर पनि आम्दानी लिइन्छ । बुढो हुँदै गएपछि बिक्री हुने एउटा चौंरीको बजार मूल्य अहिले ८० हजारदेखि एक लाख रुपैयाँसम्म छ । यो चीनको तिब्बतमा बिक्री हुन्छ । गोठबाट बिक्री केन्द्रसम्म हिँडाएरै लैजानुपर्छ ।

ओलाङचुङगोलामा बुनिने गलैंचा पनि चीनमै बिक्री हुन्छ । प्रतिगोटा १६ हजारसम्ममा बिक्री हुने गलैंचाका लागि बजारको कुनै समस्या छैन । यिनैको आम्दानीबाट यहाँका बासिन्दाले खाद्यान्नलगायतका वस्तु खरिद गरेर दैनिकी चलाउँछन् । चीन नजिकमा भएकाले खाद्यान्नलगायतका धेरै वस्तु उतैबाट ल्याइन्छ । यो बस्ती ताप्लेजुङ सदरमुकामबाट २८ कोसको दूरीमा पर्छ । भोटे, शेर्पा र वालुङ जातिको मात्रै ६६ घरमा ५६ परिवार बसोबास छ । यो सीमावर्ती नेपाली बस्ती हो । नेपाली बजार टाढा भएकाले कारोबार पारि नै बढी हुने वडाध्यक्ष छेतेन शेर्पा भोटे बताउँछन् । जनगणना २०६८ अनुसार यहाँको जनसंख्या २ सय ७६ हो । पुरुषको तुलनामा महिला चार जना बढी थिए गणनाताका । १ सय ४० महिला र १ सय ३६ पुरुष रहेको तथ्यांक छ ।

संघीय संरचनाअनुसार फक्ताङलुङ गाउँपालिका-७ मा पर्ने यहाँ दुइटा मात्रै बस्ती छन् । दिकिछ्योलिङ गुम्बासँगै रहेको ओलाङचुङगोला र यहाँबाट एक दिनको पैदलमा रहेको याङमा अर्को बस्ती हो । याङमामा १७ घर छन्, ११ परिवारको बसोबास छ । याङमा गोलाभन्दा एक हजार मिटर बढी अर्थात ४२ सय मिटर उचाइमा छ । यसअघि जोङिगनमा पनि तीन परिवारको बसोबास थियो । यो गोलाभन्दा तलको बस्ती हो । तर पटक-पटकको चोरीपछि त्यहाँका सबै परिवार ओलाङचुङगोलामा बसाइँ सरेको स्थानीय बताउँछन् ।



ताप्लेजुङबाट चिनियाँ नाका नजिकको ओलाङचुङगोलाको बस्ती । *तस्बिर : आनन्द/कान्तिपुर*

आफ्नै विशेषताको यो बस्तीमा झगडा भएको निवेदन अहिलेसम्म प्रहरीकहाँ परेको छैन । जात्रा, पर्वमा पनि शान्तिसुरक्षा खलबलिएला भनेर प्रहरीले चिन्ता गर्नुपर्दैन । त्यसैले २५ जनाको दरबन्दी रहेको प्रहरी चौकीमा हमेसा पाँच/सात जना भन्दा बढी हुँदैनन् । हरेक परिवार घरको दोस्रो तलामा बस्छन् । पहिलो तलामा घाँस, दाउरा राख्ने, पशुचौपाया बाँध्ने गरिन्छ । व्यापारीहरूले पहिलो तलामा बेचबिखनका सामान पनि राखेका छन् । पाहुनालाई पनि दोस्रो तलामै सुताइन्छ । यहाँका कुनै पनि घरमा तेस्रो तला छैन । अहिले दुइटा छुट्टै पाहुनाघर पनि बनाइएको छ । पकाउने, खाने, सुत्ने दोस्रो तलामा हुन्छ ।

यहाँका ९५ प्रतिशत घर काठका छन् । सबै जना आआफ्नै काममा व्यस्त हुने र विवाद गर्नुपर्ने विषय नभएकाले पनि झगडा नभएको फक्ताङलुङ गाउँपालिकाका प्रवक्तासमेत रहेका गोलावासी छेतेन वालुङ बताउँछन् । ओलाङचुङगोलामा बस्ती कहिलेदेखि सुरु भयो भन्ने स्थानीय बताउन सक्तैनन् । इतिहासका खोजकर्ता ग्युर्मे नुर्बो (बिचारी) का अप्रकाशित टिपनका अनुसार ओलाङचुङगोलाको प्राचीन इतिहास ईसाको आठौं शताब्दीको मध्यबाट सुरु हुन्छ । ईसाको नवौं शताब्दीको मध्यमा यो ठाउँमा प्राचीन किराँतीहरूको बसोबास थियो ।

पछि उत्तर भोटबाट तिब्बती मूलका भोटे जातिका मानिस आई बसोबास गर्न थालेपछि किराँती देश नेपाल र तिब्बतबीच व्यापारिक कारोबार सुरु भएको इतिहासको खोज गर्ने गोपीकृष्ण अधिकारीको लेखमा उल्लेख छ । तिब्बती मूलका मानिसहरू यहाँ आएर बस्न थालेपछि नेपाल र तिब्बतबीच व्यापारिक कारोबार सुरु भएको पाइन्छ । ग्युर्मेका अनुसार भोटबाट ओलाङचुङगोला आएका भोटेहरूले नेपालबाट चामल, मकै र कोदोलगायत अन्न लैजान्थे । गलैंचाका रङ बनाउने खयर, मजिठो र रूखका बोक्रा पनि भोट लैजान्थे ।

भोटबाट गलैंचा, पाखी, चुटुक, कपडाको कम्बल, घोडा र च्याङग्रा जस्ता वस्तु ल्याउँथे । भोटको घोडा भारतका विभिन्न सहरमा लगेर गोलाकै व्यापारीले बिक्री पनि गर्ने गरेको उल्लेख छ । पुरातन कालमा गोला नेपाल र भोटबीच व्यापार गर्ने ठूलै व्यापारिक केन्द्र थियो ।

ओलाङचुङगोलाको नाम ओलुङ भन्ने शब्दबाट अपभ्रंश भएको इतिहाससम्बन्धी लेख पाइन्छ । तिब्बतबाट तीर्थयात्रीहरू नेपाल आउने क्रममा बाटो भुलेर अलपत्र परे । त्यहीबेला न्याउरी मुसा जस्तो जनावरले अघि अघि हिँडेर बाटो देखाएकाले यसको नाम ओलुङ राखिएको ग्युर्मेको टिपोटमा उल्लेख भएको अधिकारीले आफ्नो लेखमा उल्लेख गरेका छन् । यही अपभ्रंश भएर ओलाङचुङगोला भएको हो ।

पहिला यहाँ मगर थरका राजाले पनि राज्य गरेको भन्ने पनि कतिपय पुस्तकमा उल्लेख छ । नेपाल सरकारले भने नेपाल एकीकरणपश्चातमात्रै वालुङको अस्तित्वबारे थाहा पाएको हो । वि.सं. १८९८ मा तत्कालीन राजा राजेन्द्रविक्रम शाहले सोनाम भोटियालाई गाउँको मुख्य मानिसको जिम्मेवारी दिएका थिए । उनलाई 'गोवा' को उपाधि दिइएको सन् १८४८ मा गोला पुगेका बेलायती वनस्पतिविद् डा. हुकरले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् ।

हुकरले लामो समयसम्म यहाँ बसेर अध्ययन गरेका थिए । गोबांगी प्रथा यो क्षेत्रका पाँच गाउँमा सञ्चालन भएको चीनका लागि नेपालको पूर्ववाणिज्यदूत ताम्ला उक्याव बताउँछन् । उनका अनुसार वलाङचुङ, याङमा, ग्याब्ला, घुन्सा र लेलेपमा गोबांगी प्रथा थियो । आफ्नो क्षेत्रका जनताका लागि दण्डकुण्ड, सजाय, मुद्दामामिला मिलाउने जिम्मेवारी गोवालाई थियो । परेका बेला सरकारलाई सहयोग गर्नुपर्ने, तिरो उठाई सरकारलाई बुझाउनुपर्ने, सरकारको प्रतिनिधि भई काम गर्नुपर्ने जस्ता जिम्मेवारी गोवालाई थियो । गोवाले काजी, बिचारी, कारबारी, नाइके र मझियामार्फत शासन गरेका थिए ।

**मुख्य नाका टिप्ताला भन्ज्याङ**

टिप्ताला भन्ज्याङ नेपाल र चीनको तिब्बत जोड्ने मुख्य नाका हो । थिपथलाबाट अपभ्रंश भई टिप्ताला भएको हो । स्थानीय भाषामा थिप भनेको ओझेल र थला भनेको ठाउँ हो । घामको ओझेलमा पर्ने भएकाले स्थानीयले थिपथला नाम राखेको पाइन्छ ।

५३ सय मिटर उचाइमा रहेको यो भन्ज्याङले नेपाल र चीनलाई जोडेको छ । यहाँबाट सुरु भएर ओलाङचुङगोलाको बस्ती हुँदै बहने तमोर नदी सप्तकोसीमा मिसिन्छ । तमोर नदीको पूर्वपट्टि रहेको बस्ती ओलाङचुङगोला हो भने यसको मुख्य नाका टिप्ताला भन्ज्याङ । यहाँ पैदल हिँडेर एक दिनमा नाका पुगिन्छ । अहिले भने नाकादेखि बस्तीसम्म मोटरबाटो पुगेको छ । यसको दूरी २४ किलोमिटर छ ।

चिनियाँ अपरेटर स्वोलुङ र स्वफेले चलाएको एक्स्काभेटरले ट्र्याक खोलेर बस्तीसम्म सडक पुर्‍याइएको हो । उनीहरूले तीन महिनाको प्रयासमा यो सडक खोलेका थिए । चीनको राजधानी बेइजिङ नजिकको सान्दाङ नजिकबाट ल्हासा, डिङ्जे र रिउ हुँदै आएका उनीहरूले २ सय ४० सीसी क्षमताको मेसिन चलाएर सडक खोलेका हुन् । तीनवटा मेसिन लगाएर खोलेको सडकको डोजर भने तिब्बतका चोन्दे भोटेले चलाएका थिए । उनीहरूलाई काम लगाउने, निगरानी गर्ने काम चिनियाँ ठेकेदार कम्पनीका नेनेले गरेका हुन् ।

चीनसँगको व्यापारिक सम्बन्ध विस्तार गर्न र ओलाङचुङगोला नाकालाई सडक सञ्जालले जोड्न यहाँका बासिन्दा स्वयंले सडकमा लगानी जुटाएका हुन् । ओलाङचुङगोलामा जन्मेर अमेरिका, बेलायत, काठमाडौंलगायत स्थानमा गएर बसेकाहरूको संस्था वालुङ समाजले संकलन गरेको करिब तीन करोड रुपैयाँ सडक निर्माणमा खर्च गरिएको हो । तत्कालीन ओलाङचुङगोला गाविसले ४२ लाख र सांसद विकास कोषको १० लाख पनि सडक निर्माणमा लगाएको थियो । फक्ताङलुङ गाउँपालिकाले पनि स्तरोन्नतिमा लगानी गर्‍यो ।

सडक निर्माणका लागि नेपाल सरकारले चीनसँग मेसिन भाडामा मागिदिएको थियो । भौतिक योजना तथा निर्माण मन्त्रालयले परराष्ट्र, परराष्ट्रले चिनियाँ दूतावासलाई मेसिनका लागि अनुरोध गरेको थियो । त्यही अनुरोधपछि चीनले भाडामा मेसिन र जनशक्ति दिएको हो । सडक निर्माणपछि चीनको गाडी भने गोलाको बस्तीसम्म आएर फर्कने गरेको छ । तर गोलाका बासिन्दाले भने आफ्नो गाडी नकिनेका कारण नेपाली यातायात छैन ।

सदरमुकाम फुङलिङबाट विस्तार भएको सडक लेलेपको लुङथुङमा पुगेको छ । गोलाबाट पनि जोगिनतर्फ विस्तार भइरहेको छ । उत्तर-दक्षिण लोकमार्ग आयोजनाका प्रमुख राम गुरुङका अनुसार अब १४ किमि ट्र्याक खुल्न बाँकी छ । सडक निर्माण सुरु भएको आठ वर्ष भएको छ ।

काठमाडौंको एलाइट निर्माण कम्पनीले सडक विस्तारको काम गरिरहेको छ । प्रतिनिधिसभा सदस्य तथा संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराई यो सरकारको प्राथमिकताको सडक भएको बताउँछन् । यसका लागि बजेटको समस्या नहुने उनको दाबी छ ।

यो सडक निर्माण सम्पन्न हुँदा तमोर करिडोरको पनि ट्र्याक खोल्ने काम सकिनेछ । तमोर करिडोर निर्माण पूरा हुँदा टिप्ताला भन्ज्याङदेखि विराटनगरको रानी भन्सारसम्मको दूरी २ सय ७० किमिमात्रै हुने उत्तर-दक्षिण लोकमार्ग आयोजनाका पूर्वप्रमुख कुबेर नेपाली बताउँछन् । दुई वर्षसम्म ताप्लेजुङमा बसेर काम गरेका उनले तमोर करिडोर र लोकमार्ग दुवैको योजना बनाएका थिए ।

नेपालीका अनुसार यो सडक निर्माण भएर सञ्चालनमा आएपछि नेपाल-भारत र चीनको त्रिदेशीय नाका जोड्ने यो सबैभन्दा छोटो दूरीको सडक हुनेछ । विराटनगरदेखि जोगबनीको दूरी लामो नभएकाले त्रिदेशीय छोटो बाटो हुने उनको बुझाइ छ । हाल निर्माणाधीन सुकेटार-काँकडभिट्टा सडकको दूरी पनि २ सय ४० किलोमिटर मात्रै छ । अझ आगामी आर्थिक वर्षका लागि मेची राजमार्गको यो सडक व्यवस्थित गराउन सरकारले ९२ करोड बजेट छुट्ट्याएको छ । सडक सञ्चालनमा आएपछि नुनदेखि सुनसम्म तिब्बतबाट ल्याउन सकिने र नेपालका जडीबुटीदेखि तरकारीलगायतका वस्तु निर्यात गर्न सकिने उद्योग वाणिज्य संघका अध्यक्ष तारानाथ घिमिरे बताउँछन् ।

काँकडभिट्टाबाट फूलबारी बन्दरगाहको बाटो भएर जोडिने भएकाले बंगलादेशसँगको कारोबार पनि नजिकैबाट हुनेछ । अझ भारतको सिक्किम जोडिन लागेको मध्यपहाडी लोकमार्गको चिवाभन्ज्याङ खण्ड नजिकबाट जोडिन्छ ।

**गैससले बढाए गतिविधि**

आगन्तुकको खासै आउजाउ नहुने यहाँ नेदरल्यान्ड विकास नियोग (एसएनभी) र कञ्चनजंघा संरक्षण क्षेत्र (केक्याप) को कार्यक्रम सुरु भएपछि बाहिरबाट पुग्ने बढ्न थालेको स्थानीय बताउँछन् । डोङगा शेर्पाका अनुसार एसएनभीले विद्यालय भवन, पुल र बाटो बनाउने काममा सघायो । केक्यापले संरक्षणसम्बन्धी तालिम र गोष्ठी गर्‍यो ।

संरक्षण क्षेत्रले यहाँका बासिन्दालाई बाहिर घुम्न लैजाने, बाहिरबाट यहाँ घुम्न ल्याउनेजस्ता गतिविधि गरेपछि गोलाका बासिन्दालाई हामी पनि नेपाली हौं भन्ने आभास भएको डोङगा बताउँछिन् । प्रजातन्त्र प्राप्तिपछि किपा शेर्पाले गाविस अध्यक्ष जितेर महिलाले नेतृत्व गर्नसक्ने पुष्टि गरेकी थिइन । अहिले भने उनी काठमाडौं बस्छिन् । यहाँको पीडा भनेको एउटाबाट अर्को बस्तीमा पुग्न पूरै एक दिन लाग्छ । नजिकको बस्ती भेट्न याङमा, लेलेपको इलाडाँडा या चीनको रिउ पुग्नुपर्छ ।

# जो बेलायत गएनन्

■ **आश गुरुङ** (लमजुङ)



बखानसिंह गुरुङ

सन् १९३९ बाट विश्वयुद्ध भयो । विश्वयुद्ध हुनुअगावै बखानसिंह गुरुङ सन् १९३४ मा बेलायती सेनाको गोर्खाली समूहमा अनुबन्धित भइसकेका थिए । बेलायती गोर्खा सैनिकमा रहेर १५ वर्ष सेवा गरेका उनले विश्वयुद्धका ६ वर्ष गोला, बम र बारुदका साथ बहादुरीपूर्वक लडे । त्यसपछि बेलायतमै बसेर बेलायती सरकारको सेवा गरे । बेलायत सरकारले उनलाई गाँस, बास र कपासको व्यवस्था गर्‍यो । उनले पाउने पेन्सन छँदै छ । तर उनी बेलायत बसेनन् । आफ्नै गाउँघर फर्के । नेपाली गाउँघरमै बस्दै आएका १ सय ३ वर्षीय गुरुङको सोमबार मध्यरातमा आफ्नै घर मर्स्याङदी गाउँपालिका-७ ताङलीचोकमा निधन भएको छ ।

**विदेशमा बस्न पाउने सुविधा छाडेर गाउँ फिरेका बखानसिंहलाई गाउँलेले सम्झिरहने छन् ।**

कान नसुन्ने समस्या रहेका उनी केही दिनयता बिरामी रहेको उनका नाति सरोजले बताए ।

१९७३ कात्तिक ९ मा जन्मिएका बखानसिंहले बेलायती सेनाका १/६ जीआर पल्टनमा रहेर काम गरे । उनले मलाया (मलेसिया), बर्मा (म्यानमार), भारत, पाकिस्तान, सिंगापुरलगायत देशमा बेलायतका तर्फबाट लडेका थिए । बर्मामा उनले 'बर्मा स्टार वार मेडल' प्राप्त गरे । बेलायत सरकारले विश्वयुद्ध लडेबापत उनलाई विभिन्न सम्मान दियो ।

उनका अर्का नाति नन्दराजका अनुसार बखानसिंहले गाउँघरको सेवा गरे । आफ्नो जग्गा विद्यालयमा दान गरे । आएको पेन्सनले विद्यालयमा अक्षयकोष स्थापना गरे । 'प्रायः बेलायती सेना बेलायतमै बसेका छन् । बाजे बेलायत बस्नुभएन । आफ्नै जन्मभूमिमा सास छाड्नुभयो,' उनले भने ।

गाउँकै तराँचेस्थित महेन्द्रदेव माविका प्रधानाध्यापक सोमबहादुर भण्डारीका अनुसार बखानसिंह विद्यालयका वरिष्ठ आजीवन सदस्य र भूमिदाता हुन् । विद्यालयलाई उनले ११ आना २ पैसा २ दाम जग्गा प्रदान गरेका थिए । आर्थिक सहयोग पनि गर्दै आएका थिए । आफ्नो गाउँमा मात्रै नभएर मर्स्याङदी गाउँपालिका-६, नाइँचेस्थित नयाँ ज्योति आधारभूत विद्यालयमा १ लाख २२ हजार १ सय ११ रुपैयाँको 'बखानसिंह अक्षय कोष' स्थापना गरेको नन्दराजले जानकारी दिए ।

बखानसिंहका ५ भाइ छोरा र एकजना छोरी छन् । नातिनातिना मात्रै १३ जना छन् । पत्नी शिरकुमारीको भने ५ वर्षअघि निधन भइसकेको छ । बखानसिंहको निधनले गोर्खालीको जिउँदो इतिहासको अवसान भएको पूर्वसांसद जमिन्द्रमान घलेले बताए ।





चिनाउँदै नेपाल
अनुष्का लन्डनमा । ११

उसुले पनि दिलायो पदक
नेपालको पोल्टामा २३ स्वर्ण



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २८३ पोखरा | १८ मंसिर २०७६ | बुधबार मार्ग शुक्लपक्ष अष्टमी | नेपाल संवत् ११४० | गण्डकी प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Wednesday, December 4, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ


# १ मिलि सेकेन्डले स्वर्ण

■ **ध्रुव तुलाधर र हिमेश** (काठमाडौं)

एथलेटिक्स खेलै पुरानो । यसलाई 'फादर अफ स्पोर्ट्स' मानिन्छ । यही एथलेटिक्समा सन्तोषी श्रेष्ठले मंगलबार स्वर्णपदक जितेर इतिहास रचेकी छन् । १३ औं दक्षिण एसियाली खेलकुदमा प्राप्त यो उपलब्धिले उनी एथलेटिक्समा नेपालका लागि पहिलो अन्तर्राष्ट्रिय स्वर्ण जित्ने महिला खेलाडी भएकी हुन् ।

सन्तोषीले दशरथ रंगशालाको ट्र्याकमा १० हजार मिटर दौडमा त्यो सफलता हासिल गरेकी हुन् । उनले एक मिलिसेकेन्डले मात्र भारतीय प्रतिद्वन्द्वी कविता यादवलाई पछाडि पारिन् । सन्तोषीको टाइमिङ निस्कियो ३५ मिनेट ०७.९४ सेकेन्डको । कविताको टाइमिङ थियो ३५ मिनेट ०७.९५ सेकेन्ड । एक मिलिसेकेन्ड भनेको त्यति थोरै समय हो, जुन एक सेकेन्डलाई हजार भाग लगाउँदाको एक भाग हो । अर्थात्, हजार मिलिसेकेन्ड बराबर एक सेकेन्ड हुन्छ । 'फोटो फिनिस' (यति नजिक कि अन्तिम रेखा पार गर्दा शरीरको भागबाट गरिनुपर्ने मूल्यांकन) कै रूपमा उनले बाजी मार्दै इतिहास कोरेकी हुन् । एक मिलिसेकेन्डले जीवनमा के अर्थ राख्ला ? यही एक मिलिसेकेन्डले सफलता चुमेकी सन्तोषीले सुनाइन्, 'टाइम म्यानेजमेन्टमा धेरै कमजोर हुँ । रनिङमा लागेपछि एक मिलिसेकेन्ड पनि कति महत्त्वपूर्ण छ भन्ने बुझ्न थालेकी छु ।'

तेस्रो भएकी श्रीलंकाली निलान्थी लंकाले ३५ मिनेट ५९.०२ सेकेन्डमा दूरी पार गरेकी थिइन् । सात प्रतिस्पर्धीमा नेपालकी विश्वरूपा बुढा (३८.२४.०३) छैटौं स्थानमा रहिन् । सन्तोषीले जितेको यो स्वर्णपदक धेरै अर्थमा विशेष रह्यो ।

बाँकी पृष्ठ १५ ▶▶

**एथलेटिक्समा नेपालका लागि पहिलो अन्तर्राष्ट्रिय स्वर्ण जित्ने महिला बनिन् सन्तोषी**





**दशरथ रंगशालामा मंगलबार १० हजार मिटर दौड पूरा गर्दै सन्तोषी श्रेष्ठ (बायाँ) र भारतकी कविता यादव ।**

*तस्बिर : केशव थापा/कान्तिपुर*

# प्रत्यारोपण कम्तीमा दुई महिनापछि

'कमजोर मिर्गौलाले शल्यक्रिया, संक्रमण आदि जटिलता झेलेकाले नियमित डायलसिसमा जानुपर्ने हुन सक्छ'

■ **अतुल मिश्र** (काठमाडौं)

प्रधानमन्त्री केपी शर्मा ओलीको मिर्गौला प्रत्यारोपण दुईदेखि चार महिना पछि सर्ने भएको छ । अघिल्लो मंगलबार आकस्मिक रूपमा एपेन्डिसाइटिसको शल्यक्रिया गर्नुपरेकाले मिर्गौला प्रत्यारोपणको समय धकेलिएको चिकित्सकले बताएका छन् । 'मिर्गौला प्रत्यारोपण गर्न शल्यक्रिया गरिएको ठाउँको घाउ निको हुनुपर्छ । संक्रमण पूर्ण नियन्त्रणमा हुनुपर्छ । अहिलेकै स्थितिमा जोखिम हुन्छ,' वरिष्ठ मिर्गौला रोग विशेषज्ञ डा. ऋषि काफ्लेले भने ।

एपेन्डिसाइटिससहित पेरिटोनाइटिस (पेटको संक्रमण) समेत देखिएपछि मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरमा प्रधानमन्त्रीको शल्यक्रिया गरिएको हो । स्वास्थ्यमा निरन्तर राम्रो सुधार भए दुईदेखि चार महिनापछि प्रधानमन्त्रीको मिर्गौला प्रत्यारोपण गर्न सकिने डा. काफ्लेको भनाइ छ । यसअघि गत शुक्रबार प्रधानमन्त्रीकी निजी चिकित्सक डा. दिव्यासिंह शाहले पत्रकार सम्मेलनमा प्रधानमन्त्रीको मिर्गौला प्रत्यारोपणमा हतार गर्नुपर्ने अवस्था नरहेको बताएकी थिइन् । अनुकूल समय पारेर प्रत्यारोपण गरिने उनको भनाइ थियो ।

मिर्गौला प्रत्यारोपणका क्रममा अर्को मिर्गौला राख्न सक्ने ठाउँ ठीक हुनुपर्ने डा. काफ्ले बताउँछन् । 'पेटको संक्रमणले प्रधानमन्त्रीको आन्द्रा वरिपरिको झिल्लीमा कस्तो प्रभाव पारेको छ,' उनले भने, 'त्यसले शल्यक्रियाको जटिलतासमेत निर्धारण गर्छ ।' पछिल्लो समय चिकित्सकले छिटोछिटो डायलसिस गरिरहेका छन् । आइतबारसम्म ६ दिनमा ४ पटक डायलसिस गरेका थिए । प्रधानमन्त्री ग्रान्डी हस्पिटलमा रहेका बेला भने २६ दिनमा ४ पटक डायलसिस गरिएको थियो ।

जटिल शल्यक्रिया, संक्रमण, शरीरमा फोहोर बढी जम्मा हुनु आदि कारणले प्रधानमन्त्रीको मिर्गौलामा परेको भार घटाउन डायलसिस गरिरहनुपरेको चिकित्सकको भनाइ छ । 'अहिलेको जटिल शारीरिक समस्याले मिर्गौला कमजोर नपारेको भए फाट्टफुट्ट गरिएको डायलसिसले काम गर्थ्यो,' डा. काफ्लेले भने ।

पछिल्लो शल्यक्रिया गर्नुअघिकै अवस्थामा प्रधानमन्त्रीको मिर्गौला रहिरहेमा डायलसिसको संख्या घटाउन सकिने डाक्टरहरू बताउँछन् । अन्यथा निरन्तर डायलसिसमा जानुपर्ने स्थिति आउने उनीहरूको भनाइ छ ।

पत्रकार सम्मेलनमा गत शुक्रबार डा. रमेशसिंह भण्डारीले प्रधानमन्त्री अस्पताल आउँदा धेरै बिरामी रहेको र शल्यक्रियापछि संक्रमणको असर पेट र रगतमा समेत परेको बताएका थिए । तर पछिल्लो समय प्रधानमन्त्रीको स्वास्थ्यमा सोचेभन्दा बढी राम्रो सुधार देखिएको उनको भनाइ छ ।



सूर्य थापाको फेसबुकबाट

**अस्पतालबाटै सरकार र दल चलाउँदै**

| पृष्ठ ३

# मोडिन नसक्दा जिप खस्यो, १४ को मृत्यु

बागलुङ (कास)- कुलपूजाका लागि हिँडेका यात्रुले खचाखच जिप घुम्तीमा मोडिन नसकी खोलामा खस्दा १४ जनाको मृत्यु भएको छ । गुल्मीको इस्मा गाउँपालिकाबाट बागलुङको निसीखोला गाउँपालिकाको देवीस्थानतर्फ जाँदै गरेको ग१ज ५२१९ नम्बरको जिप बडिगाड गाउँपालिकाको भीमगिठेमा मंगलबार बिहान खसेको हो । सडक छेउमा गाडिएका ४ पिल्लर भाँचेर जिप दुई सय मिटर तल खसेको थियो । एक यात्रुलाई खोलाले बगाएको छ भने ३ जना घाइते छन् ।

प्रहरी नायब उपरीक्षक झवीन्द्रप्रसाद भट्टराईका अनुसार १८ यात्रु रहेको जिप बढी भार, तीव्र गति र स्टेयरिङको खराबीका कारण दुर्घटनामा परेको अनुमान छ । धेरै यात्रु चढाएको देखेपछि बडिगाड-४ स्थित खार प्रहरी चौकीले जिप रोकेर ८ जनालाई झारेको थियो ।

'उनीहरू हिँडेको १० मिनेटमै जिप खोलामा खसेको खबर आयो,' स्थानीय कमल पौडेलले भने, 'प्रहरीको सक्रियताले थप ८ जनाको ज्यान बच्यो ।' मृतकमध्ये ९ महिला, ४ पुरुष र एक बालिका छन् । मृत्यु भएकामा इस्मा गाउँपालिका-४ की ३० वर्षीया सूचना कार्की, ४० वर्षीया सीता कार्की, उनकी २ वर्षीया छोरी अनुशा, ६५ वर्षीय झवि कार्की, २५ वर्षीया मीना बस्नेत र ६५ वर्षीय धनबहादुर कार्की छन् । यस्तै बागलुङ बडिगाड-५ की ५५ वर्षीया लक्ष्मी केसी, इस्मा-५ की वसुन्धरा कार्की, इस्मा-३ की २३ वर्षीया माया थापा, पश्चिम नवलपरासी बर्दघाट नगरपालिका-२ की ६० वर्षीया मुमा कार्की र सीता कार्कीको पनि मृत्यु भएको छ ।

बाँकी पृष्ठ १५ ▶▶




# तिब्बतका मुख्यमन्त्री पोखरामा

गण्डकी (कास)- भ्रमण वर्ष सन् २०२० लाई सफल बनाउने उद्देश्यले गण्डकी प्रदेश र नेपाल सरकारको विशेष निमन्त्रणामा चीनको तिब्बत प्रदेशका जनसरकार प्रमुख (मुख्यमन्त्री) शीतला पोखरा आएका छन् । शीतलासहित १६ जनाको चिनियाँ टोली सोमबार पोखरा आएको हो ।

शीतलाले मंगलबार पोखराको सराङ्कोट पुगेर पाराग्लाइडिङको अवलोकन गरे । सराङ्कोटबाट हिमालको दृश्यालोकन गर्दै फेवातालको सुन्दरतामा रमाए । उनले डेढ घण्टासम्म फेवातालमा डुंगा सयर गरेका थिए । मुख्यमन्त्री शीतलालाई पोखराको लेकसाइडमा ढाकाटोपीले स्वागत गरिएको थियो ।

गण्डकी प्रदेश सरकारका प्रवक्ता रामशरण बस्नेत र प्रदेशसभा सदस्य राजीव पहारीले स्वागत गर्दै पोखरा भ्रमणमा रमाएका हुन् । 'हाम्रो निमन्त्रणा स्वीकार गरेर भ्रमण वर्ष मनाउनकै लागि नेपाल आउनुभएको हो,' पहारीले भने, 'सोही क्रममा पोखरा पनि आउनुभएको हो ।' पहारीका अनुसार चीन र नेपालको दुई प्रदेश प्रमुखले मंगलबार साँझ भेटवार्तासमेत गरेका छन् । गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले शीतलालाई गण्डकी प्रदेशका बारेमा जानकारी गराएका थिए । सोही क्रममा दुई प्रदेशबीचको मित्रता र सहकार्य कसरी गर्ने भन्ने विषयमा पनि छलफल चलेको पहारीले जानकारी दिए ।

भेटवार्ताको क्रममा शीतलाले दुई प्रदेशबीच सहकार्य गर्न आफू पनि इच्छुक रहेको बताएका छन् । उनले गण्डकीलाई आफूले गर्न सक्ने सहयोग गर्ने प्रतिबद्धता पनि जनाए ।

# मापदण्ड मिच्ने क्रसर बन्द गरिँदै

प्रदेश सरकारले नगरभित्रका क्रसर उद्योगको मापदण्ड निश्चित गरी व्यवस्थित नगरेसम्मका लागि जमिन उत्खनन बन्द गरिएको छ

■ **सम्झना रसाइली** (तनहुँ)



**शुक्लागण्डकी नगरपालिकास्थित सेती नदी किनारमा गिट्टीबालुवा लिन आएका ट्याक्टर/टिप्पर ।** *तस्बिर : सम्झना/कान्तिपुर*

जिल्लाको शुक्लागण्डकी नगरपालिकामा सञ्चालन गरिएका मापदण्डविपरीतका क्रसर उद्योग बन्द गरिने भएको छ । नगरपालिकाले आयोजना गरेको नगर क्षेत्रभित्र सञ्चालित क्रसर उद्योग नियमन तथा व्यवस्थापनसम्बन्धी अन्तरक्रिया कार्यक्रममा बन्द गर्ने तयारी भएको जनाइएको हो ।

पटकपटक ताकेता गर्दा पनि क्रसर व्यवसायीले अटेर गर्दै आएको शुक्लागण्डकी नगरप्रमुख किसान गुरुङले बताए । उनले भने, 'क्रसर व्यवसायीलाई पटकपटक मापदण्डभित्र रहेर उद्योग सञ्चालन गर्नु भन्दा पनि टेरिएन । उद्योगका कारण वातावरण दिनानुदिन प्रदूषित हुँदै गएको छ । अब मापदण्डभित्र रहेर क्रसर सञ्चालन नगर्ने हो भने उद्योग नै बन्द गरिदिनेछौं ।'

प्रमुख गुरुङले अहिले उत्खनन कार्य रोकेको बताए । प्रदेश सरकारले नगरभित्रका क्रसर उद्योगको मापदण्ड निश्चित गरेर व्यवस्थित नगरेसम्म जमिन उत्खनन कार्य बन्द भएको उनले जनाए । 'उद्योग नै वैधानिक छैन भने हामीले उद्योगका लागि ढुङ्गा, गिटी, बालुवा उत्खननका लागि स्वीकृति दिन सकिन्न,' उनले भने, 'उद्योग स्थान्तरण गर्ने विषय पनि तत्कालै सम्भव छैन ।' शुक्लागण्डकी-२, ५ र ७ वडामा सञ्चालित क्रसर उद्योगबाट निस्कने लेदोले सेती नदी प्रदूषित हुँदा जलचर प्राणी र वातावरणमा समेत प्रभाव परेको उनले बताए ।

शुक्लागण्डकीमा अहिलेसम्म १३ क्रसर सञ्चालनमा छन् । यी उद्योगले लेदो सीधै नदीमा मिसाउँदा सेती नदीमा सधैं वर्षायामजस्तो धमिलो पानी बग्ने गरेको छ । नदीमा भएको प्रदूषणले जलचर प्राणी हराउँदै गएकाले प्रदूषण न्यूनीकरणमा विशेष ध्यान दिनुपर्ने जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले बताए । उनले भने, 'क्रसर उद्योगका कारण नदी प्रदूषित हुनु, वातावरणमा असर पर्नुका साथै उद्योगमा प्रयोग हुने टिप्पर, ट्याक्टर निर्बाध रूपमा गुडाउँदा पृथ्वी राजमार्गको सडकखण्डमा खाल्डाखुल्डी हुने र दुर्घटना निम्त्याउने गरेको छ ।' क्रसर उद्योग अवैधानिक रूपमा सञ्चालनमा आएको भन्दै नीतिगत रूपमा सञ्चालन गर्न क्रसर उद्योगीलाई उनले आग्रह गरे ।

यस्तै, क्रसर व्यवसायी देवबहादुर ज्वारचनले नगरको पहलमा उद्योग अन्यत्रै स्थान्तरण गर्न उद्योगी तयार रहेको बताए । उनले भने, 'व्यावहारिक कानुन बनाएर सबै क्रसर उद्योगलाई कानुनको दायरामा ल्याउनुपर्छ ।' ज्वारचनले सेती नदीको प्रदूषण रोक्न उद्योगबाट निस्कने लेदो संकलन गर्न आवश्यक पर्ने ट्याङ्की निर्माणका लागि नगरपालिकाले जग्गा उपलब्ध गराउनुपर्ने माग गरेका थिए । 'पटकपटक नगरपालिकाबाट प्रदूषण नियन्त्रणका कुरा आए तापनि प्रभावकारी भएको छैन,' उनले भने, 'प्रदेशको कानुन आउँदै छ भनेर हामीले नियन्त्रणका लागि ठूलो लगानी गरेनौं ।'

शुक्लागण्डकी नागरिक समाजका अध्यक्ष खेमराज खनालले वातावरणलाई प्रभाव नपर्ने गरी उपभोक्ताले सर्वसुलभ मूल्यमा उपभोग गर्न सक्ने र उद्योग पनि सञ्चालन हुने गरी अगाडि बढ्नुपर्ने सुझाव दिएका थिए ।

# पञ्चैबाजा बजाउँदै अपांगता भएका

■ **हरिराम उप्रेती** (गोरखा)

पालुङटार नगरपालिका-५ ठाँटीपोखरीका प्रह्लाद गान्धारी आँखा राम्रोसँग देख्दैनन् । 'ख' वर्गको अपांगता परिचयपत्र पाएका उनलाई यताउति हिँडडुल गर्न सहारा चाहिन्छ । उनै प्रह्लाद मंगलबार सनई बजाइरहेको अवस्थामा भेटिए ।

पञ्चैबाजामध्ये सनई बजाउन सबैभन्दा गाह्रो हुन्छ । तर प्रह्लादले २० दिन लगातार सनई बजाउने अभ्यास गरे । 'बजाउँदा बजाउँदै मुख सुनिन्थ्यो, तर भाका नआई बजाउन छाड्नै मन नलाग्नी,' उनले भने, 'अहिले हल्का फुल्का जान्ने भएँ ।' सनईको ताल मिल्न थालेपछि उनी अझै हौसिएका छन् । उनको लगाव र आँट देखेर साथीहरू पनि दंग छन् । 'मैल कम देख्छु । कुनै कार्यमा बाजा बजाउन जानु परे सहारा त चाहिएला तर यसैलाई ठूलो समस्या मान्दिनँ, अवसर पाएपछि हामी पनि केही गर्न सक्छौं,' प्रह्लाद भन्छन् । प्रह्लादसँगै अपांगता भएका ११ जनाको समूहले पञ्चैबाजा बजाउन सिकेका छन् । अपांगता दिवसको अवसरमा मंगलबार उनीहरू झ्याउरे भाकामा बाजा बजाउँदै सदरमुकाम परिक्रमा गरे । आफूले सिकेका सीप देखाउन पाउँदा उनीहरू खुसी देखिन्थे ।

गोरखा नगरपालिका-५ स्वाँराका पुष्कर बानियाँको दायाँ हात चल्दैन । सामान्य घरयासी कामबाहेक अरू काम गर्न सक्दैनन् । उनै बानियाँले महिना दिन लगाएर नर्सिङ बजाउन सिके । 'पोख्त हुने अभ्यासमा छु,' उनी भन्छन् । एक हातले भर नपाउँदा पनि उनी नर्सिया उठाउन जोडबल गर्दै थिए । 'दायाँ हात थरर काम्छ, गर्छु भनेपछि जसरी पनि बजाइँदो रहेछ,' उनले भने । अपांगता भएकाले अवसर पाए केही गरेर देखाउन सक्छन् भन्ने सन्देश आफूहरूले दिएको उनले बताए ।

दुवै आँखा कम देख्ने स्वाँराका ५१ वर्षीय नारायणकाजी बानियाँ उमेर घर्कंदै जाँदा सीप सिक्न गाह्रो रहेको अनुभव सुनाउँछन् । 'उमेर भएकाले चाँडो सिक्न रहेछन्,' उनले भने, 'हामीलाई सास तान्नै गाह्रो, तर पोख्त नभए पनि बजाउन जान्नेचाहिं भएको छु ।' त्यसैगरी लोकनारायण श्रेष्ठ ट्याम्को बजाउन खप्पिस भइसके । जुनसुकै गीतको भाकामा होस् श्रेष्ठ ट्याम्को बजाएर तालसुरु गरिहाल्छन् । जिब्रो राम्रोसँग नफट्कारिने श्रेष्ठ बोल्नभन्दा बाजा बजाउन सजिलो रहेको अनुभव सुनाउँछन् । 'सानैदेखि म बोल्न त्यति सक्दिन, बोल्न कठिन लाग्छ,' उनले भने, 'तर बाजा बजाउन सजिलो लाग्यो, अपांगता भए पनि आफ्नो गच्छे अनुसारको सीप सिक्न सकिंदो रहेछ ।' दमाहा बजाइरहेका स्वारा कमलघारीका चूडाबहादुर खनखवासको शरीरको देब्रे भागले काम गर्दैन । 'एक हातले अलिअलि भेउ पाउँछ, दमाहा ठटाउन त्यति गारो लागेको छैन,' उनले भने ।

बाजा समूहमा नाम्जुङका विष्णुबहादुर वसेलले सहयोगीको भूमिका निर्वाह गरेका छन् । 'ढलकीले सात ताल दिन्छ, बिनातालको ढलकी बजाए दमाहालगायतका अरू बाजाको लय मिलाउन गाह्रो हुन्छ,' उनले भने, 'ढलकी बजाएर अरू बाजा बजाउनका लागि मैले सहयोगीको भूमिका निर्वाह गरेको हुँ ।' अपांगता भएकालाई नौमती बाजा सिकाउन सुरुका दिनमा साह्रै अप्ठेरो भएको प्रशिक्षक भक्तबहादुर परियार बताउँछन् । 'कसैको आँखा कमजोर छ, मुखैमा राखेर वजाउन सिकाउनुपर्ने, कसैको हात कमजोर छन्, उनीहरूलाई पनि तरिका लगाएर सिकायौं,' उनले भने, 'दुई सातामै अलिअलि सिकेका उनीहरूको लगाव देखेर दंग छु ।'

झ्याली बजाउँदै गरेका गौतम गन्धर्व व्यावसायिकता दिन खोजेको बताउँछन् । 'जति बजाए त्यति जानिने रहेछ, कसैले बोलाए जान्छौं, केही पैसा पनि पाइन्छ, अपांगता भएकाले बजाएको बाजा भनेर सम्मान र प्रचार हुने भयो,' उनले भने । गोरखा नगरपालिकाको लक्षित बजेटअन्तर्गतको कार्यक्रमबाट ११ जना छनोट गरी पञ्चैबाजा सिकाएको नेत्रहीन संघ गोरखाका अध्यक्ष पवनकुमार बस्नेतले बताए ।



**अन्तराष्ट्रिय अपांगता भएकाहरूको दिवसका अवसरमा गोरखाको कार्यक्रममा बाजा बजाउँदै ।** *तस्बिर : कान्तिपुर*

# पसलमा आगलागी

नवलपरासी (कास)- महेन्द्र राजमार्गअन्तर्गत शाश्वतधामअगाडिका २ पसलमा मंगलबार आगलागी भएको छ । देवचुली नगरपालिका-२ का तुलसी चौधरीको किराना पसल र त्यसैसँग जोडिएको केके मोटरसाइकल अटो सर्भिस ग्यारेजमा आगलागी हुँदा दुवै पसलको सामान नष्ट भएको हो । विद्युत् सर्ट भएर आगो लागेको हुन सक्ने अनुमान प्रहरीले गरेको छ । चितवन र कावासोती नगरपालिकाको दमकल, सशस्त्र, नेपाल प्रहरी र स्थानीयको सहयोगमा आगो नियन्त्रणमा लिइएको छ । मंगलबार दिउँसो सवा १२ बजेपछि एक्कासि पसलबाट आगोको मुस्लो निस्केपछि घरधनीले थाहा पाएका थिए ।





लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान

OPPORTUNITY VILLAGE NEPAL शुभ अवसर ग्राम नेपाल
पोखरा -८, जाल्पारोड


**लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान**

Orange the World: Generation Equality stands against Rape!

**समानताको पुस्ता : बलात्कार विरुद्ध ऐक्यबद्धता**

- कार्य स्थलमा हुने सबै प्रकारका लैंगिक हिंसा अन्त्य गरौं ।
- निर्णायक तहमा महिलाको सहभागिता, विकासको लागि आजको अपरिहार्यता ।
- रोजगारीका नाममा हुने आन्तरिक एवं वाह्य मानव बेचविखन तथा ओसार पसार अन्त्य गरौं ।











## तपाईंको आज

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | लाभ बढ्ने | तुला | वादविवादमा सफल |
| वृष | काम बन्ने | वृश्चिक | वैमनश्यता |
| मिथुन | धर्म बढ्ने | धनु | स्फूर्ति बढ्ने |
| कर्कट | द्विविधा बढ्ने | मकर | आकस्मिक लाभ |
| सिंह | महत्त्वपूर्ण काम हुने | कुम्भ | पदोन्नति |
| कन्या | खटपट | मीन | कान्ति क्षय |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल मंसिर १९ गते बिहीबार तदनुरुप ५ डिसेम्बर २०१९ मार्गशीर्ष शुक्लपक्ष नवमी तिथि रात्रिको ३:२९ बजेसम्म उप्रान्त दशमी तिथि, पूर्वाभाद्रपदा नक्षत्र रात्रिको ८:२० बजेसम्म उप्रान्त उत्तरभाद्रपदा नक्षत्र, वज्र योग दिनको ४:४५ बजेसम्म उप्रान्त सिद्धि योग, बालब करण दिनको २:२३ बजेसम्म उप्रान्त कौलब करण, कुम्भ राशिमा चन्द्रमा दिनको १:४० बजेसम्म उप्रान्त मीन राशिमा । ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | मार्गदर्शन (लाइभ) |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | सरोकार (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | हियर्ज टु लाइफ (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | मनी टक्स (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | आउन मसँग खाउन (रिपिट) |
| १:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | हियर्ज टु लाइफ (रिपिट) |
| ३:०० | सरोकार (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | मनी टक्स (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | रजतपट |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | नेपाल स्पेल बी |
| १०:०० | रजतपट (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | रजतपट (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | कल कान्तिपुर (रिपिट) |
| ४:०० | नेपाल स्पेल बी (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ०५:०० | भक्ति अनुष्ठान (बालचन्द्र) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | सबैका लागि मानसिक स्वास्थ्य (कोशिष नेपाल) |
| ०८:०० | डेभलपमेन्ट एण्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (शुभ) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | मीड वीक घुम्ने मेच (दीनेश डीसी) |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | टेष्ट बड (सञ्जय/एलिसा) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | टेस्ट बड (सञ्जय/एलिसा) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | आफ्नो भाका आफ्नो गीत (कृष्ण मल्ल) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (किरण) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (किरण) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | कानुङ भेजा (श्याम राई) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | संगालो (एलिशा) |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | एजुकेशन टक (भुपेन्द्र) |
| १८:०० | आइसीए दूर शिक्षा (राजेश पाण्डे) |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यात्रा जीवनको (दिनेश डीसी/अम्बिका/शुभ) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | म्यूजिकोफिल (विवस राई) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | ग्लोबल कनेक्सन (शुभराज) |
| २३:०० | आजदेखि अर्को आजसम्म (प्रज्वल) |
| २४:०० | आफ्नो भाका आफ्नो गीत (कृष्ण) |
| ०१:०० | कानुनी बहस र परामर्श |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

**पोखराका महत्त्वपूर्ण नम्बरहरू**

| | |
|---|---|
| रक्त सञ्चार सेवा केन्द्र/एम्बुलेन्स रेडक्रस | ०६१-५२१०९१ |
| कास्की रेडक्रस | ०६१-५२०३४७ |
| दमकल सेवा | ०६१-५२०२२२ |
| शव बाहन सेवा (सिद्धार्थ क्लब) | ०६१-५३०२०० |
| पश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ०६१-५२००६६/६७ |
| मनिपाल शिक्षण अस्पताल | ०६१-५२६४१६/१७/१८ |
| गण्डकी मेडिकल कलेज | ०६१-५५०२५३ |
| हिमालय आँखा अस्पताल | ०६१-४६११६८ |
| पोखरा विश्वविद्यालय, लेखनाथ | ०६१-५६१०४६/५६१५४६ |
| क्षेत्रीय प्रशासन कार्यालय | टोल फ्रि ११११/०६१-४६४८४१ |
| क्षेत्रीय प्रहरी कार्यालय | ०६१-४६२५००/९८५६०२८४३३ |
| जिल्ला प्रहरी कार्यालय | ०६१-५२००३३/९८५६०३९५९९ |
| जिल्ला ट्राफिक प्रहरी | १०३/०६१-५२०४१२ |
| सशस्त्र प्रहरी बल (कालिका गण) | ०६१-५४१०८८/९८५१२७२०४७ |

**बागलुङ**

| | |
|---|---|
| धौलागिरि अञ्चल अस्पताल | ०६८ ५२०१८८/५२०२८८ |
| रक्तसञ्चार केन्द्र | ०६८ ५२०२७३ |
| कालिका भगवती गुठी एम्बुलेन्स | ९८४६९१७५०० |
| गोरखा अस्पताल | ०६४ ४२०२०८ |
| स्याङ्जा जिल्ला अस्पताल | ०६३ ४२०२३९ |
| स्याङ्जा रेडक्रस एम्बुलेन्स | ०६३ ४२०११४ |
| पर्वत जिल्ला अस्पताल | ०६७ ४२०११९/४२०४१४ |
| पर्वत रेडक्रस एम्बुलेन्स | ०६७ ४२०१६९ |
| पर्वत प्रहरी/वारुणयन्त्र | ०६७ ४२०१००/४२०१९९ |
| लमजुङ जिल्ला अस्पताल | ०६६ ५२०१२५/५२०५५७ |
| लमजुङ सामुदायिक अस्पताल | ०६६ ५२०१८३ |
| म्याग्दी जिल्ला अस्पताल | ०६९ ५२०१०८ |
| दमौली अस्पताल | ०६५ ५६०२०३ |
| नवलपरासी जिल्ला अस्पताल | ०७८ ५२०५०३ |
| स्याङ्जा बारुणयन्त्र | ०६३ ४२०४०९ |
| जिल्ला प्रहरी बागलुङ | ०६८ ५२०१९९ र ५२०२११ |
| जिल्ला प्रहरी गोरखा | ०६४ ४२०२३७ |
| जिल्ला प्रहरी लमजुङ | ०६६ ५२०१९८ र ५२०१९९ |
| जिल्ला प्रहरी मनाङ | ०६६ ४४०१९९ |
| जिल्ला प्रहरी मुस्ताङ | ०६९ ४४०११६ र ४४००९८ |
| जिल्ला प्रहरी म्याग्दी | ०६९ ५२०१९९ र ५२०२९९ |
| जिल्ला प्रहरी पर्वत | ०६७ ४२०१९९ |
| जिल्ला प्रहरी स्याङ्जा | ०६३ ४२०१००/४२०१९९/४२०२८४ |
| जिल्ला प्रहरी तनहुँ | ०६५ ५६०१९९ |
| इप्का आँबुखैरेनी | ०६५ ५४००९९ |
| जिल्ला प्रहरी नवलपरासी | ०७८ ५४०१०० |
| लुम्बिनी अञ्चल अस्पताल बुटवल | ०७१५४०२०० |
| बुद्ध सामुदायीक मुटु अस्पताल | ०७१५४६१९७ |
| महिला तथा बाल अस्पताल-आम्दा | ०७१५४४४५० |
| युनिभर्सल कलेज अफ मेडिकल सायन्सेस भैरहवा | ०७१५०६०३० |
| भीम अस्पताल भैरहवा | ०७१५२०१२३ |
| पृथ्वी चन्द्र अस्पताल परासी | ०७८५२०१८८ |
| अर्घाखाची जिल्ला अस्पताल | ०७७४२०२५७ |
| गुल्मी जिल्ला अस्पताल | ०७९५२०१८८ |
| कपिलवस्तु जिल्ला अस्पताल | ०७६५६०२०० |
| रेडक्रस एम्बुलेन्स भैरहवा | ०७१-५२०२६३, ९७४७०२११०४ |
| रेडक्रस, रक्त संचार भैरहवा | ०७१-५२०२६३, ९८६७३२६४५७ |
| रेडक्रस, रक्त संचार, बुटवल | ०७१-५४१००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# ओलाङचुङगोला, एउटा छुट्टै संसार

स्थानीयले तीन करोड जुटाएर गाउँलाई चिनियाँ नाका जोड्न बाटो बनाएका छन् । यता सदरमुकाम वा मुलुककै अन्य जिल्लाबाट यहाँसम्म पुग्न बाटो बनेकै छैन ।

■ **आनन्द गौतम** (ओलाङचुङगोला, ताप्लेजुङ)



ताप्लेजुङबाट चिनियाँ नाका नजिकको ओलाङचुङगोलाको बस्ती । तस्बिर : आनन्द/कान्तिपुर

कात्तिक अन्तिम साता । पछाडिपट्टि भिर्ने झोला बोकेका दोर्जे भोटे दाहिने हातले पर्यटकले टेक्ने लौरो टेक्दै ओलाङचुङगोलाको बस्तीबाट अगाडि बढ्दै थिए । होचो कदका उनले पाइन्टको पेटिघरमा सानो क्यासेट झुन्ड्याएका थिए । त्यो क्यासेटमा नेपाली भाकाको गीत घन्किरहेको थियो ।

बस्तीबीच एकजना महिला घाम तापेर बसेकी थिइन् । दोर्जेले उनलाई सलाम गरे, हात मिलाए र आफ्नै भाषामा कुरा गर्दै अघि बढे । केही पर पुग्दा युवाहरूको अर्को समूह थियो । त्यहाँ पनि सबैसित हात मिलाए, एकैछिन भलाकुसारी गरे र फेरि अघि बढे । करिब ११ बजेतिर बस्तीको छेउमा ठूलै जमात घाम तापेर बसेको थियो । त्यहाँ पनि दोर्जेले सबैलाई एकमुष्ट सलाम गरे ।

सबै जना गलल हाँसे र उनीसित कुराकानी गर्न थाले । त्यसपछि दोर्जे आफैंले घन्काएको क्यासेटको गीतको भाकामा करिब तीन मिनेट नाचे । बररर ताली पाएका उनी त्यसपछि भने सबैसित बिदाइको हात हल्लाउँदै मुस्कानसहित आफ्नो गन्तव्यतर्फ लागे ।

दोर्जे तिनै हुन्, जसले संघीय संरचनाअघि यहाँको निर्वाचित वडाध्यक्ष भएर जनप्रतिनिधिको भूमिका निर्वाह गरिसकेका छन् । अहिले भने कहिले ओलाङचुङगोला, कहिले मौवाटार त कहिले टिप्ताला भन्ज्याङमा चौंरीसँगै गोठमा समय बिताउँछन् । त्यो दिन पनि उनी झन्डै एक दिनको पैदलमा रहेको मौवाटारको गोठमा हिँडेका थिए । घर आएका दोर्जे गाउँलेहरूसँग बिदा हुँदै आफ्ना चौंरी, याक स्याहार्न फर्कंदै थिए ।

ताप्लेजुङको उत्तरी दिशामा रहेको ओलाङचुङगोला आफ्नै विशेषतामा रमेको बस्ती हो । सदरमुकाम फुङलिङबाट गाडी र पैदल गरेर पूरै दुई दिनको यात्रामा पुगिने यो बस्तीमा हिउँदमा सबै बासिन्दालाई देख्न बिहान १० देखि १२ बजेको समयमा मात्रै सम्भव हुन्छ । किनभने त्यसबेला घाम ताप्न घर बाहिर निस्कन्छन् । ३२ सय मिटर उचाइको चिसो बस्तीमा हिउँदको घाम सबैलाई प्यारो हुने नै भयो ।

अरूबेला पुरुषहरू चौंरीगोठ र घाँसदाउरामा लाग्छन् भने महिला घरधन्दा गर्दै गलैंचा बुन्छन् । खेतीपाती नभएको यहाँको मुख्य आम्दानीको स्रोत पनि यही नै हो । चौंरीको दूधबाट छुर्पी बन्छ भने यसको चम्मर पनि बिक्छ । यसलाई भारी बोकाएर पनि आम्दानी लिइन्छ । बुढो हुँदै गएपछि बिक्री हुने एउटा चौंरीको बजार मूल्य अहिले ८० हजारदेखि एक लाख रुपैयाँसम्म छ । यो चीनको तिब्बतमा बिक्री हुन्छ । गोठबाट बिक्री केन्द्रसम्म हिँडाएरै लैजानुपर्छ ।

ओलाङचुङगोलामा बुनिने गलैंचा पनि चीनमै बिक्री हुन्छ । प्रतिगोटा १६ हजारसम्ममा बिक्री हुने गलैंचाका लागि बजारको कुनै समस्या छैन । यिनैको आम्दानीबाट यहाँका बासिन्दाले खाद्यान्नलगायतका वस्तु खरिद गरेर दैनिकी चलाउँछन् । चीन नजिकमा भएकाले खाद्यान्नलगायतका धेरै वस्तु उतैबाट ल्याइन्छ । यो बस्ती ताप्लेजुङ सदरमुकामबाट २८ कोसको दूरीमा पर्छ । भोटे, शेर्पा र वालुङ जातिको मात्रै ६६ घरमा ५६ परिवार बसोबास छ । यो सीमावर्ती नेपाली बस्ती हो । नेपाली बजार टाढा भएकाले कारोबार पारि नै बढी हुने वडाध्यक्ष छेतेन शेर्पा भोटे बताउँछन् । जनगणना २०६८ अनुसार यहाँको जनसंख्या २ सय ७६ हो । पुरुषको तुलनामा महिला चार जना बढी थिए गणनाताका । १ सय ४० महिला र १ सय ३६ पुरुष रहेको तथ्यांक छ ।

संघीय संरचनाअनुसार फक्ताङलुङ गाउँपालिका-७ मा पर्ने यहाँ दुइटा मात्रै बस्ती छन् । दिकिछ्योलिङ गुम्बासँगै रहेको ओलाङचुङगोला र यहाँबाट एक दिनको पैदलमा रहेको याङमा अर्को बस्ती हो । याङमामा १७ घर छन्, ११ परिवारको बसोबास छ । याङमा गोलाभन्दा एक हजार मिटर बढी अर्थात ४२ सय मिटर उचाइमा छ । यसअघि जोङिगनमा पनि तीन परिवारको बसोबास थियो । यो गोलाभन्दा तलको बस्ती हो । तर पटक-पटकको चोरीपछि त्यहाँका सबै परिवार ओलाङचुङगोलामा बसाइँ सरेको स्थानीय बताउँछन् ।

आफ्नै विशेषताको यो बस्तीमा झगडा भएको निवेदन अहिलेसम्म प्रहरीकहाँ परेको छैन । जात्रा, पर्वमा पनि शान्तिसुरक्षा खलबलिएला भनेर प्रहरीले चिन्ता गर्नुपर्दैन । त्यसैले २५ जनाको दरबन्दी रहेको प्रहरी चौकीमा हमेसा पाँच/सात जना भन्दा बढी हुँदैनन् । हरेक परिवार घरको दोस्रो तलामा बस्छन् । पहिलो तलामा घाँस, दाउरा राख्ने, पशुचौपाया बाँध्ने गरिन्छ । व्यापारीहरूले पहिलो तलामा बेचबिखनका सामान पनि राखेका छन् । पाहुनालाई पनि दोस्रो तलामै सुताइन्छ । यहाँका कुनै पनि घरमा तेस्रो तला छैन । अहिले दुइटा छुट्टै पाहुनाघर पनि बनाइएको छ । पकाउने, खाने, सुत्ने दोस्रो तलामा हुन्छ ।

यहाँका ९५ प्रतिशत घर काठका छन् । सबै जना आआफ्नै काममा व्यस्त हुने र विवाद गर्नुपर्ने विषय नभएकाले पनि झगडा नभएको फक्ताङलुङ गाउँपालिकाका प्रवक्तासमेत रहेका गोलावासी छेतेन वालुङ बताउँछन् । ओलाङचुङगोलामा बस्ती कहिलेदेखि सुरु भयो भन्ने स्थानीय बताउन सक्तैनन् । इतिहासका खोजकर्ता ग्युर्मे नुर्बो (बिचारी) का अप्रकाशित टिपनका अनुसार ओलाङचुङगोलाको प्राचीन इतिहास ईसाको आठौं शताब्दीको मध्यबाट सुरु हुन्छ । ईसाको नवौं शताब्दीको मध्यमा यो ठाउँमा प्राचीन किराँतीहरूको बसोबास थियो ।

पछि उत्तर भोटबाट तिब्बती मूलका भोटे जातिका मानिस आई बसोबास गर्न थालेपछि किराँती देश नेपाल र तिब्बतबीच व्यापारिक कारोबार सुरु भएको इतिहासको खोज गर्ने गोपीकृष्ण अधिकारीको लेखमा उल्लेख छ । तिब्बती मूलका मानिसहरू यहाँ आएर बस्न थालेपछि नेपाल र तिब्बतबीच व्यापारिक कारोबार सुरु भएको पाइन्छ । ग्युर्मेका अनुसार भोटबाट ओलाङचुङगोला आएका भोटेहरूले नेपालबाट चामल, मकै र कोदोलगायत अन्न लैजान्थे । गलैंचाका रङ बनाउने खयर, मजिठो र रूखका बोक्रा पनि भोट लैजान्थे ।

भोटबाट गलैंचा, पाखी, चुटुक, कपडाको कम्बल, घोडा र च्याङग्रा जस्ता वस्तु ल्याउँथे । भोटको घोडा भारतका विभिन्न सहरमा लगेर गोलाकै व्यापारीले बिक्री पनि गर्ने गरेको उल्लेख छ । पुरातन कालमा गोला नेपाल र भोटबीच व्यापार गर्ने ठूलै व्यापारिक केन्द्र थियो ।

ओलाङचुङगोलाको नाम ओलुङ भन्ने शब्दबाट अपभ्रंश भएको इतिहाससम्बन्धी लेख पाइन्छ । तिब्बतबाट तीर्थयात्रीहरू नेपाल आउने क्रममा बाटो भुलेर अलपत्र परे । त्यहीबेला न्याउरी मुसा जस्तो जनावरले अघि अघि हिँडेर बाटो देखाएकाले यसको नाम ओलुङ राखिएको ग्युर्मेको टिपोटमा उल्लेख भएको अधिकारीले आफ्नो लेखमा उल्लेख गरेका छन् । यही अपभ्रंश भएर ओलाङचुङगोला भएको हो ।

पहिला यहाँ मगर थरका राजाले पनि राज्य गरेको भन्ने पनि कतिपय पुस्तकमा उल्लेख छ । नेपाल सरकारले भने नेपाल एकीकरणपश्चातमात्रै वालुङको अस्तित्वबारे थाहा पाएको हो । वि.सं. १८९८ मा तत्कालीन राजा राजेन्द्रविक्रम शाहले सोनाम भोटियालाई गाउँको मुख्य मानिसको जिम्मेवारी दिएका थिए । उनलाई 'गोवा' को उपाधि दिइएको सन् १८४८ मा गोला पुगेका बेलायती वनस्पतिविद् डा. हुकरले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् ।

हुकरले लामो समयसम्म यहाँ बसेर अध्ययन गरेका थिए । गोबांगी प्रथा यो क्षेत्रका पाँच गाउँमा सञ्चालन भएको चीनका लागि नेपालको पूर्ववाणिज्यदूत ताम्ला उक्याव बताउँछन् । उनका अनुसार वलाङचुङ, याङमा, ग्याब्ला, घुन्सा र लेलेपमा गोबांगी प्रथा थियो । आफ्नो क्षेत्रका जनताका लागि दण्डकुण्ड, सजाय, मुद्दामामिला मिलाउने जिम्मेवारी गोवालाई थियो । परेका बेला सरकारलाई सहयोग गर्नुपर्ने, तिरो उठाई सरकारलाई बुझाउनुपर्ने, सरकारको प्रतिनिधि भई काम गर्नुपर्ने जस्ता जिम्मेवारी गोवालाई थियो । गोवाले काजी, बिचारी, कारबारी, नाइके र मझियामार्फत शासन गरेका थिए ।

**मुख्य नाका टिप्ताला भन्ज्याङ**

टिप्ताला भन्ज्याङ नेपाल र चीनको तिब्बत जोड्ने मुख्य नाका हो । थिपथलाबाट अपभ्रंश भई टिप्ताला भएको हो । स्थानीय भाषामा थिप भनेको ओझेल र थला भनेको ठाउँ हो । घामको ओझेलमा पर्ने भएकाले स्थानीयले थिपथला नाम राखेको पाइन्छ ।

५३ सय मिटर उचाइमा रहेको यो भन्ज्याङले नेपाल र चीनलाई जोडेको छ । यहाँबाट सुरु भएर ओलाङचुङगोलाको बस्ती हुँदै बहने तमोर नदी सप्तकोसीमा मिसिन्छ । तमोर नदीको पूर्वपट्टि रहेको बस्ती ओलाङचुङगोला हो भने यसको मुख्य नाका टिप्ताला भन्ज्याङ । यहाँ पैदल हिँडेर एक दिनमा नाका पुगिन्छ । अहिले भने नाकादेखि बस्तीसम्म मोटरबाटो पुगेको छ । यसको दूरी २४ किलोमिटर छ ।

चिनियाँ अपरेटर स्वोलुङ र स्वफेले चलाएको एक्स्काभेटरले ट्र्याक खोलेर बस्तीसम्म सडक पुऱ्याइएको हो । उनीहरूले तीन महिनाको प्रयासमा यो सडक खोलेका थिए । चीनको राजधानी बेइजिङ नजिकको सान्दाङ नजिकबाट ल्हासा, डिङजे र रिउ हुँदै आएका उनीहरूले २ सय ४० सीसी क्षमताको मेसिन चलाएर सडक खोलेका हुन् । तीनवटा मेसिन लगाएर खोलेको सडकको डोजर भने तिब्बतका चोन्दे भोटेले चलाएका थिए । उनीहरूलाई काम लगाउने, निगरानी गर्ने काम चिनियाँ ठेकेदार कम्पनीका नेनेले गरेका हुन् ।

चीनसँगको व्यापारिक सम्बन्ध विस्तार गर्न र ओलाङचुङगोला नाकालाई सडक सञ्जालले जोड्न यहाँका बासिन्दा स्वयंले सडकमा लगानी जुटाएका हुन् । ओलाङचुङगोलामा जन्मेर अमेरिका, बेलायत, काठमाडौंलगायत स्थानमा गएर बसेकाहरूको संस्था वालुङ समाजले संकलन गरेको करिब तीन करोड रुपैयाँ सडक निर्माणमा खर्च गरिएको हो । तत्कालीन ओलाङचुङगोला गाविसले ४२ लाख र सांसद विकास कोषको १० लाख पनि सडक निर्माणमा लगाएको थियो । फक्ताङलुङ गाउँपालिकाले पनि स्तरोन्नतिमा लगानी गऱ्यो ।

सडक निर्माणका लागि नेपाल सरकारले चीनसँग मेसिन भाडामा मागिदिएको थियो । भौतिक योजना तथा निर्माण मन्त्रालयले परराष्ट्र, परराष्ट्रले चिनियाँ दूतावासलाई मेसिनका लागि अनुरोध गरेको थियो । त्यही अनुरोधपछि चीनले भाडामा मेसिन र जनशक्ति दिएको हो । सडक निर्माणपछि चीनको गाडी भने गोलाको बस्तीसम्म आएर फर्कने गरेको छ । तर गोलाका बासिन्दाले भने आफ्नो गाडी नकिनेका कारण नेपाली यातायात छैन ।

सदरमुकाम फुङलिङबाट विस्तार भएको सडक लेलेपको लुङथुङमा पुगेको छ । गोलाबाट पनि जोगिनतर्फ विस्तार भइरहेको छ । उत्तर-दक्षिण लोकमार्ग आयोजनाका प्रमुख राम गुरुङका अनुसार अब १४ किमि ट्र्याक खुल्न बाँकी छ । सडक निर्माण सुरु भएको आठ वर्ष भएको छ ।

काठमाडौंको एलाइट निर्माण कम्पनीले सडक विस्तारको काम गरिरहेको छ । प्रतिनिधिसभा सदस्य तथा संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराई यो सरकारको प्राथमिकताको सडक भएको बताउँछन् । यसका लागि बजेटको समस्या नहुने उनको दाबी छ ।

यो सडक निर्माण सम्पन्न हुँदा तमोर करिडोरको पनि ट्र्याक खोल्ने काम सकिनेछ । तमोर करिडोर निर्माण पूरा हुँदा टिप्ताला भन्ज्याङदेखि विराटनगरको रानी भन्सारसम्मको दूरी २ सय ७० किमिमात्रै हुने उत्तर-दक्षिण लोकमार्ग आयोजनाका पूर्वप्रमुख कुबेर नेपाली बताउँछन् । दुई वर्षसम्म ताप्लेजुङमा बसेर काम गरेका उनले तमोर करिडोर र लोकमार्ग दुवैको योजना बनाएका थिए ।

नेपालीका अनुसार यो सडक निर्माण भएर सञ्चालनमा आएपछि नेपाल-भारत र चीनको त्रिदेशीय नाका जोड्ने यो सबैभन्दा छोटो दूरीको सडक हुनेछ । विराटनगरदेखि जोगबनीको दूरी लामो नभएकाले त्रिदेशीय छोटो बाटो हुने उनको बुझाइ छ । हाल निर्माणाधीन सुकेटार-काँकडभिट्टा सडकको दूरी पनि २ सय ४० किलोमिटर मात्रै छ । अझ आगामी आर्थिक वर्षका लागि मेची राजमार्गको यो सडक व्यवस्थित गराउन सरकारले ९२ करोड बजेट छुट्ट्याएको छ । सडक सञ्चालनमा आएपछि नुनदेखि सुनसम्म तिब्बतबाट ल्याउन सकिने र नेपालका जडीबुटीदेखि तरकारीलगायतका वस्तु निर्यात गर्न सकिने उद्योग वाणिज्य संघका अध्यक्ष तारानाथ घिमिरे बताउँछन् ।

काँकडभिट्टाबाट फूलबारी बन्दरगाहको बाटो भएर जोडिने भएकाले बंगलादेशसँगको कारोबार पनि नजिकैबाट हुनेछ । अझ भारतको सिक्किम जोडिन लागेको मध्यपहाडी लोकमार्गको चिवाभन्ज्याङ खण्ड नजिकबाट जोडिन्छ ।

**गैससले बढाए गतिविधि**

आगन्तुकको खासै आउजाउ नहुने यहाँ नेदरल्यान्ड विकास नियोग (एसएनभी) र कञ्चनजंघा संरक्षण क्षेत्र (केक्याप) को कार्यक्रम सुरु भएपछि बाहिरबाट पुग्ने बढ्न थालेको स्थानीय बताउँछन् । डोङगा शेर्पाका अनुसार एसएनभीले विद्यालय भवन, पुल र बाटो बनाउने काममा सघायो । केक्यापले संरक्षणसम्बन्धी तालिम र गोष्ठी गऱ्यो ।

संरक्षण क्षेत्रले यहाँका बासिन्दालाई बाहिर घुम्न लैजाने, बाहिरबाट यहाँ घुम्न ल्याउनेजस्ता गतिविधि गरेपछि गोलाका बासिन्दालाई हामी पनि नेपाली हौं भन्ने आभास भएको डोङगा बताउँछिन् । प्रजातन्त्र प्राप्तिपछि किपा शेर्पाले गाविस अध्यक्ष जितेर महिलाले नेतृत्व गर्नसक्ने पुष्टि गरेकी थिइन । अहिले भने उनी काठमाडौं बस्छिन् । यहाँको पीडा भनेको एउटाबाट अर्को बस्तीमा पुग्न पूरै एक दिन लाग्छ । नजिकको बस्ती भेट्न याङमा, लेलेपको इलाडाँडा या चीनको रिउ पुग्नुपर्छ ।

# जो बेलायत गएनन्

■ **आश गुरुङ** (लमजुङ)



बखानसिंह गुरुङ

सन् १९३९ बाट विश्वयुद्ध भयो । विश्वयुद्ध हुनुअगावै बखानसिंह गुरुङ सन् १९३४ मा बेलायती सेनाको गोर्खाली समूहमा अनुबन्धित भइसकेका थिए । बेलायती गोर्खा सैनिकमा रहेर १५ वर्ष सेवा गरेका उनले विश्वयुद्धका ६ वर्ष गोला, बम र बारुदका साथ बहादुरीपूर्वक लडे । त्यसपछि बेलायतमै बसेर बेलायती सरकारको सेवा गरे । बेलायत सरकारले उनलाई गाँस, बास र कपासको व्यवस्था गऱ्यो । उनले पाउने पेन्सन छँदै छ । तर उनी बेलायत बसेनन् । आफ्नै गाउँघर फर्के । नेपाली गाउँघरमै बस्दै आएका १ सय ३ वर्षीय गुरुङको सोमबार मध्यरातमा आफ्नै घर मर्स्याङदी गाउँपालिका-७ ताङलीचोकमा निधन भएको छ ।

**विदेशमा बस्न पाउने सुविधा छाडेर गाउँ फिरेका बखानसिंहलाई गाउँलेले सम्झिरहने छन् ।**

कान नसुन्ने समस्या रहेका उनी केही दिनयता बिरामी रहेको उनका नाति सरोजले बताए ।

१९७३ कात्तिक ९ मा जन्मिएका बखानसिंहले बेलायती सेनाका १/६ जीआर पल्टनमा रहेर काम गरे । उनले मलाया (मलेसिया), बर्मा (म्यानमार), भारत, पाकिस्तान, सिंगापुरलगायत देशमा बेलायतका तर्फबाट लडेका थिए । बर्मामा उनले 'बर्मा स्टार वार मेडल' प्राप्त गरे । बेलायत सरकारले विश्वयुद्ध लडेबापत उनलाई विभिन्न सम्मान दियो ।

उनका अर्का नाति नन्दराजका अनुसार बखानसिंहले गाउँघरको सेवा गरे । आफ्नो जग्गा विद्यालयमा दान गरे । आएको पेन्सनले विद्यालयमा अक्षयकोष स्थापना गरे । 'प्रायः बेलायती सेना बेलायतमै बसेका छन् । बाजे बेलायत बस्नुभएन । आफ्नै जन्मभूमिमा सास छाड्नुभयो,' उनले भने ।

गाउँकै तराँचेस्थित महेन्द्रदेव माविका प्रधानाध्यापक सोमबहादुर भण्डारीका अनुसार बखानसिंह विद्यालयका वरिष्ठ आजीवन सदस्य र भूमिदाता हुन् । विद्यालयलाई उनले ११ आना २ पैसा २ दाम जग्गा प्रदान गरेका थिए । आर्थिक सहयोग पनि गर्दै आएका थिए । आफ्नो गाउँमा मात्रै नभएर मर्स्याङदी गाउँपालिका-६, नाइँचेस्थित नयाँ ज्योति आधारभूत विद्यालयमा १ लाख २२ हजार १ सय ११ रुपैयाँको 'बखानसिंह अक्षय कोष' स्थापना गरेको नन्दराजले जानकारी दिए ।

बखानसिंहका ५ भाइ छोरा र एकजना छोरी छन् । नातिनातिना मात्रै १३ जना छन् । पत्नी शिरकुमारीको भने ५ वर्षअघि निधन भइसकेको छ । बखानसिंहको निधनले गोर्खालीको जिउँदो इतिहासको अवसान भएको पूर्वसांसद जमिन्द्रमान घलेले बताए ।






**चिनाउँदै नेपाल**
अनुष्का लन्डनमा । ११

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

ekantipur.com

**उसुले पनि दिलायो पदक**
नेपालको पोल्टामा २३ स्वर्ण



वर्ष २७ अंक २८३ बुटवल | १८ मंसिर २०७६ | बुधबार मार्ग शुक्लपक्ष अष्टमी | नेपाल संवत् ११४० | प्रदेश ५ संस्करण | KANTIPUR, Nepali National Daily, Wednesday, December 4, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ


# १ मिलि सेकेन्डले स्वर्ण

■ **ध्रुव तुलाधर र हिमेश** (काठमाडौं)

एथलेटिक्स खेलै पुरानो । यसलाई 'फादर अफ स्पोर्ट्स' मानिन्छ । यही एथलेटिक्समा सन्तोषी श्रेष्ठले मंगलबार स्वर्णपदक जितेर इतिहास रचेकी छन् । १३ औं दक्षिण एसियाली खेलकुदमा प्राप्त यो उपलब्धिले उनी एथलेटिक्समा नेपालका लागि पहिलो अन्तर्राष्ट्रिय स्वर्ण जित्ने महिला खेलाडी भएकी हुन् ।

सन्तोषीले दशरथ रंगशालाको ट्र्याकमा १० हजार मिटर दौडमा त्यो सफलता हासिल गरेकी हुन् । उनले एक मिलिसेकेन्डले मात्र भारतीय प्रतिद्वन्द्वी कविता यादवलाई पछाडि पारिन् । सन्तोषीको टाइमिङ निस्कियो ३५ मिनेट ०७.९४ सेकेन्डको । कविताको टाइमिङ थियो ३५ मिनेट ०७.९५ सेकेन्ड । एक मिलिसेकेन्ड भनेको त्यति थोरै समय हो, जुन एक सेकेन्डलाई हजार भाग लगाउँदाको एक भाग हो । अर्थात्, हजार मिलिसेकेन्ड बराबर एक सेकेन्ड हुन्छ । 'फोटो फिनिस' (यति नजिक कि अन्तिम रेखा पार गर्दा शरीरको भागबाट गरिनुपर्ने मूल्यांकन) कै रूपमा उनले बाजी मार्दै इतिहास कोरेकी हुन् । एक मिलिसेकेन्डले जीवनमा के अर्थ राख्ला ? यही एक मिलिसेकेन्डले सफलता चुमेकी सन्तोषीले सुनाइन्, 'टाइम म्यानेजमेन्टमा धेरै कमजोर हुँ । रनिङमा लागेपछि एक मिलिसेकेन्ड पनि कति महत्त्वपूर्ण छ भन्ने बुझ्न थालेकी छु ।'

> एथलेटिक्समा नेपालका लागि पहिलो अन्तर्राष्ट्रिय स्वर्ण जित्ने महिला बनिन् सन्तोषी

तेस्रो भएकी श्रीलंकाली निलान्थी लंकाले ३५ मिनेट ५९.०२ सेकेन्डमा दूरी पार गरेकी थिइन् । सात प्रतिस्पर्धीमा नेपालकी विश्वरूपा बुढा (३८.२४.०३) छैटौं स्थानमा रहिन् । सन्तोषीले जितेको यो स्वर्णपदक धेरै अर्थमा विशेष रह्यो ।

**बाँकी पृष्ठ १५** ▸▸



**दशरथ रंगशालामा मंगलबार १० हजार मिटर दौड पूरा गर्दै सन्तोषी श्रेष्ठ (बायाँ) र भारतकी कविता यादव ।**
*तस्बिर : केशव थापा/कान्तिपुर*

# प्रत्यारोपण कम्तीमा दुई महिनापछि

'कमजोर मिर्गौलाले शल्यक्रिया, संक्रमण आदि जटिलता झेलेकाले नियमित डायलसिसमा जानुपर्ने हुन सक्छ'

■ **अतुल मिश्र** (काठमाडौं)

प्रधानमन्त्री केपी शर्मा ओलीको मिर्गौला प्रत्यारोपण दुईदेखि चार महिना पछि सर्ने भएको छ । अघिल्लो मंगलबार आकस्मिक रूपमा एपेन्डिसाइटिसको शल्यक्रिया गर्नुपरेकाले मिर्गौला प्रत्यारोपणको समय धकेलिएको चिकित्सकले बताएका छन् । 'मिर्गौला प्रत्यारोपण गर्न शल्यक्रिया गरिएको ठाउँको घाउ निको हुनुपर्छ । संक्रमण पूर्ण नियन्त्रणमा हुनुपर्छ । अहिलेकै स्थितिमा जोखिम हुन्छ,' वरिष्ठ मिर्गौला रोग विशेषज्ञ डा. ऋषि काफ्लेले भने ।

एपेन्डिसाइटिससहित पेरिटोनाइटिस (पेटको संक्रमण) समेत देखिएपछि मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरमा प्रधानमन्त्रीको शल्यक्रिया गरिएको हो । स्वास्थ्यमा निरन्तर राम्रो सुधार भए दुईदेखि चार महिनापछि प्रधानमन्त्रीको मिर्गौला प्रत्यारोपण गर्न सकिने डा. काफ्लेको भनाइ छ । यसअघि गत शुक्रबार प्रधानमन्त्रीकी निजी चिकित्सक डा. दिव्यासिंह शाहले पत्रकार सम्मेलनमा प्रधानमन्त्रीको मिर्गौला प्रत्यारोपणमा हतार गर्नुपर्ने अवस्था नरहेको बताएकी थिइन् । अनुकूल समय पारेर प्रत्यारोपण गरिने उनको भनाइ थियो ।

मिर्गौला प्रत्यारोपणका क्रममा अर्को मिर्गौला राख्न सक्ने ठाउँ ठीक हुनुपर्ने डा. काफ्ले बताउँछन् । 'पेटको संक्रमणले प्रधानमन्त्रीको आन्द्रा वरिपरिको झिल्लीमा कस्तो प्रभाव पारेको छ,' उनले भने, 'त्यसले शल्यक्रियाको जटिलतासमेत निर्धारण गर्छ ।' पछिल्लो समय चिकित्सकले छिटोछिटो डायलसिस गरिरहेका छन् । आइतबारसम्म ६ दिनमा ४ पटक डायलसिस गरेका थिए । प्रधानमन्त्री ग्रान्डी हस्पिटलमा रहेका बेला भने २६ दिनमा ४ पटक डायलसिस गरिएको थियो ।

जटिल शल्यक्रिया, संक्रमण, शरीरमा फोहोर बढी जम्मा हुनु आदि कारणले प्रधानमन्त्रीको मिर्गौलामा परेको भार घटाउन डायलसिस गरिरहनुपरेको चिकित्सकको भनाइ छ । 'अहिलेको जटिल शारीरिक समस्याले मिर्गौला कमजोर नपारेको भए फाट्टफुट्ट गरिएको डायलसिसले काम गर्थ्यो,' डा. काफ्लेले भने ।

पछिल्लो शल्यक्रिया गर्नुअघिकै अवस्थामा प्रधानमन्त्रीको मिर्गौला रहिरहेमा डायलसिसको संख्या घटाउन सकिने डाक्टरहरू बताउँछन् । अन्यथा निरन्तर डायलसिसमा जानुपर्ने स्थिति आउने उनीहरूको भनाइ छ ।

पत्रकार सम्मेलनमा गत शुक्रबार डा. रमेशसिंह भण्डारीले प्रधानमन्त्री अस्पताल आउँदा धेरै बिरामी रहेको र शल्यक्रियापछि संक्रमणको असर पेट र रगतमा समेत परेको बताएका थिए । तर पछिल्लो समय प्रधानमन्त्रीको स्वास्थ्यमा सोचेभन्दा बढी राम्रो सुधार देखिएको उनको भनाइ छ ।



सूर्य थापाको फेसबुकबाट

अस्पतालबाटै सरकार र दल चलाउँदै | **पृष्ठ ३**

# मोडिन नसक्दा जिप खस्यो, १४ को मृत्यु

बागलुङ (कास)- कुलपूजाका लागि हिँडेका यात्रुले खचाखच जिप घुम्तीमा मोडिन नसकी खोलामा खस्दा १४ जनाको मृत्यु भएको छ । गुल्मीको इस्मा गाउँपालिकाबाट बागलुङको निसीखोला गाउँपालिकाको देवीस्थानतर्फ जाँदै गरेको ग१ज ५२१९ नम्बरको जिप बडिगाड गाउँपालिकाको भीमगिठेमा मंगलबार बिहान खसेको हो । सडक छेउमा गाडिएका ४ पिल्लर भाँचेर जिप दुई सय मिटर तल खसेको थियो । एक यात्रुलाई खोलाले बगाएको छ भने ३ जना घाइते छन् ।

प्रहरी नायब उपरीक्षक झवीन्द्रप्रसाद भट्टराईका अनुसार १८ यात्रु रहेको जिप बढी भार, तीव्र गति र स्टेयरिङको खराबीका कारण दुर्घटनामा परेको अनुमान छ । धेरै यात्रु चढाएको देखेपछि बडिगाड-४ स्थित खार प्रहरी चौकीले जिप रोकेर ८ जनालाई झारेको थियो ।

'उनीहरू हिँडेको १० मिनेटमै जिप खोलामा खसेको खबर आयो,' स्थानीय कमल पौडेलले भने, 'प्रहरीको सक्रियताले थप ८ जनाको ज्यान बच्यो ।' मृतकमध्ये ९ महिला, ४ पुरुष र एक बालिका छन् ।

मृत्यु भएकामा इस्मा गाउँपालिका-४ की ३० वर्षीया सूचना कार्की, ४० वर्षीया सीता कार्की, उनकी २ वर्षीया छोरी अनुशा, ६५ वर्षीय झवि कार्की, २५ वर्षीया मीना बस्नेत र ६५ वर्षीय धनबहादुर कार्की छन् । यस्तै बागलुङ बडिगाड-५ की ५५ वर्षीया लक्ष्मी केसी, इस्मा-५ की वसुन्धरा कार्की, इस्मा-३ की २३ वर्षीया माया थापा, पश्चिम नवलपरासी बर्दघाट नगरपालिका-२ की ६० वर्षीया मुमा कार्की र सीता कार्कीको पनि मृत्यु भएको छ ।

**बाँकी पृष्ठ १५** ▸▸




भ्रमण वर्ष

# तिलौराकोटको प्रचारप्रसार भएन

■ **मनोज पौडेल** (कपिलवस्तु)

नेपाल भ्रमण वर्षको प्रचारप्रसारमा सरकार जुटेको छ। मुलुककै महत्त्वपूर्ण पर्यटकीय गन्तव्य प्राचीन कपिलवस्तु (तिलौराकोट) को प्रचार भने गरिएको छैन। तिलौराकोट राजा शुद्धोदनको राजप्रासाद तथा राजकुमार सिद्धार्थले २९ वर्षको युवावस्था बिताएको स्थल हो।

तिलौराकोट विश्व सम्पदाको प्रारम्भिक सूचीमा परेको छ। यो प्रदेश ५ को प्रमुख पर्यटकीय गन्तव्य पनि हो। बेलायतको डुर्‍हाम युनिभर्सिटी, पुरातत्त्व विभाग र लुम्बिनी विकास कोषका पुरातत्त्वविद् एवं विशेषज्ञ संलग्न टोलीले ६ वर्षदेखि उत्खनन्, अध्ययन र अन्वेषण गर्दै आएको छ। यहाँ ईशापूर्व आठौं शताब्दी (२८ सय वर्ष) अघि मानव बसोबास भएको तथ्य पाइएको छ। त्यसको दुई सय वर्षपछि ईशापूर्व

## विश्व सम्पदाको प्रारम्भिक सूचिमा परेको तिलौराकोटको प्रचारमा सरकार उदासिन

छैठौं शताब्दीमा सहरीकरण भएको प्रमाण भेटिएको छ। यस्तो प्राचीन मानव बसोबास रहेको ठाउँलाई सरकारले भ्रमण वर्षका बेला उपेक्षा गरेको हो।

पर्यटन मन्त्रालय, नेपाल पर्यटन बोर्ड र भ्रमण वर्ष सचिवालयद्वारा प्रकाशित कुनै पनि प्रकाशनमा यहाँका तस्बिर र जानकारी छैनन्। ती निकायबाट प्रकाशित पोस्टर, पम्पलेट, ब्रोसर र पुस्तिकामा तिलौराकोटको फोटो समेटिएको पाइँदैन। बेवसाइटमा पनि जानकारी छैन। भ्रमण वर्षको आधिकारिक फेसबुक पेजमा मुलुकका विभिन्न ठाउँका पाँच सयभन्दा बढी फोटो अपलोड गरिएका छन्। तर यहाँको छैन।

'राजकुमार सिद्धार्थलाई ज्ञान प्रातिको ऊर्जा दिने ठाउँ हो,' जिल्ला समन्वय समिति अध्यक्ष नारायण खनालले भने, 'तर, केन्द्रीय मानसिकताका शासकका कारण यो ठाउँ सधैं उपेक्षामा पर्‍यो।' संसारभरबाट शान्तिको ऊर्जा लिन तीर्थयात्री र पर्यटक यहाँ आउन लालायित छन्। तर, आफ्नै मुलुकमा तिलौराकोट बिरानो हुनु दुःखद रहेको उनले बताए। 'अब कमी-कमजोरी सच्याएर अघि बढ्नु पर्छ।

नेपाल भ्रमण वर्ष सन् २०२० को प्रचारप्रसारमा यस क्षेत्रलाई पनि समेटिनु पर्छ,' पूर्वमन्त्री तथा तिलौराकोटबाटै प्रतिनिधित्व गर्ने सासद बृजेशकुमार गुप्ताले भने, 'भ्रमण वर्षमा तिलौराकोट नसमेटिनु दुःखद कुरा हो।' तिलौराकोटको प्रचारमा कन्जुस्याइँ भयो भनेर प्रतिनिधिसभामा कुरा उठाउँदा पनि सुनुवाइ नभएको उनले बताए।

तिलौराकोट आसपासमा भारतीय सम्राट अशोकले तीर्थाटन गर्न आउँदा स्थापना गरेका निग्लिहवा र गोटिहवा अशोक स्तम्भ छन्। राजकुमार सिद्धार्थले ज्ञान प्राप्त गरेपछि आमाबाबुसँग पहिलोपटक भेटघाट गरेको स्थल निग्रोधाराम पनि यहीं छ। त्यस्तै शाक्यहरूको सामूहिक बधस्थल सगरहवा, कनकमुनि बुद्धको सहर अरौराकोटलगायत सय बढी ऐतिहासिक, पुरातात्त्विक र सांस्कृतिक महत्त्वका स्थल पनि यहीं छन्। विश्व सीमसार क्षेत्रमा सूचीकृत जगदीशपुर ताल पनि यहीं छ। यो नेपालमा चराको स्वर्ग मानिन्छ।

'सीमा नजिकै भारतले पिपराहवालाई बुद्धको कृत्रिम राजधानी भनेर व्यापक प्रचारप्रसार गरिरहेको छ। तर, हामीले वास्तविक राजधानीलाई पनि प्रचारप्रसार गर्न कन्जुस्याइँ गरिरहेका छौं,' कपिलवस्तु नगरपालिकाका प्रमुख किरण सिंहले गुनासो गरे। तिलौराकोटबिना लुम्बिनी भ्रमण अधुरो हुने उनले बताए।

विश्वमा अशान्ति र द्वन्द्व बढिरहँदा बुद्धस्थलको ऊर्जा र करुणा लिन पर्यटक आउँछन्। मलुकमै ओझेलमा पर्दा चित्त दुःखाइ बनेको तौलिहवा उद्योग वाणिज्य संघका अध्यक्ष गयादिन कुर्मीले बताए। 'नेपाल भ्रमण वर्षको प्रचारप्रसार सामग्रीमै समेत तिलौराकोट नअटाएको देख्दा दुःख लाग्यो,' उनले भने, 'विकासका काममा पनि यसरी नै विभेद नगरियोस्।'



लुम्बिनीस्थित तिलौराकोटमा रहेको दरबारको भग्नावशेष। फाइल तस्बिर : कान्तिपुर


## गाडी भाडामा आवश्यकता

**यस कम्पनीका लागि निम्न स्थानहरुमा पत्रिका ढुवानी गर्नको लागि पिक-अप भ्यान भाडामा आवश्यकता भएकोले यो सूचना प्रकाशित भएको सात दिनभित्र आफ्नो दर-रेट सहित निम्न इमेल ठेगानामा सम्पर्क गर्नहुन अनुरोध छ।**

**ढुवानी गर्नुपर्ने रूटहरू:**

**१. बुटवलदेखि गोरुसिङ्गे, चन्द्रौटा, कृष्णनगर (तौलिहवा) हुँदै अर्घाखाँचीसम्म**

E-mail: sus@kmg.com.np, manoj.basnet@kmg.com.np


# हिउँबाट जोगिन तयारी

पूर्वी रुकुमका सर्वसाधारणले खानेकुरा, न्यानो कपडा, दाउराको व्यवस्था र बस्तुभाउका लागि घाँसको जोहो गरिसकेका छन्



**रुकुम पूर्वको पुथाउत्तरगंगा गाउँपालिका-१, को मैकोटमा अघिल्लो माघ महिनामा घरको छतमा परेको हिउँमा बालबालिका।** फाइल तस्बिर : कान्तिपुर

**कान्तिपुर संवाददाता** (रुकुम पूर्व)

प्रदेश ५ को एकमात्र हिमाली जिल्ला पूर्वी रुकुमका ३१ वडामै हिउँ पर्छ। जिल्लाको माथिल्लो भेगमा बाक्लो हिमपात हुन्छ। त्यसैले हिउँको असर कम गर्न स्थानीय जुटेका छन्। आफ्नो र बस्तुभाउका लागि खानपान व्यवस्थापन गरिरहेका छन्।

पुथाउत्तरगंगा गाउँपालिकामा पनि तयारी तीव्र छ। सर्वसाधारणले खानेकुरा, न्यानो कपडा, दाउराको व्यवस्थापन गरिरहेका छन्। वस्तुभाउका लागि घाँसको जोहो गरेका छन्। यस वर्ष स्थानीय सरकार पनि स्थानीयलाई हिउँबाट जोगाउन जुटेका छन्। पहिलोपटक हिमपातलाई विपद् मानेर विपद् प्रतिकार्य योजना बनाइएको छ। हिमपात प्रभावितको उद्धार तथा सहयोगका लागि विपद् व्यवस्थापन समितिले योजना बनाइरहेको छ। विपद् व्यवस्थापन समितिले जिल्लाका तीनवटै स्थानीय तहका प्रभावित बस्तीको पहिचान गरेको छ।

जिल्लाका ३ हजार ५ सयभन्दा बढी सर्वसाधारण प्रभावित हुने अनुमान गरिएको जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी मोहनप्रसाद अर्यालले बताए। स्थानीय तहगत रूपमा कुन स्थानीय तहमा केको बढी जोखिम छ भन्ने पनि पहिचान गरिएको उनले बताए।

पुथाउत्तरगंगा गाउँपालिकामा हिमपात, महामारी, पहिरो, आगलागी, भूकम्प, सडक दुर्घटना, चट्याङ, हुरीबतासको जोखिम रहेको छ। त्यस्तै भूमे गाउँपालिकामा सबैभन्दा बढी बाढीपहिरोको जोखिम छ भने सडक दुर्घटना, आगलागी, भूकम्प, महामारी, हिमपात, चट्याङ र हुरीबतासको पनि जोखिम रहेको प्रमुख जिल्ला अधिकारी अर्यालले बताए।

सिस्ने गाउँपालिकामा पहिरो, आगलागी, सडक दुर्घटना, महामारी, हुरीबतास, हिमपात, चट्याङ र भूकम्पको जोखिम रहेको निर्क्योल गरिएको छ। हिउँदमा हुने हिमपातबाट बच्न चनाखो हुन तथा अरू व्यवस्थापनका लागि स्थानीयलाई भनिएको छ। सरकारका तर्फबाट गर्नुपर्ने काम पनि गरिने प्रजिअ अर्यालले बताए। यस वर्ष हिमपात सुरु भइसकेको छ। हिमालमा हिउँ पर्न थालिसकेको छ। जिल्लामा हिमपातसहित अन्य विभिन्न खाले जोखिम हुँदा त्यसको उद्धार तथा राहतमा समस्या हुने गरेको छ। उद्धारका सामग्री नहुँदा, भौगोलिक विकटतालगायतका कारणले समस्या हुने गरेको पुथाउत्तरगंगा गाउँपालिका उपाध्यक्ष ओमकुमारी शाही मल्लले बताइन्।

# राजमार्ग स्तरोन्नति गर्न माग

पाल्पा (कास)- सिद्धार्थ राजमार्गअन्तर्गतका स्थानीय तहका प्रमुखले आर्थिक समृद्धिका लागि सडकको स्तरोन्नति गर्न माग गरेका छन्। कास्की, स्याङ्जा, पाल्पा र रूपन्देहीका स्थानीय तहका प्रमुखको मंगलबार भेला भएको हो।

भेलाले १० बुँदे घोषणापत्र जारी गर्दै स्तरोन्नति नगर्ने हो भने यस क्षेत्रका बासिन्दाको आर्थिकस्तर बढ्न नसक्ने निष्कर्ष पनि निकालेको छ। तानसेन नगरपालिकाले आयोजना गरेको जनप्रतिनिधिको भेलामा सहभागीहरू राजमार्गलाई आर्थिक करिडोरका रूपमा विकास गर्नसमेत सहमत भएका छन्। आर्थिक विकासलाई उत्प्रेरित गर्न योजनाविज्ञको सल्लाहमा उक्त करिडोर डिजाइन गरिएको हो। पूर्वाधारको एकीकृत नेटवर्कका रूपमा सिद्धार्थ आर्थिक करिडोरले काम गर्ने तानसेन नगर प्रमुख अशोककुमार शाहीले बताए। करिडोरअन्तर्गत राजमार्गको दायाँबायाँ बसोबास गर्ने जनताको विकासका लागि पहल गर्न नेटवर्क गठन भएको उनले बताए। यस करिडोरले आर्थिक दक्षता वृद्धि गर्न मद्दत गर्ने गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष गिरिधारी शर्मा पौडेलले बताए। उनका अनुसार यस क्षेत्रको विकास गर्नका लागि यो नेटवर्कले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ।

भेलामा स्थानीय तहका प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृतको उपस्थिति थियो। चार जिल्लाका १६ स्थानीय तह रहेको मञ्च गठन भएको छ। यस क्षेत्रको समुन्नति र समग्र विकासका लागि यसलाई सिद्धार्थ आर्थिक करिडोर घोषणा गरेको हो। संघीय र प्रदेश सांसद, दुवै प्रदेशका नीति तथा योजना आयोगका उपाध्यक्षसमेत रहेको सल्लाहकार समिति गठन गर्ने गरी भेला सकिएको छ।

भारतको सहयोगमा निर्मित सिद्धार्थ राजमार्ग ०२८ सालदेखि सञ्चालनमा आएको हो। प्रमुख पर्यटकीय सहर पोखराबाट भारतीय सीमा सुनौलीसम्म १ सय ८० किलोमिटर छ। अहिले घुमाउरो सडकका रूपमा परिचित छ। त्यसैले सुनौली नाकाबाट प्रवेश गर्ने र मुलुकभित्रका सवारी साधन पाल्पा, स्याङ्जा हुँदै अघि बढेको यस बाटोबाट भन्दा नारायणगढ हुँदै जाने गर्छन्। त्यसैले यो सडक चौडा गर्न आवश्यक रहेको प्रदेश ५ का नीति तथा योजना आयोगका उपाध्यक्ष ईश्वर गौतमले बताए। उनका अनुसार स्तरोन्नति गर्ने हो भने यही भेगबाट सवारी साधनको ओहोरदोहोर र आर्थिक रूपमा पनि धेरै फरक पर्ने हुन्छ। 'करिडोरका लागि राजमार्गसँग जोडिएका स्थानीय तहहरूले स्तरोन्नति गर्न माग गर्नु पर्छ,' उनले भने, 'आर्थिक गतिविधि बढाउने साझा एजेन्डाका रूपमा अघि बढाउनु पर्छ।'

भेलाले तानसेन नगरपालिकाका प्रमुख शाही अध्यक्ष रहेको मञ्च गठन गरेको छ। रूपन्देही, पाल्पा, स्याङ्जा र कास्कीका एक महानगर, एक उपमहानगर, आठ नगरपालिका र ६ गाउँपालिकाका सदस्य छन्। करिडोरका लागि थप पैरवी गर्न विज्ञ समूह गठन गर्ने पनि मञ्चले निर्णय गरेको प्रमुख शाहीले बताए। पहिलो बैठकले आर्थिक तथा सामाजिक विकासका लागि

## स्थानीय तहका प्रमुखहरू सिद्धार्थ राजमार्गलाई आर्थिक करिडोरका रूपमा विकास गर्न सहमत

एकीकृत योजना बनाएर अगाडि बढ्ने निष्कर्ष निकालेको छ।

राजमार्ग स्तारोन्नतिका लागि राम्दीको नयाँ पुल निर्माण र सडक फराकिलो बनाउने कार्य तत्काल अगाडि बढाउन माग गरेको छ। यस्तो कामबाट सकारात्मक प्रभाव, आर्थिक अभिवृद्धिमा बल पुग्नेछ। नकारात्मक असर न्यूनीकरण र प्रभावितका लागि वैकल्पिक अवसर सिर्जना तथा व्यवस्थापनमा एकताबद्ध हुने घोषणापत्रमा उल्लेख छ। राजमार्गसँग जोडिएका र सेरोफेरोका पालिकाको आर्थिक विकासमार्फत समृद्धिका लागि अवसर पहिचान गरिनेछ। द्विपक्षीय र बहुपक्षीय संवादको माध्यमबाट निष्कर्षमा पुग्ने निर्णय भेलाले गरेको छ। साझा सवालमा समन्वय र सहकार्य गर्ने प्रमुख शाहीले बताए। 'स्थानीय अवसरको पहिचान, उपयोग र त्यसको व्यावसायीकरण तथा दिगोपनाका लागि समन्वय समितिको निर्माण गरिएको छ,' उनले भने, 'विज्ञ समूह तथा सचिवालयको गठन गरी सञ्जालको निर्णय कार्यान्वयमा लगिनेछ।'

# विपन्नका आवास रित्तै

**कान्तिपुर संवाददाता** (बर्दिया)

बढैयाताल गाउँपालिकाले घर र भूमि नभएका परिवारका लागि निर्माण गरेको आवास गृह बेवारिसे बनेका छन्। बढैयाताल-१ र २ वडाको बीचमा निर्माण गरिएका भवन नेपाल-भारत दशगजानजिक रहेका छन्।

तराई-मधेस आवास कार्यक्रमअन्तर्गत १२ परिवारका लागि गत असारमा निर्माण गरिएका पक्की आवासमा अहिलेसम्म बसोबासका लागि कोही आएका छैनन्। करिब १ करोड १९ लाख रुपैयाँ लगानीमा १२ घर निर्माण गरिएका छन्। एउटा घरमा तीन कोठा छन्। डेढ बिघा क्षेत्रफलमा निर्माण गरिएको आवासमा घर-जग्गाविहीन बसे पनि नामसारी हुँदैन।

सरकारी जग्गा नजिक भारतीय जंगल क्षेत्र भएकाले त्रासले कोही बस्न नमानेको स्थानीयले बताए। सकारले ठूलो लगानी गरे पनि अपायक र भारतीय सीमा नजिक घना जंगल भएकाले बस्न नआएको बढैयाताल-२ का हिमबहादुर ठकुरीले बताए। भवन निर्माण भएको महिनौं बिते पनि अहिलेसम्म बसोबास चाहियो भन्दै कोही पनि गाउँपालिकामा गएका छैनन्। भवन निर्माण भए पनि शौचालय र धारा अझै बनेका छैनन्। शौचालय र धारा निर्माणका लागि ठेक्का प्रक्रिया अघि बढिसकेको बढैयाताल गाउँपालिका अध्यक्ष लालबहादुर श्रेष्ठले बताए। '१० लाख रुपैयाँको लागतमा शौचालय र धारा निर्माणको ठेक्का भइसकेको छ,' उनले भने, 'वास्तविक रूपमा घरजग्गा नभएकाका लागि बसोबासको व्यवस्था गरिनेछ।'



**बर्दिया बढैयाताल गाउँपालिका १ र २ को सीमामा घर जग्गा नभएकाका लागि निर्माण गरिएको आवासीय भवन।** तस्बिर : कान्तिपुर

# भेली बनाउन भ्याइनभ्याई


परासी (कास)- पश्चिम नवलपरासीका किसान अहिले धमाधम उखु काटिरहेका छन्। उखु काट्न सुरु भए पनि अहिलेसम्म चिनी मिल भने सञ्चालनमा आएका छैनन्। चिनी मिल सञ्चालनमा नआए पनि किसानले उखु क्रसरमा लगेर बेचिरहेका छन्।

नारायणीपारी सुस्ता गाउँपालिका-५ का किसानले भने आफैं उखु पेलेर धमाधम खुदो र भेली तयार गरिरहेका छन्। उद्योगसम्म उखु लैजानका लागि नारायणी नदीमा पुल नहुँदा सुस्ताबासीले बर्सेनि यसरी नै पेलेर आफ्नो खर्च जुटाउने गर्छन्। सडक सञ्जालले उद्योग र क्रसरसम्म पहुँच हुने किसानले भने उखु बेच्ने गरेका छन्।

सुस्ता-५ का मिस्टर देवानले अहिलेसम्म करिब दुई क्विन्टल खुदो र भेली तयार पारिसकेको बताए। घरमा नै क्रसिङ गर्ने मेसिन राखेर पकाउनका लागि भट्टा तयार पारेका छन्। दिनभरि उखु पेल्ने र रस पकाएर भेली बनाएर नै उनको दैनिकी चलेको छ। घरमा नै यसरी उखु पेल्नु उनको रहर नभएर बाध्यता हो। 'नारायणीपारि लैजानका लागि नदीमा पुल छैन, डुंगामा ओसारेर फाइदा छैन,' उनले भने, 'अन्य खेती हुँदैन। उखु नै मुख्य खेती हो। बिक्री नभएपछि आफैं पेलेर भेली बनाउने गर्छु।' देवान मात्र होइन, सुस्ताका स्थानीयलाई अहिले भेली र खुदो बनाउन भ्याइनभ्याइ छ। समयमा नै उखु काटेर नपेल्ने हो भने सुकेर जाने भएकाले उखु पेलेर भट्टामा पकाउन उनीहरूलाई हतारो भएको हो। जसोतसो डुंगामा तारेर बेचेको उखुको पनि उद्योगले समयमा भुक्तानी नदिएपछि अहिले यहाँका धेरैजसो किसानले गाउँमा नै उखु पेलेर भेली बनाएर बेच्न थालेका हुन्।

उद्योगले ढुवानी खर्च बढी लाग्ने भन्दै यहाँको उखु खरिद गर्न आनाकानी गर्ने गर्छन्। चिनी उद्योगलाई उखु बिक्री गरे पनि उधारो बेच्नुपर्ने र वर्षौंको भुक्तानी नपाउने समस्याका कारण किसानले विकल्पका रूपमा गाउँमा नै उखु पेलेर भेली बनाउने र डुंगामार्फत नारायणी नदी तारेर बजार पुर्‍याउने गर्छन्।

उखु पेलेर बनाइएको खुदो तथा भेलीले राम्रो बजार पाएपछि अहिले यस क्षेत्रका किसानलाई उखु किन्न आउने व्यापारीको भर पर्नु परेको छैन। सुस्तामा मात्र अहिले यस्ता १५ भन्दा बढी घरेलु उद्योग सञ्चालनमा रहेका छन्। यहाँका किसानले तयार गरेको खुदो र भेली नेपालका साथै सीमावर्ती भारतीय बजारमा समेत बिक्री हुने गर्छ।












## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | लाभ बढ्ने | तुला | वादविवादमा सफल |
| वृष | काम बन्ने | वृश्चिक | वैमनश्यता |
| मिथुन | धर्म बढ्ने | धनु | स्फूर्ति बढ्ने |
| कर्कट | द्विविधा बढ्ने | मकर | आकस्मिक लाभ |
| सिंह | महत्त्वपूर्ण काम हुने | कुम्भ | पदोन्नति |
| कन्या | खटपट | मीन | कान्ति क्षय |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल मंसिर १९ गते बिहीबार तदनुरुप ५ डिसेम्बर २०१९ मार्गशीर्ष शुक्लपक्ष नवमी तिथि रात्रिको ३:२९ बजेसम्म उप्रान्त दशमी तिथि, पूर्वाभाद्रपदा नक्षत्र रात्रिको ८:२० बजेसम्म उप्रान्त उत्तरभाद्रपदा नक्षत्र, वज्र योग दिनको ४:४५ बजेसम्म उप्रान्त सिद्धि योग, बालब करण दिनको २:२३ बजेसम्म उप्रान्त कौलब करण, कुम्भ राशिमा चन्द्रमा दिनको १:४० बजेसम्म उप्रान्त मीन राशिमा। ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | मार्गदर्शन (लाइभ) |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | सरोकार (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | हियर्ज टु लाइफ (रिपिट) |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | मनी टक्स (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | आउन मसँग खाउन (रिपिट) |
| १:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | हियर्ज टु लाइफ (रिपिट) |
| ३:०० | सरोकार (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | मनी टक्स (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्युज |
| ६:३० | रजतपट |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | नेपाल स्पेल बी |
| १०:०० | रजतपट (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपिटेड |
| १:०० | कान्तिपुर न्युज रिपिटेड |
| १:३० | रजतपट (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | कल कान्तिपुर (रिपिट) |
| ४:०० | नेपाल स्पेल बी (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ०५:०० | भक्ति अनुष्ठान (बालचन्द्र) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | सवैका लागि मानसिक स्वास्थ्य (कोशिष नेपाल) |
| ०८:०० | डेभलपमेन्ट एण्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (शुभ) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | मीड वीक घुम्ने मेच (दीनेश डीसी) |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | टेष्ट बड (सञ्जय/एलिसा) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | टेस्ट बड (सञ्जय/एलिसा) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | आफ्नो भाका आफ्नो गीत (कृष्ण मल्ल) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (किरण) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (किरण) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | कानुङ भेजा (श्याम राई) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | संगालो (एलिशा) |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | एजुकेशन टक (भुपेन्द्र) |
| १८:०० | आइसीए दूर शिक्षा (राजेश पाण्डे) |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यात्रा जीवनको (दिनेश डीसी/अम्बिका/शुभ) |
| २०:०० | सेक्युरिटी एण्ड क्राइम डायरी |
| २०:०५ | म्यूजिकोफिल (विवस राई) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | ग्लोबल कनेक्सन (शुभराज) |
| २३:०० | आजदेखि अर्को आजसम्म (प्रज्वल) |
| २४:०० | आफ्नो भाका आफ्नो गीत (कृष्ण) |
| ०१:०० | कानुनी बहस र परामर्श |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| लुम्बिनी अञ्चल अस्पताल बुटवल | ०७१५४०२०० |
| बुद्ध सामुदायीक मुटु अस्पताल | ०७१५४६१९७ |
| महिला तथा बाल अस्पताल-आम्दा | ०७१५४४४५० |
| युनिभर्सल कलेज अफ मेडिकल सायन्सेस भैरहवा | ०७१५०६०३० |
| भीम अस्पताल भैरहवा | ०७१५२०१९३ |
| पृथ्वी चन्द्र अस्पताल परासी | ०७८५२०१८८ |
| अर्घाखाची जिल्ला अस्पताल | ०७७४२०२५७ |
| गुल्मी जिल्ला अस्पताल | ०७९५२०१८८ |
| कपिलवस्तु जिल्ला अस्पताल | ०७६५६०२०० |
| रेडक्रस एम्बुलेन्स भैरहवा | ०७१-५२०२६३, ९७४७०२११०४ |
| रेडक्रस, रक्त संचार भैरहवा | ०७१-५२०२६३, ९८६७०३२६४५७ |
| रेडक्रस, रक्त संचार, बुटवल | ०७१-५४१००४ |
| संयुक्त एम्बुलेन्स चालक संघ बुटवल | ९८५७०२३०९९ |
| भीम अस्पताल भैरहवा | ०७१-५२०१९३ |
| युनिभर्सल शिक्षण अस्पताल भैरहवा | ०७१-५०६०९२, ५०६०५२ |
| जिल्ला ट्राफिक प्रहरी कार्यालय | ०७१-५२२८७५, ९८५७०९०३९० |
| इलाका प्रहरी कार्यालय बेलहिया | ०७१-४१८००४ |
| अध्यागमन कार्यालय बेलहिया | ०७१-४१८०२० |
| गौतम बुद्ध विमानस्थल कार्यालय | ०७१-५०७०८६ |
| दमकल सिद्धार्थनगर नगरपालिका | ०७१-५२०२१५ |
| दमकल बुटवल उपमहानगरपालिका | ०७१-५४०१११ |
| माईती नेपाल क्षेत्रिय कार्यालय भैरहवा | ०७१-५२३५३४ |
| जिल्ला प्रशासन कार्यालय | ५६०१३३ |
| जिल्ला प्रहरी कार्यालय | ५६०१९९ |
| राप्ती उपक्षेत्रीय अस्पताल घोराही | ५६२३६५ |
| राप्ती अञ्चल अस्पताल तुलसीपुर | ५२००११ |
| लमही अस्पताल | ५४००११ |
| राप्ती आँखा अस्पताल तुलसीपुर | ५२०१६५ |
| आँखा अस्पताल लमही | ४१७००८ |
| घोराही उपमहानगरपालिका | ५६०७०० |
| तुलसीपुर उपमहानगरपालिका | ५२०२३३ |
| लमही नगरपालिका | ५४००५० |
| उच्च अदालत तुलसीपुर | ५२००२४ |
| जिल्ला अदालत | ५६०२४५ |
| राप्ती प्राबिधिक शिक्षालय लालमटिया | ४१३००१ |
| एम्बुलेन्स सञ्जिवनी विकास केन्द्र तुलसीपुर | ९८५७८२३१२३ |
| एम्बुलेन्स परिवार नियोजन संघ घोराही | ५६००२३/९८४७८६२३५८ |
| दमकल घोराही | ५६०४९९ |
| दमकल तुलसीपुर | ५२०३०५ |
| रेडक्रश सोसाइटी घोराही ब्लड बैंक | ५६१४६० |
| रेडक्रश सोसाइटी तुलसीपुर ब्लड बैंक | ५२३१४० |
| घोराही बसपार्क | ५६०४१५ |
| तुलसीपुर बसपार्क | ५२०५७४ |
| लमही बसपार्क | ५४००४० |
| जिल्ला प्रहरी कार्यालय बाँके | ५२०२११/५२२७४८/१०० |
| ईलाका प्रहरी कार्यालय कोहलपुर | ५४०४२०/५४०११३ |
| वडा प्रहरी कार्यालय नेपालगन्ज | ५२०२९९ |
| क्षेत्रीय ट्राफिक कार्यालय नेपालगन्ज | ५४०००३/ १०३ |
| जिल्ला ट्राफिक कार्यालय नेपालगन्ज | ५२०८५३ |
| नेपाल रेडक्रस सोसाईटी | ५२०१०४ |
| एम्बुलेन्स/ब्लड बैंक नेपालगन्ज | ५२०१७४ |
| दमकल नेपालगन्ज | ५२०१११ |
| दमकल कोहलपुर | ९८६९११४१९६० |
| भेरी अन्चल अस्पताल नेपालगन्ज | ५२०१२० |
| नेपालगन्ज मेडिकल कलेज | ५२२४५८ |
| कोहलपुर मेडिकल | ५४०४०८ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४००३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# ओलाङचुङगोला, एउटा छुट्टै संसार

स्थानीयले तीन करोड जुटाएर गाउँलाई चिनियाँ नाका जोड्न बाटो बनाएका छन् । यता सदरमुकाम वा मुलुककै अन्य जिल्लाबाट यहाँसम्म पुग्न बाटो बनेकै छैन ।

■ **आनन्द गौतम** (ओलाङचुङगोला, ताप्लेजुङ)

कात्तिक अन्तिम साता । पछाडिपट्टि भिर्ने झोला बोकेका दोर्जे भोटे दाहिने हातले पर्यटकले टेक्ने लौरो टेक्दै ओलाङचुङगोलाको बस्तीबाट अगाडि बढ्दै थिए । होचो कदका उनले पाइन्टको पेटिघरमा सानो क्यासेट झुन्ड्याएका थिए । त्यो क्यासेटमा नेपाली भाकाको गीत घन्किरहेको थियो ।

बस्तीबीच एकजना महिला घाम तापेर बसेकी थिइन् । दोर्जेले उनलाई सलाम गरे, हात मिलाए र आफ्नै भाषामा कुरा गर्दै अघि बढे । केही पर पुग्दा युवाहरूको अर्को समूह थियो । त्यहाँ पनि सबैसित हात मिलाए, एकैछिन भलाकुसारी गरे र फेरि अघि बढे । करिब ११ बजेतिर बस्तीको छेउमा ठूलै जमात घाम तापेर बसेको थियो । त्यहाँ पनि दोर्जेले सबैलाई एकमुष्ट सलाम गरे ।

सबै जना गलल हाँसे र उनीसित कुराकानी गर्न थाले । त्यसपछि दोर्जे आफैंले घन्काएको क्यासेटको गीतको भाकामा करिब तीन मिनेट नाचे । बररर ताली पाएका उनी त्यसपछि भने सबैसित बिदाइको हात हल्लाउँदै मुस्कानसहित आफ्नो गन्तव्यतर्फ लागे ।

दोर्जे तिनै हुन्, जसले संघीय संरचनाअघि यहाँको निर्वाचित वडाध्यक्ष भएर जनप्रतिनिधिको भूमिका निर्वाह गरिसकेका छन् । अहिले भने कहिले ओलाङचुङगोला, कहिले मौवाटार त कहिले टिप्ताला भन्ज्याङमा चौंरीसँगै गोठमा समय बिताउँछन् । त्यो दिन पनि उनी झन्डै एक दिनको पैदलमा रहेको मौवाटारको गोठमा हिँडेका थिए । घर आएका दोर्जे गाउँलेहरूसँग बिदा हुँदै आफ्ना चौंरी, याक स्याहार्न फर्कंदै थिए ।

ताप्लेजुङको उत्तरी दिशामा रहेको ओलाङचुङगोला आफ्नै विशेषतामा रमेको बस्ती हो । सदरमुकाम फुङलिङबाट गाडी र पैदल गरेर पूरै दुई दिनको यात्रामा पुगिने यो बस्तीमा हिउँदमा सबै बासिन्दालाई देख्न बिहान १० देखि १२ बजेको समयमा मात्रै सम्भव हुन्छ । किनभने त्यसबेला घाम ताप्न घर बाहिर निस्कन्छन् । ३२ सय मिटर उचाइको चिसो बस्तीमा हिउँदको घाम सबैलाई प्यारो हुने नै भयो ।

अरूबेला पुरुषहरू चौंरीगोठ र घाँसदाउरामा लाग्छन् भने महिला घरधन्दा गर्दै गलैंचा बुन्छन् । खेतीपाती नभएको यहाँको मुख्य आम्दानीको स्रोत पनि यही नै हो । चौंरीको दूधबाट छुर्पी बन्छ भने यसको चम्मर पनि बिक्छ । यसलाई भारी बोकाएर पनि आम्दानी लिइन्छ । बुढो हुँदै गएपछि बिक्री हुने एउटा चौंरीको बजार मूल्य अहिले ८० हजारदेखि एक लाख रुपैयाँसम्म छ । यो चीनको तिब्बतमा बिक्री हुन्छ । गोठबाट बिक्री केन्द्रसम्म हिँडाएरै लैजानुपर्छ ।

ओलाङचुङगोलामा बुनिने गलैंचा पनि चीनमै बिक्री हुन्छ । प्रतिगोटा १६ हजारसम्ममा बिक्री हुने गलैंचाका लागि बजारको कुनै समस्या छैन । यिनैको आम्दानीबाट यहाँका बासिन्दाले खाद्यान्नलगायतका वस्तु खरिद गरेर दैनिकी चलाउँछन् । चीन नजिकमा भएकाले खाद्यान्नलगायतका धेरै वस्तु उतैबाट ल्याइन्छ । यो बस्ती ताप्लेजुङ सदरमुकामबाट २८ कोसको दूरीमा पर्छ । भोटे, शेर्पा र वालुङ जातिको मात्रै ६६ घरमा ५६ परिवार बसोबास छ । यो सीमावर्ती नेपाली बस्ती हो । नेपाली बजार टाढा भएकाले कारोबार पारि नै बढी हुने वडाध्यक्ष छेतेन शेर्पा भोटे बताउँछन् । जनगणना २०६८ अनुसार यहाँको जनसंख्या २ सय ७६ हो । पुरुषको तुलनामा महिला चार जना बढी थिए गणनाताका । १ सय ४० महिला र १ सय ३६ पुरुष रहेको तथ्यांक छ ।

संघीय संरचनाअनुसार फक्ताङलुङ गाउँपालिका-७ मा पर्ने यहाँ दुइटा मात्रै बस्ती छन् । दिकिछ्योलिङ गुम्बासँगै रहेको ओलाङचुङगोला र यहाँबाट एक दिनको पैदलमा रहेको याङमा अर्को बस्ती हो । याङमामा १७ घर छन्, ११ परिवारको बसोबास छ । याङमा गोलाभन्दा एक हजार मिटर बढी अर्थात ४२ सय मिटर उचाइमा छ । यसअघि जोङिगनमा पनि तीन परिवारको बसोबास थियो । यो गोलाभन्दा तलको बस्ती हो । तर पटक-पटकको चोरीपछि त्यहाँका सबै परिवार ओलाङचुङगोलामा बसाइँ सरेको स्थानीय बताउँछन् ।



ताप्लेजुङबाट चिनियाँ नाका नजिकको ओलाङचुङगोलाको बस्ती । *तस्बिर : आनन्द/कान्तिपुर*

आफ्नै विशेषताको यो बस्तीमा झगडा भएको निवेदन अहिलेसम्म प्रहरीकहाँ परेको छैन । जात्रा, पर्वमा पनि शान्तिसुरक्षा खलबलिएला भनेर प्रहरीले चिन्ता गर्नुपर्दैन । त्यसैले २५ जनाको दरबन्दी रहेको प्रहरी चौकीमा हमेसा पाँच/सात जना भन्दा बढी हुँदैनन् । हरेक परिवार घरको दोस्रो तलामा बस्छन् । पहिलो तलामा घाँस, दाउरा राख्ने, पशुचौपाया बाँध्ने गरिन्छ । व्यापारीहरूले पहिलो तलामा बेचबिखनका सामान पनि राखेका छन् । पाहुनालाई पनि दोस्रो तलामै सुताइन्छ । यहाँका कुनै पनि घरमा तेस्रो तला छैन । अहिले दुइटा छुट्टै पाहुनाघर पनि बनाइएको छ । पकाउने, खाने, सुत्ने दोस्रो तलामा हुन्छ ।

यहाँका ९५ प्रतिशत घर काठका छन् । सबै जना आआफ्नै काममा व्यस्त हुने र विवाद गर्नुपर्ने विषय नभएकाले पनि झगडा नभएको फक्ताङलुङ गाउँपालिकाका प्रवक्तासमेत रहेका गोलावासी छेतेन वालुङ बताउँछन् । ओलाङचुङगोलामा बस्ती कहिलेदेखि सुरु भयो भन्ने स्थानीय बताउन सक्तैनन् । इतिहासका खोजकर्ता ग्युर्मे नुर्बो (बिचारी) का अप्रकाशित टिपनका अनुसार ओलाङचुङगोलाको प्राचीन इतिहास ईसाको आठौं शताब्दीको मध्यबाट सुरु हुन्छ । ईसाको नवौं शताब्दीको मध्यमा यो ठाउँमा प्राचीन किराँतीहरूको बसोबास थियो ।

पछि उत्तर भोटबाट तिब्बती मूलका भोटे जातिका मानिस आई बसोबास गर्न थालेपछि किराँती देश नेपाल र तिब्बतबीच व्यापारिक कारोबार सुरु भएको इतिहासको खोज गर्ने गोपीकृष्ण अधिकारीको लेखमा उल्लेख छ । तिब्बती मूलका मानिसहरू यहाँ आएर बस्न थालेपछि नेपाल र तिब्बतबीच व्यापारिक कारोबार सुरु भएको पाइन्छ । ग्युर्मेका अनुसार भोटबाट ओलाङचुङगोला आएका भोटेहरूले नेपालबाट चामल, मकै र कोदोलगायत अन्न लैजान्थे । गलैंचाका रङ बनाउने खयर, मजिठो र रूखका बोक्रा पनि भोट लैजान्थे ।

भोटबाट गलैंचा, पाखी, चुटुक, कपडाको कम्बल, घोडा र च्याङग्रा जस्ता वस्तु ल्याउँथे । भोटको घोडा भारतका विभिन्न सहरमा लगेर गोलाकै व्यापारीले बिक्री पनि गर्ने गरेको उल्लेख छ । पुरातन कालमा गोला नेपाल र भोटबीच व्यापार गर्ने ठूलै व्यापारिक केन्द्र थियो ।

ओलाङचुङगोलाको नाम ओलुङ भन्ने शब्दबाट अपभ्रंश भएको इतिहाससम्बन्धी लेख पाइन्छ । तिब्बतबाट तीर्थयात्रीहरू नेपाल आउने क्रममा बाटो भुलेर अलपत्र परे । त्यहीबेला न्याउरी मुसा जस्तो जनावरले अघि अघि हिँडेर बाटो देखाएकाले यसको नाम ओलुङ राखिएको ग्युर्मेको टिपोटमा उल्लेख भएको अधिकारीले आफ्नो लेखमा उल्लेख गरेका छन् । यही अपभ्रंश भएर ओलाङचुङगोला भएको हो ।

पहिला यहाँ मगर थरका राजाले पनि राज्य गरेको भन्ने पनि कतिपय पुस्तकमा उल्लेख छ । नेपाल सरकारले भने नेपाल एकीकरणपश्चातमात्रै वालुङको अस्तित्वबारे थाहा पाएको हो । वि.सं. १८९८ मा तत्कालीन राजा राजेन्द्रविक्रम शाहले सोनाम भोटियालाई गाउँको मुख्य मानिसको जिम्मेवारी दिएका थिए । उनलाई 'गोवा' को उपाधि दिइएको सन् १८४८ मा गोला पुगेका बेलायती वनस्पतिविद् डा. हुकरले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् ।

हुकरले लामो समयसम्म यहाँ बसेर अध्ययन गरेका थिए । गोबांगी प्रथा यो क्षेत्रका पाँच गाउँमा सञ्चालन भएको चीनका लागि नेपालको पूर्ववाणिज्यदूत ताम्ला उक्याव बताउँछन् । उनका अनुसार वलाङचुङ, याङमा, ग्याब्ला, घुन्सा र लेलेपमा गोबांगी प्रथा थियो । आफ्नो क्षेत्रका जनताका लागि दण्डकुण्ड, सजाय, मुद्दामामिला मिलाउने जिम्मेवारी गोवालाई थियो । परेका बेला सरकारलाई सहयोग गर्नुपर्ने, तिरो उठाई सरकारलाई बुझाउनुपर्ने, सरकारको प्रतिनिधि भई काम गर्नुपर्ने जस्ता जिम्मेवारी गोवालाई थियो । गोवाले काजी, बिचारी, कारबारी, नाइके र मझियामार्फत शासन गरेका थिए ।

**मुख्य नाका टिप्ताला भन्ज्याङ**

टिप्ताला भन्ज्याङ नेपाल र चीनको तिब्बत जोड्ने मुख्य नाका हो । थिपथलाबाट अपभ्रंश भई टिप्ताला भएको हो । स्थानीय भाषामा थिप भनेको ओझेल र थला भनेको ठाउँ हो । घामको ओझेलमा पर्ने भएकाले स्थानीयले थिपथला नाम राखेको पाइन्छ ।

५३ सय मिटर उचाइमा रहेको यो भन्ज्याङले नेपाल र चीनलाई जोडेको छ । यहाँबाट सुरु भएर ओलाङचुङगोलाको बस्ती हुँदै बहने तमोर नदी सप्तकोसीमा मिसिन्छ । तमोर नदीको पूर्वपट्टि रहेको बस्ती ओलाङचुङगोला हो भने यसको मुख्य नाका टिप्ताला भन्ज्याङ । यहाँ पैदल हिँडेर एक दिनमा नाका पुगिन्छ । अहिले भने नाकादेखि बस्तीसम्म मोटरबाटो पुगेको छ । यसको दूरी २४ किलोमिटर छ ।

चिनियाँ अपरेटर स्वोलुङ र स्वफेले चलाएको एक्स्काभेटरले ट्र्याक खोलेर बस्तीसम्म सडक पुर्‍याइएको हो । उनीहरूले तीन महिनाको प्रयासमा यो सडक खोलेका थिए । चीनको राजधानी बेइजिङ नजिकको सान्दाङ नजिकबाट ल्हासा, डिङ्जे र रिउ हुँदै आएका उनीहरूले २ सय ४० सीसी क्षमताको मेसिन चलाएर सडक खोलेका हुन् । तीनवटा मेसिन लगाएर खोलेको सडकको डोजर भने तिब्बतका चोन्दे भोटेले चलाएका थिए । उनीहरूलाई काम लगाउने, निगरानी गर्ने काम चिनियाँ ठेकेदार कम्पनीका नेनेले गरेका हुन् ।

चीनसँगको व्यापारिक सम्बन्ध विस्तार गर्न र ओलाङचुङगोला नाकालाई सडक सञ्जालले जोड्न यहाँका बासिन्दा स्वयंले सडकमा लगानी जुटाएका हुन् । ओलाङचुङगोलामा जन्मेर अमेरिका, बेलायत, काठमाडौंलगायत स्थानमा गएर बसेकाहरूको संस्था वालुङ समाजले संकलन गरेको करिब तीन करोड रुपैयाँ सडक निर्माणमा खर्च गरिएको हो । तत्कालीन ओलाङचुङगोला गाविसले ४२ लाख र सांसद विकास कोषको १० लाख पनि सडक निर्माणमा लगाएको थियो । फक्ताङलुङ गाउँपालिकाले पनि स्तरोन्नतिमा लगानी गर्‍यो ।

सडक निर्माणका लागि नेपाल सरकारले चीनसँग मेसिन भाडामा मागिदिएको थियो । भौतिक योजना तथा निर्माण मन्त्रालयले परराष्ट्र, परराष्ट्रले चिनियाँ दूतावासलाई मेसिनका लागि अनुरोध गरेको थियो । त्यही अनुरोधपछि चीनले भाडामा मेसिन र जनशक्ति दिएको हो । सडक निर्माणपछि चीनको गाडी भने गोलाको बस्तीसम्म आएर फर्कने गरेको छ । तर गोलाका बासिन्दाले भने आफ्नो गाडी नकिनेका कारण नेपाली यातायात छैन ।

सदरमुकाम फुङलिङबाट विस्तार भएको सडक लेलेपको लुङथुङमा पुगेको छ । गोलाबाट पनि जोगिनतर्फ विस्तार भइरहेको छ । उत्तर-दक्षिण लोकमार्ग आयोजनाका प्रमुख राम गुरुङका अनुसार अब १४ किमि ट्र्याक खुल्न बाँकी छ । सडक निर्माण सुरु भएको आठ वर्ष भएको छ ।

काठमाडौंको एलाइट निर्माण कम्पनीले सडक विस्तारको काम गरिरहेको छ । प्रतिनिधिसभा सदस्य तथा संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराई यो सरकारको प्राथमिकताको सडक भएको बताउँछन् । यसका लागि बजेटको समस्या नहुने उनको दाबी छ ।

यो सडक निर्माण सम्पन्न हुँदा तमोर करिडोरको पनि ट्र्याक खोल्ने काम सकिनेछ । तमोर करिडोर निर्माण पूरा हुँदा टिप्ताला भन्ज्याङदेखि विराटनगरको रानी भन्सारसम्मको दूरी २ सय ७० किमिमात्रै हुने उत्तर-दक्षिण लोकमार्ग आयोजनाका पूर्वप्रमुख कुबेर नेपाली बताउँछन् । दुई वर्षसम्म ताप्लेजुङमा बसेर काम गरेका उनले तमोर करिडोर र लोकमार्ग दुवैको योजना बनाएका थिए ।

नेपालीका अनुसार यो सडक निर्माण भएर सञ्चालनमा आएपछि नेपाल-भारत र चीनको त्रिदेशीय नाका जोड्ने यो सबैभन्दा छोटो दूरीको सडक हुनेछ । विराटनगरदेखि जोगबनीको दूरी लामो नभएकाले त्रिदेशीय छोटो बाटो हुने उनको बुझाइ छ । हाल निर्माणाधीन सुकेटार-काँकडभिट्टा सडकको दूरी पनि २ सय ४० किलोमिटर मात्रै छ । अझ आगामी आर्थिक वर्षका लागि मेची राजमार्गको यो सडक व्यवस्थित गराउन सरकारले ९२ करोड बजेट छुट्ट्याएको छ । सडक सञ्चालनमा आएपछि नुनदेखि सुनसम्म तिब्बतबाट ल्याउन सकिने र नेपालका जडीबुटीदेखि तरकारीलगायतका वस्तु निर्यात गर्न सकिने उद्योग वाणिज्य संघका अध्यक्ष तारानाथ घिमिरे बताउँछन् ।

काँकडभिट्टाबाट फूलबारी बन्दरगाहको बाटो भएर जोडिने भएकाले बंगलादेशसँगको कारोबार पनि नजिकैबाट हुनेछ । अझ भारतको सिक्किम जोडिन लागेको मध्यपहाडी लोकमार्गको चिवाभन्ज्याङ खण्ड नजिकबाट जोडिन्छ ।

**गैससले बढाए गतिविधि**

आगन्तुकको खासै आउजाउ नहुने यहाँ नेदरल्यान्ड विकास नियोग (एसएनभी) र कञ्चनजंघा संरक्षण क्षेत्र (केक्याप) को कार्यक्रम सुरु भएपछि बाहिरबाट पुग्ने बढ्न थालेको स्थानीय बताउँछन् । डोङगा शेर्पाका अनुसार एसएनभीले विद्यालय भवन, पुल र बाटो बनाउने काममा सघायो । केक्यापले संरक्षणसम्बन्धी तालिम र गोष्ठी गर्‍यो ।

संरक्षण क्षेत्रले यहाँका बासिन्दालाई बाहिर घुम्न लैजाने, बाहिरबाट यहाँ घुम्न ल्याउनेजस्ता गतिविधि गरेपछि गोलाका बासिन्दालाई हामी पनि नेपाली हौं भन्ने आभास भएको डोङगा बताउँछिन् । प्रजातन्त्र प्राप्तिपछि किपा शेर्पाले गाविस अध्यक्ष जितेर महिलाले नेतृत्व गर्नसक्ने पुष्टि गरेकी थिइन । अहिले भने उनी काठमाडौं बस्छिन् । यहाँको पीडा भनेको एउटाबाट अर्को बस्तीमा पुग्न पूरै एक दिन लाग्छ । नजिकको बस्ती भेट्न याङमा, लेलेपको इलाडाँडा या चीनको रिउ पुग्नुपर्छ ।

# जो बेलायत गएनन्

■ **आश गुरुङ** (लमजुङ)

सन् १९३९ बाट विश्वयुद्ध भयो । विश्वयुद्ध हुनुअगावै बखानसिंह गुरुङ सन् १९३४ मा बेलायती सेनाको गोर्खाली समूहमा अनुबन्धित भइसकेका थिए । बेलायती गोर्खा सैनिकमा रहेर १५ वर्ष सेवा गरेका उनले विश्वयुद्धका ६ वर्ष गोला, बम र बारुदका साथ बहादुरीपूर्वक लडे । त्यसपछि बेलायतमै बसेर बेलायती सरकारको सेवा गरे । बेलायत सरकारले उनलाई गाँस, बास र कपासको व्यवस्था गर्‍यो । उनले पाउने पेन्सन छँदै छ । तर उनी बेलायत बसेनन् । आफ्नै गाउँघर फर्के । नेपाली गाउँघरमै बस्दै आएका १ सय ३ वर्षीय गुरुङको सोमबार मध्यरातमा आफ्नै घर मर्स्याङदी गाउँपालिका-७ ताङलीचोकमा निधन भएको छ ।



बखानसिंह गुरुङ

**विदेशमा बस्न पाउने सुविधा छाडेर गाउँ फिरेका बखानसिंहलाई गाउँलेले सम्झिरहने छन् ।**

कान नसुन्ने समस्या रहेका उनी केही दिनयता बिरामी रहेको उनका नाति सरोजले बताए ।

१९७३ कात्तिक ९ मा जन्मिएका बखानसिंहले बेलायती सेनाका १/६ जीआर पल्टनमा रहेर काम गरे । उनले मलाया (मलेसिया), बर्मा (म्यानमार), भारत, पाकिस्तान, सिंगापुरलगायत देशमा बेलायतका तर्फबाट लडेका थिए । बर्मामा उनले 'बर्मा स्टार वार मेडल' प्राप्त गरे । बेलायत सरकारले विश्वयुद्ध लडेबापत उनलाई विभिन्न सम्मान दियो ।

उनका अर्का नाति नन्दराजका अनुसार बखानसिंहले गाउँघरको सेवा गरे । आफ्नो जग्गा विद्यालयमा दान गरे । आएको पेन्सनले विद्यालयमा अक्षयकोष स्थापना गरे । 'प्राय: बेलायती सेना बेलायतमै बसेका छन् । बाजे बेलायत बस्नुभएन । आफ्नै जन्मभूमिमा सास छाड्नुभयो,' उनले भने ।

गाउँकै तराँचेस्थित महेन्द्रदेव माविका प्रधानाध्यापक सोमबहादुर भण्डारीका अनुसार बखानसिंह विद्यालयका वरिष्ठ आजीवन सदस्य र भूमिदाता हुन् । विद्यालयलाई उनले ११ आना २ पैसा २ दाम जग्गा प्रदान गरेका थिए । आर्थिक सहयोग पनि गर्दै आएका थिए । आफ्नो गाउँमा मात्रै नभएर मर्स्याङदी गाउँपालिका-६, नाइँचेस्थित नयाँ ज्योति आधारभूत विद्यालयमा १ लाख २२ हजार १ सय ११ रुपैयाँको 'बखानसिंह अक्षय कोष' स्थापना गरेको नन्दराजले जानकारी दिए ।

बखानसिंहका ५ भाइ छोरा र एकजना छोरी छन् । नातिनातिना मात्रै १३ जना छन् । पत्नी शिरकुमारीको भने ५ वर्षअघि निधन भइसकेको छ । बखानसिंहको निधनले गोर्खालीको जिउँदो इतिहासको अवसान भएको पूर्वसांसद जमिन्द्रमान घलेले बताए ।





**चिनाउँदै नेपाल**
अनुष्का लन्डनमा । ११

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com
# कान्तिपुर
सातै प्रदेशबाट एकैसाथ प्रकाशित

**उसुले पनि दिलायो पदक**
नेपालको पोल्टामा २३ स्वर्ण



वर्ष २७ अंक २८३ सुर्खेत | १८ मंसिर २०७६ | बुधबार मार्ग शुक्लपक्ष अष्टमी | नेपाल संवत् ११४० | कर्णाली प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Wednesday, December 4, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ

# १ मिलि सेकेन्डले स्वर्ण

■ **ध्रुव तुलाधर र हिमेश** (काठमाडौं)

एथलेटिक्स खेलै पुरानो । यसलाई 'फादर अफ स्पोर्ट्स' मानिन्छ । यही एथलेटिक्समा सन्तोषी श्रेष्ठले मंगलबार स्वर्णपदक जितेर इतिहास रचेकी छन् । १३ औं दक्षिण एसियाली खेलकुदमा प्राप्त यो उपलब्धिले उनी एथलेटिक्समा नेपालका लागि पहिलो अन्तर्राष्ट्रिय स्वर्ण जित्ने महिला खेलाडी भएकी हुन् ।

सन्तोषीले दशरथ रंगशालाको ट्र्याकमा १० हजार मिटर दौडमा त्यो सफलता हासिल गरेकी हुन् । उनले एक मिलिसेकेन्डले मात्र भारतीय प्रतिद्वन्द्वी कविता यादवलाई पछाडि पारिन् । सन्तोषीको टाइमिङ निस्कियो ३५ मिनेट ०७.९४ सेकेन्डको । कविताको टाइमिङ थियो ३५ मिनेट ०७.९५ सेकेन्ड । एक मिलिसेकेन्ड भनेको त्यति थोरै समय हो, जुन एक सेकेन्डलाई हजार भाग लगाउँदाको एक भाग हो । अर्थात्, हजार मिलिसेकेन्ड बराबर एक सेकेन्ड हुन्छ । 'फोटो फिनिस' (यति नजिक कि अन्तिम रेखा पार गर्दा शरीरको भागबाट गरिनुपर्ने मूल्यांकन) कै रूपमा उनले बाजी मार्दै इतिहास कोरेकी हुन् । एक मिलिसेकेन्डले जीवनमा के अर्थ राख्ला ? यही एक मिलिसेकेन्डले सफलता चुमेकी सन्तोषीले सुनाइन्, 'टाइम म्यानेजमेन्टमा धेरै कमजोर हुँ । रनिङमा लागेपछि एक मिलिसेकेन्ड पनि कति महत्त्वपूर्ण छ भन्ने बुझ्न थालेकी छु ।'

एथलेटिक्समा नेपालका लागि पहिलो अन्तर्राष्ट्रिय स्वर्ण जित्ने महिला बनिन् सन्तोषी

तेस्रो भएकी श्रीलंकाली निलान्थी लंकाले ३५ मिनेट ५९.०२ सेकेन्डमा दूरी पार गरेकी थिइन् । सात प्रतिस्पर्धीमा नेपालकी विश्वरूपा बुढा (३८.२४.०३) छैटौं स्थानमा रहिन् । सन्तोषीले जितेको यो स्वर्णपदक धेरै अर्थमा विशेष रह्यो ।

**बाँकी पृष्ठ १५** ▶▶



**दशरथ रंगशालामा मंगलबार १० हजार मिटर दौड पूरा गर्दै सन्तोषी श्रेष्ठ (बायाँ) र भारतकी कविता यादव ।**
*तस्बिर : केशव थापा/कान्तिपुर*

# प्रत्यारोपण कम्तीमा दुई महिनापछि

'कमजोर मिर्गौलाले शल्यक्रिया, संक्रमण आदि जटिलता झेलेकाले नियमित डायलसिसमा जानुपर्ने हुन सक्छ'

■ **अतुल मिश्र** (काठमाडौं)

प्रधानमन्त्री केपी शर्मा ओलीको मिर्गौला प्रत्यारोपण दुईदेखि चार महिना पछि सर्ने भएको छ । अघिल्लो मंगलबार आकस्मिक रूपमा एपेन्डिसाइटिसको शल्यक्रिया गर्नुपरेकाले मिर्गौला प्रत्यारोपणको समय धकेलिएको चिकित्सकले बताएका छन् । 'मिर्गौला प्रत्यारोपण गर्न शल्यक्रिया गरिएको ठाउँको घाउ निको हुनुपर्छ । संक्रमण पूर्ण नियन्त्रणमा हुनुपर्छ । अहिलेकै स्थितिमा जोखिम हुन्छ,' वरिष्ठ मिर्गौला रोग विशेषज्ञ डा. ऋषि काफ्लेले भने ।

एपेन्डिसाइटिससहित पेरिटोनाइटिस (पेटको संक्रमण) समेत देखिएपछि मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरमा प्रधानमन्त्रीको शल्यक्रिया गरिएको हो । स्वास्थ्यमा निरन्तर राम्रो सुधार भए दुईदेखि चार महिनापछि प्रधानमन्त्रीको मिर्गौला प्रत्यारोपण गर्न सकिने डा. काफ्लेको भनाइ छ । यसअघि गत शुक्रबार प्रधानमन्त्रीकी निजी चिकित्सक डा. दिव्यासिंह शाहले पत्रकार सम्मेलनमा प्रधानमन्त्रीको मिर्गौला प्रत्यारोपणमा हतार गर्नुपर्ने अवस्था नरहेको बताएकी थिइन् । अनुकूल समय पारेर प्रत्यारोपण गरिने उनको भनाइ थियो ।

मिर्गौला प्रत्यारोपणका क्रममा अर्को मिर्गौला राख्न सक्ने ठाउँ ठीक हुनुपर्ने डा. काफ्ले बताउँछन् । 'पेटको संक्रमणले प्रधानमन्त्रीको आन्द्रा वरिपरिको झिल्लीमा कस्तो प्रभाव पारेको छ,' उनले भने, 'त्यसले शल्यक्रियाको जटिलतासमेत निर्धारण गर्छ ।' पछिल्लो समय चिकित्सकले छिटोछिटो डायलसिस गरिरहेका छन् । आइतबारसम्म ६ दिनमा ४ पटक डायलसिस गरेका थिए । प्रधानमन्त्री ग्रान्डी हस्पिटलमा रहेका बेला भने २६ दिनमा ४ पटक डायलसिस गरिएको थियो ।

जटिल शल्यक्रिया, संक्रमण, शरीरमा फोहोर बढी जम्मा हुनु आदि कारणले प्रधानमन्त्रीको मिर्गौलामा परेको भार घटाउन डायलसिस गरिरहनुपरेको चिकित्सकको भनाइ छ । 'अहिलेको जटिल शारीरिक समस्याले मिर्गौला कमजोर नपारेको भए फाट्टफुट्ट गरिएको डायलसिसले काम गर्थ्यो,' डा. काफ्लेले भने ।

पछिल्लो शल्यक्रिया गर्नुअघिकै अवस्थामा प्रधानमन्त्रीको मिर्गौला रहिरहेमा डायलसिसको संख्या घटाउन सकिने डाक्टरहरू बताउँछन् । अन्यथा निरन्तर डायलसिसमा जानुपर्ने स्थिति आउने उनीहरूको भनाइ छ ।

पत्रकार सम्मेलनमा गत शुक्रबार डा. रमेशसिंह भण्डारीले प्रधानमन्त्री अस्पताल आउँदा धेरै बिरामी रहेको र शल्यक्रियापछि संक्रमणको असर पेट र रगतमा समेत परेको बताएका थिए । तर पछिल्लो समय प्रधानमन्त्रीको स्वास्थ्यमा सोचेभन्दा बढी राम्रो सुधार देखिएको उनको भनाइ छ ।



सूर्य थापाको फेसबुकबाट

अस्पतालबाटै सरकार र दल चलाउँदै | **पृष्ठ ३**

# मोडिन नसक्दा जिप खस्यो, १४ को मृत्यु

बागलुङ (कास)- कुलपूजाका लागि हिँडेका यात्रुले खचाखच जिप घुम्तीमा मोडिन नसकी खोलामा खस्दा १४ जनाको मृत्यु भएको छ । गुल्मीको इस्मा गाउँपालिकाबाट बागलुङको निसीखोला गाउँपालिकाको देवीस्थानतर्फ जाँदै गरेको ग१ज ५२१९ नम्बरको जिप बडिगाड गाउँपालिकाको भीमगिठेमा मंगलबार बिहान खसेको हो । सडक छेउमा गाडिएका ४ पिल्लर भाँचेर जिप दुई सय मिटर तल खसेको थियो । एक यात्रुलाई खोलाले बगाएको छ भने ३ जना घाइते छन् ।

प्रहरी नायब उपरीक्षक झवीन्द्रप्रसाद भट्टराईका अनुसार १८ यात्रु रहेको जिप बढी भार, तीव्र गति र स्टेयरिङको खराबीका कारण दुर्घटनामा परेको अनुमान छ । धेरै यात्रु चढाएको देखेपछि बडिगाड-४ स्थित खार प्रहरी चौकीले जिप रोकेर ८ जनालाई झारेको थियो ।

'उनीहरू हिँडेको १० मिनेटमै जिप खोलामा खसेको खबर आयो,' स्थानीय कमल पौडेलले भने, 'प्रहरीको सक्रियताले थप ८ जनाको ज्यान बच्यो ।' मृतकमध्ये ९ महिला, ४ पुरुष र एक बालिका छन् ।

मृत्यु भएकामा इस्मा गाउँपालिका-४ की ३० वर्षीया सूचना कार्की, ४० वर्षीया सीता कार्की, उनकी २ वर्षीया छोरी अनुशा, ६५ वर्षीय झवि कार्की, २५ वर्षीया मीना बस्नेत र ६५ वर्षीय धनबहादुर कार्की छन् । यस्तै बागलुङ बडिगाड-५ की ५५ वर्षीया लक्ष्मी केसी, इस्मा-५ की वसुन्धरा कार्की, इस्मा-३ की २३ वर्षीया माया थापा, पश्चिम नवलपरासी बर्दघाट नगरपालिका-२ की ६० वर्षीया मुमा कार्की र सीता कार्कीको पनि मृत्यु भएको छ ।

**बाँकी पृष्ठ १५** ▶▶



# गुनासो सम्बोधनका लागि नागरिक सभा

रुकुम पश्चिम (कास)- त्रिवेणी गाउँपालिका ३, मा आयोजना गरिएको स्थानीय सभामा नागरिकले 'वर्षौंअघि सुरु गरेका सरकारी स्वास्थ्यचौकी भन्दा भर्खर खोलिएका निजी मेडिकलमा सर्वसाधारणको आकर्षण किन ?' भन्ने सवाल उठाए। उक्त गुनासोपछि गाउँपालिकाले स्वास्थ्यचौकीलाई व्यवस्थित गर्न पहल गरेको छ।

बाँफिकोट गाउँपालिका ४, को स्थानीय सभाले कृषि प्राविधिक र किसानबीच हुनुपर्ने जति अन्तरक्रिया नभएको सवाल उठाएको छ। प्राविधिक र किसानबीचको भेटघाट नहुँदा माटो परीक्षण, मल, बीउमा सबैको पहुँच पुग्न नसकेको निष्कर्ष सभाले निकालेको हो।

त्रिवेणी गाउँपालिका ३ र बाँफिकोट गाउँपालिका ४ का स्थानीयले सभा गठन गरी त्यसमार्फत सेवा लिन जाँदा देखिएको समस्या र सवाल व्यवस्थित तवरले उठाइरहेका छन्। दुई वडामा वडाध्यक्षको संयोजकत्वमा २५ जनाको स्थानीय सभा छ। सभाभित्र कृषि, शिक्षा, स्वास्थ्य र प्रकोपको उपसमितिसमेत गठन गरिएको छ।

हरेक ३ महिनामा बस्ने सभामा यी उपसमितिमार्फत सेवा लिने ठाउँबाट पाइरहेको सेवाको विषयमा छलफल हुन्छ भने समस्या र सवाल पनि पहिचान गरिन्छ। '२ वर्षदेखि हामीले यसरी नै सवाल र समस्या पहिचान गर्दै आइरहेका छौं,' त्रिवेणी गाउँपालिका ३, को स्थानीयसभा सदस्य जलसरा खड्काले भनिन्, 'यसबाट काम गर्दा समस्याप्रति सरोकारवाला गम्भीर हुन थालेछि समस्या समाधानमा सजिलो भइरहेको छ।' उनले हेर्दा साना लागे पनि महत्त्वपूर्ण विषय स्थानीय सभामा छलफल हुने र त्यसबाट समस्या समाधानमा थप बल मिलेको बताइन्।

बाँफिकोट गाउँपालिका ४, को स्थानीय सभाले पहिचान गरेको अर्को सवाल हो- पूर्व तयारी नगरिनु। बर्खामा बाढी, पहिरो तथा बेलाबेलामा हुने आगलागीका कारण हुने क्षति न्यूनीकरणमा पूर्वतयारी नपुगेका कारण समस्या भइरहेको सभाको निष्कर्ष छ। विपत् वा प्रकोप आइपरेपछि मात्रै तात्ने चलनले समस्या भइरहेकाले पूर्वतयारी नपुगेको सवाल स्थानीय सभाले पहिचान गरेको स्थानीय सभाका संयोजक तथा वडाध्यक्ष लीलाराम विकले बताए। यो सवालका विषयमा छलफल गरेर गाउँपालिका तथा अरु सरोकारवाला निकायकहाँ सचेत समेत गराइएको विकले बताए।

सेवा प्रवाह सहज बनाउन, सेवा लिने र दिनेबीच प्रभावकारी सञ्चार स्थापित गरी जवाफदेहिता कायम गर्ने उद्देश्यले स्थानीय सभा गठन गरिएको त्रिवेणि गाउँपालिका ३, को स्थानीय सभा संयोजक तथा वडाध्यक्ष मोहन ओलीले बताए। स्थानीय सभामा सम्बन्धित क्षेत्रका शिक्षा, कृषि, स्वास्थ्य र प्रकोपसँग सम्बन्धित व्यक्ति सदस्य छन्। यसअघि स्थानीय सभामा देखिएका कति समस्या समाधान भएको उनको भनाइ छ।

गाउँपालिकाका विभिन्न टोलमा स्ट्रेचर नहुँदा बिरामी स्वास्थ्य संस्थासम्म आउन नसकेको सवाल उठेपछि गाउँपालिकाले स्ट्रेचर वितरण गरेको छ। स्थानीय सभाका सवाल गाउँपालिकास्तरीय साझेदारी मञ्चले समाधान गर्न पहल गरिरहेको छ। गाउँपालिका अध्यक्षको संयोजकत्वमा मञ्च गठन गरिएको हो। साझेदारी मञ्चको हरेक ४ महिनामा नियमित बैठक बस्छ।

# चिसोले गाउँ सुनसान

'वर्षौंदेखि नै घरमा भण्डारण गरिएको अनाज र धनसम्पत्ति कसैले पनि चोरी नगर्ने विश्वासका साथ गाउँ छाड्ने गरिन्छ'

■ **राजबहादुर शाही** (मुगु)



**मुगुको मुगमकार्मारोङ गाउँपालिकास्थित रिउस गाउँ। यहाँका अधिकांश बासिन्दा बेंसी झरेपछि गाउँ सुनसान भएको छ।** *तस्बिर : राजबहादुर/कान्तिपुर*

जाडो छल्न स्थानीय धमाधम बेंसी झरेपछि हिमाली गाउँ मुगु मानवविहीन बनेको छ। मुगमकार्मारोङ गाउँपालिका २, स्थित तिब्बत सीमाको मुगु गाउँ दुई सातादेखि मानवविहीन बनेको हो। चिसोका कारण गाउँपालिकाका अन्य गाउँसमेत सुनसान हुन थालेपछि विकास निर्माण प्रभावित बनेको हो।

समुद्र सतहदेखि करिब ३ हजार ५ सय मिटर उचाइको गाउँका स्थानीय चिसो कटाउन औल बस्तीमा ओर्लिएका हुन्। १ सय २० घरधुरी र करिब ४ सय जनसंख्या रहेको बस्तीमा पशुचौपायासमेत भेटाउन मुस्किल छ। स्थानीय बासिन्दा चौपायासहित बेंसी झरेका हुन्।

स्थानीयलाई ५ महिना न्यानोकै चिन्ता हुन्छ। हिउँदमा हिमपात हुनुअघि नै स्थानीयले बर्सेनि बस्ती खाली गर्दै आएका छन्। हिमपातका कारण बाहिर निस्कनै समस्या हुने गरेपछि औंलमा झर्नुपर्ने स्थानीयलाई बाध्यता छ। 'अहिले गाउँमा कोही छैन,' मुगु गाउँका तन्डुल लामाले भने, 'हिउँले ढोका थुन्छ, चिसोले हातखुट्टा कठ्यांग्रिन्छ, कसरी घरमा बस्नु ?' चिसोले धारा र खोलाको पानीसमेत जम्ने गरेको उनले सुनाए।

अहिले अधिकांश स्थानीय सिरानीचौर झरेका छन्। केही परिवारले गमगढी, जुम्ला र काठमाडौं गएर जाडो कटाउने गरेको उनले जानकारी दिए। स्थानीय टासी लामाले बर्सेनि हिउँदमा ५ महिना बस्ती छाड्नुपर्ने बाध्यता रहेको गुनासो गरे। यार्चा र अन्य जडीबुटीले लोभले गर्दा गाउँ छाड्न नसकिएको उनी बताउँछन्। उनका अनुसार स्थानीयको प्रमुख आम्दानी जडीबुटी बिक्री हो। 'मंसिरमा गाउँ छाड्छौं,' उनले भने, 'अब चैत/वैशाखमा मात्र माथि उक्लिने हो।' वर्षौंदेखि नै घरमा भण्डारण गरिएको अनाज र धनसम्पत्ति चोरी नभएकाले विश्वासका साथ गाउँ छोड्ने गरिएको उनले जनाए।

घाम ताप्न औल झर्नुअघि १/२ सातासम्म गाउँका गुम्बा र चैत्यमा पूजापाठ गर्ने गरिएको छ। घरघरै पाहुना डाकेर रमाइलो गरी खानपिन गरेर एकैदिन सबैले गाउँ छाड्ने गरिएको लामाले जानकारी दिए। उनका अनुसार मुगु गाउँमा एकै प्रकारका घर बनाइएको छ। १९७५ सालमा बनेका घरसमेत उसै रहेको उनले जानकारी दिए। ढुंगा र काठ पर्याप्त नपाइने भएकाले पुरानै घरलाई टालटुल गरी बस्ने गरिएको उनी बताउँछन्।

गाउँपालिकाको चितै र डोल्फू गाउँमा पनि अधिकांश घरमा ताला ठोकिएको छ। ५/७ जना गाउँ हेरालु राखेर स्थानीय बासिन्दा औलका बस्ती झरिरहेका छन्। हिउँदभरि गाउँ नै सुनसान हुने भएकाले हेरालुका लागि ५ महिना पुग्ने अन्न र दाउराको व्यवस्था गरी गाउँ छोड्ने गरिएको स्थानीयको भनाइ छ। कर्णाली प्रदेश सरकारले हिमाली क्षेत्रमा छरिएर रहेका मानव बस्तीलाई एकीकृत गर्ने योजना अघि सारे पनि कार्यान्वयन नगर्दा आफूहरूले सास्ती भोग्नुपरेको लामाको गुनासो छ। भौगोलिक विकटता, थोरै जनसंख्या र पातलो बस्ती भएकाले प्रभावकारी रुपमा पूर्वाधार विकास गर्न नसकिएको गाउँपालिका अध्यक्ष छिरिङक्याप्ने लामाले बताए। 'विकास खर्चसमेत बढी छ,' उनले भने, '५ महिना अधिकांश बस्ती खाली हुने भएकाले विकास निर्माणका काम बर्सेनि प्रभावित भइरहेका छन्।' बस्तीहरू एकीकृत गर्नसके पूर्वाधार विकासमा सजिलो हुने लामा बताउँछन्।

**सरकारी कार्यालय र विद्यालयमा ताला**

स्थानीय औलका बस्तीमा झरेपछि स्वास्थ्यचौकी, सीमा प्रहरी चौकी, भन्सार, वडा कार्यालय र सामुदायिक विद्यालयमा ताला लागेको छ। चिसो बढेपछि मुगु गाउँस्थित प्रहरी चौकीमा कार्यरत १५ प्रहरीलाई सदरमुकाम बोलाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। हिउँदको समयमा सीमा सुरक्षा चौकीको कामकाज बर्सेनि जिल्लाबाटै हुने गरेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी लालबहादुर ऐरेले बताए। 'चिसो समयमा गाउँमा कोही नबस्दा प्रहरीलाई सदरमुकाम बोलाउने गरेका हौं,' उनले भने, 'स्थानीय बासिन्दा फर्किएपछि प्रहरीचौकी फेरि पुनःस्थापना गरिनेछ।'

बालबालिकासमेत बेंसी झर्दा सामुदायिक विद्यालयको पठनपाठन बन्द गर्ने गरिएको छ। सामुदायिक विद्यालयमा पुस १५ गतेदेखि माघ १५ सम्म जाडो बिदा दिने गरिएको मुगमकार्मारोङ गाउँपालिकाका शिक्षा शाखा प्रमुख सुवास रावलले बताए। जाडो बिदा, यार्सा सिजन, हिमपातलगायत कारण मुगु गाउँका बालबालिकाले वर्षमा ८० दिन पनि राम्ररी पढ्न पाउँदैनन्।

**पूर्वाधार विकास अवरुद्ध**

बेमौसमी बसाइँका कारण मुगु गाउँमा विकास निर्माणका कामकाज प्रभावित भइरहेका छन्। गाउँमा खानेपानी, विद्युत्, सडकलगायत पूर्वाधारको अभाव वर्षौंदेखि छ।

गाउँपालिका, प्रदेश र संघीय सरकारबाट विनियोजन भएको बजेट वैशाखदेखि असार अन्तिम सातासम्म सक्नुपर्ने बाध्यता छ। छोटो समयमै सबै बजेट खर्च गर्नुपर्ने भएकाले विकास निर्माणको कामकाज गुणस्तरीय बन्न नसकेको स्थानीयको गुनासो छ। गाउँको विकासका लागि चालु आवमा पूर्वाधारतर्फ ३४ लाख, सांसद क्षेत्र विकास कोषको १० लाख र मुगुदेखि कोइकीसम्मको पर्यटकीय पदमार्ग निर्माणमा १ करोड ५ लाख रुपैयाँ विनियोजन गरिएको छ। पूर्वाधार निर्माणका कुनै पनि योजनाको प्रक्रिया अगाडि नबढेको गाउँपालिका अध्यक्ष लामाले जनाए। उनका अनुसार स्थानीय बासिन्दा फर्केपछि मात्रै पूर्वाधार निर्माणका आवश्यक प्रक्रिया सुरु हुनेछन्।

**सधैं खाद्यान्नको चिन्ता**

न्यून उत्पादन हुने भएकाले मुगु गाउँका स्थानीयलाई सधैं खाद्यान्नको समस्या हुने गरेको छ। सरकारी अनुदानको चामल मुगु गाउँमा नपुग्ने हुँदा स्थानीयलाई चिनियाँ खाद्यान्नको भर पर्नुपर्ने बाध्यता छ। सिँचाइ सुविधासमेत नभएकाले हिमपात र वर्षाको आशामा खेती गर्ने गरिएको लामाले जनाए। उनका अनुसार गाउँमा मुस्किलले एक बाली पाक्छ। साउनमा तिब्बत सीमा क्षेत्रमा १५ दिन लाग्ने हाटबजारबाट खरिद गरी ल्याएको खाद्यान्नले वर्षभरि पुऱ्याउनुपर्ने बाध्यता रहेको उनले सुनाए। 'स्थानीयको प्रमुख आयस्रोत नै जडीबुटी संकलन हो, जडिबुटी लिएर हाटबजारमा बिक्री गर्छौं,' उनले भने, 'त्यही रकमले खाद्यान्न र दैनिक उपभोग्य वस्तु किनेर वर्षभरि निर्वाह गर्ने गरिरहेका छौं।'

सिँचाइ समस्या र चिसोका कारण उत्पादन कम हुँदा स्थानीय उत्पादनले वर्षभरि खान नपुग्ने वडाध्यक्ष कार्मा लामाले बताए। उनका अनुसार स्थानीयलाई सरकारी अनुदानको चामल लिन एक दिनभरि हिँडेर पुलु आउनुपर्ने बाध्यता छ। 'पुलु आए पनि चामल पर्याप्त पाइँदैन, चिनियाँ खाद्यान्नको तुलनामा महँगो पनि पर्छ,' उनले भने, 'त्यसैले अधिकांशले तिब्बती हाटबजारबाटै वर्षभरि पुग्न खाद्यान्न एकैपल्ट खरिद गर्छन्।' पुलू खाद्य डिपोको लागि खाद्य संस्थानले बार्षिक एक हजार ५ सय क्विन्टल चामलको कोटा तोकेको छ। उक्त चामल समयमा ढुवानी नहुँदा स्थानीयले पर्याप्त चामल नपाउने गरेको वडाध्यक्ष लामाले जनाए।

**चौंरी पनि घामतिर**

चुन र बुकी खान पाटन उक्लेका चौंरी अहिले बेंसीका गोठमा झरेका छन्। पाटन क्षेत्रमा चिसो बढेर बरफ जम्न थालेपछि हिडडुल गर्न र चरिचरिन गर्न समस्या हुँदा चौंरीलाई बेंसी झारिएको हो। अहिले बेंसी झारिएका चौंरीलाई निगालो र सिस्नो भएका सामुदायिक वनमा चराउन थालिएको स्थानीयले जनाएका छन्।

मुगु, डोल्फू, चितैलगायत गाउँबस्तीका चौंरी गत जेठमा चरनका कोइकी, रिमार, टाँकेलगायत पाटनमा चरनका लागि लगिएका थिए। करिब ६ महिनासम्म रित्तै रहेका गोठ चौंरीले भरिन थालेको स्थानीय कर्माटासी तामाङको भनाइ छ।

# ५ महिना भयो, बाँडिएन राहत

■ **हेमन्त केसी** (जाजरकोट)

बाढी, पहिरोले घरखेत बगाएको ५ महिना पुगे पनि पीडितले अझै राहत पाएका छैनन्। गत असार २८ गते मुड्केचुला गाउँपालिका १, काँशिला खोला डोल्पामा आएको बाढीले सर्वसाधारणका घरखेत, खानेपानी र विद्युत् बगाएपछि समस्यामा परेका पीडितले अझै राहत पाउन नसकेका हुन्।

पहिरोले यहाँका ११ घरपरिवारको थातथलो बगाएको हो। ३ गाउँको खानेपानी, विद्युत् उत्पादन गृह, बाटोका साथै काठेपुल पनि बगाएको थियो। ५ महिना बित्दा पनि पीडितले ३० केजी चामल, अलिअलि कपडा र केही भाँडाकुडाबाहेक थप केही पाएका छैनन्। अहिले माथिल्लो डोल्पासँगै तल्लो डोल्पामा दैनिक चिसो बढेको छ। आफूहरू राहतकै पर्खाइमा रहेको स्थानीय ४५ वर्षीया पुतली बोहोरा बताउँछिन्। उनले भनिन्, 'प्रदेश सरकारले सबै बाढीपीडितको उचित व्यवस्थापनका लागि सहयोग गर्ने भनी प्रदेशका मन्त्री नन्दसिंह बुढाले भन्नुभएको थियो, तर ५ महिना बित्दा पनि राहत पाउन सकिएन।'

> पहिरोले ११ परिवारको थातथलो बगाएर घरबारविहीन

काँशिला खोलामा आएको बाढीले बगाएर ११ जनाको मृत्यु भएको थियो। मृत्यु भएकामध्ये १२ वर्षीया सारिका बोहोरा, ४१ वर्षीय धर्मराज बोहोरा, १३ वर्षीया सोना सार्की र २३ वर्षीया चन्द्रकुमारी सार्कीको शव भेटिएको थियो। तर, १२ वर्षीया धनरूपा बोहोरा, १५ वर्षीया वृहस्पति बोहोरा, २३ वर्षीय पञ्चे सार्की, २३ वर्षीया साउनी विक, ४२ वर्षीया रंगी बोहोरा, ४२ वर्षीय कालीबहादुर बोहोरा र ३५ वर्षीय लवकुमार रोकायको शव अझै भेटिएको छैन।

जिल्ला प्रशासन कार्यालयले बाढीमा परेर मृत्यु भई शव भेटिएका ४ परिवारलाई १ लाखका दरले राहत उपलब्ध गराए पनि सँगै ज्यान गुमाएका तर शव नभेटिएकाका आफन्तजनले भने केही पनि राहत पाएका छैनन्। डोल्पाका प्रमुख जिल्ला अधिकारी मुकेशकुमार केशरीले मृत्यु भएर शव भेटिएका ४ पीडित परिवारलाई १ लाखका दरले राहत उपलब्ध गराइएको र बाँकी ७ घरपरिवारलाई पनि राहतका लागि गृह मन्त्रालयमा पहल गरिरहेको जानकारी दिए। उनका अनुसार अन्यलाई १० हजार रुपैयाँका दरले सहयोग गरिएको र गृहबाट रकम प्राप्त भएपछि वितरण गरिनेछ। बाढीपीडित अँध्यारोमा बस्न नपरोस् भनेर सोलारको व्यवस्था गरिएको र छिट्टै नै बाढीपीडितको बासस्थानमा पुगेर वितरण गरिने मुड्केचुला गाउँपालिका अध्यक्ष दत्तबहादुर शाही बताउँछन्। यहाँ रहेको फेम्ली अस्पतालमा विद्युत् नहुँदा ५ महिनादेखि भिडियो एक्सरे, ल्याब सेवासमेत बन्द भएको छ।

सम्बन्धित जिल्लाका मन्त्री र सांसद भएर पनि ५-५ महिनासम्म बाढीपीडितले राहत नपाएर कष्टपूर्ण जीवन बिताउनु पर्दा प्रदेश सरकार र जिल्लाकै मन्त्रीको चर्को आलोचना हुँदै आएको छ। यता जाजरकोटको नलगाड नगरपालिकाको कालीमटी, घुवारालगायत ठाउँमा अघिल्लो वर्ष आएको बाढीले तहसनहस भएको संरचना अझै निर्माण भएका छैनन्। बजेट अभाव हुँदा यहाँका संरचना निर्माण नभएको नलगाड नगरपालिकाले जनाएको छ। झुर्मेखोलाको बाढीले ४२ भन्दा बढी पानी घट्ट, सयौं मुरी फल्ने धान लगाएको खेत नष्ट बनाएको थियो। खानेपानीका योजना बगाउँदा अहिलेसम्म पनि त्यहाँ खानेपानी आपूर्ति हुन सकेको छैन।

त्यस्तै नलगाडको तल्लुमा रहेको बस्ती भेरी नदीको कटानले असुरक्षित भए पनि अहिलेसम्म त्यहाँको व्यवस्थापन गर्न सरोकारवालाले चासो नदेखाएको पीडितहरूको भनाइ छ। नलगाड नगरपालिकाका नगरप्रमुख टेकबहादुर रावलले नगरको समस्या लिएर काठमाडौं आए पनि सम्बन्धित मन्त्रीसँग भेट नहुँदा जाजरकोट फर्किएका छन्। ४ दिन बस्दा पनि मन्त्रीसँग भेट हुन नसक्दा उनी जिल्ला फर्किएका छन्। जिल्लाको सबैभन्दा बढी नलगाड नगरपालिकामा बाढीले क्षति बनाएको थियो।रुकुम पश्चिम आठ बिसकोट नगपालिकाको गत्ताशैनामा बाढीले क्षति बनाए पनि त्यहाँका बासिन्दाको उचित व्यवस्थापन नभएको स्थानीयको आरोप छ। बर्सेनि आउने बाढीले आफूहरू समस्यामा परेको स्थानीय रातो टमटा बताउँछन्। भेरी नदी छेउछाउका बस्ती जोगाउन तटबन्ध लगाउनुपर्ने भन्दै स्थानीय सरकारले चासो दिए पनि बजेट अभावमा काम हुन सकेको छैन। - *रासस*

# बजेट कार्यान्वयनमा अझै अलमल

■ **चाँदनी कठायत** (वीरेन्द्रनगर)

कर्णाली प्रदेश सरकारले नयाँ संगठन संरचना बनाउन र अख्तियारी दिन ढिलाइ गर्दा बजेट कार्यान्वयनमा अझै अलमल देखिएको छ। चालु आवको प्रथम चौमासिकमा प्रदेशले विकास बजेट १ प्रतिशत पनि खर्च गर्न नसकेको हो।

प्रदेश सरकारले पुँजीगततर्फ ७ करोड ४४ लाख १४ हजार रुपैयाँ मात्रै खर्च गरेको हो। यो कुल बजेटको ०.३५ प्रतिशत मात्रै हो। कर्णाली सरकारले पुँजीगत र चालु खर्च गरी १ दशमलव ६१ प्रतिशत मात्रै बजेट खर्च गरेको जनाएको छ। प्रथम चौमासिकमा चालु बजेटतर्फ ४७ करोड ९७ लाख १६ हजार रुपैयाँ सरकारले खर्चिएको आर्थिक मामिला मन्त्रालयले जनाएको छ।

७ मन्त्रालयमध्ये पुँजीगततर्फ सबैभन्दा कम बजेट उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले खर्च गरेको छ। मन्त्रालयका अनुसार १४ लाख ४१ हजार रुपैयाँ मात्रै विकासतर्फ खर्च भएको छ। मन्त्रालयका शाखा अधिकृत शेरबहादुर रोकायाले पछिल्लो ४ महिनामा विकासतर्फ बजेट खर्चै नभएको बताए। 'खासगरी कार्यालय व्यवस्थापनमै खर्च भएको छ,' उनले भने, 'मंसिरमा भने विकासतर्फको बजेट खर्च भएको छ होला, दोस्रो चौमासिकमा प्रगति देखिन्छ।' मन्त्रालयले चालुतर्फ ११ करोड ४२ लाख १७ हजार खर्चिएको छ।

सबैभन्दा बढी बजेट सामाजिक विकास मन्त्रालयले खर्च गरेको छ। मन्त्रालयले पुँजीगततर्फ ४ करोड ८ लाख रुपैयाँ खर्च गरेको हो। मन्त्रालयका उपसचिव विष्णुप्रसाद अधिकारीका अनुसार स्वास्थ्यसम्बन्धी चेतनामुलक प्रचारप्रसार सामग्री उत्पादन, प्रकाशन तथा वितरणमा ३९ लाख १० हजार खर्च भएको छ। एकीकृत जनस्वास्थ्य अभियान तथा विशेषज्ञ स्वास्थ्य शिविर र अन्य स्वास्थ्य सेवातर्फ ८ लाख २० हजार मन्त्रालयले खर्च भएको उनले जानकारी दिए। महिला बालबालिका तथा समाज कल्याणसम्बन्धी नीति कानुन र मापदण्ड निर्माणमा ५ लाख ३७ हजार, हिंसा प्रभावित व्यक्तिहरूका लागि प्रदेशस्तरीय दीर्घकालीन/अल्पकालीन आश्रयसहितको पुनःस्थापना केन्द्र संचालन सहयोगका लागि १४ लाख ७२ हजार र महिला बालबालिकासम्बन्धी विभिन्न दिवस सञ्चालनतर्फ २४ लाख ६४ हजार खर्च गरेको मन्त्रालयले जनाएको छ।

> 'प्रदेश सरकारले नयाँ संगठन र संरचना बनाउँदा बजेट अख्तियारीलगायत काममा ढिलाइ गरेसँगै खर्च पनि कम भयो'

भौतिक पूर्वाधार विकास मन्त्रालयले प्रथम चौमासिकमा पुँजीगततर्फ एक करोड ६६ लाख १३ हजार खर्च गरेको छ। यस्तै, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले पुँजीगततर्फ ४८ लाख ५५ हजार खर्चिएको छ। चालु खर्च मन्त्रालयले १ करोड ५६ लाख खर्च गरेको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले ४ महिनामा पुँजीगततर्फ ५१ लाख ५५ हजार खर्च गरेको छ। चालुतर्फ ७ करोड ६५ लाख खर्च भएको मन्त्रालयले जनाएको छ। यस्तै, आर्थिक मामिला तथा योजना मन्त्रालयले २० लाख ६ हजार पुँजीगततर्फ र चालुतर्फ १ करोड ७० लाख खर्च भएको छ।

**ओएनएमले समस्या**

आन्तरिक मामिला तथा योजना मन्त्रालयका उपसचिव दिलीप केसीले प्रदेश सरकारले नयाँ संगठन संरचना बनाउँदा र बजेट अख्तियारीलगायत काममा ढिलाइ हुँदा बजेट कम खर्च भएको बताए। दक्ष जनशक्तिको अभाव सुरुदेखि नै भए पनि नयाँ संगठन संरचनाले थप सुस्तता ल्याएको उनले जनाए। 'नयाँ संरचनाले अलमल ल्यायो,' उनले भने, 'यसले गर्दा बजेटको अख्तियारी दिनै ढिलाई भयो।' सरकारले पहिला स्थापित हुन लागिसकेका कार्यालयलाई पनि फेरि फेरबदल गर्दा काममा अलमल देखिएको उपसचिव केसी बताउँछन्। उनले बजेटको वार्षिक कार्यक्रम संशोधनतर्फ पनि सरकारले लामो समय खर्च गरेकाले बजेट पुँजीगततर्फ कम खर्च भएको उल्लेख गरे।

उपसचिव केसीले प्रदेशको बजेट बनाउने प्रणाली (पीएलएमबीआईएस) र बजेट निकासा दिने प्रणाली (टीएसए) मा समस्या देखिएका कारण पनि ढिलो काम सुरु भएको बताए। 'यता हामीले बजेट बनाएर पठाए पनि उता नदेखाएपछि समस्या भयो,' उनले भने, 'भर्खरै यो सिस्टम बनेको छ अब भने सहज हुनेछ।' कतिपय खर्च भए पनि भुक्तानीमा ढिलाइ भएको पनि हुनसक्ने उनको भनाइ छ। कर्णाली प्रदेश सरकारले चालु आवमा ३४ अर्ब ३५ करोड ३४ लाख बजेट विनियोजन गरेको छ।

**मन्त्री र सचिवलाई बिदामा नबस्न निर्देशन**

कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले अबको ३ महिना मन्त्री र सचिवलाई सार्वजनिक कार्यक्रममा नजान र बिदामा नबस्न निर्देशन दिएका छन्। पहिलो चौमासिक प्रगति विवरण सन्तोषजनक नदेखिएपछि मुख्यमन्त्री शाहीले बजेट कार्यान्वयनमा यो ३ महिना महत्त्वपूर्ण हुने भन्दै सार्वजनिक कार्यक्रममा नधाउन निर्देशन दिएका हुन्।

ENJOY DOLBY ATMOS SOUND BIG Movies
NOW SHOWING
COMMANDO 3 : 9:00 AM, 11:45 AM, 2:30 PM, 5:15 PM, 8:00 PM
PAGALPANTI : 10:15 AM, 7:00 PM, BALA : 1:15 PM
3D : FROZEN II : 9:15 AM, 11:30 PM, 1:45 PM, 4:00 PM, 6:15 PM, 8:30 PM
NLIC City Centre Kamalpokhari, Kathmandu
4011643/45, 01-2112233
www.bigmovies.com.np
facebook/bigmoviesnepal
Wednesday & Thursdays At Rs. 185 * Conditions apply

QFX cinemas NEXT CHANGE
For booking and updated info:
Kathmandu: 01-4442220
Narayanghat: 056-522079
Nepalgunj: 081-411330
Pokhara: 061-522630/47
Birtamode: 023-543083
Butwal: 01-4442220
qfxcinemas.com
PATI PATNI aur WOH
माछा माछा मंसिर २० 6TH DEC

गोपी कृष्ण Showing Time 8:20, 11:20, 2:20, 5:20
COMMANDO 3 30 MILLION+
• Commando -3, Pagalpanti • Love U • हमेशा,
• सरौतो • मखमली मखमली, • छ माया छपक्कै, • च च हुइ

GUNA GROUP Guna Cinema P. Ltd. गुण सिनेमा हल प्रा. लि.
• Comando 3 • Love you hamesa • Chha maya
• Chhapakkai • Makhmali • Cha Cha Hui
• Sarauto • Poi paryo kale

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | लाभ बढ्ने | तुला | वादविवादमा सफल |
| वृष | काम बन्ने | वृश्चिक | वैमनश्यता |
| मिथुन | धर्म बढ्ने | धनु | स्फूर्ति बढ्ने |
| कर्कट | द्विविधा बढ्ने | मकर | आकस्मिक लाभ |
| सिंह | महत्त्वपूर्ण काम हुने | कुम्भ | पदोन्नति |
| कन्या | खटपट | मीन | कान्ति क्षय |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल मंसिर १९ गते बिहीबार तदनुरुप ५ डिसेम्बर २०१९ मार्गशीर्ष शुक्लपक्ष नवमी तिथि रात्रिको ३:२९ बजेसम्म उप्रान्त दशमी तिथि, पूर्वाभाद्रपदा नक्षत्र रात्रिको ८:२० बजेसम्म उप्रान्त उत्तरभाद्रपदा नक्षत्र, वज्र योग दिनको ४:४५ बजेसम्म उप्रान्त सिद्धि योग, बालब करण दिनको २:२३ बजेसम्म उप्रान्त कौलब करण, कुम्भ राशिमा चन्द्रमा दिनको १:४० बजेसम्म उप्रान्त मीन राशिमा। ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | मार्गदर्शन (लाइभ) |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | सरोकार (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | हियर्ज टु लाइफ (रिपिट) |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | मनी टक्स (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | आउन मसँग खाउन (रिपिट) |
| १:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | हियर्ज टु लाइफ (रिपिट) |
| ३:०० | सरोकार (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | मनी टक्स (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्युज |
| ६:३० | रजतपट |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | नेपाल स्पेल बी |
| १०:०० | रजतपट (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | रजतपट (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | कल कान्तिपुर (रिपिट) |
| ४:०० | नेपाल स्पेल बी (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

| | |
|---|---|
| ०५:०० | भक्ति अनुष्ठान (बालचन्द्र) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | सबैका लागि मानसिक स्वास्थ्य (कोशिष नेपाल) |
| ०८:०० | डेभलपमेन्ट एण्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (शुभ) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | मीड वीक घुम्ने मेच (दीनेश डीसी) |
| १०:०० | स्पोर्टर्स डायरी |
| १०:०५ | टेष्ट बड (सञ्जय/एलिसा) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | टेस्ट बड (सञ्जय/एलिसा) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | आफ्नो भाका आफ्नो गीत (कृष्ण मल्ल) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (किरण) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (किरण) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | कानुङ भेजा (श्याम राई) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | संगालो (एलिशा) |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | एजुकेशन टक (भुपेन्द्र) |
| १८:०० | आइसीए दूर शिक्षा (राजेश पाण्डे) |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यात्रा जीवनको (दिनेश डीसी/अम्बिका/शुभ) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | म्युजिकोफिल (विवस राई) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | ग्लोबल कनेक्सन (शुभराज) |
| २३:०० | आजदेखि अर्को आजसम्म (प्रज्वल) |
| २४:०० | आफ्नो भाका आफ्नो गीत (कृष्ण) |
| ०१:०० | कानुनी बहस र परामर्श |
| ०२:०० | नेपाली गीतहरू लगातार |
| ०३:०० | हिन्दी गीतहरू लगातार |
| ०४:०० | भजनहरू लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर** | |
| मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ५२०२०० |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) | ५२०३१० |
| क्षेत्रीय अस्पताल एम्बुलेन्स | ९८४८०६३५२० |
| **महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन** | |
| महाकाली अञ्चल अस्पताल | ५२१११९ |
| जिल्ला प्रहरी कार्यालय | ५२१२०० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१२५८ |
| जिल्ला प्रशासन कार्यालय | ५२११०९ |
| **कैलालीका महत्वपूर्ण टेलिफोन** | |
| सेती अञ्चल अस्पताल | ५२१२७१ |
| जिल्ला प्रहरी कार्यालय | ५२११५० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१६०० |
| जिल्ला प्रशासन कार्यालय | ५२११०१ |
| टीकापुर अस्पताल | ५६०१५० |
| क्षेत्रीय अस्पताल | ०८३-५२०२०० |
| सुर्खेत विमानस्थल | ०८३-५२०१३२ |
| **कञ्चनपुर** | |
| महाकाली अञ्चल अस्पताल महेन्द्रनगर | ०९९-५२१११९ |
| रेडक्रस एम्बुलेन्स | ५२१२५८/५२३१८३ |
| जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर | ५२११०९/५२२४०६ |
| जिल्ला प्रहरी कार्यालय | १००/५२१२०० |
| **डोटी** | |
| सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय | ०९४-४४०३१० |
| जिल्ला प्रशासन कार्यालय डोटी | ४२०१३३ |
| जिल्ला प्रहरी डोटी कन्ट्रोल | ९८५८४४०१९९/४२०२०५ |
| जिल्ला अस्पताल | ४२००१९ |
| जिल्ला अस्पताल एम्बुलेन्स | ९८४८५२५१५० |
| **डडेल्धुरा** | |
| जिल्ला प्रहरी | ०९६-४२०१९९ |
| **जाजरकोट** | |
| जिल्ला प्रहरी कार्यालय- | ०८९-४३०१३१, ९८५८०४५५५५ |
| अस्पताल- | ०८९४३०१८८ |
| एम्बुलेन्स | ९८१५५०९४३० |
| रेडक्रस एम्बुलेन्स | ०८९४३००४२, ९८६६७००२६४ |
| **कालिकोट** | |
| प्रहरी | ०८७-४४०११३, ९८५८३३५५५५ |
| **जुम्ला** | |
| प्रहरी | ०८७-५२००१३, ०८७-५२०११३ |
| शिक्षण अस्पताल | ०८७-५२०३५५, ५२००१५ |
| एम्बुलेन्स | ९७४८९४१६६६ |
| **दैलेख** | |
| जिल्ला प्रहरी कार्यालय | ०८९-४२०१२५,९८५८०१५५५५ |
| अस्पताल | ०८९-४१०१२७ |
| एम्बुलेन्स | ०८९-४१०१८५, ९८६८१६५६८२ |
| **पश्चिम रुकुम** | |
| जिल्ला प्रहरी कार्यालय | ०८८५३०१८७ |
| जिल्ला अस्पताल | ०८८५३०२४७, ०८८५३०११५ |
| एम्बुलेन्स | ९८०९८५८९८५ |
| **हुम्ला** | |
| प्रहरी | ०८७-६८००३/ ०८७६८००९९ |
| अस्पताल | ०८७-६८००२४ |
| विमानस्थल | ९८५१०७३०५९ |
| **डोल्पा** | |
| जिल्ला प्रहरी कार्यालय | ०८७-५५००५५, ९८५८३०५५५५ |
| **मुगु** | |
| प्रहरी | ०८७-४६००९९ |
| अस्पताल | ०८७-४६०१३० |
| एम्बुलेन्स | ९८४८३२१६६६ |
| **सल्यान** | |
| प्रहरी | ०८८-५२००७०, ९८५७८४५५५५ |
| अस्पताल | ०८८-५२००८२ |
| एम्बुलेन्स/रेडक्रस | ९८४७८३२४३८/०८८-५२०००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# ओलाङचुङगोला, एउटा छुट्टै संसार

स्थानीयले तीन करोड जुटाएर गाउँलाई चिनियाँ नाका जोड्न बाटो बनाएका छन् । यता सदरमुकाम वा मुलुककै अन्य जिल्लाबाट यहाँसम्म पुग्न बाटो बनेकै छैन ।

■ **आनन्द गौतम** (ओलाङचुङगोला, ताप्लेजुङ)

कात्तिक अन्तिम साता । पछाडिपट्टि भिर्ने झोला बोकेका दोर्जे भोटे दाहिने हातले पर्यटकले टेक्ने लौरो टेक्दै ओलाङचुङगोलाको बस्तीबाट अगाडि बढ्दै थिए । होचो कदका उनले पाइन्टको पेटिघरमा सानो क्यासेट झुन्ड्याएका थिए । त्यो क्यासेटमा नेपाली भाकाको गीत घन्किरहेको थियो ।

बस्तीबीच एकजना महिला घाम तापेर बसेकी थिइन् । दोर्जेले उनलाई सलाम गरे, हात मिलाए र आफ्नै भाषामा कुरा गर्दै अघि बढे । केही पर पुग्दा युवाहरूको अर्को समूह थियो । त्यहाँ पनि सबैसित हात मिलाए, एकैछिन भलाकुसारी गरे र फेरि अघि बढे । करिब ११ बजेतिर बस्तीको छेउमा ठूलै जमात घाम तापेर बसेको थियो । त्यहाँ पनि दोर्जेले सबैलाई एकमुष्ट सलाम गरे ।

सबै जना गलल हाँसे र उनीसित कुराकानी गर्न थाले । त्यसपछि दोर्जे आफैंले घन्काएको क्यासेटको गीतको भाकामा करिब तीन मिनेट नाचे । बररर ताली पाएका उनी त्यसपछि भने सबैसित बिदाइको हात हल्लाउँदै मुस्कानसहित आफ्नो गन्तव्यतर्फ लागे ।

दोर्जे तिनै हुन्, जसले संघीय संरचनाअघि यहाँको निर्वाचित वडाध्यक्ष भएर जनप्रतिनिधिको भूमिका निर्वाह गरिसकेका छन् । अहिले भने कहिले ओलाङचुङगोला, कहिले मौवाटार त कहिले टिप्ताला भन्ज्याङमा चौंरीसँगै गोठमा समय बिताउँछन् । त्यो दिन पनि उनी झन्डै एक दिनको पैदलमा रहेको मौवाटारको गोठमा हिँडेका थिए । घर आएका दोर्जे गाउँलेहरूसँग बिदा हुँदै आफ्ना चौंरी, याक स्याहार्न फर्कंदै थिए ।

ताप्लेजुङको उत्तरी दिशामा रहेको ओलाङचुङगोला आफ्नै विशेषतामा रमेको बस्ती हो । सदरमुकाम फुङलिङबाट गाडी र पैदल गरेर पूरै दुई दिनको यात्रामा पुगिने यो बस्तीमा हिउँदमा सबै बासिन्दालाई देख्न बिहान १० देखि १२ बजेको समयमा मात्रै सम्भव हुन्छ । किनभने त्यसबेला घाम ताप्न घर बाहिर निस्कन्छन् । ३२ सय मिटर उचाइको चिसो बस्तीमा हिउँदको घाम सबैलाई प्यारो हुने नै भयो ।

अरूबेला पुरुषहरू चौंरीगोठ र घाँसदाउरामा लाग्छन् भने महिला घरधन्दा गर्दै गलैंचा बुन्छन् । खेतीपाती नभएको यहाँको मुख्य आम्दानीको स्रोत पनि यही नै हो । चौंरीको दूधबाट छुर्पी बन्छ भने यसको चम्मर पनि बिक्छ । यसलाई भारी बोकाएर पनि आम्दानी लिइन्छ । बुढो हुँदै गएपछि बिक्री हुने एउटा चौंरीको बजार मूल्य अहिले ८० हजारदेखि एक लाख रुपैयाँसम्म छ । यो चीनको तिब्बतमा बिक्री हुन्छ । गोठबाट बिक्री केन्द्रसम्म हिँडाएरै लैजानुपर्छ ।

ओलाङचुङगोलामा बुनिने गलैंचा पनि चीनमै बिक्री हुन्छ । प्रतिगोटा १६ हजारसम्ममा बिक्री हुने गलैंचाका लागि बजारको कुनै समस्या छैन । यिनैको आम्दानीबाट यहाँका बासिन्दाले खाद्यान्नलगायतका वस्तु खरिद गरेर दैनिकी चलाउँछन् । चीन नजिकमा भएकाले खाद्यान्नलगायतका धेरै वस्तु उतैबाट ल्याइन्छ । यो बस्ती ताप्लेजुङ सदरमुकामबाट २८ कोसको दूरीमा पर्छ । भोटे, शेर्पा र वालुङ जातिको मात्रै ६६ घरमा ५६ परिवार बसोबास छ । यो सीमावर्ती नेपाली बस्ती हो । नेपाली बजार टाढा भएकाले कारोबार पारि नै बढी हुने वडाध्यक्ष छेतेन शेर्पा भोटे बताउँछन् । जनगणना २०६८ अनुसार यहाँको जनसंख्या २ सय ७६ हो । पुरुषको तुलनामा महिला चार जना बढी थिए गणनाताका । १ सय ४० महिला र १ सय ३६ पुरुष रहेको तथ्यांक छ ।

संघीय संरचनाअनुसार फक्ताङलुङ गाउँपालिका-७ मा पर्ने यहाँ दुइटा मात्रै बस्ती छन् । दिकिछ्योलिङ गुम्बासँगै रहेको ओलाङचुङगोला र यहाँबाट एक दिनको पैदलमा रहेको याङमा अर्को बस्ती हो । याङमामा १७ घर छन्, ११ परिवारको बसोबास छ । याङमा गोलाभन्दा एक हजार मिटर बढी अर्थात ४२ सय मिटर उचाइमा छ । यसअघि जोङिगनमा पनि तीन परिवारको बसोबास थियो । यो गोलाभन्दा तलको बस्ती हो । तर पटक-पटकको चोरीपछि त्यहाँका सबै परिवार ओलाङचुङगोलामा बसाइँ सरेको स्थानीय बताउँछन् ।

आफ्नै विशेषताको यो बस्तीमा झगडा भएको निवेदन अहिलेसम्म प्रहरीकहाँ परेको छैन । जात्रा, पर्वमा पनि शान्तिसुरक्षा खलबलिएला भनेर प्रहरीले चिन्ता गर्नुपर्दैन । त्यसैले २५ जनाको दरबन्दी रहेको प्रहरी चौकीमा हमेसा पाँच/सात जना भन्दा बढी हुँदैनन् । हरेक परिवार घरको दोस्रो तलामा बस्छन् । पहिलो तलामा घाँस, दाउरा राख्ने, पशुचौपाया बाँध्ने गरिन्छ । व्यापारीहरूले पहिलो तलामा बेचबिखनका सामान पनि राखेका छन् । पाहुनालाई पनि दोस्रो तलामै सुताइन्छ । यहाँका कुनै पनि घरमा तेस्रो तला छैन । अहिले दुइटा छुट्टै पाहुनाघर पनि बनाइएको छ । पकाउने, खाने, सुत्ने दोस्रो तलामा हुन्छ ।

यहाँका ९५ प्रतिशत घर काठका छन् । सबै जना आआफ्नै काममा व्यस्त हुने र विवाद गर्नुपर्ने विषय नभएकाले पनि झगडा नभएको फक्ताङलुङ गाउँपालिकाका प्रवक्तासमेत रहेका गोलावासी छेतेन वालुङ बताउँछन् । ओलाङचुङगोलामा बस्ती कहिलेदेखि सुरु भयो भन्ने स्थानीय बताउन सक्तैनन् । इतिहासका खोजकर्ता ग्युर्मे नुर्बो (बिचारी) का अप्रकाशित टिपनका अनुसार ओलाङचुङगोलाको प्राचीन इतिहास ईसाको आठौं शताब्दीको मध्यबाट सुरु हुन्छ । ईसाको नवौं शताब्दीको मध्यमा यो ठाउँमा प्राचीन किराँतीहरूको बसोबास थियो ।

पछि उत्तर भोटबाट तिब्बती मूलका भोटे जातिका मानिस आई बसोबास गर्न थालेपछि किराँती देश नेपाल र तिब्बतबीच व्यापारिक कारोबार सुरु भएको इतिहासको खोज गर्ने गोपीकृष्ण अधिकारीको लेखमा उल्लेख छ । तिब्बती मूलका मानिसहरू यहाँ आएर बस्न थालेपछि नेपाल र तिब्बतबीच व्यापारिक कारोबार सुरु भएको पाइन्छ । ग्युर्मेका अनुसार भोटबाट ओलाङचुङगोला आएका भोटेहरूले नेपालबाट चामल, मकै र कोदोलगायत अन्न लैजान्थे । गलैंचाका रङ बनाउने खयर, मजिठो र रूखका बोक्रा पनि भोट लैजान्थे ।

भोटबाट गलैंचा, पाखी, चुटुक, कपडाको कम्बल, घोडा र च्याङग्रा जस्ता वस्तु ल्याउँथे । भोटको घोडा भारतका विभिन्न सहरमा लगेर गोलाकै व्यापारीले बिक्री पनि गर्ने गरेको उल्लेख छ । पुरातन कालमा गोला नेपाल र भोटबीच व्यापार गर्ने ठूलै व्यापारिक केन्द्र थियो ।

ओलाङचुङगोलाको नाम ओलुङ भन्ने शब्दबाट अपभ्रंश भएको इतिहाससम्बन्धी लेख पाइन्छ । तिब्बतबाट तीर्थयात्रीहरू नेपाल आउने क्रममा बाटो भुलेर अलपत्र परे । त्यहीबेला न्याउरी मुसा जस्तो जनावरले अघि अघि हिँडेर बाटो देखाएकाले यसको नाम ओलुङ राखिएको ग्युर्मेको टिपोटमा उल्लेख भएको अधिकारीले आफ्नो लेखमा उल्लेख गरेका छन् । यही अपभ्रंश भएर ओलाङचुङगोला भएको हो ।

पहिला यहाँ मगर थरका राजाले पनि राज्य गरेको भन्ने पनि कतिपय पुस्तकमा उल्लेख छ । नेपाल सरकारले भने नेपाल एकीकरणपश्चातमात्रै वालुङको अस्तित्वबारे थाहा पाएको हो । वि.सं. १८९८ मा तत्कालीन राजा राजेन्द्रविक्रम शाहले सोनाम भोटियालाई गाउँको मुख्य मानिसको जिम्मेवारी दिएका थिए । उनलाई 'गोवा' को उपाधि दिइएको सन् १८४८ मा गोला पुगेका बेलायती वनस्पतिविद् डा. हुकरले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् ।

हुकरले लामो समयसम्म यहाँ बसेर अध्ययन गरेका थिए । गोबांगी प्रथा यो क्षेत्रका पाँच गाउँमा सञ्चालन भएको चीनका लागि नेपालको पूर्ववाणिज्यदूत ताम्ला उक्याव बताउँछन् । उनका अनुसार वलाङचुङ, याङमा, ग्याब्ला, घुन्सा र लेलेपमा गोबांगी प्रथा थियो । आफ्नो क्षेत्रका जनताका लागि दण्डकुण्ड, सजाय, मुद्दामामिला मिलाउने जिम्मेवारी गोवालाई थियो । परेका बेला सरकारलाई सहयोग गर्नुपर्ने, तिरो उठाई सरकारलाई बुझाउनुपर्ने, सरकारको प्रतिनिधि भई काम गर्नुपर्ने जस्ता जिम्मेवारी गोवालाई थियो । गोवाले काजी, बिचारी, कारबारी, नाइके र मझियामार्फत शासन गरेका थिए ।

**मुख्य नाका टिप्ताला भन्ज्याङ**

टिप्ताला भन्ज्याङ नेपाल र चीनको तिब्बत जोड्ने मुख्य नाका हो । थिपथलाबाट अपभ्रंश भई टिप्ताला भएको हो । स्थानीय भाषामा थिप भनेको ओझेल र थला भनेको ठाउँ हो । घामको ओझेलमा पर्ने भएकाले स्थानीयले थिपथला नाम राखेको पाइन्छ ।

५३ सय मिटर उचाइमा रहेको यो भन्ज्याङले नेपाल र चीनलाई जोडेको छ । यहाँबाट सुरु भएर ओलाङचुङगोलाको बस्ती हुँदै बहने तमोर नदी सप्तकोसीमा मिसिन्छ । तमोर नदीको पूर्वपट्टि रहेको बस्ती ओलाङचुङगोला हो भने यसको मुख्य नाका टिप्ताला भन्ज्याङ । यहाँ पैदल हिँडेर एक दिनमा नाका पुगिन्छ । अहिले भने नाकादेखि बस्तीसम्म मोटरबाटो पुगेको छ । यसको दूरी २४ किलोमिटर छ ।

चिनियाँ अपरेटर स्वोलुङ र स्वफेले चलाएको एक्स्काभेटरले ट्र्याक खोलेर बस्तीसम्म सडक पुर्‍याइएको हो । उनीहरूले तीन महिनाको प्रयासमा यो सडक खोलेका थिए । चीनको राजधानी बेइजिङ नजिकको सान्दाङ नजिकबाट ल्हासा, डिङजे र रिउ हुँदै आएका उनीहरूले २ सय ४० सीसी क्षमताको मेसिन चलाएर सडक खोलेका हुन् । तीनवटा मेसिन लगाएर खोलेको सडकको डोजर भने तिब्बतका चोन्दे भोटेले चलाएका थिए । उनीहरूलाई काम लगाउने, निगरानी गर्ने काम चिनियाँ ठेकेदार कम्पनीका नेनेले गरेका हुन् ।

चीनसँगको व्यापारिक सम्बन्ध विस्तार गर्न र ओलाङचुङगोला नाकालाई सडक सञ्जालले जोड्न यहाँका बासिन्दा स्वयंले सडकमा लगानी जुटाएका हुन् । ओलाङचुङगोलामा जन्मेर अमेरिका, बेलायत, काठमाडौंलगायत स्थानमा गएर बसेकाहरूको संस्था वालुङ समाजले संकलन गरेको करिब तीन करोड रुपैयाँ सडक निर्माणमा खर्च गरिएको हो । तत्कालीन ओलाङचुङगोला गाविसले ४२ लाख र सांसद विकास कोषको १० लाख पनि सडक निर्माणमा लगाएको थियो । फक्ताङलुङ गाउँपालिकाले पनि स्तरोन्नतिमा लगानी गर्‍यो ।

सडक निर्माणका लागि नेपाल सरकारले चीनसँग मेसिन भाडामा मागिदिएको थियो । भौतिक योजना तथा निर्माण मन्त्रालयले परराष्ट्र, परराष्ट्रले चिनियाँ दूतावासलाई मेसिनका लागि अनुरोध गरेको थियो । त्यही अनुरोधपछि चीनले भाडामा मेसिन र जनशक्ति दिएको हो । सडक निर्माणपछि चीनको गाडी भने गोलाको बस्तीसम्म आएर फर्कने गरेको छ । तर गोलाका बासिन्दाले भने आफ्नो गाडी नकिनेका कारण नेपाली यातायात छैन ।

सदरमुकाम फुङलिङबाट विस्तार भएको सडक लेलेपको लुङथुङमा पुगेको छ । गोलाबाट पनि जोगिनतर्फ विस्तार भइरहेको छ । उत्तर-दक्षिण लोकमार्ग आयोजनाका प्रमुख राम गुरुङका अनुसार अब १४ किमि ट्र्याक खुल्न बाँकी छ । सडक निर्माण सुरु भएको आठ वर्ष भएको छ ।

काठमाडौंको एलाइट निर्माण कम्पनीले सडक विस्तारको काम गरिरहेको छ । प्रतिनिधिसभा सदस्य तथा संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराई यो सरकारको प्राथमिकताको सडक भएको बताउँछन् । यसका लागि बजेटको समस्या नहुने उनको दाबी छ ।

यो सडक निर्माण सम्पन्न हुँदा तमोर करिडोरको पनि ट्र्याक खोल्ने काम सकिनेछ । तमोर करिडोर निर्माण पूरा हुँदा टिप्ताला भन्ज्याङदेखि विराटनगरको रानी भन्सारसम्मको दूरी २ सय ७० किमिमात्रै हुने उत्तर-दक्षिण लोकमार्ग आयोजनाका पूर्वप्रमुख कुबेर नेपाली बताउँछन् । दुई वर्षसम्म ताप्लेजुङमा बसेर काम गरेका उनले तमोर करिडोर र लोकमार्ग दुवैको योजना बनाएका थिए ।

नेपालीका अनुसार यो सडक निर्माण भएर सञ्चालनमा आएपछि नेपाल-भारत र चीनको त्रिदेशीय नाका जोड्ने यो सबैभन्दा छोटो दूरीको सडक हुनेछ । विराटनगरदेखि जोगबनीको दूरी लामो नभएकाले त्रिदेशीय छोटो बाटो हुने उनको बुझाइ छ । हाल निर्माणाधीन सुकेटार-काँकडभिट्टा सडकको दूरी पनि २ सय ४० किलोमिटर मात्रै छ । अझ आगामी आर्थिक वर्षका लागि मेची राजमार्गको यो सडक व्यवस्थित गराउन सरकारले ९२ करोड बजेट छुट्ट्याएको छ । सडक सञ्चालनमा आएपछि नुनदेखि सुनसम्म तिब्बतबाट ल्याउन सकिने र नेपालका जडीबुटीदेखि तरकारीलगायतका वस्तु निर्यात गर्न सकिने उद्योग वाणिज्य संघका अध्यक्ष तारानाथ घिमिरे बताउँछन् ।

काँकडभिट्टाबाट फूलबारी बन्दरगाहको बाटो भएर जोडिने भएकाले बंगलादेशसँगको कारोबार पनि नजिकैबाट हुनेछ । अझ भारतको सिक्किम जोडिन लागेको मध्यपहाडी लोकमार्गको चिवाभन्ज्याङ खण्ड नजिकबाट जोडिन्छ ।

**गैससले बढाए गतिविधि**

आगन्तुकको खासै आउजाउ नहुने यहाँ नेदरल्यान्ड विकास नियोग (एसएनभी) र कञ्चनजंघा संरक्षण क्षेत्र (केक्याप) को कार्यक्रम सुरु भएपछि बाहिरबाट पुग्ने बढ्न थालेको स्थानीय बताउँछन् । डोङगा शेर्पाका अनुसार एसएनभीले विद्यालय भवन, पुल र बाटो बनाउने काममा सघायो । केक्यापले संरक्षणसम्बन्धी तालिम र गोष्ठी गर्‍यो ।

संरक्षण क्षेत्रले यहाँका बासिन्दालाई बाहिर घुम्न लैजाने, बाहिरबाट यहाँ घुम्न ल्याउनेजस्ता गतिविधि गरेपछि गोलाका बासिन्दालाई हामी पनि नेपाली हौं भन्ने आभास भएको डोङगा बताउँछिन् । प्रजातन्त्र प्राप्तिपछि किपा शेर्पाले गाविस अध्यक्ष जितेर महिलाले नेतृत्व गर्नसक्ने पुष्टि गरेकी थिइन । अहिले भने उनी काठमाडौं बस्छिन् । यहाँको पीडा भनेको एउटाबाट अर्को बस्तीमा पुग्न पूरै एक दिन लाग्छ । नजिकको बस्ती भेट्न याङमा, लेलेपको इलाडाँडा या चीनको रिउ पुग्नुपर्छ ।



ताप्लेजुङबाट चिनियाँ नाका नजिकको ओलाङचुङगोलाको बस्ती ।

*तस्बिर : आनन्द/कान्तिपुर*

# जो बेलायत गएनन्

■ **आश गुरुङ** (लमजुङ)


सन् १९३९ बाट विश्वयुद्ध भयो । विश्वयुद्ध हुनुअगावै बखानसिंह गुरुङ सन् १९३४ मा बेलायती सेनाको गोर्खाली समूहमा अनुबन्धित भइसकेका थिए । बेलायती गोर्खा सैनिकमा रहेर १५ वर्ष सेवा गरेका उनले विश्वयुद्धका ६ वर्ष गोला, बम र बारुदका साथ बहादुरीपूर्वक लडे । त्यसपछि बेलायतमै बसेर बेलायती सरकारको सेवा गरे । बेलायत सरकारले उनलाई गाँस, बास र कपासको व्यवस्था गर्‍यो । उनले पाउने पेन्सन छँदै छ । तर उनी बेलायत बसेनन् । आफ्नै गाउँघर फर्के । नेपाली गाउँघरमै बस्दै आएका १ सय ३ वर्षीय गुरुङको सोमबार मध्यरातमा आफ्नै घर मर्स्याङदी गाउँपालिका-७ ताङलीचोकमा निधन भएको छ ।

**विदेशमा बस्न पाउने सुविधा छाडेर गाउँ फिरेका बखानसिंहलाई गाउँलेले सम्झिरहने छन् ।**

कान नसुन्ने समस्या रहेका उनी केही दिनयता बिरामी रहेको उनका नाति सरोजले बताए ।

१९७३ कात्तिक ९ मा जन्मिएका बखानसिंहले बेलायती सेनाका १/६ जीआर पल्टनमा रहेर काम गरे । उनले मलाया (मलेसिया), बर्मा (म्यानमार), भारत, पाकिस्तान, सिंगापुरलगायत देशमा बेलायतका तर्फबाट लडेका थिए । बर्मामा उनले 'बर्मा स्टार वार मेडल' प्राप्त गरे । बेलायत सरकारले विश्वयुद्ध लडेबापत उनलाई विभिन्न सम्मान दियो ।

उनका अर्का नाति नन्दराजका अनुसार बखानसिंहले गाउँघरको सेवा गरे । आफ्नो जग्गा विद्यालयमा दान गरे । आएको पेन्सनले विद्यालयमा अक्षयकोष स्थापना गरे । 'प्राय: बेलायती सेना बेलायतमै बसेका छन् । बाजे बेलायत बस्नुभएन । आफ्नै जन्मभूमिमा सास छाड्नुभयो,' उनले भने ।



बखानसिंह गुरुङ

गाउँकै तराँचेस्थित महेन्द्रदेव माविका प्रधानाध्यापक सोमबहादुर भण्डारीका अनुसार बखानसिंह विद्यालयका वरिष्ठ आजीवन सदस्य र भूमिदाता हुन् । विद्यालयलाई उनले ११ आना २ पैसा २ दाम जग्गा प्रदान गरेका थिए । आर्थिक सहयोग पनि गर्दै आएका थिए । आफ्नो गाउँमा मात्रै नभएर मर्स्याङदी गाउँपालिका-६, नाइँचेस्थित नयाँ ज्योति आधारभूत विद्यालयमा १ लाख २२ हजार १ सय ११ रुपैयाँको 'बखानसिंह अक्षय कोष' स्थापना गरेको नन्दराजले जानकारी दिए ।

बखानसिंहका ५ भाइ छोरा र एकजना छोरी छन् । नातिनातिना मात्रै १३ जना छन् । पत्नी शिरकुमारीको भने ५ वर्षअघि निधन भइसकेको छ । बखानसिंहको निधनले गोर्खालीको जिउँदो इतिहासको अवसान भएको पूर्वसांसद जमिन्द्रमान घलेले बताए ।






**चिनाउँदै नेपाल**
अनुष्का लन्डनमा । ११

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
# कान्तिपुर
ekantipur.com
सातै प्रदेशबाट एकैसाथ प्रकाशित

**उसुले पनि दिलायो पदक**
नेपालको पोल्टामा २३ स्वर्ण



वर्ष २७ अंक २८३ गोदावरी | १८ मंसिर २०७६ | बुधबार मार्ग शुक्लपक्ष अष्टमी | नेपाल संवत् ११४० | सुदूरपश्चिम प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Wednesday, December 4, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ

# १ मिलि सेकेन्डले स्वर्ण

■ **ध्रुव तुलाधर र हिमेश** (काठमाडौं)

एथलेटिक्स खेलै पुरानो । यसलाई 'फादर अफ स्पोर्ट्स' मानिन्छ । यही एथलेटिक्समा सन्तोषी श्रेष्ठले मंगलबार स्वर्णपदक जितेर इतिहास रचेकी छन् । १३ औं दक्षिण एसियाली खेलकुदमा प्राप्त यो उपलब्धिले उनी एथलेटिक्समा नेपालका लागि पहिलो अन्तर्राष्ट्रिय स्वर्ण जित्ने महिला खेलाडी भएकी हुन् ।

सन्तोषीले दशरथ रंगशालाको ट्र्याकमा १० हजार मिटर दौडमा त्यो सफलता हासिल गरेकी हुन् । उनले एक मिलिसेकेन्डले मात्र भारतीय प्रतिद्वन्द्वी कविता यादवलाई पछाडि पारिन् । सन्तोषीको टाइमिङ निस्कियो ३५ मिनेट ०७.९४ सेकेन्डको । कविताको टाइमिङ थियो ३५ मिनेट ०७.९५ सेकेन्ड । एक मिलिसेकेन्ड भनेको त्यति थोरै समय हो, जुन एक सेकेन्डलाई हजार भाग लगाउँदाको एक भाग हो । अर्थात्, हजार मिलिसेकेन्ड बराबर एक सेकेन्ड हुन्छ । 'फोटो फिनिस' (यति नजिक कि अन्तिम रेखा पार गर्दा शरीरको भागबाट गरिनुपर्ने मूल्यांकन) कै रूपमा उनले बाजी मार्दै इतिहास कोरेकी हुन् । एक मिलिसेकेन्डले जीवनमा के अर्थ राख्ला ? यही एक मिलिसेकेन्डले सफलता चुमेकी सन्तोषीले सुनाइन्, 'टाइम म्यानेजमेन्टमा धेरै कमजोर हुँ । रनिङमा लागेपछि एक मिलिसेकेन्ड पनि कति महत्त्वपूर्ण छ भन्ने बुझ्न थालेकी छु ।'

> एथलेटिक्समा नेपालका लागि पहिलो अन्तर्राष्ट्रिय स्वर्ण जित्ने महिला बनिन् सन्तोषी

तेस्रो भएकी श्रीलंकाली निलान्थी लंकाले ३५ मिनेट ५९.०२ सेकेन्डमा दूरी पार गरेकी थिइन् । सात प्रतिस्पर्धीमा नेपालकी विश्वरूपा बुढा (३८.२४.०३) छैटौं स्थानमा रहिन् । सन्तोषीले जितेको यो स्वर्णपदक धेरै अर्थमा विशेष रह्यो ।

**बाँकी पृष्ठ १५ ▶▶**



**दशरथ रंगशालामा मंगलबार १० हजार मिटर दौड पूरा गर्दै सन्तोषी श्रेष्ठ (बायाँ) र भारतकी कविता यादव ।**

*तस्बिर : केशव थापा/कान्तिपुर*

# प्रत्यारोपण कम्तीमा दुई महिनापछि

'कमजोर मिर्गौलाले शल्यक्रिया, संक्रमण आदि जटिलता झेलेकाले नियमित डायलसिसमा जानुपर्ने हुन सक्छ'

■ **अतुल मिश्र** (काठमाडौं)

प्रधानमन्त्री केपी शर्मा ओलीको मिर्गौला प्रत्यारोपण दुईदेखि चार महिना पछि सर्ने भएको छ । अघिल्लो मंगलबार आकस्मिक रूपमा एपेन्डिसाइटिसको शल्यक्रिया गर्नुपरेकाले मिर्गौला प्रत्यारोपणको समय धकेलिएको चिकित्सकले बताएका छन् । 'मिर्गौला प्रत्यारोपण गर्न शल्यक्रिया गरिएको ठाउँको घाउ निको हुनुपर्छ । संक्रमण पूर्ण नियन्त्रणमा हुनुपर्छ । अहिलेकै स्थितिमा जोखिम हुन्छ,' वरिष्ठ मिर्गौला रोग विशेषज्ञ डा. ऋषि काफ्लेले भने ।

एपेन्डिसाइटिससहित पेरिटोनाइटिस (पेटको संक्रमण) समेत देखिएपछि मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरमा प्रधानमन्त्रीको शल्यक्रिया गरिएको हो । स्वास्थ्यमा निरन्तर राम्रो सुधार भए दुईदेखि चार महिनापछि प्रधानमन्त्रीको मिर्गौला प्रत्यारोपण गर्न सकिने डा. काफ्लेको भनाइ छ । यसअघि गत शुक्रबार प्रधानमन्त्रीकी निजी चिकित्सक डा. दिव्यासिंह शाहले पत्रकार सम्मेलनमा प्रधानमन्त्रीको मिर्गौला प्रत्यारोपणमा हतार गर्नुपर्ने अवस्था नरहेको बताएकी थिइन् । अनुकूल समय पारेर प्रत्यारोपण गरिने उनको भनाइ थियो ।

मिर्गौला प्रत्यारोपणका क्रममा अर्को मिर्गौला राख्न सक्ने ठाउँ ठीक हुनुपर्ने डा. काफ्ले बताउँछन् । 'पेटको संक्रमणले प्रधानमन्त्रीको आन्द्रा वरिपरिको झिल्लीमा कस्तो प्रभाव पारेको छ,' उनले भने, 'त्यसले शल्यक्रियाको जटिलतासमेत निर्धारण गर्छ ।' पछिल्लो समय चिकित्सकले छिटोछिटो डायलसिस गरिरहेका छन् । आइतबारसम्म ६ दिनमा ४ पटक डायलसिस गरेका थिए । प्रधानमन्त्री ग्रान्डी हस्पिटलमा रहेका बेला भने २६ दिनमा ४ पटक डायलसिस गरिएको थियो ।

जटिल शल्यक्रिया, संक्रमण, शरीरमा फोहोर बढी जम्मा हुनु आदि कारणले प्रधानमन्त्रीको मिर्गौलामा परेको भार घटाउन डायलसिस गरिरहनुपरेको चिकित्सकको भनाइ छ । 'अहिलेको जटिल शारीरिक समस्याले मिर्गौला कमजोर नपारेको भए फाट्टफुट्ट गरिएको डायलसिसले काम गर्थ्यो,' डा. काफ्लेले भने ।

पछिल्लो शल्यक्रिया गर्नुअघिकै अवस्थामा प्रधानमन्त्रीको मिर्गौला रहिरहेमा डायलसिसको संख्या घटाउन सकिने डाक्टरहरू बताउँछन् । अन्यथा निरन्तर डायलसिसमा जानुपर्ने स्थिति आउने उनीहरूको भनाइ छ ।

पत्रकार सम्मेलनमा गत शुक्रबार डा. रमेशसिंह भण्डारीले प्रधानमन्त्री अस्पताल आउँदा धेरै बिरामी रहेको र शल्यक्रियापछि संक्रमणको असर पेट र रगतमा समेत परेको बताएका थिए । तर पछिल्लो समय प्रधानमन्त्रीको स्वास्थ्यमा सोचेभन्दा बढी राम्रो सुधार देखिएको उनको भनाइ छ ।



सूर्य थापाको फेसबुकबाट

**अस्पतालबाटै सरकार र दल चलाउँदै** | पृष्ठ ३

# मोडिन नसक्दा जिप खस्यो, १४ को मृत्यु

बागलुङ (कास)- कुलपूजाका लागि हिँडेका यात्रुले खचाखच जिप घुम्तीमा मोडिन नसकी खोलामा खस्दा १४ जनाको मृत्यु भएको छ । गुल्मीको इस्मा गाउँपालिकाबाट बागलुङको निसीखोला गाउँपालिकाको देवीस्थानतर्फ जाँदै गरेको ग१ज ५२१९ नम्बरको जिप बडिगाड गाउँपालिकाको भीमगिठेमा मंगलबार बिहान खसेको हो । सडक छेउमा गाडिएका ४ पिल्लर भाँचेर जिप दुई सय मिटर तल खसेको थियो । एक यात्रुलाई खोलाले बगाएको छ भने ३ जना घाइते छन् ।

प्रहरी नायब उपरीक्षक झवीन्द्रप्रसाद भट्टराईका अनुसार १८ यात्रु रहेको जिप बढी भार, तीव्र गति र स्टेयरिङको खराबीका कारण दुर्घटनामा परेको अनुमान छ । धेरै यात्रु चढाएको देखेपछि बडिगाड-४ स्थित खार प्रहरी चौकीले जिप रोकेर ८ जनालाई झारेको थियो ।

'उनीहरू हिँडेको १० मिनेटमै जिप खोलामा खसेको खबर आयो,' स्थानीय कमल पौडेलले भने, 'प्रहरीको सक्रियताले थप ८ जनाको ज्यान बच्यो ।' मृतकमध्ये ९ महिला, ४ पुरुष र एक बालिका छन् ।

मृत्यु भएकामा इस्मा गाउँपालिका-४ की ३० वर्षीया सूचना कार्की, ४० वर्षीया सीता कार्की, उनकी २ वर्षीया छोरी अनुशा, ६५ वर्षीय झवि कार्की, २५ वर्षीया मीना बस्नेत र ६५ वर्षीय धनबहादुर कार्की छन् । यस्तै बागलुङ बडिगाड-५ की ५५ वर्षीया लक्ष्मी केसी, इस्मा-५ की वसुन्धरा कार्की, इस्मा-३ की २३ वर्षीया माया थापा, पश्चिम नवलपरासी बर्दघाट नगरपालिका-२ की ६० वर्षीया मुमा कार्की र सीता कार्कीको पनि मृत्यु भएको छ ।

**बाँकी पृष्ठ १५ ▶▶**



# स्थानीय तहमा छैनन् ओभरसियर

डोटी (कास)- डोटीको पाटेसरा-मुडेगाउ-जल्पु सडक उपभोक्ता समिति अध्यक्ष राम लुहारले गत वर्ष केही महिना निकै तनाव झेले। उनलाइ शिखर नगरपालिकाले विनियोजन गरेको बजेटबाट ट्र्याक खोल्न प्राविधिकबाट लाइन पाउन झन्डै ३ महिना कुर्नुपर्‍यो। ३ महिनापछि बल्ल नगरपालिकाका ओभरसियर अमर रावत उक्त सडकको स्टिमेटसहित आए।

उता शिखर लेक जाने सडकको काम सकिसके पनि अन्तिम मूल्यांकन उठाउन प्राविधिक जान नसक्दा उपभोक्ता समिति अध्यक्ष टंक शर्मा तनावमा परे। असारमा आएर मात्र उनले प्राविधिक लगेर निर्माण कार्यको मूल्यांकन गराइ भुक्तानी लिए। 'नगरपालिकामा एउटै मात्र प्राविधिक छन्, कहिले कुनै योजनामा छु भन्छन् कहिले कतै,' उपभोक्ता समिति अध्यक्ष शर्माले भने, 'प्राविधिकलाई मात्र कति दोष दिनु।'

शिखर नगरपालिकाले बजेटमा व्यवस्था गरेका सबै योजनाहरू हेर्ने एउटै मात्र प्राविधिक कर्मचारी हुँदा सेवाग्राहीले सास्ती पाएका छन्। नगरपालिकाले चालु आवका लागि सडक, खानेपानी, सिँचाइ र भवन निर्माणका गरी करिब २ सय बढी योजना बनाएको ओभरसियर रावतले बताए। ती सबै हेर्नुपर्ने दायित्व उनमा आएको छ। 'रातदिन खटिएर पनि एक्लैले सबै योजनाको सुपरिवेक्षण गर्न सकिँदैन,' उनले भने, 'एउटा योजनामा कम्तीमा दुईपटक अनिवार्य पुग्नुपर्छ।' उनी केही दिन ढिलो-चाँडो भए पनि आफू फिल्डमा गएरै काम गरिरहेको दाबी गर्छन्। 'टाढाका र साना योजनामा सुरुको स्टिमेट र लाइन दिन गएकै छु, त्यसपछि अन्तिममा काम गरेको अन्तिम मूल्यांकनका लागि पुगेकै छु,' उनले भने।

नगरपालिकाले सडकतर्फ २ करोड ८२ लाख विनियोजन गरेको छ। ११ वडाहरूमा ५० लाखका दरले रकम छुट्याएको छ। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत धर्मराज बिनाडी प्राविधिक कर्मचारी नहुँदा कार्यसम्पादनमा समस्या भइरहेको स्विकार्छन्। 'वडा सचिव र प्राविधिक नभएर काम सहज भएको छैन,' बिनाडीले भने, 'वडा चलाउन बढी समस्या छ।' गत वर्ष नगरपालिकाले ओभरसियर रावतले काम भ्याउन नसकेपछि ज्यालादारीमा १ इन्जिनियर र १ ओभरसियरको सहयोग लिएर काम सकेको थियो। यद्यपि नगरपालिकामा एक इन्जिनियर, २ ओभरसेयरको दरबन्दी छ। डोटीका अधिकांश स्थानीय तहले प्राविधिक कर्मचारी कमी भएपछि करारमा नियुक्त गरी राखेका छन्। कतिपय स्थानीय तहमा प्राविधिकहरू फिल्डमा नगएर कार्यालयमै बसी स्टिमेट गर्ने गरेको आरोप छ। न्यून गुणस्तर, काल्पनिक डिजाइनले गर्दा योजनाहरू दीगो र भरपर्दो नहुने गरेको उपभोक्ताहरू बताउँछन्। शिखर नगरपालिका कालागाडकी लक्ष्मी बोगटीले प्राविधिक र उपभोक्ता समितिका पदाधिकारीको मिलेमतोमा कम गुणस्तरको काम गरी आर्थिक हिनामिना हुने गरेको आरोप लगाइन्।

शिक्षक वीरबहादुर कठायत नियमित सुपरिवेक्षण र अनुगमन बढाउन पर्याप्त प्राविधिहरू हुनुपर्ने बताउँछन्। शिखर नगरपालिका प्रमुख सीताराम जोशी भने हेर्दा प्राविधिक कर्मचारी एकजना मात्रै देखिए पनि यथार्थमा त्यसो नभएको बताउँछन्। आवश्यक परेका बेला ज्यालादारीमा प्राविधिकहरू झिकाएर काम गरिरहेको उनले बताए। 'यो वर्ष लोकसेवाबाट पास भएका इन्जिनियर ओभरसियर आउँदै छन्,' जोशीले भने।



डोटीको दुर्गम मानिने बडीकेदार गाउँपालिकाको खड्यौलीमा ढिँडो पकाउँदै गरेकी महिला। नजिकै सुकाएको माछा पनि राखिएको छ। माछाको झोलसँग ढिँडो अत्यन्त स्वादिलो हुन्छ। पछिल्लो समय गाउँघरमा ढिँडो खाने चलन हराउँदै गए पनि सहरका स्तरीय होटेलमा ढिँडो महँगोमा बिक्री हुने गरेको छ। *तस्बिर : मोहन शाही/कान्तिपुर*

# लैंगिक हिंसाविरुद्ध एकजुट

■ **वसन्तप्रताप सिंह** (बझाङ)

छिमेकीका घरमा पतिले पत्नी कुटपिट गरिरहँदा पनि अर्काको झगडामा बोल्न हुँदैन भनेर चुप लागेर बस्ने ग्रामीण भेकका महिलाहरू हिंसाविरुद्ध एकजुट हुन थालेका छन्। अधिकारबारे सचेत हुन थालेपछि आफू पनि हिंसा नसहने र अरु माथि भएको हिंसाविरुद्ध पनि आवाज उठाउन थालेका छन्।

तल्कोट गाउँपालिका १, सुनिकोट गाउँका महिलाहरू हिंसाविरुद्ध अरु भन्दा अगाडी देखिएका छन्। महिलाहरू एकजुट हुन थालेपछि गाउँमा लैंगिक हिंसाका घटनाहरू पनि कम हुँदै गएको यहाँका महिलाको अनुभव छ। 'कसैले महिलामाथि हिंसा गरेको थाहा पाउनेबित्तिकै हामी सबै पुगेर सम्झाउने गरेका छौं,' स्थानिय सुन्दरी कुँवरले भनिन्, 'महिला एकजुट भएकाले होला। हत्तपत्त कसैले पनि यस्तो गर्ने आँट गर्दैनन्।'

उनले कसैले हिंसा गर्न लागेको थाहा पाए गाउँका महिला गएर सम्झाउने र चोटपटक लाग्ने गरी कुटपिट गरेको रहेछ भने पहिलो पटकलाई पीडितसँग माफी मगाउने, पटक-पटक त्यस्तै हर्कत दोहोर्‍याउनेलाई कारबाहीका लागि प्रहरी प्रशासनसम्म पुग्ने गरेको बताइन्।

उसो त महिनावारी भएका महिलालाई घरभित्रै राख्ने र खानामा विभेद नगर्ने गाउँको रुपमा पनि सुनिकोटले जिल्ला भरी आफ्नो परिचय बनाएको छ। महिनावारी हुँदा गाउँभन्दा ५/६ सय मिटर टाढा बनाइएका साँघुरो गोठमा बस्दै आएका उनीहरू छाउ भएको समयमा घरभित्रै बस्न थालेको २ वर्ष भन्दा बढी भैसकेको छ।

विभिन्न संघ संस्था, गाउँपालिका र वडा पालिकाको निरन्तरको प्रयास पछि यहाँका महिलाहरू सदियौंदेखिको अन्धविश्वास तोड्न सफल भएका हुन्। स्थानीय प्यारीदेवी बम्मले पहिला महिनावारी हुँदा घरको आँगन भन्दा ३ सय मिटर टाढा बस्नु पर्ने, पानीका धारा छुन नदिनेलगायत धेरै समस्या झेले पनि अहिले आफ्नी बुहारी र छोरीलाई घरभित्रै बसाल्ने गरेको बताइन्। उनले जीवनका ३५ वर्षसम्म हरेक महिनाको ७ दिन छाउगोठमै बसेर यातना पाएको बताउँदै छोरी-बुहारीलाई त्यसबाट बचाउन सकेकोमा खुसी व्यक्त गरिन्। 'गाई-भैंसीको दूध खान त परै जाओस् छुन पनि पाइदैनथ्यो,' उनले भनिन, 'अहिले यहाँका सबै महिला महिनावारी भएका बेला गोरस खान्छन्, घर भित्रै बस्छन्।'

झन्डै ५ वर्ष अघिदेखि साबिक सुनिकोट गाविस, हाल वडापालिका र अन्य संघ-संस्थाको सहयोगमा विभिन्न खालका चेतनामूलक कार्यक्रम गरेपछि नतिजा देखिन थालेको सुनिकोटका वडाध्यक्ष गोपाल धामीले बताए। 'हामीलाई छाउपडी मुक्त, हिंसा मुक्त वडाका बासिन्दा हौ भनेरभन्दा अहिले पनि धेरैले पत्याउँदैनन्,' उनले भने, 'जब यहाँ आएर आफ्नै आँखाले देख्छन्। सबैले धन्यवाद दिएर जाने गरेका छन्।' उनले यहाँका महिला मात्र नभएर पुरुष पनि सचेत र सहयोगी भएका कारणले लैंगिक विभेद हटाउन सकिएको बताए।

## चुरेमा मापदण्डविपरीत खोटो संकलन

# मासिँदै सल्लेरी वन

■ **मोहन बुढाऐर** (मोहन्याल, कैलाली)

कैलालीको चुरे क्षेत्रमा मापदण्डविपरीत भइरहेको खोटो संकलनले सल्लाको वन मासिँदो क्रममा छ।

समूहको आम्दानी गर्ने नाममा चुरेका २० भन्दा बढी सामुदायिक वनले खोटो संकलनको ठेक्का दिँदै आएका छन्। खोटो संकलन कार्यविधि २०६४ विपरीत भइरहेको दोहनले सल्लेरी वन नासिँदै गएकामा संरक्षणकर्ताहरूले चिन्ता जनाएका छन्।

मोहन्याल गाउँपालिकाका संरक्षणकर्ता लोकबहादुर घर्तीले जथाभावी भइरहेको खोटो संकलन तुरुन्त बन्द गर्नुपर्ने बताए। '१५/२० वर्षको भर्खरको सल्लाको रूखबाटसमेत खोटो निकाल्ने काम भएको छ,' उनले भने, 'एउटै रूखबाट मापदण्डविपरीत लगातार १० वर्षदेखि खोटोको दोहन भएको छ।' उनले खोटो बढी झिक्ने उद्देश्यले मापदण्डविपरीत सल्लाको गडलिंग गर्ने गरेको पनि देखिएको बताए। उनका अनुसार चारैतिरबाट बोक्रा निकालेर खोटो निकाल्ने तरिकालाई प्राविधिक शब्दमा गडलिंग भनिन्छ। गडलिंग भएका रुखहरू सुकेका छन्। खोटो संकलन कार्यविधिमा ३ फिट गोलाइ भएको सल्लाको रुखबाट पहिलोपटक ३ किलोभन्दा बढी निकाल्न पाइँदैन। तर यहाँ ३ फिट भन्दा कम गोलाइ भएका रुखबाट खोटो निकालेको सल्लेरीको वनमा प्रशस्त देख्न सकिन्छ।



कैलालीको चुरेमा पर्ने मोहन्याल गाउँपालिकाको पन्डौनको वन क्षेत्रमा ३ फिट गोलाइभन्दा कमका सल्लाका रुखबाट खोटो संकलन गरिँदै। *तस्बिर : मोहन/कान्तिपुर*

कार्यविधिमा पहिलो वर्ष खोटो निकालेको रुखबाट दोस्रो वर्ष संकलन गर्दा त्यसैको माथि अर्को टुकी थप्नुपर्ने हो। तर गडलिंग गर एउटै सल्लाको रुखमा २ भन्दा बढी टुकी लगाएर खोटो संकलन गर्ने गरेका छन्। 'यसले रुख सुकेर जान्छ नै,' लोकबहादुरले भने, 'आगलागी हुने समस्या बढाएको छ।' कैलालीको पहलमानपुर डिभिजन वन कार्यालयअन्तर्गत साबिकको पन्डौन गाविस ७, सुगरखालको १ र फल्लेबिसौनामा २ गरी १० सामुदायिक वनबाट यो वर्ष खोटो संकलनको काम सुरु भएको छ। गत वर्ष त्यस क्षेत्रका ६ सामुदायिक वनबाट १ लाख ६३ हजार ९ सय किलो खोटो संकलन भएको थियो।

त्यस्तै धनगढी वन डिभिजन कार्यालयअन्तर्गत पर्ने चुरेको १३ सामुदायिक वनबाट खोटो संकलन भएको छ। खोटो प्रतिकिलो १२ रुपैयाँका दरले सामुदायिक वनले बेच्दै आएका छन्। यस क्षेत्रका सानमुदायिक वनबाट दिव्या रोजिन एन्ड टर्पेन टाइन र भवानी केमिकल्स कम्पनीले खोटो संकलन गर्दै आएका छन्। एउटा सामुदायिक वनबाट ५ सय किलोसम्म खोटो संकलन हुने गरेको छ।

डिभिजन वन अधिकृत रामचन्द्र कँडेलले नियम र मापदण्डविपरीत खोटो संकलन भएको पाइए कारबाही गरिने बताए। 'समयसमयमा अनुगमन/नियमन भइरहेको छ,' उनले भने, 'पछिल्लो समयमा मापदण्डविपरीत खोटो संकलन भएको भए, खोटो संकलनमै प्रतिबन्धसमेत लगाउन सकिन्छ।' उनले तुरुन्तै अनुगमन र नियमन गरिने जानकारी दिए।

# ६ करोडका ३२ योजना

दार्चुला (कास)- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमअन्तर्गत दार्चुलालाई प्राप्त बजेटको बाँडफाँड गरिएको छ। प्रतिनिधि सभाको एउटा मात्रै निर्वाचन रहेको जिल्लामा ६ करोडका ३२ योजना तथा कार्यक्रम छनोट गरिएको हो।

जिल्लामा प्राप्त स्थानीय पूर्वाधार विकास कार्यक्रमअन्तर्गत ३२ योजना छनोट गरिएको जिसस दार्चुलाका समन्वय अधिकारी मोहनसिंह धामीले जानकारी दिए। जसमध्ये महाकाली नगरपालिकामा ७, दुहू गाउँपालिकामा ६, नौगाड गाउँपालिकामा दुई, लेकम गाउँपालिकामा ३ योजना छनोट गरिएको छ। त्यस्तै मालिकार्जुन गाउँपालिकामा ३, व्यास गाउँपालिकामा ६ योजना छनोट गरिएको छ। महाकाली नगरपालिकास्थित उद्योग वाणिज्य संघको भवन निर्माणको योजना छनोट गरिएको छ। शैल्यशिखर नगरपालिका, मार्मा गाउँपालिका र अपिहिमाल गाउँपालिकाले एक/एक योजना छनोट गरिएको छ। यी ३ वटै स्थानीय तहमा ५०/५० लाख मात्रै बजेट विनियोजन गरिएको छ। विकासे बजेट छरेर थोरै बजेट विनियोजन गर्दा जनताले अनुभूति गर्न सक्ने गरी विकास नहुने भन्दै एउटै योजना छनोट गरिएको उनीहरूको भनाइ छ।

सरकारले एक निर्वाचन क्षेत्रलाई यो वर्ष ६ करोड बजेट दिएको हो। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उक्त कार्यक्रमअन्तर्गत बजेटको सीमाभित्र रहेर योजना छनोट गरी कात्तिक मसान्तसम्म मन्त्रालयमा पठाउन जिससको कार्यालयलाई पत्राचारसमेत गरेको थियो। सांसद कोषको रकम प्रायःजसो घोडेटो बाटो निर्माणदेखि स्वास्थ्यचौकी भवन, लघु जलविद्युत्, विद्यालय भवन निर्माण तथा सुधारका योजनाहरूमा बाँडफाँड गरिएको हो।

# दुर्गन्धित बन्दै नदी र बजार क्षेत्र

■ **मेनुका दुंगाना** (अछाम)

फोहोर व्यवस्थापन गर्ने ठाउँ नहुँदा यहाँका बजार क्षेत्र र नदी-खोलाहरू दुर्गन्धित बन्दै गएका छन्। सदरमुकाम मंगलसेन, मुख्य व्यापारिक केन्द्रहरू साँफेबगर, कमलबजार, विनायकमा फोहोर व्यवस्थापन स्थल (डम्पिङ साइट) छैनन्।

सदरमुकाम मंगलसेनबाट झन्डै ७ किमि टाढा रहेको सिराडीमा निर्माण गरिएको डम्पिङ साइटमा फालिएको फोहोरले दुर्गन्ध फैलिएर समस्या भएको स्थानीयको गुनासो छ। मंगलसेन नगरपालिका बनेको ५ वर्ष बिते पनि हालसम्म फोहोर फाल्ने ठाउँको व्यवस्थापन हुन सकेको छैन। पटक-पटक फोहोर व्यवस्थापन हुनुपर्ने भन्दै स्थानीयले आलोचना गर्दै आए पनि मानव बस्तीबाट निस्कने फोहार व्यवस्थापन भने जटिल बन्दै गएको छ।


डम्पिङ साइटको तलपट्टि पानीको मुहान भएकाले बर्खामा खोलाको पानीमा फोहोर मिसिने समस्यासमेत उत्तिकै रहेको स्थानीय खगेन्द्र भण्डारी बताउँछन्। 'गाउँको छेउमै फोहोर हुँदा नाक थुनेर हिँड्नुपर्ने अवस्था छ,' उनले भने, 'त्योभन्दा तल गाईगोरुलाई पानी खुवाउने, नुहाउने, कपडा धुने भएकाले झन् समस्या भएको छ।'

५ वर्षअघि स्थानीयले जग्गा दान गरी निर्माण गरिएको डम्पिङ साइटमा खुला रूपमा फोहोर फाल्ने गरे पनि व्यवस्थित भने अझै हुन सकेको छैन। फोहोरका कारण नजिकै रहेको धार्मिक क्षेत्र र आसपासका गाउँ प्रभावित भएका छन्। सदरमुकाममा जम्मा भएको फोहोर फाल्ने डम्पिङ साइट गाउँको बीचमा र सडक छेउमा रहेको भन्दै अर्को स्थानमा सार्नुपर्ने स्थानीयको माग पहिल्यैदेखिको हो। गाउँ जाने सडक पनि डम्पिङ साइटको छेउमै छ। त्यसबाट ओहोर-दोहोर गर्ने बेला पनि दुर्गन्ध सहनुपर्ने अवस्था रहेको स्थानीय बताउँछन्। साँफेबगरछेउको बूढीगंगा नदी र आसपासका खोला पनि दूषित बन्दै गएका छन्। प्रभाली, छिपेखोला र बुढीगंगा फोहोर फाल्ने ठाउँ बनेका छन्। 'पहिले यहाँका खोला नदीमा माछा मार्नेको भीड हुन्थ्यो। नुहाउने ठाउँ पनि यिनै खोला र नदी थिए। अब भने खोलाभरि मदिराका बोतल र प्लास्टिकबाहेक केही देखिँदैन,' साँफेबगर नगरपालिका ३ का रुपबहादुर कुवँरले भने, 'खुला दिसामुक्त जिल्ला घोषणा भए पनि खोलाहरूमा दिसा-पिसाब देखिन छाडे पनि अहिले बजारबाट निस्किएको फोहोर र मदिराका बोतलको थुप्रो देखिन्छ।' बजारको फोहोर फाल्ने ठाउँ नभएकाले समस्या भएको उनले बताए। उनका अनुसार कतिपय ठाउँमा त बीच बजारमा फोहोरको थुप्रो लागेको देखिन्छ।

**खोलामै फोहोर विसर्जन**

स्थानीयका अनुसार खोलाहरूमा पानी कम तथा सिसा र प्लास्टिक बढी देखिन थालेको छ। कृषकहरू गाईवस्तुहरूलाई पानी खुवाउन खोला र नदीमै जाने गर्छन्।










## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | लाभ बढ्ने | तुला | वादविवादमा सफल |
| वृष | काम बन्ने | वृश्चिक | वैमनश्यता |
| मिथुन | धर्म बढ्ने | धनु | स्फूर्ति बढ्ने |
| कर्कट | द्विविधा बढ्ने | मकर | आकस्मिक लाभ |
| सिंह | महत्त्वपूर्ण काम हुने | कुम्भ | पदोन्नति |
| कन्या | खटपट | मीन | कान्ति क्षय |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल मंसिर १९ गते बिहीबार तदनुरुप ५ डिसेम्बर २०१९ मार्गशीर्ष शुक्लपक्ष नवमी तिथि रात्रिको ३:२९ बजेसम्म उप्रान्त दशमी तिथि, पूर्वाभाद्रपदा नक्षत्र रात्रिको ८:२० बजेसम्म उप्रान्त उत्तरभाद्रपदा नक्षत्र, वज्र योग दिनको ४:४५ बजेसम्म उप्रान्त सिद्धि योग, बालब करण दिनको २:२३ बजेसम्म उप्रान्त कौलब करण, कुम्भ राशिमा चन्द्रमा दिनको १:४० बजेसम्म उप्रान्त मीन राशिमा। ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | | | |
|---|---|---|---|
| ५:०० | भक्तिसुर | ४:३० | मनी टक्स (रिपिट) |
| ५:३० | आध्यात्मिक सन्देश | ५:०० | कल कान्तिपुर |
| ६:०० | जीवन विज्ञान | ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | मार्गदर्शन (लाइभ) | ६:३० | रजतपट |
| ७:०० | कान्तिपुर समाचार | ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल | ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:३० | कान्तिपुर न्युज | ८:०० | कान्तिपुर समाचार |
| ९:०० | सरोकार (रिपिट) | ९:०० | नेपाल स्पेल बी |
| १०:०० | कान्तिपुर समाचार | १०:०० | रजतपट (रिपिट) |
| १०:३० | हियर्ज टु लाइफ (रिपिट) | १०:३० | कान्तिपुर न्युज |
| ११:०० | कान्तिपुर न्यूज | ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | मनी टक्स (रिपिट) | ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कान्तिपुर समाचार | १२:०० | कल कान्तिपुर रिपीटेड |
| १२:३० | आउन मसँग खाउन (रिपिट) | १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) | १:३० | रजतपट (रिपिट) |
| २:०० | कान्तिपुर समाचार | २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| २:३० | हियर्ज टु लाइफ (रिपिट) | २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | सरोकार (रिपिट) | ३:०० | कल कान्तिपुर (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार | ४:०० | नेपाल स्पेल बी (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगञ्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगञ्ज**

| | | | |
|---|---|---|---|
| ०५:०० | भक्ति अनुष्ठान (बालचन्द्र) | १५:०० | कान्तिपुर डायरी |
| ०६:३० | कान्तिपुर डायरी | १५:१५ | कानुङ भेजा (श्याम राई) |
| ०७:०० | द हेडलाइनर्स | १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| ०७:३० | सबैका लागि मानसिक स्वास्थ्य (कोशिष नेपाल) | १६:०५ | संगालो (एलिशा) |
| ०८:०० | डेभलपमेन्ट एण्ड इकोनोमिक्स डायरी | १७:०० | डिष्ट्रिक्ट डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (शुभ) | १७:०५ | एजुकेशन टक (भुपेन्द्र) |
| ०८:३० | ओल्ड इज गोल्ड | १८:०० | आइसीए दूर शिक्षा (राजेश पाण्डे) |
| ०९:०० | कान्तिपुर डायरी | १८:३० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट | १९:०० | यात्रा जीवनको (दिनेश डीसी/अम्बिका/शुभ) |
| ०९:१५ | राष्ट्रिय गीत | २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| ०९:२० | मीड वीक घुम्ने मेच (दीनेश डीसी) | २०:०५ | म्यूजिकोफिल (विवस राई) |
| १०:०० | स्पोर्टस् डायरी | २१:०० | कान्तिपुर डायरी |
| १०:०५ | टेष्ट बड (सञ्जय/एलिसा) | २१:२५ | न्युज मेकर अफ द डे |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी | २१:३० | इन्द्रेनी |
| ११:०५ | टेस्ट बड (सञ्जय/एलिसा) | २२:०० | ग्लोबल कनेक्सन (शुभराज) |
| १२:०० | कान्तिपुर डायरी | २३:०० | आजदेखि अर्को आजसम्म (प्रज्वल) |
| १२:१० | आफ्नो भाका आफ्नो गीत (कृष्ण मल्ल) | २४:०० | आफ्नो भाका आफ्नो गीत (कृष्ण) |
| १३:०० | डिस्ट्रिक डायरी | ०१:०० | कानुनी बहस र परामर्श |
| १३:०५ | के छ नेपाल (किरण) | ०२:०० | नेपाली गीतहरु लगातार |
| १४:०० | इन्टरनेसनल डायरी | ०३:०० | हिन्दी गीतहरु लगातार |
| १४:०५ | के छ नेपाल (किरण) | ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर** | |
| मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ५२०२०० |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) | ५२०३१० |
| क्षेत्रीय अस्पताल एम्बुलेन्स | ९८४८०६३५२० |
| **महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन** | |
| महाकाली अञ्चल अस्पताल | ५२११११ |
| जिल्ला प्रहरी कार्यालय | ५२१२०० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१२५८ |
| जिल्ला प्रशासन कार्यालय | ५२११०९ |
| **कैलालीका महत्वपूर्ण टेलिफोन** | |
| सेती अञ्चल अस्पताल | ५२१२७१ |
| जिल्ला प्रहरी कार्यालय | ५२११५० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१६०० |
| जिल्ला प्रशासन कार्यालय | ५२११०१ |
| टीकापुर अस्पताल | ५६०१५० |
| क्षेत्रीय अस्पताल | ०८३-५२०२०० |
| सुर्खेत विमानस्थल | ०८३-५२०१३२ |
| **कञ्चनपुर** | |
| महाकाली अञ्चल अस्पताल महेन्द्रनगर | ०९९-५२११११ |
| रेडक्रस एम्बुलेन्स | ५२१२५८/५२३१८३ |
| जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर | ५२११०९/५२२४०६ |
| जिल्ला प्रहरी कार्यालय | १००/५२१२०० |
| **डोटी** | |
| सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय | ०९४-४४०३१० |
| जिल्ला प्रशासन कार्यालय डोटी | ४२०१३३ |
| जिल्ला प्रहरी डोटी कन्ट्रोल | ९८५८४४०१९९/४२०२०५ |
| जिल्ला अस्पताल | ४२००१९ |
| जिल्ला अस्पताल एम्बुलेन्स | ९८४८५२५१५० |
| **डडेल्धुरा** | |
| जिल्ला प्रहरी | ०९६-४२०१९९ |
| **जाजरकोट** | |
| जिल्ला प्रहरी कार्यालय- | ०८९-४३०१३१, ९८५८०४५५५५ |
| अस्पताल- | ०८९४३०१८८ |
| एम्बुलेन्स | ९८१५५०९४३० |
| रेडक्रस एम्बुलेन्स | ०८९४३००४२, ९८६६७००२६४ |
| **कालिकोट** | |
| प्रहरी | ०८७-४४०११३, ९८५८३३५५५५ |
| **जुम्ला** | |
| प्रहरी | ०८७-५२००१३, ०८७-५२०११३ |
| शिक्षण अस्पताल | ०८७-५२०३५५, ५२००१५ |
| एम्बुलेन्स | ९७४८९४१६६६ |
| **दैलेख** | |
| जिल्ला प्रहरी कार्यालय | ०८९-४२०१२५,९८५८०१५५५५ |
| अस्पताल | ०८९-४१०१२७ |
| एम्बुलेन्स | ०८९-४१०१८५, ९८६८१६५६८२ |
| **पश्चिम रूकुम** | |
| जिल्ला प्रहरी कार्यालय | ०८८५३०१८७ |
| जिल्ला अस्पताल | ०८८५३०२४७, ०८८५३०११५ |
| एम्बुलेन्स | ९८०९८५८५८५ |
| **हुम्ला** | |
| प्रहरी | ०८७-६८००३/ ०८७६८०००९ |
| अस्पताल | ०८७-६८००२४ |
| विमानस्थल | ९८५१०७३९५९ |
| **डोल्पा** | |
| जिल्ला प्रहरी कार्यालय | ०८७-५५००५५, ९८५८३०५५५५ |
| **मुगु** | |
| प्रहरी | ०८७-४६००९९ |
| अस्पताल | ०८७-४६०१३० |
| एम्बुलेन्स | ९८४८३२१६६६ |
| **सल्यान** | |
| प्रहरी | ०८८-५२००७०, ९८५७८४५५५५ |
| अस्पताल | ०८८-५२००८२ |
| एम्बुलेन्स/रेडक्रस | ९८४७८३२४३८/०८८-५२०००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| बालबालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

# ओलाङचुङगोला, एउटा छुट्टै संसार

स्थानीयले तीन करोड जुटाएर गाउँलाई चिनियाँ नाका जोड्न बाटो बनाएका छन् । यता सदरमुकाम वा मुलुककै अन्य जिल्लाबाट यहाँसम्म पुग्न बाटो बनेकै छैन ।

■ **आनन्द गौतम** (ओलाङचुङगोला, ताप्लेजुङ)



ताप्लेजुङबाट चिनियाँ नाका नजिकको ओलाङचुङगोलाको बस्ती ।

तस्बिर : आनन्द/कान्तिपुर

कात्तिक अन्तिम साता । पछाडिपट्टि भिर्ने झोला बोकेका दोर्जे भोटे दाहिने हातले पर्यटकले टेक्ने लौरो टेक्दै ओलाङचुङगोलाको बस्तीबाट अगाडि बढ्दै थिए । होचो कदका उनले पाइन्टको पेटिघरमा सानो क्यासेट झुन्ड्याएका थिए । त्यो क्यासेटमा नेपाली भाकाको गीत घन्किरहेको थियो ।

बस्तीबीच एकजना महिला घाम तापेर बसेकी थिइन् । दोर्जेले उनलाई सलाम गरे, हात मिलाए र आफ्नै भाषामा कुरा गर्दै अघि बढे । केही पर पुग्दा युवाहरूको अर्को समूह थियो । त्यहाँ पनि सबैसित हात मिलाए, एकैछिन भलाकुसारी गरे र फेरि अघि बढे । करिब ११ बजेतिर बस्तीको छेउमा ठूलै जमात घाम तापेर बसेको थियो । त्यहाँ पनि दोर्जेले सबैलाई एकमुष्ट सलाम गरे ।

सबै जना गलल हाँसे र उनीसित कुराकानी गर्न थाले । त्यसपछि दोर्जे आफैंले घन्काएको क्यासेटको गीतको भाकामा करिब तीन मिनेट नाचे । बररर ताली पाएका उनी त्यसपछि भने सबैसित बिदाइको हात हल्लाउँदै मुस्कानसहित आफ्नो गन्तव्यतर्फ लागे ।

दोर्जे तिनै हुन्, जसले संघीय संरचनाअघि यहाँको निर्वाचित वडाध्यक्ष भएर जनप्रतिनिधिको भूमिका निर्वाह गरिसकेका छन् । अहिले भने कहिले ओलाङचुङगोला, कहिले मौवाटार त कहिले टिप्ताला भन्ज्याङमा चौंरीसँगै गोठमा समय बिताउँछन् । त्यो दिन पनि उनी झन्डै एक दिनको पैदलमा रहेको मौवाटारको गोठमा हिँडेका थिए । घर आएका दोर्जे गाउँलेहरूसँग बिदा हुँदै आफ्ना चौंरी, याक स्याहार्न फर्कंदै थिए ।

ताप्लेजुङको उत्तरी दिशामा रहेको ओलाङचुङगोला आफ्नै विशेषतामा रमेको बस्ती हो । सदरमुकाम फुङलिङबाट गाडी र पैदल गरेर पूरै दुई दिनको यात्रामा पुगिने यो बस्तीमा हिउँदमा सबै बासिन्दालाई देख्न बिहान १० देखि १२ बजेको समयमा मात्रै सम्भव हुन्छ । किनभने त्यसबेला घाम ताप्न घर बाहिर निस्कन्छन् । ३२ सय मिटर उचाइको चिसो बस्तीमा हिउँदको घाम सबैलाई प्यारो हुने नै भयो ।

अरूबेला पुरुषहरू चौंरीगोठ र घाँसदाउरामा लाग्छन् भने महिला घरधन्दा गर्दै गलैंचा बुन्छन् । खेतीपाती नभएको यहाँको मुख्य आम्दानीको स्रोत पनि यही नै हो । चौंरीको दूधबाट छुर्पी बन्छ भने यसको चम्मर पनि बिक्छ । यसलाई भारी बोकाएर पनि आम्दानी लिइन्छ । बुढो हुँदै गएपछि बिक्री हुने एउटा चौंरीको बजार मूल्य अहिले ८० हजारदेखि एक लाख रुपैयाँसम्म छ । यो चीनको तिब्बतमा बिक्री हुन्छ । गोठबाट बिक्री केन्द्रसम्म हिँडाएरै लैजानुपर्छ ।

ओलाङचुङगोलामा बुनिने गलैंचा पनि चीनमै बिक्री हुन्छ । प्रतिगोटा १६ हजारसम्ममा बिक्री हुने गलैंचाका लागि बजारको कुनै समस्या छैन । यिनैको आम्दानीबाट यहाँका बासिन्दाले खाद्यान्नलगायतका वस्तु खरिद गरेर दैनिकी चलाउँछन् । चीन नजिकमा भएकाले खाद्यान्नलगायतका धेरै वस्तु उतैबाट ल्याइन्छ । यो बस्ती ताप्लेजुङ सदरमुकामबाट २८ कोसको दूरीमा पर्छ । भोटे, शेर्पा र वालुङ जातिको मात्रै ६६ घरमा ५६ परिवार बसोबास छ । यो सीमावर्ती नेपाली बस्ती हो । नेपाली बजार टाढा भएकाले कारोबार पारि नै बढी हुने वडाध्यक्ष छेतेन शेर्पा भोटे बताउँछन् । जनगणना २०६८ अनुसार यहाँको जनसंख्या २ सय ७६ हो । पुरुषको तुलनामा महिला चार जना बढी थिए गणनाताका । १ सय ४० महिला र १ सय ३६ पुरुष रहेको तथ्यांक छ ।

संघीय संरचनाअनुसार फक्ताङलुङ गाउँपालिका-७ मा पर्ने यहाँ दुइटा मात्रै बस्ती छन् । दिकिछ्योलिङ गुम्बासँगै रहेको ओलाङचुङगोला र यहाँबाट एक दिनको पैदलमा रहेको याङमा अर्को बस्ती हो । याङमामा १७ घर छन्, ११ परिवारको बसोबास छ । याङमा गोलाभन्दा एक हजार मिटर बढी अर्थात ४२ सय मिटर उचाइमा छ । यसअघि जोङिगनमा पनि तीन परिवारको बसोबास थियो । यो गोलाभन्दा तलको बस्ती हो । तर पटक-पटकको चोरीपछि त्यहाँका सबै परिवार ओलाङचुङगोलामा बसाइँ सरेको स्थानीय बताउँछन् ।

आफ्नै विशेषताको यो बस्तीमा झगडा भएको निवेदन अहिलेसम्म प्रहरीकहाँ परेको छैन । जात्रा, पर्वमा पनि शान्तिसुरक्षा खलबलिएला भनेर प्रहरीले चिन्ता गर्नुपर्दैन । त्यसैले २५ जनाको दरबन्दी रहेको प्रहरी चौकीमा हमेसा पाँच/सात जना भन्दा बढी हुँदैनन् । हरेक परिवार घरको दोस्रो तलामा बस्छन् । पहिलो तलामा घाँस, दाउरा राख्ने, पशुचौपाया बाँध्ने गरिन्छ । व्यापारीहरूले पहिलो तलामा बेचबिखनका सामान पनि राखेका छन् । पाहुनालाई पनि दोस्रो तलामै सुताइन्छ । यहाँका कुनै पनि घरमा तेस्रो तला छैन । अहिले दुइटा छुट्टै पाहुनाघर पनि बनाइएको छ । पकाउने, खाने, सुत्ने दोस्रो तलामा हुन्छ ।

यहाँका ९५ प्रतिशत घर काठका छन् । सबै जना आआफ्नै काममा व्यस्त हुने र विवाद गर्नुपर्ने विषय नभएकाले पनि झगडा नभएको फक्ताङलुङ गाउँपालिकाका प्रवक्तासमेत रहेका गोलावासी छेतेन वालुङ बताउँछन् । ओलाङचुङगोलामा बस्ती कहिलेदेखि सुरु भयो भन्ने स्थानीय बताउन सक्तैनन् । इतिहासका खोजकर्ता ग्युर्मे नुर्बो (बिचारी) का अप्रकाशित टिपनका अनुसार ओलाङचुङगोलाको प्राचीन इतिहास ईसाको आठौं शताब्दीको मध्यबाट सुरु हुन्छ । ईसाको नवौं शताब्दीको मध्यमा यो ठाउँमा प्राचीन किराँतीहरूको बसोबास थियो ।

पछि उत्तर भोटबाट तिब्बती मूलका भोटे जातिका मानिस आई बसोबास गर्न थालेपछि किराँती देश नेपाल र तिब्बतबीच व्यापारिक कारोबार सुरु भएको इतिहासको खोज गर्ने गोपीकृष्ण अधिकारीको लेखमा उल्लेख छ । तिब्बती मूलका मानिसहरू यहाँ आएर बस्न थालेपछि नेपाल र तिब्बतबीच व्यापारिक कारोबार सुरु भएको पाइन्छ । ग्युर्मेका अनुसार भोटबाट ओलाङचुङगोला आएका भोटेहरूले नेपालबाट चामल, मकै र कोदोलगायत अन्न लैजान्थे । गलैंचाका रङ बनाउने खयर, मजिठो र रूखका बोक्रा पनि भोट लैजान्थे ।

भोटबाट गलैंचा, पाखी, चुटुक, कपडाको कम्बल, घोडा र च्याङग्रा जस्ता वस्तु ल्याउँथे । भोटको घोडा भारतका विभिन्न सहरमा लगेर गोलाकै व्यापारीले बिक्री पनि गर्ने गरेको उल्लेख छ । पुरातन कालमा गोला नेपाल र भोटबीच व्यापार गर्ने ठूलै व्यापारिक केन्द्र थियो ।

ओलाङचुङगोलाको नाम ओलुङ भन्ने शब्दबाट अपभ्रंश भएको इतिहाससम्बन्धी लेख पाइन्छ । तिब्बतबाट तीर्थयात्रीहरू नेपाल आउने क्रममा बाटो भुलेर अलपत्र परे । त्यहीबेला न्याउरी मुसा जस्तो जनावरले अघि अघि हिँडेर बाटो देखाएकाले यसको नाम ओलुङ राखिएको ग्युर्मेको टिपोटमा उल्लेख भएको अधिकारीले आफ्नो लेखमा उल्लेख गरेका छन् । यही अपभ्रंश भएर ओलाङचुङगोला भएको हो ।

पहिला यहाँ मगर थरका राजाले पनि राज्य गरेको भन्ने पनि कतिपय पुस्तकमा उल्लेख छ । नेपाल सरकारले भने नेपाल एकीकरणपश्चातमात्रै वालुङको अस्तित्वबारे थाहा पाएको हो । वि.सं. १८९८ मा तत्कालीन राजा राजेन्द्रविक्रम शाहले सोनाम भोटियालाई गाउँको मुख्य मानिसको जिम्मेवारी दिएका थिए । उनलाई 'गोवा' को उपाधि दिइएको सन् १८४८ मा गोला पुगेका बेलायती वनस्पतिविद् डा. हुकरले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् ।

हुकरले लामो समयसम्म यहाँ बसेर अध्ययन गरेका थिए । गोबांगी प्रथा यो क्षेत्रका पाँच गाउँमा सञ्चालन भएको चीनका लागि नेपालको पूर्ववाणिज्यदूत ताम्ला उक्याव बताउँछन् । उनका अनुसार वलाङचुङ, याङमा, ग्याब्ला, घुन्सा र लेलेपमा गोबांगी प्रथा थियो । आफ्नो क्षेत्रका जनताका लागि दण्डकुण्ड, सजाय, मुद्दामामिला मिलाउने जिम्मेवारी गोवालाई थियो । परेका बेला सरकारलाई सहयोग गर्नुपर्ने, तिरो उठाई सरकारलाई बुझाउनुपर्ने, सरकारको प्रतिनिधि भई काम गर्नुपर्ने जस्ता जिम्मेवारी गोवालाई थियो । गोवाले काजी, बिचारी, कारबारी, नाइके र मझियामार्फत शासन गरेका थिए ।

**मुख्य नाका टिप्ताला भन्ज्याङ**

टिप्ताला भन्ज्याङ नेपाल र चीनको तिब्बत जोड्ने मुख्य नाका हो । थिपथलाबाट अपभ्रंश भई टिप्ताला भएको हो । स्थानीय भाषामा थिप भनेको ओझेल र थला भनेको ठाउँ हो । घामको ओझेलमा पर्ने भएकाले स्थानीयले थिपथला नाम राखेको पाइन्छ ।

५३ सय मिटर उचाइमा रहेको यो भन्ज्याङले नेपाल र चीनलाई जोडेको छ । यहाँबाट सुरु भएर ओलाङचुङगोलाको बस्ती हुँदै बहने तमोर नदी सप्तकोसीमा मिसिन्छ । तमोर नदीको पूर्वपट्टि रहेको बस्ती ओलाङचुङगोला हो भने यसको मुख्य नाका टिप्ताला भन्ज्याङ । यहाँ पैदल हिँडेर एक दिनमा नाका पुगिन्छ । अहिले भने नाकादेखि बस्तीसम्म मोटरबाटो पुगेको छ । यसको दूरी २४ किलोमिटर छ ।

चिनियाँ अपरेटर स्वोलुङ र स्वफेले चलाएको एक्स्काभेटरले ट्र्याक खोलेर बस्तीसम्म सडक पुऱ्याइएको हो । उनीहरूले तीन महिनाको प्रयासमा यो सडक खोलेका थिए । चीनको राजधानी बेइजिङ नजिकको सान्दाङ नजिकबाट ल्हासा, डिङजे र रिउ हुँदै आएका उनीहरूले २ सय ४० सीसी क्षमताको मेसिन चलाएर सडक खोलेका हुन् । तीनवटा मेसिन लगाएर खोलेको सडकको डोजर भने तिब्बतका चोन्दे भोटेले चलाएका थिए । उनीहरूलाई काम लगाउने, निगरानी गर्ने काम चिनियाँ ठेकेदार कम्पनीका नेनेले गरेका हुन् ।

चीनसँगको व्यापारिक सम्बन्ध विस्तार गर्न र ओलाङचुङगोला नाकालाई सडक सञ्जालले जोड्न यहाँका बासिन्दा स्वयंले सडकमा लगानी जुटाएका हुन् । ओलाङचुङगोलामा जन्मेर अमेरिका, बेलायत, काठमाडौंलगायत स्थानमा गएर बसेकाहरूको संस्था वालुङ समाजले संकलन गरेको करिब तीन करोड रुपैयाँ सडक निर्माणमा खर्च गरिएको हो । तत्कालीन ओलाङचुङगोला गाविसले ४२ लाख र सांसद विकास कोषको १० लाख पनि सडक निर्माणमा लगाएको थियो । फक्ताङलुङ गाउँपालिकाले पनि स्तरोन्नतिमा लगानी गऱ्यो ।

सडक निर्माणका लागि नेपाल सरकारले चीनसँग मेसिन भाडामा मागिदिएको थियो । भौतिक योजना तथा निर्माण मन्त्रालयले परराष्ट्र, परराष्ट्रले चिनियाँ दूतावासलाई मेसिनका लागि अनुरोध गरेको थियो । त्यही अनुरोधपछि चीनले भाडामा मेसिन र जनशक्ति दिएको हो । सडक निर्माणपछि चीनको गाडी भने गोलाको बस्तीसम्म आएर फर्कने गरेको छ । तर गोलाका बासिन्दाले भने आफ्नो गाडी नकिनेका कारण नेपाली यातायात छैन ।

सदरमुकाम फुङलिङबाट विस्तार भएको सडक लेलेपको लुङथुङमा पुगेको छ । गोलाबाट पनि जोगिनतर्फ विस्तार भइरहेको छ । उत्तर-दक्षिण लोकमार्ग आयोजनाका प्रमुख राम गुरुङका अनुसार अब १४ किमि ट्र्याक खुल्न बाँकी छ । सडक निर्माण सुरु भएको आठ वर्ष भएको छ ।

काठमाडौंको एलाइट निर्माण कम्पनीले सडक विस्तारको काम गरिरहेको छ । प्रतिनिधिसभा सदस्य तथा संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराई यो सरकारको प्राथमिकताको सडक भएको बताउँछन् । यसका लागि बजेटको समस्या नहुने उनको दाबी छ ।

यो सडक निर्माण सम्पन्न हुँदा तमोर करिडोरको पनि ट्र्याक खोल्ने काम सकिनेछ । तमोर करिडोर निर्माण पूरा हुँदा टिप्ताला भन्ज्याङदेखि विराटनगरको रानी भन्सारसम्मको दूरी २ सय ७० किमिमात्रै हुने उत्तर-दक्षिण लोकमार्ग आयोजनाका पूर्वप्रमुख कुबेर नेपाली बताउँछन् । दुई वर्षसम्म ताप्लेजुङमा बसेर काम गरेका उनले तमोर करिडोर र लोकमार्ग दुवैको योजना बनाएका थिए ।

नेपालीका अनुसार यो सडक निर्माण भएर सञ्चालनमा आएपछि नेपाल-भारत र चीनको त्रिदेशीय नाका जोड्ने यो सबैभन्दा छोटो दूरीको सडक हुनेछ । विराटनगरदेखि जोगबनीको दूरी लामो नभएकाले त्रिदेशीय छोटो बाटो हुने उनको बुझाइ छ । हाल निर्माणाधीन सुकेटार-काँकडभिट्टा सडकको दूरी पनि २ सय ४० किलोमिटर मात्रै छ । अझ आगामी आर्थिक वर्षका लागि मेची राजमार्गको यो सडक व्यवस्थित गराउन सरकारले ९२ करोड बजेट छुट्ट्याएको छ । सडक सञ्चालनमा आएपछि नुनदेखि सुनसम्म तिब्बतबाट ल्याउन सकिने र नेपालका जडीबुटीदेखि तरकारीलगायतका वस्तु निर्यात गर्न सकिने उद्योग वाणिज्य संघका अध्यक्ष तारानाथ घिमिरे बताउँछन् ।

काँकडभिट्टाबाट फूलबारी बन्दरगाहको बाटो भएर जोडिने भएकाले बंगलादेशसँगको कारोबार पनि नजिकैबाट हुनेछ । अझ भारतको सिक्किम जोडिन लागेको मध्यपहाडी लोकमार्गको चिवाभन्ज्याङ खण्ड नजिकबाट जोडिन्छ ।

**गैससले बढाए गतिविधि**

आगन्तुकको खासै आउजाउ नहुने यहाँ नेदरल्यान्ड विकास नियोग (एसएनभी) र कञ्चनजंघा संरक्षण क्षेत्र (केक्याप) को कार्यक्रम सुरु भएपछि बाहिरबाट पुग्ने बढ्न थालेको स्थानीय बताउँछन् । डोङगा शेर्पाका अनुसार एसएनभीले विद्यालय भवन, पुल र बाटो बनाउने काममा सघायो । केक्यापले संरक्षणसम्बन्धी तालिम र गोष्ठी गऱ्यो ।

संरक्षण क्षेत्रले यहाँका बासिन्दालाई बाहिर घुम्न लैजाने, बाहिरबाट यहाँ घुम्न ल्याउनेजस्ता गतिविधि गरेपछि गोलाका बासिन्दालाई हामी पनि नेपाली हौं भन्ने आभास भएको डोङगा बताउँछिन् । प्रजातन्त्र प्राप्तिपछि किपा शेर्पाले गाविस अध्यक्ष जितेर महिलाले नेतृत्व गर्नसक्ने पुष्टि गरेकी थिइन । अहिले भने उनी काठमाडौं बस्छिन् । यहाँको पीडा भनेको एउटाबाट अर्को बस्तीमा पुग्न पूरै एक दिन लाग्छ । नजिकको बस्ती भेट्न याङमा, लेलेपको इलाडाँडा या चीनको रिउ पुग्नुपर्छ ।

# जो बेलायत गएनन्

■ **आश गुरुङ** (लमजुङ)



बखानसिंह गुरुङ

सन् १९३९ बाट विश्वयुद्ध भयो । विश्वयुद्ध हुनुअगावै बखानसिंह गुरुङ सन् १९३४ मा बेलायती सेनाको गोर्खाली समूहमा अनुबन्धित भइसकेका थिए । बेलायती गोर्खा सैनिकमा रहेर १५ वर्ष सेवा गरेका उनले विश्वयुद्धका ६ वर्ष गोला, बम र बारुदका साथ बहादुरीपूर्वक लडे । त्यसपछि बेलायतमै बसेर बेलायती सरकारको सेवा गरे । बेलायत सरकारले उनलाई गाँस, बास र कपासको व्यवस्था गऱ्यो । उनले पाउने पेन्सन छँदै छ । तर उनी बेलायत बसेनन् । आफ्नै गाउँघर फर्के । नेपाली गाउँघरमै बस्दै आएका १ सय ३ वर्षीय गुरुङको सोमबार मध्यरातमा आफ्नै घर मर्स्याङदी गाउँपालिका-७ ताङलीचोकमा निधन भएको छ ।

**विदेशमा बस्न पाउने सुविधा छाडेर गाउँ फिरेका बखानसिंहलाई गाउँलेले सम्झिरहने छन् ।**

कान नसुन्ने समस्या रहेका उनी केही दिनयता बिरामी रहेको उनका नाति सरोजले बताए ।

१९७३ कात्तिक ९ मा जन्मिएका बखानसिंहले बेलायती सेनाका १/६ जीआर पल्टनमा रहेर काम गरे । उनले मलाया (मलेसिया), बर्मा (म्यानमार), भारत, पाकिस्तान, सिंगापुरलगायत देशमा बेलायतका तर्फबाट लडेका थिए । बर्मामा उनले 'बर्मा स्टार वार मेडल' प्राप्त गरे । बेलायत सरकारले विश्वयुद्ध लडेबापत उनलाई विभिन्न सम्मान दियो ।

उनका अर्का नाति नन्दराजका अनुसार बखानसिंहले गाउँघरको सेवा गरे । आफ्नो जग्गा विद्यालयमा दान गरे । आएको पेन्सनले विद्यालयमा अक्षयकोष स्थापना गरे । 'प्रायः बेलायती सेना बेलायतमै बसेका छन् । बाजे बेलायत बस्नुभएन । आफ्नै जन्मभूमिमा सास छाड्नुभयो,' उनले भने ।

गाउँकै तराँचेस्थित महेन्द्रदेव माविका प्रधानाध्यापक सोमबहादुर भण्डारीका अनुसार बखानसिंह विद्यालयका वरिष्ठ आजीवन सदस्य र भूमिदाता हुन् । विद्यालयलाई उनले ११ आना २ पैसा २ दाम जग्गा प्रदान गरेका थिए । आर्थिक सहयोग पनि गर्दै आएका थिए । आफ्नो गाउँमा मात्रै नभएर मर्स्याङदी गाउँपालिका-६, नाइँचेस्थित नयाँ ज्योति आधारभूत विद्यालयमा १ लाख २२ हजार १ सय ११ रुपैयाँको 'बखानसिंह अक्षय कोष' स्थापना गरेको नन्दराजले जानकारी दिए ।

बखानसिंहका ५ भाइ छोरा र एकजना छोरी छन् । नातिनातिना मात्रै १३ जना छन् । पत्नी शिरकुमारीको भने ५ वर्षअघि निधन भइसकेको छ । बखानसिंहको निधनले गोर्खालीको जिउँदो इतिहासको अवसान भएको पूर्वसांसद जमिन्द्रमान घलेले बताए ।